# भन्सार स्मारिका

(७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)



**Customs Delivering on its Commitment to Efficiency, Security and Prosperity**

१३ माघ, २०८१ (२६ जनवरी, २०२५)

भन्सार स्मारिका २०८१


नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
भन्सार स्मारिका
(६४ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)
Digital Customs: Progressive Engagement
१२ माघ, २०७२ (२६ जनवरी, २०१६)


नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
भन्सार स्मारिका
(६५ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)
Data Analysis for Effective Border Management
१३ माघ, २०७३ (२६ जनवरी, २०१७)


नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
भन्सार स्मारिका
(६६ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)
"A Secure Business Environment for Economic Development"
"आर्थिक विकासका लागि सुरक्षित व्यवसायिक वातावरण"
१२ माघ, २०७४ (२६ जनवरी, २०१८)


नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
भन्सार स्मारिका
(६७ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)
SMART borders
for seamless Trade, Travel and Transport
"SMART borders for seamless Trade, Travel and Transport"
१२ माघ, २०७५ (२६ जनवरी, २०१९)


भन्सार स्मारिका
(६८ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)
visit Nepal 2020
Customs fostering Sustainability for People, Prosperity and the Planet
१२ माघ, २०७६ (२६ जनवरी, २०२०)


भन्सार स्मारिका
(६९ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)
Customs bolstering Recovery, Renewal and Resilience for a sustainable supply chain
१३ माघ, २०७७ (२६ जनवरी, २०२१)


भन्सार स्मारिका
(७० औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)
Scaling up Customs Digital Transformation by Embracing a Data Culture and Building a Data Ecosystem
१२ माघ, २०७८ (२६ जनवरी, २०२२)


भन्सार स्मारिका
(७१ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)
Nurturing the Next Generation:
Promoting a Culture of Knowledge-sharing and Professional Pride in Customs
१२ माघ, २०७९ (२६ जनवरी, २०२३)


भन्सार स्मारिका
(७२ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागको विशेष प्रकाशन)
Customs Engaging Traditional and New Partners with Purpose
१२ माघ, २०८० (२६ जनवरी, २०२४)

# भन्सार स्मारिका

## ७३^औं^ अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा

## भन्सार विभागको विशेष प्रकाशन

**Customs Delivering on its Commitment to Efficiency, Security and Prosperity**


नेपाल सरकार

**अर्थ मन्त्रालय**

**भन्सार विभाग**

त्रिपुरेश्वर, काठमाडौं

१३ माघ, २०८१

**सल्लाहकार**
हरिशरण पुडासैनी

**सम्पादक समूह**
यमुना प्रधान
जनकराज शर्मा
गणेश प्रसाद अर्याल
हरिहर पौडेल
गोपाल प्रसाद भट्टराई
भरतमणि सापकोटा
गजेन्द्र भट्टराई

**प्रकाशक**
**नेपाल सरकार**
अर्थ मन्त्रालय
**भन्सार विभाग**
त्रिपुरेश्वर, काठमाडौं।

**यसमा प्रकाशित लेख, रचनाहरु लेखकका निजी विचार हुन् जसमा उल्लिखित विचार, विवरण एवं तथ्यांकले भन्सार विभागको आधिकारिक प्रतिनिधित्व गर्दैनन्।**

**– सम्पादन समूह**

नेपाल सरकार

# अर्थ मन्त्रालय

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री



सिंहदरबार, काठमाडौं
नेपाल

## शुभकामना

भन्सार विभागले ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा **भन्सार स्मारिका** प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ। भन्सार सम्वन्धी विषयहरु समावेश गरेर प्रकाशन हुन लागेको यो स्मारिका यस क्षेत्रमा चासो राख्ने सवैका लागि पठनीय एवम् उपयोगी हुने मैले विश्वास लिएको छु।

विश्व भन्सार संगठनले Customs Delivering on its Commitment to Efficiency, Security and Prosperity भन्ने नारा तय गरी यस वर्ष अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउँदै छ। भन्सार विभागले विश्व भन्सार संगठनले तय गरेको उक्त नारालाई व्यवहारिक रुपमै कार्यान्वयन गर्दै आफ्नो सेवालाई छिटो छरितो, पारदर्शी, व्यवसाय मैत्री, जवाफदेही एवम् अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी भन्सार प्रशासन वनाउने गरी क्रियाशीलता लिने अपेक्षा गरेको छु।

नेपाल सरकारले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न राष्ट्रिय अर्थतन्त्र सुदृढ एवम् समुन्नत हुन आवश्यक हुन्छ। अन्तर्राष्ट्रिय व्यापारलाई सहजीकरण र नियमन गर्दै लक्षित राजस्व परिचालन गर्न भन्सार प्रशासनले थप मिहिनेत गर्नुपर्ने छ। व्यापार सहजीकरण, अवैध व्यापार नियन्त्रण एवम् लक्षित राजस्व सङ्कलन तथा सदाचारयुक्त भन्सार प्रशासन निर्माणका लागि आधुनिक प्रविधिको प्रयोग, अन्तर्राष्ट्रिय मापदण्ड तथा असल अभ्यासको अवलम्बन मार्फत आगामी दिनमा कागजरहित, मुहाररहित र सम्पर्करहित वनाउन विभागले थप क्रियाशीलता लिने पनि विश्वास लिएको छु।

अन्त्यमा, यस स्मारिकामा समावेश भएका लेख रचनाहरु भन्सार प्रशासनको बारेमा चासो राख्ने सवैका लागि उपयोगी हुने विश्वास लिएको छु। साथै, ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभाग परिवार तथा सरोकारवाला सबैलाई हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछु।

२०८१ माघ

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री

टेलिफोन नं: +९७७-१-४२११८०९ / वेबसाईट: www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय



सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं :-

## शुभकामना

प्रत्येक वर्ष २६ जनवरीलाई अन्तर्राष्ट्रिय भन्सार दिवसको रूपमा विश्वभर मनाउने गरिएको सन्दर्भमा यस वर्ष विश्व भन्सार सङ्गठनले तय गरेको आदर्श वाक्यका "Customs Delivering on its Commitment to Efficiency, Security and Prosperity" साथ नेपालको भन्सार प्रशासनले ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउँदै सोही अवसर पारेर भन्सार स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ।

विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौता, संशोधित क्योटो महासन्धि, अन्तर्राष्ट्रिय असल अभ्यास तथा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता एवं मापदण्ड पूरा गर्दै भन्सार विभागले योजनाबद्धरुपमा अगाडि बढाएका भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् तथा कार्ययोजनाको नतिजा देखिंदै जान थालेको छ। भन्सार जाँचपास तथा भन्सार प्रशासन सम्बन्धी अन्य कार्यमा आधुनिक प्रविधिको उपयोग गर्दै वैध व्यापारको सहजीकरण गर्न र जोखिम व्यवस्थापनलाई प्रभावकारी वनाउदै जान अवैध व्यापार नियन्त्रण गर्ने प्रयास भइरहेको छ। हाल कार्यान्वयनमा रहेको छैटौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८।०७९ - २०८२।०८३) को कार्यान्वयनबाट भन्सार प्रशासन थप प्रविधिमैत्री र व्यावसायिक हुने अपेक्षा गरिएको छ।

आपूर्ति श्रृङ्खलाको व्यवस्थापन गर्दै राजस्व संकलनमा भन्सार प्रशासनले महत्वपूर्ण योगदान पुऱ्याउदै आएको छ। भन्सार विभागले प्रकाशन गरेको यो भन्सार स्मारिका भन्सार प्रशासनसँग सरोकार राख्ने एवम् सो सम्बन्धमा जानकारी राख्न इच्छुक सबैका लागि उपयोगी हुने अपेक्षा गर्दै ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको उपलक्षमा समग्र भन्सार प्रशासन, उद्योगी, व्यवसायी, भन्सार एजेन्ट लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

डा. राम प्रसाद घिमिरे
सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np



नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. -

## शुभकामना

यस वर्ष विश्व भन्सार सङ्गठनले यस वर्षको लागि तय गरेको "Customs Delivering on it's Commitment to Efficiency, Security and Prosperity" भन्ने नाराका साथ ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउने सन्दर्भमा भन्सार विभागले आर्थिक विषयहरुलाई समेटेर भन्सार स्मारिका प्रकाशन गर्ने कुराले थप उत्साहित वनाएको छ।

भन्सार प्रशासनले आफ्नो प्रतिबद्धता अनुरुप दक्षता, सुरक्षा र समृद्धिमा उपलब्धि पुऱ्याउँदै आफ्ना जिम्मेवारी वहन गर्दै आइरहेको छ। सामाजिक सुरक्षा र चोरी निकासी पैठारीको नियन्त्रणतर्फ सीमामा अवस्थित निकायहरु वीच समन्वय र सहकार्य गर्दै राज्यको लागि आवश्यक पर्ने श्रोत जुटाउन राजस्व संकलन गर्ने जिम्मेवारी पूरा गर्दै निजी क्षेत्रमैत्री वैध व्यापारको संरक्षण समेत गर्दै आइरहेको व्यहोरा विदितै छ। विगत लामो समय देखि भन्सारका योजनाबद्ध सुधारका प्रयासहरु र हाल कार्यान्वयनमा रहेको भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८।०७९ - २०८२।०८३) को कार्यान्वयनले भन्सार प्रशासनमा सुधारका आयामहरु देखिन थालेका छन्।

सामाजिक सुरक्षा र चोरी निकासी पैठारीको नियन्त्रणतर्फ सीमामा अवस्थित निकायहरू विच समन्वय र सहकार्य गर्दै राज्यको लागि आवश्यक पर्ने श्रोत जुटाउन राजस्व सङ्कलन गर्ने जिम्मेवारी पूरा गर्दै निजी क्षेत्र मैत्री वैध व्यापारको संरक्षण गर्नु भन्सार प्रशासनको जिम्वेवारी हो। विश्व व्यापार सङ्गठन र विश्व भन्सार सङ्गठनले तय गरेका नीतिहरू एवं विभिन्न महासन्धि तथा घोषणाहरूको आधारमा नेपालको भन्सार सम्वद्ध ऐन कानुनको परिधिभित्र रही कार्यान्वयनमा ल्याउन भन्सार प्रशासनले अथक प्रयास गर्दै आएको व्यहोरा अवगत छँदै छ।

भन्सार प्रशासनले हाल सम्म गरेका सुधारका प्रयासहरू मुलुकको हितका लागि पुऱ्याएको योगदानको कदर गर्दै भन्सारसँग सरोकार राख्ने सबैका लागि भन्सार स्मारिका उपयोगी बन्न सकोस् भन्ने शुभेच्छाका साथ ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा सम्पूर्ण भन्सार प्रशासन र सम्वद्ध उद्योगपति, व्यवसायी, भन्सार एजेन्ट लगायत सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

दिनेश कुमार घिमिरे
सचिव (राजस्व)

१३ माघ, २०८१

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट : www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग



त्रिपुरेश्वर, काठमाडौं, नेपाल

प.सं.:-
च.नं.:-

## शुभकामना

विश्व भन्सार संगठनले यस वर्षको लागि तय गरेको "Customs Delivering on its Commitment to Efficiency, Security and Prosperity" भन्ने नाराका सथ ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउने सन्दर्भमा भन्सार विभागले व्यापार सहजीकरण, जोखिम व्यवस्थापन लगायतका भन्सारसंग सम्बन्धित बिबिध विषयहरुलाई समेटेर सदा झैं यस बर्ष पनि भन्सार स्मारिका प्रकाशन गर्न लागेको छ। प्रस्तुत स्मारिकामा प्रकाशित लेख रचनाहरु अन्तर्राष्ट्रिय व्यापार व्यवसायको क्षेत्रसँग चासो राख्ने बिज्ञ तथा सरोकारवालाहरुका लागि उपयोगी हुने विश्वास लिएको छु।

यस वर्षको अन्तर्राष्ट्रिय भन्सार दिवसले नेपालको भन्सार प्रशासनलाई अन्तर्राष्ट्रिय ब्यापार मैत्री बनाई व्यबसायिक लागत न्यूनीकरण, सुरक्षित वाताबरण, दक्षता अभिवृद्धि एबं प्रविधिमैत्री बनाई भन्सार प्रशासनलाई सदाचारमैत्री बनाउदै सेवाग्राहीप्रति अझ जिम्मेवारबहन गर्न उत्प्रेरणा दिनेछ भन्ने अपेक्षा गरेको छु ।

भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८।०७९-२०८२।०८३) ले उत्कृष्टता, जवाफदेहिता, निष्पक्षता, पारस्परिक सद्भाव, शिष्टचार, सदाचार, पारदर्शिता, कार्यसंचालन स्थिति अनुकूलनता जस्ता मूल्य मान्यता अबलम्बन गरी ब्यापार सहजीकरण, यथार्थपरक राजस्व संकलन, समाजको सुरक्षा र वातावरण संरक्षण, स्वचालित भन्सार प्रणाली, संगठन बिकास र क्षमता अभिबृद्धिजस्ता उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ। यस योजनामा भन्सार प्रशासनमा Machine Learning, Artificial Intelligence जस्ता प्रविधिहरु प्रयोग गरी वैध व्यापारलाई थप प्रोत्साहित गर्ने र अवैध क्रियाकलाप नियन्त्रण गर्ने नीति अबलम्बनबाट आपूर्ति शृंखलालाई थप दक्ष, प्रभावकारी र मितव्ययी बनाई उपभोक्ताको लागतमा न्यूनता आउनुका साथै चालु आर्थिक बर्षको राजश्व संकलनमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास लिइएको छ ।

अन्त्यमा, यस स्मारिकाको लागि आफ्ना अमूल्य लेख रचना उपलब्ध गराइदिनुहुने विद्धत वर्ग, उद्यमी, व्यवसायी, सरोकारवाला निकायहरु र भन्सार कर्मचारीहरु लगायत सम्पूर्णमा ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको हार्दिक शुभकामना समेत व्यक्त गर्दछु।

माघ, २०८१

हरिशरण पुडासैनी
महानिर्देशक

# विषय सूची


| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| | **नेपाली खण्ड** | | |
| १ | विश्व अर्थव्यवस्थाको स्वरूप, प्रवृत्ति र नेपालको अर्थतन्त्र | डा. सुरेन्द्र अर्याल | १ |
| २ | मुलुकको समुन्नतिका लागि भन्सार प्रशासनको योगदान, यसका चुनौती तथा सुधार का पक्ष | वामदेव शर्मा अधिकारी | १५ |
| ३ | विकास व्यवस्थापनका लागि सुदृढ राजस्व प्रशासन | डा. दामोदर रेग्मी | २३ |
| ४ | भूपरिवेष्ठित राष्ट्रको अधिकार, पारवहन सुविधा र नेपालको वैदेशिक व्यापार | रमेश अर्याल | २९ |
| ५ | भन्सार जाँचपासपछिको परीक्षण (भजाप)को अवधारणा र नेपालमा यसको अभ्यास | निर्मलहरि अधिकारी | ४२ |
| ६ | सम्पत्ति शुद्धीकरण र आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणः मुद्रा तथा धारक विनिमेय अधिकार पत्र घोषणा अवस्थाको विश्लेषण | राजेन्द्र कुमार हमाल | ६६ |
| ७ | सम्पत्ति शुद्धीकरण निवारणमा भन्सार प्रशासनको भूमिका | पंकज भुर्तेल | ७९ |
| ८ | अवैध वन्यजन्तु व्यापार नियन्त्रणमा भन्सार प्रशासनको भूमिका | मुक्ती प्रसाद श्रेष्ठ | ८७ |
| ९ | मूल्य अभिवृद्धि कर र आयकरमा भन्सार महसुल मूल्याङ्कनबाट पर्ने प्रभाव | रामबहादुर के.सी. | १०० |
| १० | भन्सार जाँचपास परीक्षण कार्यालय एक झलकः समस्या र समाधान | सन्तोष न्यौपाने | ११२ |
| ११ | बाह्य क्षेत्रबारे व्याप्त रहेका भ्रम र वास्तविकता | सार्थक कार्की | ११९ |
| १२ | दक्षता, सुरक्षा र समृद्धिमा आफ्नो प्रतिबद्धता पूरा गर्ने भन्सार | शिवप्रसाद भण्डारी | १२८ |
| १३ | नेपालमा सार्वजनिक राजस्वको वर्तमान अवस्था र स्थिति-सुधारका उपायहरू | गम्भीर बहादुर हाडा | १३८ |
| १४ | वित्तीय पहुँच विस्तारमा इलेक्ट्रोनिक उपकरणको प्रयोग | इश्वर उप्रेती | १५४ |
| १५ | आर्थिक विकासका लागि चुस्त भन्सार प्रशासन | कमलेश कुमार अग्रवाल | १६० |

| | | | |
|---|---|---|---|
| | **अंग्रेजी खण्ड** | | |
| 16 | Trade Mainstreaming Strategy for Nepal | Chhabindra Parajuli | 165 |
| 17 | Financial Intelligence Unit, Nepal (FIU-Nepal), Department of Customs and Mutual Evaluation of Nepal 2023 | Sworup Shrestha | 171 |
| 18 | Concepts of the Customs Risk Management System (CRMS) | Er. Md. Raheem Ansari | 179 |
| 19 | The Role of Armed Police Force, Nepal in Customs Security: A Pathway to Integrated Border Management in Nepal | Suraj Paudel | 185 |
| 20 | Data-Driven Customs: A Strategic Blueprint for the Digital Age | Mohan Kumar Pudasaini | 192 |

# विश्व अर्थव्यवस्थाको स्वरूप, प्रवृत्ति र नेपालको अर्थतन्त्र

✍ डा. सुरेन्द्र अर्याल◆

## १. पृष्ठभूमि (Background)

स्रोतको परिचालन तथा उत्पादनका साधनको प्रयोग मार्फत वस्तु र सेवा उत्पादन, वितरण र उपभोग गर्ने प्रणाली, भौतिक वा अभौतिक बजारको माध्यमबाट वितरण गर्ने र उपभोक्ताले आवश्यकता अनुरूप उपभोग गर्नको लागि स्थापित व्यवस्था नै अर्थव्यवस्था हो। यसका अवयवहरूमा लगानी, उत्पादन, उपभोग, वितरण, रोजगारी, विनिमय, बचत, मुद्रा तथा बैंङ्किङ, सरकारी नीति र संरचना आदि पर्दछन्। यसको फैलावट स्थानीय, राष्ट्रिय देखि विश्व स्तरसम्म रहेको हुन्छ।

अर्थव्यवस्थाले प्राचीन समयदेखि नै आफ्नो स्वरूप लिँदै आएको पाइन्छ। प्राचीन आर्थिक सोच र समग्र अर्थतन्त्र सरल रहनुका साथै अर्थतन्त्रको गति पनि स्थिर रहेको, प्राविधिक परिवर्तन लगभग शून्य रहेको, व्यापार निश्चित भूगोल, वस्तु र सेवामा सीमित रहेको पाइन्छ। पुँजीको पर्याप्त विकास नभएको, आर्थिक वृद्धि शून्य हुँदा एउटाको आय वा सम्पत्तिमा वृद्धिका लागि अर्कोले गुमाउनुपर्ने र लुटपाट धन प्राप्तिको निर्विकल्प उपाय जस्तै रहेको, साँघुरो आर्थिक सोच व्याप्त रहेको, अर्थतन्त्रसँग जानकार अर्थशास्त्रीको अभाव, कुनै विश्वविद्यालयमा अर्थशास्त्र अध्ययनको अलग्गै विधा नभएको अवस्था विश्व अर्थजगतको विभिन्न अध्ययनहरूले देखाएका छन्।

व्यापारलाई नै सबैथोक मान्ने, स्वदेशी उद्योगको संरक्षण हुनुपर्छ भन्ने पक्षमा रहेको एकथरी विश्लेषक समूह (मर्कन्टालिस्ट), जसले राज्यशक्तिको प्रयोग गरेर स्वदेश र विदेशको बजार कब्जा गर्ने प्रयत्न गर्ने गरेको, कृषिले मात्रै अतिरिक्त मूल्य सिर्जना गर्छ भन्ने दाबी गर्ने अर्काथरीको समूह पनि रहेको पाउन सकिन्छ। फिजियोक्रयाट्स भनिने फ्रान्सेली चिन्तकहरूले कृषिलाई मुलुकको अर्थतन्त्रको रक्तसञ्चार प्रणालीको मुटु मान्ने गरेको, पुँजी र श्रमको मिश्रणबाट अतिरिक्त मूल्य सिर्जना हुन्छ भन्ने चिन्तकहरूको छुट्टै समूह रहेको थियो, जसलाई शास्त्रीय अर्थशास्त्रीको रूपमा परिचित रहेको पाइन्छ।

स्कटल्यान्डका दार्शनिक एडम स्मिथ (१७२३–१७९०) ले आकार दिएको आर्थिक चिन्तनमा पछि फ्रान्सेली जेबी से (१७६५–१८३२), बेलायती डेभिड रिकार्डो (१७७२–१८२३), थोमस रबर्ट माल्थस (१७६४–१८३४) र जेएस मिल (१८०६–१८७३) जोडिएका थिए। यो समूहले श्रमको विशिष्टीकरणमा जोड, सम्पत्तिको अधिकार, नाफा र खुला व्यापारलाई प्राथमिकता, जटिल अर्थतन्त्र पनि केन्द्रीय निर्देशन विना चल्न सक्ने मान्यता राख्नुका साथै उदार अर्थ–राजनीतिक प्रणालीलाई चर्चामा ल्याएको थियो।

सन् १९३० दशकको आर्थिक महामन्दी र दोस्रो विश्वयुद्धका कारण उदारवाद सामु ठुलै प्रश्न सिर्जना गरेको थियो। जर्मन दार्शनिक कार्ल मार्क्स (१८१८–१८८३) ले पुँजी र श्रमबिच समन्वय हुन नसक्ने र द्वन्द्व

◆ सचिव, राष्ट्रिय सभा

मात्र हुने मान्यता राख्दै 'गरिबलाई लुटेर धनी बनिन्छ, मूल्य सिर्जना श्रमले मात्रै गर्छ, अर्थतन्त्र चलाउन केन्द्रीय निर्देशन आवश्यक हुन्छ, बजारले आर्थिक शक्तिलाई समायोजन र सन्तुलनमा राख्न सक्दैन, उत्पादनका साधन सामूहिक स्वामित्वमा रहनुपर्छ र उत्पादित वस्तुको न्यायोचित वितरण पनि समूहकै निर्देशनबाट गर्नुपर्छ भन्ने मान्यता समेत अगाडि सारेका थिए। निर्देशित अर्थतन्त्रको वकालत गर्नेहरू मूल्य तोक्ने निकायका रूपमा राज्य हुनुपर्ने पक्षमा हुने र कार्ल मार्क्सले आफ्नो सिद्धान्तलाई वैज्ञानिक समाजवाद भन्ने गरेका थिए।

जर्मनी, इटाली र रुसमा सामूहिकतावादी सत्ता स्थापना भएको समयमा सोभियत सङ्घले पूर्वी युरोप, एशिया, अफ्रिका र दक्षिण अमेरिकामा आफ्नो प्रभाव विस्तार गरेको र विश्वको झन्डै आधा जनसङ्ख्या विभिन्न रूपको सामूहिकतावादी सत्ताको प्रभावमा परेको, पुँजीवादी भनेर कहलिएको अमेरिकाले समेत विभिन्न चरणमा कल्याणकारी कार्यक्रम लागू गरेको, सोभियत संघ विघटनपछि राजनीति सम्बद्ध वादको विवाद सकिएको र अबको समय उदारवादको मात्र हो भन्ने कथनले चर्चा पाएको पाउन सकिन्छ।

असीको दशकको सुरुवातमा मार्गरेट थ्याचरले बजार र पुँजीवादलाई विस्तारित हुन र बिना रोकटोक विचरण गर्न हुँदैन भन्ने अर्थमा नवउदारवादी अर्थराजनीतिको विकल्प छैन भनेको, पछिल्लो समयका शासकहरू कार्टर, ब्लेयर लगायतले त्यस भनाइलाई अलि सुधार्दै त्यहाँ अर्को कुनै उत्तम विकल्प छैन भनेका र त्यसपछि पनि विकल्पको खोजीको प्रयत्न नगरिएको देखिन्छ।

भू–मण्डलीकरणमा सबै मुलुक, कम्पनी र व्यक्तिहरू एक–अर्काप्रति निर्भर भएर बाँच्ने, विकास गर्ने र, धनी बन्ने मान्यताको विकास भएको पाइन्छ। विकल्प छैन भन्ने मान्यतालाई आत्मसाथ गर्दै अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैङ्क, विश्व व्यापार सङ्गठनहरूको निगरानीमा विश्वका प्रायः सबै मुलुकहरूले मुलुक र अर्थतन्त्रलाई स्वतन्त्र व्यापार सम्झौतामार्फत उदार गरिदिएका र यसैको परिणाम स्वरूप प्राकृतिक स्रोतमाथि भएको भयावह दोहनले गर्दा वातावरणमा नकारात्मक असर परेको, अर्बौं मानिसहरू गरिबी, भोकमरी, अशिक्षा, बिरामी भएर बाँच्न बाध्य देखिएका, सीमित बहुराष्ट्रिय कम्पनीहरूकोमा साधन स्रोत थोपरिँदै गइरहेको देखिएको पाइन्छ।

अनियन्त्रित खुला बजार नीतिका कारण धेरै मुलुकले अत्यधिक ऋण, औद्योगिक उत्पादनमा ह्रास, बैङ्क तथा वित्तीय संस्थाहरूमा वित्तीय सङ्कट समेतको सामना गर्नु परेको थियो। उत्पादनमूलक लगानीमा ह्रास, रोजगारी कटौतीका कारण बेरोजगारीमा वृद्धि तथा सरकारहरूले सरकारी खर्च धान्नका लागि सामाजिक सुरक्षा खर्चमा कटौती गरिरहेका र त्यसले जनअसन्तोष वृद्धि हुन पुगेको अवस्था थियो। सन् १९९० को दशकमा जापानमा उत्पादनमा आएको स्थिरताले आर्थिक अवरोध तथा बेरोजगारी उत्पन्न भएको, सन् १९९८ को पूर्वी एसिया तथा रुसी सङ्कट, सन् २००२ को अर्जेन्टिनीयन सङ्कट र सन् २००७ मा सुरु भएर लामो समयसम्मको अमेरिकालगायत युरोपेली मुलुकहरूको आर्थिक सङ्कटले सन् १९७० बाट सुरु गरिएको नवउदारवादी अर्थव्यवस्थामाथि प्रश्न उब्जाएको छ।

यिनै अवस्थाले नवउदारवादी अर्थराजनीतिको विरुद्धको आवाज मुखरित हुन थालेको, लामो समय यो अभ्यासमा रमाएका मानिसहरू (शासकहरू, उपल्लो तहमा काम गर्ने सरकारी अधिकृतहरू, भू–मण्डलीकरणका कारण

बहुराष्ट्रिय निगमहरूसँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा गाँसिएका मानिसहरू) ले अझै पनि विकल्प नदेखुका साथै आम जनसमुदायलाई पनि त्यसको विकल्प के हुन सक्दछ भन्ने राम्रो जानकारी नभएको वा वैकल्पिक योजनाको ठोस खाका नभएर रनभुल्लमा परेको देखिएको थियो।

विश्व अर्थव्यवस्थाको यो लामो अनुभवबाट निजी पुँजीवादी बजार अर्थतन्त्र, केन्द्रीकृत योजनाकृत अर्थतन्त्र, कर्पोरेट आधारमा श्रम विभाजनको अर्थतन्त्र तथा व्यक्तिगत सम्पत्तिको सुरक्षा गरिने अर्थतन्त्र प्रायः सबैको परीक्षण भइसकेको र भिन्नाभिन्नै कारणले असफलता बेहोर्नु परेको परिस्थितिमा नयाँ अर्थतन्त्र कस्तो हुनुपर्ने र त्यसका मूल्य, मान्यता तथा आधार के हुने भन्ने जस्ता महत्त्वपूर्ण विषयमा बहस हुन जरुरी देखिएको छ। आज पनि समाज विरोधी, तानासाही निर्णय लाद्ने, वातावरण विरोधी, समस्यालाई ज्युँका–त्युँ छोडेर हिँड्ने, वर्ग विभाजन गरी झगडा तथा असन्तुष्टि निम्त्याउने अर्थव्यवस्था अहिलेको अर्थव्यवस्था हुन नसक्ने ठम्याईका साथ आ–आफ्नो परिवेशमा नयाँ विकल्पको खोजी भइरहेको छ।

## २. विश्व अर्थव्यवस्थाको वर्गीकरण (Classification of The World Economy)

विकसित, विकासशील र कम विकसित मुलुकहरूबिचको भिन्नताका आधार पहिचान तथा विश्वव्यापी आर्थिक तथ्याङ्क विश्लेषण गर्न, सम्पत्ति र जीवन स्तरमा रहेको असमानता विश्लेषण गर्न, आर्थिक कार्यसम्पादनमा भिन्नता र समानता पहिचान गर्दै देशहरू वा क्षेत्र बिच तुलना गर्न, विशेष आर्थिक अवस्थामा आधारित नीति र रणनीति निर्माणमा सरकार र सङ्गठनहरूलाई सहयोग पुऱ्याउन, लगानीकर्ताहरूलाई अवसर र जोखिम पहिचान गर्दै आवश्यक क्षेत्रमा स्रोत र सहायता निर्देशित गर्न मद्दत गर्न, मुलुकहरूको वर्गीकरण गरेर कूटनीतिक र व्यापार सम्बन्धलाई प्रभाव पार्न, विभिन्न आर्थिक अवस्थाको लागि विकास लक्ष्य र बेन्चमार्क निर्धारण गर्न, उच्च, मध्यम र कम आय वर्गमा अर्थव्यवस्था वर्गीकरण तथा समान आर्थिक अवस्था भएका राष्ट्रहरूबिचको सहकार्यलाई प्रोत्साहन गर्न, विश्वव्यापी आपूर्ति श्रृंखलामा सहभागिता निर्धारण गर्न, आर्थिक विकास प्रक्षेपणलाई आकार दिन, प्राविधिक क्षमता र नवाचारमा आधारित अर्थतन्त्रलाई पहिचान गर्न, उत्पादकता र प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्न, आर्थिक कल्याणको समग्र दृष्टिकोण प्रदान गर्न विश्व अर्थव्यवस्थालाई विविध आधारमा वर्गीकरण गर्ने गरेको पाइन्छ। यी वर्गीकरणलाई छुट्टाछुट्टै रूपमा यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छः

### २.१ आर्थिक नीतिको आधारमा वर्गीकरण (Classification Based on Economic Policy)

मुलुकको अर्थव्यवस्थालाई सञ्चालन, व्यवस्थापन र नियन्त्रण गर्न अर्थतन्त्रका समष्टिगत परिसूचकलाई प्रभावित गर्ने गरी वा अर्थतन्त्रमा वाञ्छित प्रभाव पार्ने गरी र अवाञ्छित क्रियाकलाप नियन्त्रण गर्ने गरी तयार गरिने सार्वजनिक नीतिलाई आर्थिक नीति भनिन्छ। यसमा मूलतः समष्टिगत आर्थिक नीति, वित्तनीति, मौद्रिक नीति र अन्य क्षेत्रगत आर्थिक नीति पर्दछन्। मुलुकमा लगानी, उत्पादन, वितरण, रोजगारी सिर्जना, मूल्य निर्धारण, आयात, निर्यात, विदेशी विनिमय लगायतका अर्थतन्त्रमा प्रभाव पार्ने पक्षका सम्बन्धमा राज्यले लिने नीति आर्थिक नीतिभित्र पर्दछन्। विश्वमा सरकारले आफ्ना जनताको हित गर्ने उद्देश्यले आ–आफ्नो अनुकूलको आर्थिक नीतिमा आधारित अर्थव्यवस्था सञ्चालन गरेको पाइन्छ।

## २.१.१ खुल्ला (उदार) आर्थिक नीति (Open/Liberal Economic Policy)

विभिन्न अर्थशास्त्रीहरूले उदार आर्थिक नीतिलाई आ–आफ्नै किसिमले परिभाषित गरेका छन्। World Development Report 1996 मा आर्थिक उदारीकरण वा बजार अर्थतन्त्रलाई आन्तरिक व्यापार मूल्य र बजार, वैदेशिक व्यापार तथा विदेशी मुद्राको स्वतन्त्ररूपमा विनिमय र आन्तरिक बजारमा कार्यहरूको स्वतन्त्र रूपमा प्रवेश गर्ने र यसमा सरकारी नियन्त्रणलाई खुकुलो वा अन्त्य गर्ने प्रक्रियालाई बुझिने भनी परिभाषित गरेको पाइन्छ। यसलाई आर्थिक क्रियाकलापको लागि प्रतिस्पर्धात्मक शक्ति र सम्भव भएसम्म बजारको अधिकतम उपयोग गर्ने सिद्धान्तको रूपमा लिइने गरिन्छ।

उदार अर्थतन्त्रमा लगानी, बचत, व्यापार, उत्पादन, उपभोग, विनिमय, वितरण आदि आर्थिक क्रियाकलापहरू स्वतन्त्ररूपमा प्रतिस्पर्धात्मक बजारमा सञ्चालन गरिने र यसमा सरकारको नियन्त्रण वा हस्तक्षेप नहुन मान्यता राखिन्छ।

वास्तविक वस्तुबजारमा माग र आपूर्तिको अन्तरक्रियाको माध्यमबाट मूल्य निर्धारण हुने, यसबाट उत्पादक र उपभोक्ताको हित सुनिश्चित भई अधिकतम फाइदा पाउन सकिन्छ भन्ने मान्यता राखिने गरिन्छ। एकाधिकारलाई निरुत्साहित पारिने र प्रतिस्पर्धाको स्थिति सिर्जना गरिने, अर्थव्यवस्थामा निजी क्षेत्रलाई आर्थिक विकासको प्रमुख चालकको रूपमा लिइने, देशको आर्थिक क्षेत्रमा सरकारको भूमिकालाई नियामक, मागदर्शक, उत्प्रेरक र सहजकर्ताको रूपमा सीमित राख्ने, स्वतन्त्र बजार सञ्चालनको लागि आवश्यक कानुनी एवम् संस्थागत तथा नीतिगत व्यवस्था सरकारले गर्ने मान्यता राखिन्छ।

सन् ८० को दशकदेखि कतिपय देशहरूले देशको आर्थिक विकासमा बजारको भूमिका महत्त्वपूर्ण हुने अवधारणालाई आत्मसात् गरेका र नेपालमा पनि सन् १९८६ देखि Structural Adjustment Program लागू गरी उदार आर्थिक नीति अँगाल्न सुरु गरिएको हो।

## २.१.२ राज्य नियन्त्रित आर्थिक नीति (State Controlled Economic Policy)

सन् १९३० को आर्थिक मन्दीबाट स्वतन्त्र अर्थव्यवस्था रहेका मुलुकहरूमा बेरोजगारी बढ्ने मागमा कमी आउने, उद्योगहरू बन्द हुने अवस्था देखा परेको तर समाजवादी अर्थव्यवस्था अपनाइएका देशहरूमा यी समस्या कम देखा परेको पाइएको थियो। यस आर्थिक मन्दीको समस्या समाधान गर्न J.M. Keynes ले सरकारी अर्थव्यवस्थामा सरकारी हस्तक्षेप आवश्यक हुन्छ भन्ने धारणा अघि सारेका थिए।

मन्दीमा आर्थिक उत्पादन र न्यून मागको समस्यालाई समाधान गर्न सरकारले Deficit Financing गरी अर्थव्यवस्थाको विभिन्न क्षेत्रमा लगानी बढाएमा रोजगारीको अवसर, जनताको आय, क्रयशक्ति, प्रभावकारी मागमा वृद्धि हुनुका साथै माग र आपूर्तिबिच सन्तुलन कायम भई आर्थिक वृद्धिमा सहयोग पुग्ने अवधारणा जसलाई अन्य देशहरूले पनि अवलम्बन गरेका थिए। यसबाट आर्थिक मन्दीको स्थितिमा सुधार देखा पर्नुका साथै यस प्रकारको अर्थव्यवस्थामा उत्पादनका साधन, मूल्य र वितरण प्रणालीमा सरकारी नियन्त्रण रहने र निजी क्षेत्रको न्यून भूमिका रहने, केन्द्रीकृत योजना बनाइने, व्यक्तिका आकाङ्क्षा अनुसारका आपूर्ति व्यवस्था

राज्यको जिम्मामा हुनुपर्दछ भन्ने मान्यता रहेको हुन्छ। अस्वाभाविक सम्पत्ति आर्जनमा नियन्त्रण र प्रतिस्पर्धा स्वस्थ हुन सक्ने, आयात, मूल्यवृद्धि र आर्थिक स्थिरता जस्ता विषयमा सन्तुलन देखापर्ने, कालोबजारी, सीमित प्रतिस्पर्धा र मिलेमतो हुन नसक्ने, सामाजिक उत्तरदायित्व बढी बजारका विकृति नियन्त्रण गर्न सरकारको भूमिका बढी हुने, धनी र गरिबबिचको असमानता कम रहने मान्यता समेत लिइएको पाइन्छ।

सीमित स्रोत साधनको न्यायोचित वितरण गर्ने संस्था सरकार हुने, सामाजिक न्याय, संरक्षण, सुरक्षा लगायतका लोककल्याणकारी कार्यक्रम सरकारले सञ्चालन गर्नुपर्ने, लगानी, उत्पादन, रोजगारी वितरण, मूल्यनिर्धारण लगायतका गतिविधिमा सरकारको भूमिका बढी हुनुपर्ने, यस्तो अर्थव्यवस्थाको प्रयोग सोभियत सङ्घ, क्युवा र १९८० भन्दा अघिको चीन, भियतनाम र उत्तर कोरिया लगायतका मुलुकमा भएको थियो। पूर्णरूपमा सरकारको नियन्त्रण हुने अर्थव्यवस्था आदर्श कल्पनामात्र भएको मानिन्छ।

### २.१.३ मिश्रित आर्थिक नीति (Mixed Economic Policy)

पूर्ण रूपमा खुला बजार अर्थव्यवस्था र सरकारको मात्र भूमिका हुने अर्थव्यवस्था आदर्श परिकल्पना मात्र हुने हुँदा विश्व्यापी अर्थव्यवस्था कुनै न कुनै हिसाबले मिश्रित हुने गरेको मान्यता रहेको पाइन्छ। कुनै मुलुकमा सरकारको भूमिका धेरै (निजीक्षेत्र आकर्षित नहुने ठाउँ वा निजी क्षेत्रको विकृति नियन्त्रण गर्नुपर्ने क्षेत्रमा सरकार) र कुनैमा बजारको भूमिका धेरै (बजार आकर्षित हुने वा निजी क्षेत्र आकर्षित हुने क्षेत्रमा) हुने गरी अर्थव्यवस्था सञ्चालन गर्ने गरिएको पाइन्छ।

मिश्रित अर्थव्यवस्था पूर्णरूपमा सरकारको नियन्त्रणबाट र खुलाबजार अर्थव्यवस्थाबाट सिर्जना हुने नकारात्मक असरबाट अर्थव्यवस्थालाई नियन्त्रण गरी अर्थतन्त्रमा नियन्त्रण र सन्तुलन कायम राख्दै साझेदारी र सहभागितामूलक आधारमा अर्थव्यवस्था सञ्चालन गर्नुपर्ने मान्यता रहेको हुन्छ। पुँजीवादी अर्थव्यवस्थामा देखिएको समस्या र समाजवादी अर्थव्यवस्थामा भएको विकास (रुसमा भएको कृषि अर्थतन्त्रबाट औद्योगिक अर्थतन्त्रमा रूपान्तरण) बाट प्रभावित भई उपनिवेशबाट स्वतन्त्र भएका मुलुकहरूले सन् १९४० को दशकदेखि मिश्रित अर्थव्यवस्थाको अवधारणालाई आत्मसात् गरेको देखिन्छ।

सामान्यतः मिश्रित अर्थ व्यवस्थामा सरकार र निजी क्षेत्र दुवैको उपस्थिति रहने, पुँजीवादी र समाजवादी अर्थव्यवस्थाका विशेषता रहने अर्थात् निजी क्षेत्र र सरकारी क्षेत्र दुवै आर्थिक क्रियाकलापमा सहभागी हुने, यस व्यवस्थामा निजी क्षेत्र आकर्षित हुन नसक्ने, सामाजिक क्षेत्र, गरिबी निवारणका क्षेत्र आदिमा सरकारी क्षेत्रले लगानी गरेको हुन्छ भने वस्तु एवम् सेवाको उत्पादन र वितरणमा सरकारी संस्थानहरूको स्थापना गरिएको हुने अवस्था रहने मान्यता राखिन्छ।

Paul A. Samuelson ले मिश्रित अर्थ व्यवस्थालाई निजी क्षेत्र तथा सरकारी क्षेत्र दुवैको सह-अस्तित्व कायम रहने अर्थव्यवस्था मानेका थिए। उत्पादनका साधनमा सरकारी र निजी क्षेत्र दुवैको स्वामित्व रहने, पुँजीवादी र समाजवादी दुवै अर्थव्यवस्थाका गुण समाविष्ट हुने, सरकारी र निजी क्षेत्र दुवैको जिम्मेवारी रहने भएकोले सरकारी र निजी क्षेत्र बिच सन्तुलन कायम हुने, निजी क्षेत्रमा सम्पत्ति रहन सक्ने र मुनाफा पाउन सक्ने

वातावरण हुँदा निजी लगानीलाई प्रोत्साहन मिल्ने, अनावश्यक एकाधिकारमा नियन्त्रण, अनावश्यक नकारात्मक स्थिति आउन नदिन सरकारी हस्तक्षेप हुन सक्ने, आय र रोजगारीका अवसरमा वृद्धि हुन सक्ने, निजी क्षेत्रले लगानी नगर्ने क्षेत्रमा सरकारले लगानी गर्ने वातावरण हुने, सरकार र निजी क्षेत्रको संयुक्त प्रयासमा लगानी, उत्पादन, रोजगारी सिर्जना, वितरणसँग सम्बन्धित अर्थव्यवस्थाका अवयव सञ्चालन हुने, सरकार र निजी क्षेत्रले संयुक्त रूपमा कार्य गर्न सक्ने अवस्था यस अर्थव्यवस्थामा रहने मान्यता रहेको छ।

## २.२ आर्थिक शक्ति र सामर्थ्यताको आधारमा वर्गीकरण (Classification Based on Economic Strength and Affordability)

यस वर्गीकरण अनुसार देशहरूको सामाजिक र आर्थिक अवस्थाबारे राम्रोसँग बुझ्नको लागि देशहरूलाई विभिन्न समूहमा राखिने गरिन्छ। यस वर्गीकरणको मापदण्ड देशहरूलाई विकसित, विकासशील वा अल्पविकसित देशमा समूहकृत गर्नु रहेको र यस्तो वर्गीकरण १९६० को दशकमा प्रचलनमा आएको पाइन्छ। स्रोत स्थानान्तरणको नीतिगत छलफलको सन्दर्भमा देशहरूलाई सजिलोसँग पहिचान गर्नका लागि यो विधि प्रयोग गरिएको पाइन्छ।

### २.२.१ विश्व बैङ्कको वर्गीकरण (World Bank Classification)

विश्व बैङ्कले ३०, ००० भन्दा बढी जनसङ्ख्या भएका अर्थतन्त्रलाई वर्गीकरणमा समेट्ने गरेको छ। WB को वर्गीकरण प्रतिव्यक्ति कुल राष्ट्रिय आय (GNI) मापनमा आधारित रहेको छ। GNI अन्तर्राष्ट्रिय डलरमा रूपान्तरण गरिएको कुल राष्ट्रिय आय हो, जसमा PPP दर प्रयोग गरिएको हुन्छ। प्रतिव्यक्ति GNI बैङ्कको कार्यात्मक वर्गीकरणमा input को रूपमा प्रयोग गरिएको जसले ऋणको योग्यतालाई निर्धारण गर्ने गर्दछ। प्रतिव्यक्ति GNI: राष्ट्रका नागरिकहरूको औसत आम्दानी/ भिन्न–भिन्न देशहरूको जीवनस्तरमा रहेको भिन्नता/ Purchasing Power Parity (PPP) को प्रयोग गरिने गरिन्छ।

WB ले नयाँ प्रतिव्यक्ति GNI तथ्याङ्कअनुसार वर्गीकरण अद्यावधिक गर्ने गर्दछ। निम्न र मध्यम आय भएका अर्थतन्त्रहरू प्रायः विकासशील अर्थतन्त्रहरूको रूपमा र उच्च मध्यम आय र उच्च आय भएका अर्थतन्त्रहरूलाई विकसित देशको रूपमा वर्गीकरण गरिन्छ। प्रतिव्यक्ति GNI अनुसार विश्व बैङ्कको विभिन्न देशहरूको पछिल्लो वर्गीकरण (प्रत्येक वर्षको जुलाई १ मा अद्यावधिक गरिने) निम्नानुसार रहेको:

| वर्ष | निम्न आय | निम्न–मध्यम आय | उच्च–मध्यम आय | उच्च आय |
|---|---|---|---|---|
| July 1, 2024<br>(for FY2025 (new) | $१,१४५ भन्दा कम | $१,१४६ –$४,५१५ | $४, ५१६ –$१४,००५ | $१४,००५ भन्दा माथि |
| July 1, 2023<br>(for FY2024 (previous) | $ १, १३५ भन्दा कम | $१,१३६ –$४,४६५ | $४,४६६ –$१३,८४५ | $१३,८४६ भन्दा माथि |

### २.२.२ IMF को वर्गीकरण (IMF Classification)

IMF ले देशहरूको वर्गीकरणका लागि कुनै कठोर मापदण्ड नभएको र वर्गीकरण निर्णय गर्दा अन्य तत्त्व पनि विचार गर्दै देशहरूलाई विकसित र उदीयमान तथा विकासशील अर्थतन्त्रको रूपमा वर्गीकरण गर्ने गरेको छ।

विकसित अर्थतन्त्रलाई युरो क्षेत्र, प्रमुख विकसित अर्थतन्त्र (G7), नयाँ औद्योगिक एशियाली अर्थतन्त्र, अन्य विकसित अर्थतन्त्र (G7 र युरो क्षेत्र बाहेक) र युरोपियन युनियनमा उप–वर्गीकृत गरिएको छ। उदीयमान र विकासशील अर्थतन्त्रहरूलाई केन्द्रीय र पूर्वी युरोप, स्वतन्त्र राष्ट्रहरूको सन्धि, विकासशील एशिया, ASEAN-5, ल्याटिन अमेरिका र क्यारिबियन, मध्य पूर्व र उत्तर अफ्रिका, उप–सहारा अफ्रिकामा उप–वर्गीकृत गरिएको छ।

### २.२.३ OECD को वर्गीकरण (OECD Classification)

OECD ले देशहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्ने गरेको छ। जसमा प्रति व्यक्ति आय स्तर (Income Level), आर्थिक संरचना (Economic Structure) (उद्योग र सेवासम्बन्धी क्षेत्रको विकास), सामाजिक सूचकाङ्क (Social Indicators) (स्वास्थ्य, शिक्षा र जीवनस्तरका सूचकाङ्क), अन्तर्राष्ट्रिय व्यापार र लगानी (International Trade and Investment) (विश्व बजारमा पहुँच र विदेशी लगानीको स्तर) आदि रहेका छन्। OECD को प्रमुख वर्गीकरण निम्नानुसार रहेकोः

**(क) उन्नत अर्थतन्त्र (Advanced Economies)**

उन्नत अर्थतन्त्रमा अत्यधिक विकसित र उच्च जीवनस्तर र समृद्धि प्राप्त गरेका सामान्यतया OECD का पूर्ण सदस्य देशहरूः युरो क्षेत्र (युरोमा लगानी गर्ने युरोपेली देशहरू), G7 (प्रमुख उन्नत अर्थतन्त्र अन्तर्गत क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलायत र संयुक्त राज्य अमेरिका), नयाँ औद्योगिक एशियाली अर्थतन्त्र (ताइवान, हङकङ र सिंगापुर जस्ता एशियाली अर्थतन्त्र) र अन्य उन्नत अर्थतन्त्र (G7 र युरो क्षेत्र बाहेकका उन्नत अर्थतन्त्र जस्तै : अस्ट्रेलिया, न्यूजील्याण्ड र दक्षिण कोरिया) यस अन्तर्गत पर्दछन्।

**(ख) उदीयमान अर्थतन्त्र (Emerging EconomIes)**

आर्थिक विकास उच्च गतिमा रहेका तर अझै पनि विकासशील अवस्थामा रहेका देशहरू यस समूहमा निम्न देशहरू समावेश रहेका हुन्छन्। केन्द्रीय र पूर्वी युरोप (पोल्याण्ड, चेक गणतन्त्र, हंगरी आदि), Commonwealth of Independent States-CIS (रुस, काजाकिस्तान, उक्रेन आदि), विकासशील एशिया (भारत, बंगलादेश, थाइल्यान्ड आदि), एसियन ५ (भियतनाम, मलेसिया, इन्डोनेसिया, फिलिपिन्स र थाइल्यान्ड आदि) ल्याटिन अमेरिका र क्यारिबियन (ब्राजिल, अर्जेन्टिना, मेक्सिको, चिली आदि), मध्य पूर्व र उत्तर अफ्रिका साउदी अरेबिया, इरान, मिश्र आदि) र उप–सहारा अफ्रिका (नाइजेरिया, केन्या, दक्षिण अफ्रिका आदि)।

### (ग) विकासशील अर्थतन्त्र (Developing Economies)

सामान्यतया आर्थिक विकास अझै प्रारम्भिक चरणमा रहेका, जीवनस्तरलाई सुधार गर्नका लागि बढी प्रयत्न आवश्यक भएका देशहरूलाई यस समूहमा वर्गीकरण गर्ने गरिएको छ। OECD द्वारा यस्ता देशका लागि कुनै विशिष्ट श्रेणी प्रयोग नगरिएको भएता पनि सामान्यतया उच्च आयको अर्थतन्त्रबाट भिन्न मानिने गरिएको पाइन्छ।

### (घ) UNDP को वर्गीकरण (UNDP Classification)

UNDP ले मानव विकास सूचकाङ्क (HDI) का आधारमा देशहरूलाई वर्गीकरण गर्ने गरेको पाइन्छ। HDI ले स्वास्थ्य, शिक्षा र आय उपलब्धिको मापन गर्ने, प्रतिव्यक्ति कुल राष्ट्रिय आय (GNI/n लाई स्थानीय मुद्रालाई अमेरिकी डलरमा रूपान्तरण गरेर प्रयोग गर्ने गरिएको जसअनुसार उच्च समूह ५१–७५ प्रतिशत), मध्यम समूह २६–५० प्रतिशत), न्यून समूह ०–२५ प्रतिशत रहेको छ। अतिकम विकसित देशहरू ((LDCs) मा आयको थ्रेसहोल्डभन्दा कम प्रतिव्यक्ति GNI मानव सम्पत्ति सूचकाङ्क, आर्थिक संवेदनशीलता सूचकाङ्क भएका मुलुकहरू पर्दछन्।

## ३. विश्व अर्थतन्त्रको प्रवृत्ति र अवस्था (Trends and Conditions of The World Economy)

### ३.१ विश्व अर्थतन्त्र (World Economy)

विश्वमा समय समयमा आर्थिक सङ्कटहरू देखा पर्दै आएका जस्तै : विश्व युद्धको कारण सिर्जित सङ्कट (१९१४, १९१७–२१, १९४५–४६), द ग्रेट डिप्रेसन १९३०–३२, तेलको मूल्यमा आएको तीव्र उछालको कारण सिर्जित सङ्कट (१९७५, १९८२), सन् २००८ को वित्तीय सङ्कट, सन् २०२० को सुरुवातदेखि नै कोभिड–१९ को विश्वव्यापी महामारीले सिर्जना गरेको मानवीय र आर्थिक सङ्कट आदि। सन् १८७० देखि हालसम्म १ सय ५० वर्षको अवधिमा विभिन्न प्रकृतिका वित्तीय सङ्कटका कारण विश्वमा देखिएका आर्थिक मन्दीको तुलनामा कोभिड–१९ महामारीको कारण सिर्जित आर्थिक मन्दीको प्रभाव व्यापक र उच्च रहेको, जसको फलस्वरूप, विश्वका ९० प्रतिशत भन्दा बढी देशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनमा सङ्कुचन आएको छ।

सन् १९३० देखि १९३२ को विश्वव्यापी आर्थिक मन्दीमा ८५ प्रतिशत देशको मात्र प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादनमा सङ्कुचन आएको, कोभिड–१९ महामारीद्वारा उत्पन्न विश्व मानव स्वास्थ्य सङ्कटको कारण देखिएको आर्थिक मन्दीले विश्व अर्थतन्त्र नराम्रोसँग प्रभावित हुन पुगेको र यो वैधिक महामारीले जनस्वास्थ्य र मानव जीवनमा समेत निकै क्षति पुर्‍याएको, महामारी तथा यसको नियन्त्रणको लागि अवलम्बन गरिएका बन्दाबन्दी लगायतका विभिन्न उपायको कारण विश्व अर्थ व्यवस्थाको आर्थिक गतिविधिमा व्यापक सङ्कुचन आएको, स्वास्थ्य सङ्कटबाट उत्पन्न यो विश्वव्यापी आर्थिक मन्दी विगतका वित्तीय सङ्कट भन्दा भिन्न प्रकृतिको रहेको देखिन्छ।

अर्थतन्त्रका विभिन्न क्षेत्रहरू उत्पादन, वितरण र श्रम बजार प्रभावित भएकोले बेरोजगारी, गरिबी र असमानता बढेको, अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार कोभिड–१९ महामारीको कारण विश्वव्यापी आर्थिक क्रियाकलापमा सुस्तता आएसँगै अधिकांश मुलुकहरूको आर्थिक वृद्धि ऋणात्मक भई सन् २०२० मा विश्व अर्थतन्त्र ३.३ प्रतिशतले सङ्कुचन भएको, सन् २०२१ मा ६.१ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्रको वृद्धिदर कोभिड महामारीको दीर्घकालीन प्रभाव र रुस युक्रेनका साथै मध्यपूर्वमा जारी भू-राजनैतिक तनावले कम हुँदै गएको, सन् २०२२ मा विश्व अर्थतन्त्रको वृद्धिदर ३.४ प्रतिशतमा सीमित भएको, अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा ३.३ प्रतिशत रहेको, सन् २०२४ मा ३.२ प्रतिशत र सन् २०२५ मा ३.३ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

## ३.२ विकसित र उदीयमान अर्थतन्त्र (Developed and Emerging Economies)

IMF ले विकसित एवम् उदीयमान अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा न्यून रहेको र सन् २०२४ मा सामान्य सुधार आउने प्रक्षेपण गरेको छ। विकसित अर्थतन्त्र भने सन् २०२२ मा २.७ प्रतिशतले विस्तार भएकोमा सन् २०२३ मा १.३ प्रतिशतले र सन् २०२४ मा १.४ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको, उदीयमान तथा विकासोन्मुख मुलुकहरूको अर्थतन्त्र सन् २०२२ मा ४.० प्रतिशतले विस्तार भएकोमा सन् २०२३ मा ३.९ प्रतिशतले र सन् २०२४ मा ४.२ प्रतिशतले विस्तार हुने बताएको छ।

सन् २०२३ मा १.७ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२४ मा पनि १.७ प्रतिशतले र सन् २०२५ मा १.८ प्रतिशतले विस्तार हुने, सन् २०२३ मा ४.४ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२४ र सन् २०२५ मा ४.३ प्रतिशतले वृद्धि हुने, छिमेकी मुलुकहरू भारत र चीनको अर्थतन्त्र सन् २०२२ मा क्रमशः ६.८ प्रतिशत र ३.० प्रतिशतले विस्तार भएकोमा सन् २०२३ मा क्रमशः ५.९ प्रतिशत र ५.२ प्रतिशतले विस्तार हुने, सन् २०२३ मा भारत र चीनको अर्थतन्त्र क्रमशः ८.२ प्रतिशत र ५.२ प्रतिशतले विस्तार भएकोमा सन् २०२४ मा क्रमशः ७.० प्रतिशत र ५.० प्रतिशतले विस्तार हुने प्रक्षेपण, सन् २०२५ मा भारत र चीनको अर्थतन्त्र क्रमशः ६.५ प्रतिशत र ४.५ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ।

## ३.३ दक्षिण एशियाली अर्थतन्त्र (South Asian Economies)

विश्व आर्थिक गतिविधि बढ्दै गएको भए तापनि दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिमा यसको प्रभाव मिश्रित रहने देखिएको पाइन्छ। माल्दिभ्स, नेपाल र पाकिस्तानको आर्थिक वृद्धिदर बढ्ने र अन्य दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण रहेको, सन् २०२३ मा नेपालको आर्थिक वृद्धि ०.८ प्रतिशत रहेकोमा सन् २०२४ मा ३.१ प्रतिशत हुने प्रक्षेपण रहेको, दक्षिण एशियाली मुलुकमध्ये भारतको आर्थिक वृद्धि उच्च रहने अनुमान, अन्तर्राष्ट्रिय मुद्दा कोषले सन् २०२४ मा चीनको अर्थतन्त्रमा ०.६ प्रतिशत विन्दुले कमी आई ४.६ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

## ४. राष्ट्रिय अर्थतन्त्र (National Economies)

नेपालको संविधानमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत समाजवाद उन्मुख स्वतन्त्र र सुदृढ अर्थतन्त्रको विकास गर्ने विषय उल्लेख रहेको छ। अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई वृद्धि गर्दै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने र प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने आर्थिक नीति अङ्गीकार गरिएको छ। नेपाल वि.सं.२०८३ (सन् २०२६) मा अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सुनिश्चित हुनुका साथै वि.सं. २०८७ (सन् २030) सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने र सोसँगै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य लिइएको छ।

यसै परिवेशमा समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र तीव्रतर आर्थिक वृद्धि एवम् सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माण गर्न सोह्रौं योजना केन्द्रित रहेको छ। अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक रहेका, न्यूनदरमा भएपनि विस्तार हुँदै गएको अर्थतन्त्रमा पछिल्ला आर्थिक वर्ष केही सुधार हुने, कृषि र सेवा क्षेत्रको उत्पादन बढ्ने र उद्योग क्षेत्रको उत्पादनमा सङ्कुचन आइरहेको, विप्रेषण आप्रवाह र पर्यटनबाट आर्जन हुने अनुमान गरिनुका साथै भ्रमण आयमा भएको वृद्धि तथा व्यापार घाटामा भएको सुधारका कारण चालु खाता बचतमा रहेको, विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च रहन पुगेको, समग्रमा, अर्थतन्त्रको बाह्य क्षेत्र सन्तुलित र सुदृढ बन्दै स्थायित्व कायम भएको छ।

विगतमा उच्च रहेको उपभोक्ता मुद्रास्फीति अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको कमी र छिमेकी मुलुक भारतको मुद्रास्फीतिमा आएको कमीका कारण घट्दै गएको, सार्वजनिक वित्त परिचालन दबाबमा रहेको, समष्टिगत मागमा वृद्धि नहुँदा आन्तरिक उत्पादनका साथै निर्माणजन्य सामग्रीको आयातमा कमी आएको अवस्था विद्यमान रहेको छ। ं सरकारको पुँजीगत खर्चमा आएको कमी र अर्थतन्त्रका केही क्षेत्रका गतिविधिमा आएको शिथिलताले सरकारको राजस्व सङ्कलन अपेक्षित रूपमा हुन नसकेको, बढ्दो सङ्घीय खर्च र अपेक्षाभन्दा न्यून राजस्व सङ्कलनका कारण स्रोत परिचालनमा दबाब पर्न गई सार्वजनिक ऋणको आकार बढ्दै गएको, स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाई सरकारको ऋणमाथिको बढ्दो निर्भरता कम गर्दै वित्तीय स्थायित्व कायम गर्नु चुनौतीपूर्ण रहेको, आन्तरिक स्रोत परिचालन न्यून हुँदा प्रदेश र स्थानीय तहको वित्त व्यवस्थापनमा सङ्घीय सरकारबाट हुने हस्तान्तरणको अंश उच्च रहेको, निजी र सार्वजनिक लगानी अपेक्षाकृत रूपमा बढ्न नसकेको, नीतिगत ब्याजदरमा गरेको कटौतीले निक्षेप तथा कर्जाको ब्याजदर घटे पनि निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा बढ्न नसकेको, वित्तीय क्षेत्रमा लगानीयोग्य तरलता बढेको अनुपातमा लगानी बढ्न नसकेको, फलस्वरूप, पुँजी निर्माण, रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण देखिएको थियो।

विभिन्न सरकारी अध्ययन/सर्वेक्षण/प्रतिवेदनले अनुकूल मौसम र उन्नत बीउ बिजनको उपलब्धतासँगै खाद्यान्न लगायत बालीको उत्पादन वृद्धिका कारण कृषि क्षेत्रको मूल्य अभिवृद्धि बढ्ने, पर्यटक आगमनसँगै आवास

तथा भोजन सेवामा भएको वृद्धिका कारण सामाजिक क्षेत्रमा उल्लेख्य वृद्धि हुने, निर्माण तथा उत्पादनमूलक उद्योग भने सङ्कुचन हुने, कृषि, यातायात तथा भण्डारण, आवास तथा भोजन, वित्तीय तथा बिमा र पेशागत वैज्ञानिक क्षेत्रमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धि ३.८७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धि १.८६ प्रतिशत रहेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० को मा आधारभूत मूल्यमा अर्थतन्त्र २.३१ प्रतिशतले विस्तार भएको, मुलुकको अर्थतन्त्र गैरकृषि क्षेत्रतर्फ रूपान्तरण हुँदै गएको, कुल गार्हस्थ्य उत्पादनमा गैरकृषि क्षेत्रको योगदान बढ्दै जाँदा कृषि क्षेत्रको योगदान भने घट्दै गएको पाइएको छ।

आन्तरिक अर्थतन्त्रको पछिल्लो दशकलाई नियाल्दा कृषि क्षेत्र र गैर कृषि क्षेत्रको औसत योगदान क्रमशः २५.९ प्रतिशत र ७४.१ प्रतिशत रहेको, कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहँदै आएको, कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश वार्षिक औसत ९१.२ प्रतिशत रहेको, कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत वार्षिक औसत ८.८ प्रतिशत रहेको, कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचत वार्षिक औसत ३६.०६ प्रतिशत रहेको अवस्था छ। पुँजीगत खर्च र कर्जा लगानी न्यून भएका कारण कुल लगानीमा समेत कमी आएको, आर्थिक वर्ष २०७६/७७ मा उच्चदरले घटेको कुल लगानी त्यसपछि लगानीको वातावरणमा सुधार भई लगानीकर्ताको आत्मविश्वासमा वृद्धि भएको कारण क्रमशः सुधारोन्मुख रहेको पाइएतापनि अपेक्षित रूपमा लगानी बढ्न सकेको छैन।

पछिल्लो दशक कुल लगानी कुल गार्हस्थ्य उत्पादनको औसत ३४.३ प्रतिशत रहेको, कुल स्थिर लगानीमा निजी क्षेत्र, सरकारी क्षेत्र र सार्वजनिक संस्थानको अंश वार्षिक औसत ६९.९ प्रतिशत, २१.८ प्रतिशत र ८.३ प्रतिशत रहेको, लगानीका लागि बचत अपर्याप्त रहेको, न्यून बचत र कमजोर पुँजीगत खर्चका कारण बचत–लगानी अन्तर कम हुन नसकेको अवस्था समेत राष्ट्रिय अर्थतन्त्रमा रहेको देखापरेको छ।

पछिल्ला वर्षमा लगानीको तुलनामा कुल राष्ट्रिय बचत उल्लेख्य वृद्धि भएकोले कुल राष्ट्रिय बचत र लगानीबिचको अन्तर धनात्मक बन्दै गएको, विप्रेषण आप्रवाह र भ्रमण आयमा उल्लेख्य वृद्धि भएकोले कुल राष्ट्रिय बचतमा वृद्धि भएको, आर्थिक वर्ष २०७९/८० मा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १, ३८९ अमेरिकी डलर रहेकोमा २०८०/८१ मा १४३४ पुगेको, प्रति व्यक्ति राष्ट्रिय आय क्रमशः बढ्दै गई आर्थिक वर्ष २०८०/८१ मा १४५६ अमेरिकी डलर पुगेको अवस्था छ। त्यसै गरी प्रति व्यक्ति कुल खर्च योग्य आय १, ७५५ अमेरिकी डलर रहेको, प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.७२ प्रतिशत, १.४० प्रतिशत र २.३६ प्रतिशत रहेको देखिएको छ।

पछिल्लो दशक प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर क्रमशः २.८ प्रतिशत, ४.९ प्रतिशत र ४.३ प्रतिशत रहेको, कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान घट्दै गएको छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको र पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको औसत योगदान वार्षिक औसत क्रमशः २६.४ प्रतिशत, १३.६ प्रतिशत र ६०.० प्रतिशत रहेको अवस्था छ। आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा

क्षेत्रको योगदान क्रमशः २३.९२ प्रतिशत, १३.६० प्रतिशत र ६२.४८ प्रतिशत रहेको अवस्था समेत रहेको छ।

## ५. मुख्य सवाल तथा चुनौती (Major Issues and Challenges)

बदिलँदो विश्व परिवेश र अर्थतन्त्रमा आएको उतारचढावका साथै विभिन्न महामारीको सामना तथा रुस युक्रेन युद्ध लगायत अन्य आन्तरिक वस्तुस्थितिका कारण नेपालको आन्तरिक अर्थतन्त्रमा विभिन्न चुनौतीहरू देखा परेका छन्। मुलुकले लामो समयदेखि अपेक्षा गरेको उच्च, दिगो र समावेशी आर्थिक वृद्धिदर हासिल गर्नु, स्वदेशी र विदेशी पुँजी र प्रविधिको उपयोग गरी उत्पादन र उत्पादकत्व बढाउनु, निजी तथा सहकारी क्षेत्रको समेत सहभागिता र सहकार्यमा तुलनात्मक लाभ भएका क्षेत्रमा पुँजी, श्रम र प्रविधिको संयोजन गर्नु, सरकारले आर्थिक नीतिहरूसमेत सोही हिसाबले तर्जुमा गर्नु, बढ्दो बेरोजगारीको समस्या समाधान गर्न र उपलब्ध युवा जनशक्तिको लाभलाई पुँजीकृत गर्न श्रममूलक आर्थिक क्रियाकलापमा जोड दिई उच्च आर्थिक वृद्धि हासिल गर्नु, उपलब्ध प्राकृतिक स्रोतसाधनको विवेकशील उपयोग गर्नु र सूचना प्रविधि तथा सञ्जालीकरणले उपलब्ध गराएका अवसरको सदुपयोग गरी आर्थिक वृद्धिलाई दिगो बनाउनु मुख्य चुनौतीको रूपमा रहेका छन्।

त्यसै गरी अर्थतन्त्रको संरचनागत समस्याको सम्बोधन गर्नु जस्तैः मुलुकको आर्थिक संरचनालाई रूपान्तरण गरी परम्परागत कृषि क्षेत्रमा रहेको जनशक्तिलाई अन्य उत्पादनमूलक क्षेत्रमा प्रवाह गराउनु, कृषि क्षेत्रमा लगानी र सुशासन वृद्धि गरी उत्पादकत्व बढाउनु, उत्पादनमूलक उद्योगको विस्तार गर्नु, मुलुकको अर्थतन्त्रमा ६३ प्रतिशत योगदान रहेको सेवा क्षेत्रअन्तर्गत तुलनात्मक लाभ उच्च रहेका क्षेत्रलाई प्राथमिकता दिई अर्थतन्त्रको संरचनात्मक रूपान्तरणका लागि उपयुक्त नीति तय गर्नु पनि चुनौतीका रूपमा रहेको छ।

पुँजी निर्माणका लागि आवश्यक पर्ने स्रोत जुटाउन अनावश्यक उपभोग खर्च निरुत्साहित गरी बचत अभिवृद्धि गर्नु, बचत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन गरी पुँजी निर्माण गर्नु, वैदेशिक लगानीको वातावरण तयार गरी पुँजी निर्माणमा सहजीकरण गर्नु, उद्योग क्षेत्रको प्रवर्द्धन गर्दै आयातित वस्तुको व्यापारमा बढी आकर्षण हुने अवस्थाको अन्त्य गर्नु, सहकारी संस्थाहरूलाई सहकारीको सिद्धान्त, नीति, नियम र मापदण्डमा सञ्चालन, स्वनियमन र सुशासनको अभिवृद्धि गर्दै सर्वसाधारण नागरिकको बचत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नु, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्र सबलीकरण गर्नु पनि चुनौती रहेको छ।

अन्य चुनौतीहरूमा सार्वजनिक स्रोत साधनको परिचालन र वित्त व्यवस्थापन गर्नु, राजस्वको संरचनात्मक रूपान्तरण गर्नु, पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्नु, अन्तर–सरकारी वित्त व्यवस्थापन गर्नु, मुद्रास्फीति नियन्त्रण गर्नु मौद्रिक तथा वित्तीय क्षेत्रको स्थायित्व गर्नु, बाह्य क्षेत्रको सबलीकरण गर्नु, अनौपचारिक तथा अलेखाङ्कित अर्थतन्त्रलाई औपचारिकीकरण गर्नु, सार्वजनिक संस्थानको प्रतिस्पर्धी र व्यावसायिक क्षमता बढाई आर्थिक अनुशासन कायम गरी सरकारको लगानी तथा व्ययभार कम गर्नु, कार्यकुशलता अभिवृद्धि गरी उत्पादन र रोजगारीका अवसर सिर्जना गर्नु, निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने गरी कार्यसम्पादनको गुणस्तर अभिवृद्धि गर्नु, संस्थानको नियमन, समन्वय र सुपरिवेक्षणको पद्धति परिष्कृत गर्नु, बन्द संस्थानका सम्पत्तिको उचित संरक्षण

तथा उपयोग गर्नु, निजीकरण गरिएका संस्थानहरूको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु रहेको पाउन सकिन्छ।

## ६. सुधारका लागि अवलम्बन गर्नुपर्ने रणनीति (Strategies)

नेपालको आन्तरिक अर्थतन्त्रमा रहेका प्रमुख समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्नका लागि चालु आवधिक योजनाले पहिचान गरेका रणनीति सहित अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको सुदृढीकरण गर्ने वातावरण सन्तुलन तथा जलवायु परिवर्तन अनुकूलन हुनेगरी हरित अर्थतन्त्रको अवधारणा सबै आर्थिक क्षेत्रमा लागू गर्दै जाने, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने, उपभोग, बचत तथा पुँजी निर्माण गर्ने, सहकारी क्षेत्रको सुदृढीकरण गर्ने लगायतका रूपान्तरणकारी रणनीति अङ्गीकार गर्न सकिन्छ।

त्यसै गरी, उत्पादन र रोजगारी सिर्जना लक्षित मौद्रिक तथा वित्तीय स्रोत परिचालन गर्ने, स्वदेशी तथा विदेशी पुँजी र प्रविधिको उपयोग गर्ने, उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्ने, स्वच्छ, प्रतिस्पर्धी एवम् पारदर्शी आपूर्ति प्रणाली विकास गर्ने, राजस्व प्रणालीको सुदृढीकरण गर्ने, सार्वजनिक क्षेत्रको पुँजीगत लगानीको उत्पादकत्व वृद्धि गर्ने, सार्वजनिक ऋण (आन्तरिक तथा बाह्य ऋण) को विवेकशील उपयोग गर्दै राष्ट्रिय प्राथमिकताका उत्पादनमूलक परियोजनामा परिचालन गर्ने, निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनमा प्राथमिकता दिने, नेपाल एकीकृत व्यापार रणनीतिले निर्यात सम्भावना भएका भनी पहिचान गरेका वस्तु र सेवाको उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने, देशगत र वस्तुगत रूपमा निर्यात प्रवर्द्धन रणनीति बनाई कार्यान्वयन गर्ने, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न उपयुक्त प्रविधि, स्वदेशी श्रम र कच्चा पदार्थको प्रयोग गरी उत्पादन लागत घटाउने र परिवहन लागत न्यून हुने कम तौल र बढी मूल्य भएका वस्तु उत्पादन गरी निर्यात गर्ने, वैदेशिक व्यापार प्रवर्द्धनको लागि पूर्वाधार विकासमा जोड दिने, निर्यात प्रवर्द्धन तथा द्विपक्षीय र बहुपक्षीय व्यापार तथा पारवहन सम्झौताको कार्यान्वयनका लागि कूटनीतिक पहल गर्ने लगायतका रणनीति पनि लिन सकिन्छ।

शोधनान्तर व्यवस्थापन गर्दै विदेशी मुद्रा आर्जन गर्न सक्ने सम्भावित क्षेत्रको पहिचान, विकास र विस्तार गर्ने सूचना प्रविधिको दुरुपयोग गरी हुन सक्ने अनलाइन जुवा, क्रिप्टो करेन्सी, हुण्डी लगायतका अवैध कारोबार नियन्त्रण गरी शोधनान्तर स्थितिमा पर्ने चाप न्यूनीकरण गर्ने, अनौपचारिक तथा अलेखाङ्कित अर्थतन्त्रको औपचारिकीकरण गर्ने, अलेखाङ्कित आर्थिक क्रियाकलाप अन्तर्गत छद्म तथा गैरकानूनी उत्पादन तथा कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानूनी रूपमा आर्जित सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराध जस्ता क्रियाकलापहरू नियन्त्रण गर्न सूचना संयन्त्र र समन्वयलाई प्रभावकारी तुल्याउने, विश्व समुदायबाट नेपाललाई सम्पत्ति शुद्धीकरणको जोखिम नरहेको देशको रूपमा मूल्याङ्कन हुने स्थिति बनाइराख्ने, प्रभावकारी अन्तरसरकारी वित्त व्यवस्थापन गर्ने, निजी तथा गैरसरकारी क्षेत्र सुदृढीकरण गर्ने सार्वजनिक संस्थानको कार्यकुशलता अभिवृद्धि गर्ने, वित्तीय जोखिम वहन गर्न सक्ने बनाउन जोखिम व्यहोर्ने कोष स्थापना गर्ने र बन्द रहेका संस्थानहरूको पुनरुत्थान, खारेजी तथा सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने आदिलाई पनि रणनैतिक उपायका रूपमा लिन सकिन्छ।

## सन्दर्भ सामग्री


नेपालको संविधान, २०७२

सोह्रौं योजना (२०८१/८२–२०८५/८६)

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

नेपाल सरकारका नीति तथा कार्यक्रमहरू

आर्थिक सर्वेक्षण, २०८०/०८१

आर्थिक वर्ष २०८१/८२ को बजेट विवरण

नेपाल राष्ट्र बैङ्कका प्रतिवेदनहरू

आर्थिक कार्यविधि र वित्तीय जबाफदेहिता ऐन, २०७६

आर्थिक कार्यविधि र वित्तीय जबाफदेहिता नियमावली, २०७७

महालेखा परीक्षकको ६१औं वार्षिक प्रतिवेदन, २०८१

राजस्व सल्लाहकार समितिको प्रतिवेदन

विभिन्न अनलाइन पोर्टलहरू,

अर्याल, सुरेन्द्र, पीएचडी, समसामयिक विषय, आशिष पब्लिकेशन हाउस, २०८१

# मुलुकको समुन्नतिका लागि भन्सार प्रशासनको योगदान, यसका चुनौती तथा सुधारका पक्ष

✍ बामदेव शर्मा अधिकारी ◆

## १. विषय प्रवेश

सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्य भएको नेपाल २०१७ देखि भन्सार प्रक्रियाहरूको सरलीकरण र एकरूपताको लागि क्योटो महासन्धिको पक्ष राष्ट्र भएको छ। नेपालले विश्व भन्सार सङ्गठनले जारी गरेका वस्तु वर्गीकरण प्रणाली लगायत विभिन्न औजार तथा मापदण्डलाई पालना एवम् पैठारी हुने मालवस्तुको भन्सार मूल्याङ्कन गर्दै आएको छ। अन्तर्राष्ट्रिय व्यापारमा आएको परिवर्तनसँगै भन्सार प्रशासनलाई अझ बढी कुशल, सेवामुखी तथा पारदर्शी बनाउन नेपालको भन्सार प्रशासन निरन्तर प्रयत्नशील रहेको देखिन्छ। यसै गरी देशको सीमा पार व्यापारलाई नियमन र व्यवस्थापन गर्ने, अन्तर्राष्ट्रिय व्यापारबाट राजस्व सङ्कलन गर्ने, अन्तर्राष्ट्रिय वैध व्यापारलाई सहजीकरण गर्दै भन्सार प्रशासनलाई व्यवस्थित, पारदर्शी एवम् उत्तरदायी बनाई व्यापारलाई सुरक्षित एवम् सहज बनाउने उद्देश्यका साथ भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ तर्जुमा भई कार्यान्वयन हुँदै आएको छ। सूचना प्रविधिका आधुनिक उपकरणहरूको प्रयोग मार्फत व्यापार सहजीकरण गर्दै यथार्थपरक राजस्व सङ्कलन गर्ने र आपूर्ति श्रृंखलाको अविच्छिन्नता एवम् सामाजिक सुरक्षाको प्रत्याभूतिमा योगदान अभिवृद्धि गर्ने लगायतका कार्यमा समेत यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

भन्सार प्रशासनमा स्वचालित प्रणालीको विकास गर्दै वैध व्यापारको प्रवर्धन तथा सहजीकरण, सरोकारवाला निकायहरू समन्वय तथा सञ्चार, सीमा व्यवस्थापनमा समन्वयात्मक अवधारणा अवलम्बन, यथार्थपरक राजस्व सङ्कलन, नेपाल राष्ट्रिय एकद्वार प्रणालीको विकास गरी भन्सार प्रशासनमा सदाचार र सुशासन प्रवर्धन गरिने उद्घोषका साथ मुलुकी भन्सार प्रशासन सञ्चालनमा रहेको छ। भन्सार प्रशासनलाई योजनाबद्ध रूपमा सुधार तथा आधुनिकीकरण गर्दै लैजाने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ देखि चरणबद्ध रूपमा भन्सार सुधार तथा आधुनिकीकरण सम्बन्धी रणनीतिक योजनाहरू तर्जुमा एवम् कार्यान्वयन गर्दै जाने क्रममा हाल छैटौं चरणको पाँच वर्षीय भन्सार सुधार तथा आधुनिकीकरण योजना (आ.व. २०७८/७९-२०८२/८३) कार्यान्वयनमा रहेको छ।

भन्सार प्रशासनले कार्यान्वयनमा ल्याएको चालु भन्सार सुधार तथा आधुनिकीकरण योजनाले परिलक्षित गरेका एवम् वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित विषयहरू, अन्तर्राष्ट्रिय असल अभ्यास तथा प्रचलनहरू र भन्सार प्रशासनले आधुनिकीकरणका लागि महसुस गरेका समसामयिक विषयहरू समेत समेटी तयार गरेको वार्षिक कार्य योजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्दै भन्सार प्रशासनले उत्कृष्ट भन्सार सेवा र उत्तरदायी भन्सार प्रशासनको रूपमा आफूलाई उभ्याउँदै आएको छ।

---

◆ उप-महालेखापरीक्षक

## २. वर्तमान अवस्था

मुलुकको आयात निर्यातको अवस्था र मुलुकी भन्सार प्रशासन सञ्चालनमा देखिएका केही उल्लेख्य ब्यहोरा तल उल्लेख गरिएको छ।

| सि न | व्यापार सूचक | ३ वर्षको | | | ५ महिनाको | | |
|---|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | २०८० मार्गसम्म | २०८१ मार्गसम्म | परिवर्तन प्रतिशत |
| १ | आयात (रु. करोड) | १९२०४५ | १६११७३ | १५९२९९ | ६४२२१ | ६६१४९ | ३ |
| २ | निर्यात (रु. करोड) | २०००३ | १५७१४ | १५२३८ | ६३२१ | ७३६६ | १६ |
| ३ | व्यापार घाटा (रु. करोड) | १७२०४२ | १४५४५९ | १४४०६० | ५७९०० | ५८७८३ | १.५२ |
| ४ | आयात निर्यात अनुपात | ९.६० | १०.२६ | १०.४५ | १०.१६ | ८.९८ | ११.६१ |

स्रोतः भन्सार विभाग

विगत ३ वर्षको तथ्याङ्क विश्लेषण गर्दा आयात र निर्यात दुवै घट्दै गएको, आयातको तुलनामा निर्यात अत्यन्त न्यून रहेको अवस्था देखिन्छ। कोभिड-१९ महामारी तथा सोको असरबाट आर्थिक क्रियाकलापहरूमा केही शिथिलता आई अर्थतन्त्रमा सङ्कुचनको अवस्था देखिएको छ। आर्थिक क्रियाकलापहरू पूर्ववत् रूपमा सुचारु हुन नसक्दा भन्सार बिन्दुबाट सङ्कलन हुने राजस्वमा समेत प्रत्यक्ष प्रभाव परेको देखिन्छ।

| सि न | भन्सार राजस्व | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
|---|---|---|---|---|---|
| १ | **भन्सार महसुल असुली प्रतिशत** | **९०.६६** | **८६.६८** | **५६.०७** | **६५.३९** |
| | लक्ष्य रु. करोड | २२३८६ | २७८९२ | ३०६०० | ३०७४३ |
| | असुली रु. करोड | २०२९७ | २२४१५ | १७३५० | २०१०२ |
| २ | **मूल्य अभिवृद्धि कर असुली प्रतिशत** | **७८.२४** | **११०** | **६७.०१** | **६७.१३** |
| | लक्ष्य रु. करोड | १६५४८ | १७८६८ | २५८२६ | २६८६७ |
| | असुली रु. करोड | १२९४८ | १९८४३ | १७३०६ | १८०३४ |
| ३ | **अन्तःशुल्क असुली प्रतिशत** | **१००.७** | **८०.३२** | **४०.४८** | **७१.९३** |
| | लक्ष्य रु. करोड | ५२१९ | ७१४० | ७९८७ | ५१६३ |
| | असुली रु. करोड | ५२५८ | ५७३५ | ३२३३ | ३७१४ |
| ४ | **कूल लक्ष्य रु. करोड** | **४४०२६** | **५३००१** | **६६८७६** | **६२७७३** |
| | **कूल असुली रु. करोड** | **४४३३६** | **५०६४२** | **३९०७०** | **४१८५०** |
| | **कूल असुली प्रतिशत** | **१००.७** | **९५.५४** | **५८.४२** | **६६.६६** |

स्रोतः भन्सार विभाग

हालको दशकमा अन्तर्राष्ट्रिय व्यापार र सो बाट भन्सार राजस्व असुलीमा विश्वव्यापी रूपमा केही चुनौतीपूर्ण र परिवर्तनशील अवस्था देखिएको छ। खास गरी विकासोन्मुख र विकासशील अर्थतन्त्र रहेका मुलुकहरूमा आर्थिक मन्दीको अवस्थाले अन्तर्राष्ट्रिय व्यापार वृद्धिको नकारात्मक नतिजाले यस्ता देशहरूको व्यापार तथा स्रोत सङ्कलनमा असर परेको छ। कोभिड-१९ महामारी पछि आपूर्ति श्रृंखलामा देखिएका चुनौतीहरू अझै केही स्थानमा बाँकी रहेको र केही देशहरूमा व्यापारिक संरक्षणवाद र महसुल तथा अन्य शुल्कहरूको वृद्धि जस्ता नीतिहरूका कारणले अन्तर्राष्ट्रिय व्यापारको प्रवाहमा असर परेको छ। दिगो व्यापार र वातावरणीय नियमहरू हरित कर र कार्बन व्यापार प्रोटोकल, डिजिटल व्यापार, ई-कमर्स लगायतको व्यापकताले भन्सार राजस्वको गणनामा नयाँ चुनौतीहरू ल्याएको छ। नेपालले पनि पछिल्ला वर्षहरूमा भन्सार राजस्वको लक्ष्य हासिल पुरा गर्न नसकिरहेको र असुलीको प्रतिशत क्रमशः घट्दै गइरहेकोले भन्सार राजस्व सङ्कलन तथा यसको प्रशासनमा चुनौती थपिएको अवस्था छ।

आर्थिक उदारीकरण तथा विश्वव्यापीकरणको अवधारणाको विकास र यसको अभ्यासले अर्थतन्त्रका विविध क्षेत्रमा अवसर तथा चुनौती दुवैलाई निम्त्याएको छ भने यसले विभिन्न अन्तर्राष्ट्रिय पक्षहरूमा भन्सारको आबद्धतालाई अनिवार्य समेत बनाएको छ। यस्तो आबद्धताले वस्तु र मानिसको आवागमनलाई सूचना प्रविधिको माध्यमबाट सरल एवम् सुलभ बनाई अन्तर्राष्ट्रिय व्यापारमा सहजता पैदा गरेको छ भने यो सँगै विभिन्न चुनौती पनि थपिएका छन्। उल्लिखित पृष्ठभूमिमा भन्सार प्रशासनमा रहेका समस्या तथा चुनौती देहायअनुसार छन्ः-

## ३. भन्सार प्रशासनका चुनौती

आजको भन्सार प्रशासन आफ्नो परम्परागत उद्देश्यबाट विस्तारित हुँदै व्यापार सहजीकरण र सामाजिक सुरक्षा, राजस्व सङ्कलन र समन्वयात्मक सीमा व्यवस्थापनमा केन्द्रित हुँदै गएको छ। आफ्नो कार्यशैली र सेवा प्रवाहको माध्यमले अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा विकसित विभिन्न सिद्धान्तलाई आत्मसात् गर्दै प्रविधिमा आधारित हुन थालेको छ। विश्वव्यापीकरणको बढ्दो प्रवृत्तिले अन्तर्राष्ट्रिय व्यापारको गुणात्मकता तथा आयतनमा विस्तार हुँदै गइरहे तापनि मालवस्तुको घोषणा, कागजातको आधिकारिकता, जोखिम व्यवस्थापन मालवस्तुको यथार्थ मूल्याङ्कन तथा वर्गीकरण, मालवस्तु निकासी पैठारीका सम्बन्धमा सम्बन्धित देशको कानुनी व्यवस्था परिपालना जस्ता विषयहरूमा थप सुधारको खाँचो छ। यकिन गर्ने कार्यमा सहजता आई नसकेको अवस्था छ। मुलुकको समुन्नतिका लागि भन्सार सेवा र उत्तरदायी भन्सार प्रशासनमा देखा परेका विषयहरू निम्न छन्।

- नेपाल विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौतामा पक्ष राष्ट्र भएपछि विश्व भन्सार सङ्गठनको संशोधित क्योटो अभिसन्धि तथा सेफ फ्रेमवर्क लगायत अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा जनाएको प्रतिबद्धता अनुरूप स्वीकृत मापदण्ड अनुसार कार्य प्रक्रिया सरलीकरण र सूचना प्रविधिको व्यापक प्रयोग गर्दै जानु पर्ने अवस्था छ।

- नेपालको करिब ६४ प्रतिशत वैदेशिक व्यापार भारतसँग मात्र रहेको र नेपाल भारतबिच करिब १ हजार ७७० कि.मी. खुला सिमाना रहेको अवस्थामा सीमा नाकाहरूलाई व्यवस्थित बनाई अन्तर्राष्ट्रिय व्यापारमा आएको विविधीकरण अनुरूप नेपालको भन्सार प्रशासनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाउनु पर्ने तथा परम्परागत रूपमा सरकार तथा भन्सारको उपस्थिति देखाउनुपर्ने साथै भन्सार क्षेत्रभन्दा बाहिरबाट हुने अवैध निकासी पैठारी व्यवस्थापन गर्नु पर्ने समस्या रहेको छ।
- सीमा नाकामा रहेका छोटी लगायतका भन्सार कार्यालयहरूको कार्य सम्पादन नतिजाको विश्लेषण गरी यथोचित निर्णय लिने काम हुन सकेको छैन। सीमा व्यवस्थापनमा संलग्न संघीय र स्थानीय तहका विभिन्न निकायहरूबीच गरिनुपर्ने समन्वय र सूचना आदानप्रदान गर्ने संयन्त्रको विकास गर्न बाँकी रहेको छ।
- नेपालको राजस्व परिचालनको मुख्य आधारको रूपमा रहेको भन्सार महसुलमा नेपाल सरकारले प्रदान गर्ने छुट सुविधाको सूची बढ्दै गएको छ। यस्ता छुट तथा सहुलियतमा पैठारी भएका मालवस्तु, सवारी साधन तथा मेशिन/उपकरणबाट आम नागरिकले पाएको सेवा सुविधाको यथार्थ विश्लेषण हुन सकेको छैन।
- स्वचालित रूपमा मालवस्तुको घोषणा एवम् पहिचान गर्न विभिन्न प्रणाली उपयोगमा ल्याए पनि यसको भरपर्दो र दिगोपनाको सुनिश्चितता, जोखिमयुक्त वस्तुहरूको पहिचान गर्न एवम् पर्याप्त प्रयोगशाला र उपकरणहरूको जडान, समयानुकूल भौतिक पूर्वाधार तथा सङ्गठन संरचना र प्रविधिमा आधारित जोखिम विश्लेषणबाट मालवस्तुको यथार्थ घोषणा लगायतका पक्षमा अपेक्षित सुधार हुन सकेको छैन। व्यावसायिक, दक्ष एवम् कुशल जनशक्तिको उचित व्यवस्थापन पनि अर्को चुनौतीको रूपमा रहेको छ।
- भन्सार सम्बन्धी कानुनको परिपालना स्तर बढाउन र भन्सार प्रशासनको कार्य प्रकृति, कार्य संस्कृति, कार्य वातावरण मूल्य मान्यता अनुरूप अनुशासनको परिपालना तथा नैतिकता र असल आचरणलाई प्रवर्धन गर्ने गरी मानव संसाधन परिचालनको कार्यमा पनि चुनौती बाँकी रहेका छन्।
- भन्सार प्रशासनबाट सम्पादन हुने कार्यलाई आधुनिक, व्यवस्थित एवम् प्रभावकारी बनाई उत्कृष्ट कार्यसम्पादन मार्फत नतिजा हासिल गर्नका निमित्त कार्यमूलक एवम् अधिकृतमूलक सङ्गठन संरचना तयार गर्ने, सिमानाका र अन्य सरोकारवालासँग नियमित रूपमा सहजीकरण बैठक तथा छलफल र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन, पुराना मुद्दा र रीत पुगिसकेका अन्य मुद्दाहरू फस्यौंटमा तदारुकता ल्याउँदै लिलामी हुन बाँकी रहेका सवारी साधन तथा मालवस्तुको लिलामी प्रक्रियालाई आवधिक कार्य योजना बनाई कार्यान्वयन गर्ने कार्यमा थप प्रभावकारिता ल्याउनुपर्ने अवस्था रहेको छ।
- निकासी-पैठारी हुने मालवस्तुको जोखिमको आधारमा जाँच-पासपछिको परीक्षण कार्यलाई सुदृढ बनाउने, वान मनिटरिङ्गबाट निगरानी बढाउने, सन्दर्भ मुल्यसूचीका आधारमा जाँचपास गर्ने गराउने तथा न्यून बिजकीकरण गरी मालसामान जाँचपास गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न यसरी घोषणा भएका केही मालसामान सरकारले खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

- सरोकारवाला निकायहरूबीचमा एकै थलोबाट सूचना तथा तथ्याङ्कको आदानप्रदानका साथै भर्चुअल कस्टमको अवधारणाको कार्यान्वयन गरी नेपालको भन्सार प्रक्रियालाई कागजात रहित बनाउनु पर्ने स्थिति रहेको छ।
- संशोधित क्योटो प्रोटोकल र व्यापार सहजीकरण सम्झौताको प्रावधानहरूसँग तादात्म्य हुने गरी भन्सार सम्बन्धी कानुन एवम् कार्यविधिमा भन्सार नियमावली एवम् कार्यविधिमा संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ। नयाँ भन्सार ऐन लागू गरी अथोराइज्ड बिजनेस पर्सनबाट एक्सपेक्टेड प्रि-एराइभल प्रोसेसिङ, भन्सार सुधार तथा भन्सार सहजीकरण र आधुनिकीकरणका आयामहरू कार्यान्वयन जस्ता योजनाबद्ध सुधार जरुरी छ।

  विगतमा भन्सार प्रशासनले हासिल गरेका उपलब्धि र प्रेरणालाई अवसरको रूपमा ग्रहण गर्दै विद्यमान चुनौतीलाई सम्बोधन गर्न सुधारको क्रममा निरन्तरता दिएर अन्तर्राष्ट्रिय व्यापारको नीतिमा भएका परिवर्तन र निकासी पैठारीमा भन्सार महसुल दरमा पुनरावलोकन गरी भन्सारका क्रियाकलापलाई अगाडि बढाउन ढिला भइसकेको छ।

## ४. भन्सार प्रशासनमा गर्नुपर्ने सुधार

विश्व परिवेशमा आएका आर्थिक, सामाजिक, राजनैतिक, पर्यावरणीय एवम् प्राविधिक परिवर्तनले नेपालको भन्सार प्रशासनलाई समयसापेक्ष सुधार र परिवर्तन गरी अझ बढी गतिशील बनाउन प्रेरित गरेको छ। बाह्य गतिविधि र परिवर्तनलाई आत्मसात् गर्दै यस्ता परिवर्तनलाई आन्तरिकीकरण गर्दै व्यापार सहजीकरणका माध्यमद्वारा अन्तर्राष्ट्रिय व्यापारको लागत तथा समय न्यूनीकरण गर्ने भौतिक पूर्वाधारको समुचित विकास र विस्तार गर्ने दिशामा नेपालको भन्सार प्रशासन केन्द्रित हुनुपर्ने देखिएको छ। यसै परिप्रेक्ष्यमा भन्सार प्रशासनमा हुनुपर्ने थप सुधारका पक्षलाई देहायअनुसार उल्लेख गर्न सकिन्छः-

- भन्सार प्रशासनसँग सम्बन्धित माथि उल्लिखित चुनौतीहरूलाई सामना गर्न नेपाल सरकार तथा भन्सार प्रशासनबाट समय समयमा विभिन्न प्रयास भएको देखिन्छ। यद्यपि अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले जनाएको प्रतिबद्धता अनुरूप स्वीकृत मापदण्ड अनुसारको कानुनी व्यवस्था, भन्सार नाका क्षेत्र बाहेकका क्षेत्रबाट हुन सक्ने चोरी निकासी-पैठारी नियन्त्रण गर्न प्रभावकारी सूचना संयन्त्रको विकास गरी गस्ती परिचालनलाई थप प्रभावकारी बनाउन जरुरी छ। चोरी निकासी पैठारी र तस्करी नियन्त्रणमा स्थानीय प्रशासन र प्रहरीको प्रमुख भूमिका रहने भएकोले ती निकायसँग सहकार्यमा निगरानी बढाउनु आजको प्रमुख आवश्यकता रहेको छ।
- भन्सार प्रशासनमा कार्यरत जनशक्तिको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्न वस्तु मूल्याङ्कन वर्गीकरण, जाँच पासपछिको परीक्षण, जोखिम व्यवस्थापन लगायतका विषयमा तालिम/प्रशिक्षण प्रदान गर्नुपर्ने र भन्सारका दरलाई क्रमशः कम गर्दै, जाने भन्सार जाँच पास लगायतका कार्यविधिमा सरलीकरण गर्ने र भन्सार मूल्याङ्कन पद्धतिलाई थप वस्तुनिष्ठ बनाउनुपर्ने आवश्यकता समेत देखिएको छ।

- भन्सार प्रशासनलाई व्यापार सहजीकरण गर्ने हिसाबले सुदृढ गर्ने प्रयास गर्रिँदै आएको भए तापनि राजस्व सङ्कलनको दृष्टिकोणले समेत यसको विशेष महत्त्व रहेको छ। भन्सार विन्दुमा मूल्याङ्कनको आधार कारोबार मूल्यलाई मात्र नमानी भन्सार मूल्य निर्धारणका अन्तर्राष्ट्रिय नियम र अभ्यासहरूलाई क्रमशः प्रयोग र पालना गर्दै त्यसको लागि आवश्यक छुट्टै मूल्याङ्कन डाटाबेस समेत तयार गरी जाँचपास पछिको परीक्षणलाई प्रभावकारी बनाउनु पर्दछ।
- अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार जाँचपाससँग सम्बन्धित सिफारिस पत्र, इजाजत प्रमाणपत्र र अन्य लाइसेन्स तथा कागजात निवेदनका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत हुने कार्यलाई प्रभावकारी बनाउँदै भर्चुअल गभर्मेन्टको अवधारणा अनुरूप भन्सार प्रशासनलाई अगाडि बढाउन र नेपालको भन्सार सञ्चालन प्रणाली लागु भएका कार्यालयहरूलाई विद्युतीय भुक्तानी प्रणालीमा आबद्ध गर्दै जानुपर्दछ।
- भन्सार प्रशासन र सीमा व्यवस्थापनमा संलग्न निकायबिच समन्वय, सहकार्य एवम् प्रभावकारी सञ्चार स्थापित गर्ने, भन्सार जाँचपास कार्यलाई पूर्ण रूपमा जोखिम विश्लेषणमा आधारित बनाउने, पहिचान गरिएका जोखिम सूचकहरूलाई जोखिम रजिस्टरहरूमा अभिलेखबद्ध गर्ने साथै आवश्यकताअनुसार आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोगलाई समयसापेक्ष विस्तार गर्दै जानुपर्दछ।
- फरक दरबन्दी वा न्यून महसुल लाग्ने दरबन्दीमा मालवस्तु घोषणा गर्ने कार्यमा नियन्त्रण गर्न निगरानी बढाउने र नीतिगत रूपमा निश्चित क्षेत्र र सामग्रीमा सहुलियत दिने गरी भएका व्यवस्थामा नियन्त्रण गर्दै यसमा समय सापेक्ष पुनरावलोकन हुनु पर्दछ।
- भन्सार प्रशासनमा कार्यसम्पादनमा आधारित परिसूचकहरू विकास गरी कर्मचारीहरूको आचरणको सूक्ष्म निगरानीको लागि आचार संहिता लागु गर्ने र सुधारका प्रयासहरूलाई सरोकारवाला समक्ष सम्प्रेषण गर्ने एवम् भन्सारमा सदाचार र सुशासन प्रवर्द्धन गर्नका लागि मिडिया तथा अन्य सरोकारवालाहरूसँग समय समयमा अन्तरक्रिया कार्यक्रम समेत सञ्चालन गरिनु पर्दछ। भन्सार सम्बन्धी विषयमा शिक्षा, सचेतना तथा सीमा क्षेत्रमा सामाजिक जिम्मेवारी सम्बन्धी कार्यक्रम सञ्चालन एवम् मूल्याङ्कन प्रणालीलाई सुधार गर्न आधुनिक अद्यावधिक मूल्याङ्कन कार्यविधि निर्देशिकाको पूर्ण कार्यान्वयन गरी आसिकुडा प्रणाली अन्तर्गतको मूल्याङ्कन मोड्युलबाट प्राप्त हुने आँकडालाई अनलाइन मूल्याङ्कन डाटा बेसमा राख्ने व्यवस्था मिलाउनु पर्दछ।
- राजस्व चुहावट नियन्त्रण गर्न जोखिममा आधारमा मालवस्तुको छड्के जाँच तथा आकस्मिक निरीक्षण गरेर मालवस्तुको सही घोषणा र सही वर्गीकरण गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनु पर्दछ। राजस्व जोखिम भएका मालवस्तुको पहिचान गरी त्यस्ता मालवस्तुको विभिन्न भन्सार कार्यालयमा एउटै मालवस्तुको मूल्याङ्कनमा भिन्नता पाइएमा तत्काल पुनरावलोकन गर्ने र भन्सार जाँचपास पछिको परीक्षणलाई प्रभावकारी बनाउने, जाँचपाच पछिको परीक्षणबाट औंल्याइएका ब्यहोराहरू कार्यान्वयन अवस्थाको अनुगमन, भन्सार जाँचपास परीक्षण कार्यालयको संरचना पुनरावलोकन एवम् परीक्षण सम्बन्धी कानुन र कार्यविधिमा परिमार्जन लगायतका कार्य गर्दै यसलाई थप व्यावसायिक र नतिजामूलक बनाउनु पर्दछ।

- समाजको सुरक्षा र संरक्षणलाई टेवा पुऱ्याउन भन्सारका नीति तथा प्रक्रियाहरूको एकीकृत एवम् समन्वयात्मक ढङ्गले कार्यान्वयन गर्न सबै अन्तर्राष्ट्रिय विमानस्थलमा आईसीपीहरू र प्रमुख भन्सार कार्यालयमा कार्गो र अग्रिम यात्रु सूचना प्रणालीको माध्यमबाट यात्रुहरूको र कार्यको मेनिफेस्टोबाट मालवस्तुको संयुक्त गस्ती परिचालन गर्दै स्थानीय र केन्द्रीय स्तरमा राजस्व चुहावट नियन्त्रण गरिनुपर्दछ।
- प्रमुख भन्सार कार्यालयहरूमा मालवस्तु तथा यात्रुको जाँचपाच कन्टेनर स्क्यानर लगायत आधुनिक उपकरणको प्रयोग गरी वैध व्यापारको सहजीकरण एवम् अवैध व्यापारको नियन्त्रणमा सघाउ पुऱ्याउनुपर्दछ। निकासी पैठारी हुने मालवस्तु परीक्षण गर्न एकीकृत मोडलको प्रयोग नेपाल भन्सार कार्यालय हाताभित्र इन्टरफेस मोड्युलको प्रयोगशाला स्थापना र सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति, ओजन तहलाई नष्ट गर्ने पदार्थ तथा वातावरणलाई प्रतिकूल प्रभाव पार्ने प्रतिबन्धित एवम् हानिकारक वस्तु नियन्त्रणका लागि त्यस्ता वस्तुहरू परीक्षण गर्न सक्ने छुट्टै प्रयोगशालाको क्षमता अभिवृद्धि गरेर नेपाल भन्सार सञ्चालन प्रणाली र यसका मोड्युललाई क्रमशः लागु गर्दै भन्सार प्रणालीलाई पूर्ण स्वचालित बनाइनुपर्दछ।
- व्यवसायीको लागत र भन्सार प्रशासनको जोखिम व्यवस्थापनमा सहयोग एवम् प्रतिस्पर्धी मूल्यमा सामान उपलब्ध गराउन सिङ्गल कन्साइनमेन्ट पद्धति लागु गर्ने, राजस्व छुटको लागि प्रयोग हुँदै आएको सफ्टवेयरलाई पूर्ण र रियल टाइम रिपोर्ट प्राप्त हुने बनाउने तथा यसलाई आसिकुडामा इन्टरफेस गरी कूटनीतिक सुविधा र महसुल सुविधा आसिकुडा प्रणालीमा व्यवस्थित गरिनुपर्दछ।
- जनशक्ति गुरुयोजना विकास गरी कार्यान्वयन गर्ने र भन्सार प्रशासनले सम्पादन गर्ने मुख्य विषयहरूमा कर्मचारीको क्षमता विकास गरी भन्सार विज्ञहरूको पुल अफ एक्सपर्ट सूची (रोष्टर) बनाउने तथा टर्मिनल व्यवसायको जिम्मेवारी पाएका इन्टरमोडल यातायात विकास समिति र निजी क्षेत्रसँग समन्वय गर्न स्थानीय स्तरमा भन्सार कार्यालय प्रमुखको संयोजकत्वमा संयन्त्र गठन गर्ने कार्य यथाशीघ्र प्रारम्भ गर्नु पर्दछ।

## ५. उपसंहार

नेपालको आर्थिक तथा सामाजिक समुन्नतिका लागि उत्कृष्ट भन्सार सेवा र उत्तरदायी भन्सार प्रशासनको माध्यमबाट व्यापार सहजीकरण, यथार्थ राजस्व सङ्कलन, समाजको संरक्षण तथा सुरक्षा, स्वचालित भन्सार प्रणालीका लागि सङ्गठनात्मक विकास र क्षमता अभिवृद्धिबाट राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउन राजस्व परिचालन अनिवार्य हुन्छ। कुल राजस्वको ठुलो हिस्सा भन्सार प्रशासनले सङ्कलन गरिरहेको अवस्थामा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणबाट उद्योग व्यापारको प्रवर्धनमा सहयोगी भूमिका खेल्नुपर्ने र मालवस्तुको अवैध ओसार-पसारलाई सीमा क्षेत्रमा नियन्त्रण गरी समाजलाई सुरक्षा दिने जिम्मेवारी बहन गर्नुपर्ने परिप्रेक्ष्यमा भन्सार प्रशासनको भूमिका महत्त्वपूर्ण रहेको छ। न्यून बिजकीकरण सम्बन्धी समस्याको अन्त्य गर्ने तथा स्वच्छ र पारदर्शी कारोबार प्रवर्धन गर्ने तथा अनधिकृत व्यापार नियन्त्रण गर्दै

समग्र अर्थतन्त्रमा सुधार ल्याई मुलुकलाई सम्बृद्धितर्फ अग्रसर गराउन भन्सार प्रशासनले उल्लेख्य भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ।

**सन्दर्भ सामग्रीः**


भन्सार सुधार तथा आधुनिकीकरण योजना, २०७८-२०८३

वैदेशिक व्यापारको तथ्याङ्क २०८१, भन्सार विभाग

अर्थ बुलेटिन, अर्थ मन्त्रालय

महालेखा परीक्षकको ६१ औं वार्षिक प्रतिवेदन, २०८१

# विकास व्यवस्थापनका लागि सुदृढ राजस्व प्रशासन

✍ डा. दामोदर रेग्मी ◆

विकास व्यवस्थापन विकासले चाहेको अपेक्षित उपलब्धि प्राप्तिको लागि प्रक्षेपण, संरचना निर्माण, विकास कार्यको परिचालन र विकासको उपलब्धता गराउने एउटा सामूहिक प्रयासहरूको संयुक्त स्वरूप हो। विकासका आवश्यकतालाई साधन श्रोतको उपलब्धताका आधारमा उपलब्धिमा रूपान्तरण गर्नुपर्ने र सामाजिक, प्राविधिक र अन्य सामयिक परिवर्तनको सन्दर्भमा विकासका प्रयासहरूमा पनि तदनुरूप क्रमिक सुधार आउनुपर्ने विषय भएकोले विकास व्यवस्थापन एउटा जटिल विषय पनि हो। सामूहिक प्रयास, समावेशिता, साझा प्रयासहरूको बिचमा तालमेल, साधन श्रोतको उपलब्धता र निरन्तर समन्वय यसका अन्तरवस्तुहरू हुन। विकास व्यवस्थापन विकास प्रवाहको सकारात्मक तथा पूर्व सक्रिय अवधारणा हो। यसलाई विकास प्राथमिकताको चयन, कार्यान्वयन र उपलब्धि प्राप्तिमा सरोकारवालाहरू बिचको सह स्वामित्व, सहभागिता र समावेशिताको साझा प्रयासको रूपमा समेत लिने गरिन्छ। विकास व्यवस्थापन विकास प्रयासहरूका कार्यहरूमा समन्वय र व्यवस्थापनसँग सम्बन्धित विषय हो।

विकास व्यवस्थापनको अवधारणा परम्परागत विकास प्रयासको अवधारणा भन्दा अलि फरक पनि छ। यो एउटा रणनीतिक व्यवस्थापन हो जसले गरीवमुखी विकास, दिगो विकास, वातावरण मैत्री विकास प्रक्रियालाई मूल लक्ष्य बनाई विकास साझेदार, साधन श्रोत, आन्तरिक र बाह्य सह कर्ताहरूबिच साझा र समन्वयात्मक प्रयासहरूको सु व्यवस्थापनमा जोड दिई विकास प्रयासलाई पारदर्शी र समावेशी बनाउने प्रयास गर्दछ। नयाँ सार्वजनिक व्यवस्थापन, व्यवस्थापनवाद, बजार संयन्त्रमा आधारित सार्वजनिक प्रशासन, विश्वव्यापीकरणले निम्त्याएका अवसर र चुनौतीहरूको सन्दर्भमा विकास व्यवस्थापनको परम्परागत मान्यतामा सामयिक परिवर्तनको आवश्यकता बोध भएको हो। यस सन्दर्भमा विकास प्रयासले गरिब केन्द्रित विकास, गतिशील र प्रभावकारी सार्वजनिक निजी साझेदारी, सामाजिक समावेशीकरण, जलवायु परिवर्तन, वातावरणीय पक्ष, मानव अधिकारको संरक्षण, मानव सुरक्षा, सामाजिक सद्भाव, अन्य जीवित तथा गैर जीवित पक्षको अधिकारलाई सम्बोधन गर्नु आवश्यक मात्र होइन अपरिहार्य हुन गएको छ।

विकास कार्यमा दक्ष जनशक्ति, वित्तीय लगायत अन्य साधन श्रोतको व्यवस्था, सूचनाको उपलब्धता, आन्तरिक र बाह्य विकास साझेदारहरूको सहभागिता वैधानिक शक्तिको आवश्यकता पर्दछ र विकास प्रयासले आर्थिक सामाजिक उन्नतिको अतिरिक्त उदीयमान अवधारणाहरूलाई सम्बोधन गर्नुपर्ने हुँदा विकास व्यवस्थापनले यी सबै पक्षको बिचमा सामञ्जस्य कायम गर्ने गर्दछ।

विकास आवश्यकताको जननी हो। विकास हर क्षेत्रको लागि अपरिहार्य आवश्यकता हो। यो यथार्थता रहेको भएता पनि विकास प्रयासले सबै ठाउँमा एउटै रूपमा सार्थक परिणाम दिई नरहेको स्थितिमा विकासोन्मुख र विकसित देशको बिचमा रहेको द्रुत गति र मन्द गतिको विकासले सिर्जना गरेको खाडल

---

◆ पूर्व सचिव, नेपाल सरकार

न्यूनीकरण गर्ने उद्देश्यले एडवर्ड वाउडनर, फ्रेडरिग्स, जोसेफ ला पलमवोरा, अल्वर्ट वाटर स्टोन, आरभिङ्ग स्वेडलोले विकास प्रशासनको अवधारणा अगाडी सारे। विकास व्यवस्थापन एउटा जटिल विज्ञान हो किनकि विकास व्यवस्थापनको अवधारणा परम्परागत विकास प्रयासको अवधारणा भन्दा अलि फरक छ। विकास प्रशासनको अवधारणा विकास को एउटा पक्षसँग मात्र सम्बन्धित नरही विकास व्यवस्थापनको व्यापक दायरासँग बढी सान्दर्भिक रहने देखिन्छ।

विकासलाई मूलतः आर्थिक वृद्धि र सकारात्मक सामाजिक परिवर्तनको रूपमा लिने गरिएको छ। विकास प्रयासले जनताको सामाजिक, आर्थिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने बढ्दो जनसङ्ख्या वृद्धिमा न्यूनीकरण, आवश्यक पूर्वाधार र कलकारखानाको विकास, रोजगारीको अवसरको सिर्जना, शैक्षिक विकास, सूचना प्रविधिको उच्चतम प्रयोग जस्ता विषयहरूमा जोडिदिनु पर्ने यस अघि स्थापित मान्यताले निरन्तरता पाउँदै आएको छ। विकासको तहको मापनमा मानव विकास सूचकाङ्क (सामाजिक पक्ष) प्रतिव्यक्ति आय, कूल गार्हस्थ्य उत्पादन आर्थिक वृद्धिदर जस्ता आर्थिक पक्षहरू प्रयोगमा आएका छन्। केही वर्षयता सन्तुष्टि वा खुसीको सूचकाङ्क समेत प्रयोगमा आएको छ। यसर्थ विकास आर्थिक, सामाजिक आयामको अतिरिक्त आत्म सन्तुष्टिको आयाम पनि हो।

विकासको दायरालाई विस्तार गर्ने क्रममा विश्वको प्रशासनिक र आर्थिक आयाममा आएको परिवर्तन को सन्दर्भमा महिला सहभागिता, समावेशी विकास, सीमान्तकृत वर्गको उत्थान, दिगो विकास र पर्यावरण, गरिबी निवारण, आर्थिक उदारीकरणको सन्दर्भमा विकास प्रयासमा सरकार र साझेदारहरूको भूमिका निर्धारण जस्ता अन्तरसम्बन्धित विषयहरू समसामयिक विषयको रूपमा देखिएका छन्। तसर्थ अबको विकास प्रयास भनेको देश विशेषको यथार्थता अनुरूप विकासको उपस्थिति अनुभव गर्न नपाइएको क्षेत्रमा विकास प्रयासको शीघ्र सुरुवात, विकास प्रयास थालनी भएका क्षेत्रमा विकास प्रयासलाई सामाजिक आर्थिक मापन सूचकाङ्क अनुकूल बनाई आत्म सन्तुष्टिको प्राप्तिको तहमा पुर्‍याउने र विकासका सामयिक विषयहरूलाई विकास प्रक्रियाले सम्बोधन गर्ने गरी अगाडी बढ्ने रणनीति लिनु पर्ने आवश्यकता देखिन्छ।

अन्य छिमेकी र हालका केही विकसित देशहरूको तुलनामा विकासको थालनी ढिलै गरेको भए पनि नेपालको विकास व्यवस्थापनका क्षेत्रमा धेरै अवसरहरू विद्यमान रहेका छन्। पटक पटकको राजनैतिक परिवर्तनले नेपालमा विकासका सम्भावनाका अवसरहरूको उजागर गरायो। विश्व आर्थिक, सामाजिक, प्रशासनिक, राजनैतिक, प्रविधिका क्षेत्रमा आएका आयामिक पविर्तनहरूलाई यथाशक्य अवलम्बन गर्न यस्ता परिवर्तनहरू सहायक सिद्ध साबित भए। यसै क्रममा प्रजातान्त्रिक शासन प्रणालीको अवलम्बन, शासकीय प्रणालीमा सुशासनको अवधारणाको प्रयोग, उदार आर्थिक नीतिको अवलम्बन, भ्रष्टाचार न्यूनीकरणका प्रयासहरू, सीमान्तकृत वर्गहरूको सशक्तीकरण र सहभागिता जस्ता सम सामयिक नीतिको ग्रहण गरेबाट विकास नीति तर्जुमा प्रक्रिया सार्थक बनेको छ।

प्रजातान्त्रिक र उदार शासन प्रणालीको अवलम्बन गर्ने क्रममा विभिन्न बहुपक्षीय, क्षेत्रीय, द्विपक्षीय संस्थाहरूको र अन्तर्राष्ट्रिय अभिसन्धीहरूको पक्षधर बन्नै पर्ने परिस्थितिले अन्तर्राष्ट्रिय रूपमा विकसित र

उदीयमान अवधारणलाई राष्ट्रिय आवश्यकता सँग समाहित गर्दै जाने अवसर पनि नेपाललाई प्राप्त हुनु स्वाभाविक नै हो।

राष्ट्रिय विकास परिषद्, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, क्षेत्रगत मन्त्रालय, नेपाल विकास मञ्च र नेपाल सहायता समूह लगायतका दरिलो संस्थागत व्यवस्था ले विकास व्यवस्थापनको कार्य प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ। विकासको सम्बन्धमा संविधानमा राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा स्पष्ट व्यवस्था, आवधिक योजनाका दस्ताबेजहरू, क्षेत्रगत नीति, योजना र कार्यक्रमहरूले स्पष्ट नीतिगत मार्ग निर्देशन गर्न सफल भएको छ।

अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्थाहरूसँग बढ्दै गएको निकटताले एकातर्फ साधन श्रोतको न्यूनताको समस्याको निराकरण गर्न सफल भयो भने अर्को तर्फ यो साझेदारीले अन्तर्राष्ट्रिय रूपमा विकसित र उदीयमान अवधारणलाई नेपालको राष्ट्रिय आवश्यकता र वस्तुगत यथार्थता अनुरूपको कार्यान्वयन संयन्त्र निर्माण गर्न र सो अनुरूप लक्ष्य हासिल गर्नमा सहयोग पुऱ्याएको छ। निजी क्षेत्र सँग बढ्दो सहकार्य, सार्वजनिक निजी साझेदारी अवधारणा, गैर सरकारी संस्थासँगको साझेदारी, सामुदायिक विकास र सामुदायिक सशक्तीकरणमा जोड जस्ता कार्यक्रमहरूले जनसहभागिता अभिवृद्धि, क्षमता विकास, गरीवमुखी कार्यक्रमको कार्यान्वयन, कार्यक्रमको दिगोपना, समावेशी विकास, लोकतन्त्र, सुशासन र मानव अधिकार प्रवर्द्धन जस्ता कार्यमा सहयोग पुऱ्याएको छ। यसबाट समुदायको सशक्तीकरण, जन सहभागितामा अभिवृद्धि मार्फत स्थानीय आवश्यकताको पहिचान गर्न तथा विकास प्रयासमा जनता र समुदायको स्वामित्वको भावनाको अभिवृद्धि गर्ने जटिल तर महत्त्वपूर्ण कार्यमा सहजता प्रदान गरेको छ।

विकासको आवश्यकता पूरा गर्ने सन्दर्भमा हरेक देशले श्रोतको व्यवस्थापनमा समस्या भोगिरहेको हुन्छ। यसको लागि आन्तरिक श्रोत व्यवस्थापन महत्त्वपूर्ण मानिने गर्दछ। यसर्थ राजस्व प्रशासन हरेक देशको अर्थतन्त्रको लागि अति नै महत्त्वपूर्ण संयन्त्र हो। राष्ट्रिय विकासका लागि विकास खर्च र प्रशासनिक खर्चको समेत आवश्यकता पूरा गर्न, सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पूरा गर्न र वैदेशिक सहायता माथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालन महत्त्वपूर्ण हुने गर्छ। सङ्घीय संरचनामा अन्तरसम्बन्धपूर्ण सङ्घीय वित्तीय प्रणालीलाई सबलीकरण गर्न समेत राजस्वको भूमिका प्रभावकारी हुने गर्दछ। सबल, भरपर्दो र दिगो राजस्व प्रणालीले समग्र वित्त संरचनालाई सुदृढ बनाउन सहयोग गर्छ। राजस्वका प्रकारहरूमा कर राजस्व र गैर कर राजस्व पर्दछन्।

कर राजस्वमा प्रत्यक्ष र अप्रत्यक्ष कर पर्दछन्। प्रत्यक्ष करमा संस्थागत आयकर, पारिश्रमिक आयकर, लगानीमा आयकर, पुँजीगत लाभकर, आकस्मिक लाभकर, सामाजिक सुरक्षा कर, घरजग्गा तथा सवारी साधन कर, घर बहाल कर पर्दछन्। यसै गरी अप्रत्यक्ष करमा भन्सार महसुल, भन्सार सेवा दस्तुर, मूल्य, अभिवृद्धि कर, अन्तःशुल्क, स्वास्थ्य जोखिम कर, कृषि सुधार शुल्क, शिक्षा सेवा शुल्क, पूर्वाधार कर, सडक निर्माण दस्तुर, सडक मर्मत तथा सुधार दस्तुरहरू पर्दछन्।

राजस्व प्रशासनको अर्को आयाम गैर कर राजस्वमा विभिन्न दस्तुर तथा सेवा शुल्क, दण्ड, जरिवाना र जफत, सरकारी सम्पत्ति, सेवा, वस्तुको बिक्री तथा भाडा, लाभांश, ब्याज र रोयल्टी, दान, दातव्य, उपहार र विविध आय, चलचित्र विकास शुल्क, प्रदूषण नियन्त्रण शुल्क, टेलिफोन स्वामित्व शुल्क, दूरसञ्चार सेवा दस्तुर, क्यासिनो रोयल्टी, वन पैदावार शुल्क पर्दछन्।

राजस्व एउटा भारपरक संयन्त्र हो, जुन तिर्ने व्यक्ति वा संस्था सकभर यसको भारबाट मुक्त हुन चाहन्छ। यसै कारणले राजस्व नतिर्ने, आय वा कारोबार लुकाउने वा गलत विवरण देखाउने प्रवृत्तिले बढावा पाउने गर्छ, यसलाई नै राजस्व चुहावट भन्ने गरिन्छ। करका दर निर्धारण गर्दा ट्याक्स बुयान्सी र ट्याक्स इलास्टिसिटि दुई प्रक्रियाद्वारा हुने गर्दछ। ट्याक्स बुयान्सी सिद्धान्तले निश्चित तहको राजस्व वृद्धिले निश्चित तहको कुल गार्हस्थ उत्पादनमा वृद्धि गर्न सहयोग गर्दछ। यी दुई को अनुपातबाट मात्र राजस्व वृद्धिको तह पहिचान गर्न सकिन्छ। यसका लागि करका दरमा वृद्धि वा नयाँ करको प्रयोग वा करमा दिइएको सुविधा कटौती वा करको दायरा विस्तार गर्ने जस्ता उपायहरू अपनाउन सकिन्छ। यी मध्ये नयाँ करको प्रयोग र करको दायरा विस्तार गर्ने जस्ता उपायहरू अपनाउन सकिन्छ लाई राम्रो मानिने गर्दछ। यस्तै ट्याक्स इलास्टिसिटिको सिद्धान्तले निश्चित तहको करका दरमा वृद्धि गर्दा परिपालना हुने अनुपात इङ्गित गर्ने गर्दछ तर करको दर धेरै नै बढी भयो भने परिपालना नहुने गर्दछ जसको फलस्वरूप या त राजस्व छलीका कामहरू हुने गर्दछन् या त व्यावसायिक क्रियाकलाप निरुत्साहित हुने गर्दछ।

करका दर निर्धारण गर्दा कर तटस्थता, राजस्व जोखिम र अर्थतन्त्रमा पर्न सक्ने प्रभावको अध्ययन तथा आङ्कलन गरेर मात्र करका दर निर्धारण गरिनु राम्रो हुन्छ। करारोपणका सिद्धान्तहरूमा समानताको सिद्धान्त, निश्चितताको सिद्धान्त, सजिलोपनाको सिद्धान्त, मितव्ययिताको सिद्धान्त, उत्पादकत्वको सिद्धान्त, लचकताको सिद्धान्त, सरलताको सिद्धान्त, विविधताको सिद्धान्त र एकरूपताको सिद्धान्तहरू पर्ने गर्दछन् करको नीति दर र दायरा तय गरिदा यी सिद्धान्तहरूमा ध्यान दिइनु आवश्यक हुन्छ।

राजस्व चुहावट कर कानुनको परिपालना नहुनुका समस्या हो। राजस्व चुहावटका कारण राज्यको स्रोतको आपूर्तिमा सङ्कुचन आउने र स्रोतको अनपेक्षित सङ्कुचनले राज्यका आर्थिक, सामाजिक एवम् विकासमूलक कार्य सञ्चालनमा अवरोध उत्पन्न हुन्छ। राजस्वका नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्थाहरू जति प्रभावकारी हुन्छन् त्यति नै राजस्व सङ्कलनको प्रक्रिया प्रभावकारी हुन्छ र जति यी पक्षहरू कमजोर हुन्छन् त्यति नै राजस्वको सङ्कलनमा सङ्कुचन आउने गर्छ। राज्यको स्रोत अपचलनको प्रमुख कारकको रूपमा स्वीकार गरिने राजस्व चुहावटले आर्थिक गतिविधिमा ह्रास एवम् लगानीमैत्री वातावरणमा समेत प्रतिकूल अवस्था सृजना हुन्छ। चुहावट नियन्त्रणका लागि करदाता मैत्री र प्रभावकारी राजस्व प्रशासन अपरिहार्य आवश्यकता हो।

सदाचारयुक्त राजस्व प्रशासनले कर परिपालनामा सकारात्मक योगदान दिन सक्दछ यसर्थ कर प्रशासनमा सदाचारिताको प्रवर्द्धन आवश्यक हुन्छ। कर प्रशासन सदाचारिताको आयामबाट जति व्यवहारिक रूपमै आलोचित हुन्छ र यो आलोचना जति झाँगिँदै जान्छ यसमा नीति निर्माता र निर्णयकर्ताहरू संवेदनशील हुनु

आवश्यक हुन्छ। हाम्रा मान्छेको नाममा निश्चित व्यक्ति वा समूहलाई अनावश्यक प्रश्रय दिने सरुवा पदस्थापना वा अन्य काममा गलत प्रवृत्तिले प्रश्रय पाउन थाल्यो भने स्वच्छ र मर्यादित कर प्रशासन धुमिल बन्दै जान्छ। करदाताको दायरा बढाउनु भन्दा पनि दायरामा आइरहेका करदाता माथि अनावश्यक भार थप्ने व्यापार व्यवसाय नै निरुत्साहन हुने गरी गरिने करारोपण कहिल्यै दिगो बन्न सक्दैन र यसले परिपालनाको सहज वातावरण निर्माणमा सहजीकरण गर्दैन। यसर्थ कर प्रशासनमा करदातामैत्री र उचित करारोपण गर्ने सामर्थ्य कौशलता हुनु आवश्यक हुन्छ।

सामान्यतया करदाताहरू चार प्रकारका हुने गर्दछन्: स्वैच्छिक परिपालना गर्ने, अनभिज्ञ, ध्यान नदिने र अटेरी गर्ने। यस सन्दर्भमा कर नीति, कर सुधारका प्रयासहरू, सुधारमा आउन सक्ने अवरोध, सुधार र परिपालनाको तहलाई यसै परिवेशसँग सामञ्जस्य गरिनु आवश्यक हुन्छ। स्वैच्छिक परिपालना गर्ने करदातालाई सहजीकरण गर्ने सम्मान गर्ने, अनभिज्ञ करदाताको क्षेत्रमा कर शिक्षा लैजाने, ध्यान नदिने करदाताहरूको क्षेत्रको पहिचान र सुधार गर्ने र अटेरी करदाताहरूलाई परिपालनाको तह बढाउने तथा सजायको दायरामा ल्याउने सुधारको रणनीति बन्नु आवश्यक छ।

कुशल कर प्रणालीको लागि प्रभावकारी कर प्रशासन अपरिहार्य विषय हो। कर प्रशासन विज्ञ र प्रभावकारी हुनु त आवश्यक छँदैछ यसको अतिरिक्त कर प्रशासन सदाचारयुक्त हुनु अपरिहार्य हुने गर्दछ। कर प्रशासनको संरचनालाई करदातामैत्री बनाउन सूचना प्रविधिमा आधारित अर्थात् अनलाइन कर पहिचान र कर तिने प्रणालीको विकास गर्नु आवश्यक हुन्छ। यसको अतिरिक्त करदाताको वर्गीकरण अर्थात् ट्याक्सपेयर सेग्मेन्टेसन गरिनु आवश्यक हुन्छ। कर तिर्ने क्षमताका आधारमा करदाताहरू विभिन्न स्वरूपका हुने गर्दछन्। सामान्यतया २० प्रतिशतभन्दा कम करदाताबाट ८० प्रतिशतभन्दा बढी राजस्व सङ्कलन हुन्छ। यसलाई सार्वजनिक वित्त शास्त्रमा ८०:२० अनुपात भन्ने गरिन्छ। कैयन देशहरूमा १० प्रतिशतभन्दा कम करदाताबाट ९० प्रतिशतभन्दा बढी राजस्व सङ्कलन हुने गरेको पाइन्छ। विभिन्न स्तरका करदाताको आवश्यकता अनुसार छुट्टाछुट्टै राजस्व कार्यालय स्थापना गर्ने सामान्य अन्तर्राष्ट्रिय प्रचलन हो। राजस्वमा ठुलो योगदान दिने ठुला करदातालाई विशेष किसिमको सेवा दिन तथा स्वयम् कर सहभागिताको स्तर बढाउन ठुला, मध्यम र साना करदाता सम्बन्धी छुट्टै कार्यालय गठन गर्ने प्रचलन पनि चलेको छ।

राज्यले निर्धारण गरेको कर प्रणालीमा सहभागिताद्वारा जनताले राज्य सञ्चालनमा आफ्नो सकारात्मक सहभागिता र अपनत्व व्यक्त गरेका हुन्छन्। जनताको यो सहभागितालाई राज्यले सेवा सुविधाको सहज प्रत्याभूतिबाट परिपूर्ति गरिरहेको हुन्छ भन्ने कर प्रणालीको अर्को मान्यता हो। कर प्रणालीमा सहभागिता र सेवा सुविधाको सहज प्रत्याभूतिबिचको यो सकारात्मक समीकरण खलबलिन नदिन करलाई अनावश्यक भार वा बोझको अनुभूति हुन नदिन करको दर होइन करको दायरा बढाउने, प्रगतिशील कर प्रणालीको अवलम्बन, करबाट हुने योगदानलाई सार्वजनिक सेवाको सहज प्राप्ति र विकास निर्माण मार्फत प्रतिबिम्बित गराउन सक्नु नै सङ्घीय कर नीतिको विषय बन्न सक्नुपर्छ। सङ्घीय संरचनामा राजस्वका यी अन्तरसम्बन्धहरूलाई व्यवस्थापन गर्न तीनै तहका राजस्व नीति र प्रशासनिक संरचनाहरूबिच प्रभावकारी सुधारका कार्यदिशाहरूवीच समन्वयको आवश्यकता रहने गर्दछ। राजस्व प्रशासनलाई सुदृढीकरण गर्दै लैजान सकिएमा यसले आन्तरिक

श्रोतको व्यवस्थापनलाई प्रभावकारी बनाइदिन्छ। यसले साधन श्रोतको न्यूनताको विद्यमान अवस्थामा सुधार ल्याइ विकास व्यवस्थापनको कार्यमा सहयोग गर्दछ।

**सन्दर्भ सामग्री**


सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग (अन्तरिम प्रतिवेदन) २०६६, नेपाल सरकार, अर्थ मन्त्रालय

रेग्मी, डा. दामोदर (सन् २०२२), शासकीय प्रबन्धका नवीनतम आयामहरू, अक्षरांक प्रकाशन प्रा.लि., काठमाडौं

Agrawal, Govind Ram (1982), Emerging Concepts of Nepalese Management, CEDA Kathmandu

Bruntland, Gro Harlerm (1991), Sustainable Development : The Challenges Ahead, Olac Stokke ed. Sustainable Development, Frank Class, London

Gore, Al (1993), From Red Tape To Results, Washington D C US, Government Printing Office

Reejal, Pushkar (1996), Development Planning, Pushkar Raj Reejal, Kathmandu

Osborne, David and Ted Gaebler (1992), Reinventing Government: How the Entrepreneural Spirit is Transforming the Public Sector, Prentice Hall of India, New Delhi

Reconstructing Public Administration after Conflict: Challenges, Practices and Lessons Learned, World Public Sector Report 2010, Department of Economic and Social Affairs, United Nations New York

Waldo, Leonard D. (1955), Introduction to the Study of Public Administration, Eurasia Publishing House, New Delhi

# भूपरिवेष्ठित राष्ट्रको अधिकार, पारवहन सुविधा र नेपालको वैदेशिक व्यापार

✍ रमेश अर्याल ◆

**सारांश**

*भूपरिवेष्ठत देशहरूले भोग्नुपरेका अप्ठ्याराहरू, ती देशहरूको समुद्रमा पहुँच र सामुद्रिक गतिविधिहरूमा भाग लिने अधिकारका लागि विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता र कानुनी संरचनाहरू स्थापना भएका छन्। भूपरिवेष्ठित देशहरूसँग यी अधिकारहरू हुँदाहुँदै पनि उच्च पारवहन लागत, सीमित व्यापार मार्गहरू र तटवर्ती राष्ट्रहरूमाथि निर्भरता जस्ता चुनौतीहरूले यी अधिकारहरूको पूर्ण रूपमा प्रयोग गर्न बाधा पुगेको छ। नेपाल पनि भूपरिवेष्ठित देश भएको र नेपालको पारवहन सुविधाका लागि अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन सम्बद्ध द्विपक्षीय र बहुपक्षीय सन्धि सम्झौता तथा संयन्त्र भए तापनि यसबाट पर्याप्त मात्रामा फाइदा लिन सकेको पाइदैन। नेपालको निर्यात व्यापार अपेक्षित रूपमा बढ्न नसक्दा र आयात व्यवस्थापन गर्न नसक्दा व्यापार घाटा बढ्दै गएको छ। यस लेखमा भूपरिवेष्ठत देशका अधिकार, भूपरिवेष्ठित देशको पारवहन अधिकारका लागि भएका प्रयासहरू, भूपरिवेष्ठित देशले भोगेका समस्याहरू, नेपालको पारवहन सुविधाका लागि विद्यमान द्विपक्षीय सन्धि सम्झौता, नेपालमा वैदेशिक व्यापारको अवस्था, नेपालमा व्यापार घाटा बढ्दै जानुका कारण, व्यापार घाटा न्यूनीकरण र पारवहन सहजीकरणका लागि सुझावहरूबारे चर्चा गरिएको छ।*

## १. भूपरिवेष्ठित देश

चारैतिर जमिन नै जमिनले घेरिएका मुलुकलाई भूपरिवेष्ठित देश भनिन्छ। भूपरिवेष्ठित देश समुद्र वा कुनै महासागरहरूमा सीधा पहुँच नभएका देशहरू हुन्। भूपरिवेष्ठित मुलुक अन्य देशहरूले घेरिएका हुन्छन् र समुद्री व्यापार मार्गहरू र बन्दरगाहहरू पहुँच गर्न छिमेकी मुलुकहरूमा भर पर्नु पर्छ। सन् १९६५ को भूपरिवेष्ठित राष्ट्रहरूको पारवहन सम्बन्धी न्यूयोर्क महासन्धिको धारा १(१) ले सामुद्रिक किनारा नभएको देश भनी भूपरिवेष्ठित मुलुकलाई जनाएको पाईन्छ। हाल ४४ भूपरिवेष्ठित देश र ५ आंशिक मान्यता प्राप्त भूपरिवेष्ठित राष्ट्रहरू छन्। संयुक्त राष्ट्र संघका अनुसार भने हाल ३२ वटा भूपरिवेष्ठित विकासोन्मुख देश छन्।

## २. भूपरिवेष्ठित देशका अधिकारहरू

अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुसार भूपरिवेष्ठित देशलाई समुद्रमा प्रवेश गर्ने र त्यहाँबाट निस्कने अधिकार हुन्छ। भूपरिवेष्ठित देशका अधिकारहरू देहाय बमोजिम छन्:

- समुद्रमा पहुँचको अधिकारः भूपरिवेष्ठित देशलाई समुद्रसम्म स्वतन्त्रतापूर्वक आवागमन गर्न पाउने अधिकार छ।
- पारवहन अधिकारः भूपरिवेष्ठित देशहरूलाई छिमेकी तटवर्ती देशको बाटो हुँदै अन्तर्राष्ट्रिय जलसम्म पुग्नको लागि पारवहन अधिकार छ।

---

◆ प्रमुख कर प्रशासक, ठुला करदाता कार्यालय

- सामान ढुवानीको अधिकारः भूपरिवेष्ठित देशहरूलाई आफ्नो मालसामानलाई अन्तर्राष्ट्रिय बजारमा लैजान र ढुवानी गर्ने अधिकार छ। छिमेकी देशहरूले सडक, रेलमार्ग र बन्दरगाह जस्ता यातायात पूर्वाधारहरू भूपरिवेष्ठित देशहरूका लागि कुशल र प्रभावकारी रूपमा व्यापार सञ्चालन गर्न पहुँचयोग्य र उपलब्ध छन् भनी सुनिश्चित गर्नुपर्छ।
- झण्डा राखी जहाज चलाउन पाउने अधिकार: भूपरिवेष्ठित देशले आफ्नो झण्डा राखी जहाज चलाउन पाउने अधिकार छ।
- अति सौविध्य प्राप्त मुलुकको सुविधा पाउने अधिकार: भूपरिवेष्ठित देशलाई तटवर्ती देशबाट अति सौविध्य प्राप्त मुलुकको सुविधा पाउने अधिकार छ।
- सामुद्रिक अन्वेषण र सम्पदा माथिको अधिकार: भूपरिवेष्ठित देशलाई समुद्रमा अन्वेषण गर्ने, समुद्रमा तार तथा पाइपलाइन राख्न पाउने र सामुद्रिक सम्पदा माथिको अधिकार हुन्छ।
- व्यापार सहजीकरणको अधिकारः भूपरिवेष्ठित देशहरूलाई व्यापार अवरोधहरू कम गर्ने र सीमापार मालसामानको ओसारपसारमा सहजीकरण गर्ने उद्देश्यले गरिने व्यापार सहजीकरण उपायहरूबाट लाभान्वित हुने अधिकार छ।
- विकास सहायताको अधिकारः भूपरिवेष्ठित देशले अन्तर्राष्ट्रिय समुदायबाट विकास सहायता र समर्थन प्राप्त गर्न हकदार राख्छन्। भूपरिवेष्ठित राष्ट्रहरूको व्यापार क्षमता अभिवृद्धि, पूर्वाधार सुधार र आर्थिक विकासको प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय संस्था र दातृ राष्ट्रहरूले सहयोग गर्नुपर्छ।
- क्षेत्रीय सहयोगमा भाग लिने अधिकारः भूपरिवेष्ठित देशहरूलाई व्यापार र यातायात पूर्वाधार सुधार गर्ने उद्देश्यले क्षेत्रीय सहयोग सम्झौता र पहलहरूमा भाग लिने अधिकार छ।

## ३. भूपरिवेष्ठित देशको पारवहन अधिकारका लागि भएका प्रयासहरू

भूपरिवेष्ठित राष्ट्रहरूले भोग्नुपरेका अप्ठ्याराहरूलाई स्वीकार गर्दै उनीहरूको अधिकारलाई सम्बोधन गर्न र समर्थन प्रदान गर्न विभिन्न अन्तर्राष्ट्रिय सम्झौता र कानुनी संरचनाहरू स्थापना भएका छन्। प्राचीन समयमा पनि राज्यहरू समुद्रमा आफ्नो अधिकार कायम राख्न खोज्दथे। १७औं शताब्दीमा ह्युगो ग्रोसियसले राज्यबाट समुद्रमाथिको अधिकार विस्तार अवैध हो भन्ने धारणा राखेका थिए। भूपरिवेष्ठित देशको पारवहन अधिकारका लागि भएका प्रयासहरू निम्नानुसार छन्:

- सन् १९१९ को भर्सिलिज सन्धिले झण्डाको अधिकार दिने व्यवस्था गरेको।
- सन् १९२१ को बार्सिलोना महासन्धिले भूपरिवेष्ठित राष्ट्रलाई पारवहन सुविधा दिँदै बाटोको सिद्धान्त र पारवाहनयोग्य जलमार्गको प्रतिपादन गरेको थियो।
- सन् १९४७ को GATT महासन्धिले पारवहन स्वतन्त्रताको व्यवस्था गरेको थियो।

- सन् १९५८ मा जेनेभामा गरिएको सामुद्रिक स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिले सबै राष्ट्रहरूलाई समुद्री मार्गद्वारा शान्तिपूर्ण अन्तर्राष्ट्रिय वाणिज्यसम्बन्धी स्वतन्त्रताको व्यवस्था गरेको थियो।
- सन् १९६४ मा जेनेभामा भएको UNCTAD सम्मेलनले सामुद्रिक प्रवेशाधिकारलाई विश्व समुदायबाट सुनिश्चित गराउने आधार खडा गरेको थियो।
- सन् १९६५ मा भूपरिवेष्टित राष्ट्रको हक अधिकारलाई सुरक्षित गर्न पारवहन व्यापार सम्बन्धी न्यूयोर्क महासन्धि भएको थियो।
- सन् १९८२ को सामुद्रिक कानुन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिले विशेष व्यवस्था गरेको छ। यसले समुद्री सीमा, पारवहन मार्गहरू र भूपरिवेष्ठित देशहरूको अधिकार र जिम्मेवारीहरूको लागि व्यापक नियमहरू प्रदान गरेको छ। यसले भूपरिवेष्ठित राष्ट्रहरूको समुद्रमा पहुँच र सामुद्रिक गतिविधिहरूमा भाग लिने अधिकारलाई मान्यता दिएको छ। यो अभिसन्धिको व्यवस्था अनुसार कुनै पनि भूपरिवेष्टित राष्ट्रको हक अधिकार हनन भएमा त्यस्ता राष्ट्रले अन्तर्राष्ट्रिय न्यायिक निकायमा उजुरीको लागि जान सक्ने अधिकारको पनि सुनिश्चित गरेको छ।
- सन् १९९५ विश्व व्यापार सङ्गठनको स्थापना सँगै विकासशील देशहरूलाई विशेष सहायता तथा व्यापार सहुलियतहरू प्रदान गर्दै विकास र आर्थिक सुधारलाई प्रोत्साहित गर्ने काम भएको छ।
- भूपरिवेष्ठित देशहरूले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय सम्झौताहरूका अतिरिक्त क्षेत्रीय सङ्गठनहरू र पहलहरू गठन भएका छन्। उदाहरणका लागि एसिया र प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक आयोग (ESCAP) ले एशिया-प्रशान्त क्षेत्रका भूपरिवेष्ठित देशहरूको अधिकार र विकासको प्रवर्द्धन गर्न सक्रिय रूपमा काम गरिरहेको छ।
- संयुक्त राष्ट्र संघले भूपरिवेष्ठित विकासोन्मुख देशहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्न काजकिस्तानको अल्माटीमा सन् २००३ मा सम्मेलन गरी अल्माटी कार्ययोजना (The Almaty Programme of Action) पारित गरेको थियो। यसले ट्रान्जिट प्रणाली सुधार गर्न, पूर्वाधार विस्तार गर्न र व्यापार सहजीकरण प्रवर्द्धन गर्न विशेष जोड दिएको थियो। The Almaty Programme of Action का उद्देश्यहरू निम्नानुसार छन् :

  (a) secure access to and from the sea by all means of transport according to applicable rules of international law;

  (b) reduce costs and improve services so as to increase the competitiveness of their exports;

  (c) reduce the delivered costs of imports;

  (d) address problems of delays and uncertainties in trade routes;

  (e) develop adequate national networks;

  (f) reduce loss, damage and deterioration en route;

  (g) open the way for export expansion;

  (h) improve safety of road transport and security of people along the corridors

- काजकिस्तानको अल्माटीमा भएको पहिलो सम्मेलनपछि सन् २०१४ को नोभेम्बरमा भूपरिवेष्टित विकासशील राष्ट्रको दिगो विकासका लागि भूपरिवेष्टित देश, विकास साझेदार र तटीय मुलुक बिचको साझेदारीलाई अझ सशक्त बनाउन संयुक्त राष्ट्र संघले दश वर्षे भियना कार्ययोजना (The Vienna Programme of Action) पारित गरेको थियो। यसले पारवहनको अधिकार कार्यान्वयन, क्षेत्रीय सहयोगलाई सुदृढ गर्ने तथा संरचनात्मक आर्थिक रूपान्तरणको कार्यमा अघि बढ्ने, दिगो विकासको लक्ष्य अनुरूप विकासशील राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय समुदायबाट पुऱ्याउनुपर्ने सहयोग विस्तार गर्नुपर्ने आवश्यकता औंल्याएको थियो। यसले महत्त्व दिएका प्राथमिकताका क्षेत्रहरू transit policy; infrastructure development; trade and trade facilitation; regional integration and cooperation; structural economic transformation; and means of implementation गरी ६ वटा थिए। यस कार्ययोजनाका उद्देश्यहरू निम्नानुसार छन् :

  (a) promote unfettered, efficient and cost-effective access to and from the sea by all means of transport, on the basis of the freedom of transit, and other related measures, in accordance with applicable rules of international law;

  (b) To reduce trade transaction costs and transport costs and improve international trade services through simplification and standardization of rules and regulations, so as to increase the competitiveness of exports of landlocked developing countries and reduce the costs of imports, thereby contributing to the promotion of rapid and inclusive economic development;

  (c) To develop adequate transit transport infrastructure networks and complete missing links connecting landlocked developing countries;

  (d) To effectively implement bilateral, regional and international legal instruments and strengthen regional integration;

  (e) To promote growth and increased participation in global trade, through structural transformation related to enhanced productive capacity development, value addition, diversification and reduction of dependency on commodities;

  (f) To enhance and strengthen international support for landlocked developing countries to address the needs and challenges arising from landlockedness in order to eradicate poverty and promote sustainable development.

## ४. भूपरिवेष्ठित देशले भोगेका समस्याहरू

भूपरिवेष्ठित देशले भोगेका समस्याहरू देहाय अनुसार छन् :

- जलमार्गको सस्तो, सुलभ र सरल पारवहन सुविधाबाट वञ्चित हुनु,
- लोड अनलोड गर्दै सामानको आयात निर्यात गर्नुपर्दा सामान टुटफुट हुनका साथै डयामरेज शुल्क बढी तिर्नुपर्ने,
- पारवहन अधिकार पाउन द्विपक्षीय सन्धि गर्नुपर्ने तर यो कार्य तटवर्ती देशको चाहनामा भर पर्ने हुँदा द्विपक्षीय सन्धि गर्ने कार्यमा जटिलता हुनु,

- उच्च ढुवानी शुल्कका कारण व्यापार लागत उच्च हुनु,
- तेस्रो देशसँग व्यापार विस्तार गर्दा तटवर्ती देशबाट अबरोध हुनु,
- तटवर्ती देशले आफ्नो स्वार्थ पुरा गर्न नाकाबन्दी जस्ता कार्य गर्ने हुँदा ती देशसँग सधैं निर्भर रहनुपर्ने र जे भने र गरे पनि सहनुपर्ने बाध्यता हुनु,
- मुख्य बजार क्षेत्रबाट टाढा हुनु,
- Transit Route मा अनावश्यक जाँच प्रक्रिया हुनु,
- अधिक व्यापार लागतका कारण भूपरिवेष्ठित देशको निर्यात व्यापार कमजोर हुनु,
- तुलनात्मक दृष्टिले महँगो हवाई यातायातमा निर्भर रहनुपर्ने हुँदा आर्थिक विकासमा असर पर्नु,
- अन्तर्राष्ट्रिय अधिसन्धिबाट प्राप्त अधिकारको पूर्ण उपयोग गर्नबाट वञ्चित हुनु।

## ५. नेपालको पारवहन सुविधाका लागि विद्यमान द्विपक्षीय सन्धि सम्झौता

भूपरिवेष्ठित मुलुकको रूपमा रहेको नेपालको पूर्व, पश्चिम र दक्षिण तर्फ भारत छ भने उत्तरतर्फ चीन रहेको छ। चीनसँग करिब १४०० किमि र भारतसँग करिब १८०० किमि सिमाना छ। वीरगञ्जबाट भारतसँगको सबैभन्दा नजिकको कोलकता समुद्री बन्दरगाह ७०४ किमि टाढा छ। चीनसँगको सबैभन्दा नजिकको समुद्री बन्दरगाह तिआन्जिन ३२७६ किमि टाढा छ। नेपालको दुई तिहाइ व्यापार भारतसँग हुने गरेको छ। भूपरिवेष्ठित मुलुक भएको कारण नेपालले समुद्री सतहसम्मको पहुँच पूर्ण रूपमा पाउन सकेको छैन।

भारतसँग सन् १९५० मा पारवहन र व्यापार सन्धि भएकोमा सन् १९७८ बाट व्यापार र पारवहन सन्धि अलग अलग हुने गरेको छ। बंगलादेशसँग नेपालको सन् १९७६ मा पारवहन सन्धि भएको छ। सन् १९९७ मा काकडिभट्टा - फूलबारी - बंगलाबन्ध करिडोरको समझदारी भएको छ। भारतसँग सन् १९९९ मा पारवहन सन्धि भई ७/७ वर्षमा नवीकरण हुँदै आएको छ। भारतसँग सन् २००४ मा रेल सेवा सम्झौता भएको छ। छिमेकी देश चीनसँग सन् २०१६ मा Transit and Transport Agreement भई नेपाललाई चीनको भूभाग हुँदै समुद्रसँग पुग्ने अवसर प्राप्त भएको छ।

नेपाल र भारतबिचको व्यापार सन्धिले २७ ओटा नाकाहरूलाई द्विपक्षीय व्यापार नाकाको रूपमा स्वीकृत गरेको छ। नेपाल र भारतबिचको पारवहन सम्झौताबाट नेपाललाई तेस्रो मुलुकसँगको व्यापारका लागि कलकत्ता, हल्दिया, भिषाखापटनम बन्दरगाह र फूलबारी (भारत), बंगलाबन्ध (बंगलादेश) स्थलमार्ग उपलब्ध छन्। नेपाल र जनवादी गणतन्त्र चीनबिच सम्पन्न व्यापार एवम् पारवहन सम्झौताले नेपाल चीन बिच द्विपक्षीय व्यापारका लागि ६ ओटा नाका स्वीकृत गरेको छ। नेपाल र चीनबिच सम्पन्न पारवहन यातायात सम्झौता २०१६ र तत्सम्बन्धी प्रोटोकल २०१८ ले समुद्रसम्मको पहुँचका लागि चारओटा सामुद्रिक बन्दरगाहहरू (Tianjin, Shenzhen, Lianyungang and Zhanjiang) र तीनओटा सुक्खा बन्दरगाहहरू (Lanzhou, Lhasa and Xigatse) उपलब्ध गराएको छ।

भन्सारको पूर्वाधारलाई स्तरीय बनाउन Inland Container Depot (ICD) र Integrated Check post (ICP) को निर्माण हुँदै आएको छ। वीरगञ्ज, विराटनगर र नेपालगञ्जमा ICP तथा पर्साको सिर्सिया र सिन्धुपाल्चोकको

तातोपानीमा ICD सञ्चालनमा आएको छ। रसुवाको टिमुरेमा सुक्खा बन्दरगाह र भैरहवामा ICP निर्माणको काम भइरहेको छ। चोभार स्थित सुक्खा बन्दरगाहलाई पूर्ण क्षमतामा सञ्चालन गर्नका लागि थप सहजीकरण गर्ने प्रयास भएको छ।

## ६. नेपालमा वैदेशिक वस्तु व्यापारको अवस्था

सन् १९५० सम्म नेपालको वैदेशिक व्यापार मुख्यतया भारत र चीन (तिब्बत) सँग भएकोमा त्यसपछि बिस्तारै बढ्दै गएको र सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्यता प्राप्तिसँगै अन्तर्राष्ट्रिय बजारमा सहज पहुँचको अवसर प्राप्त भई अहिले प्राय सबै देशसँग व्यापार हुने गरेको छ। यद्यपि नेपालको निर्यात व्यापार अपेक्षित रूपमा बढ्न नसक्दा व्यापार घाटा बढ्दै गएको छ।

### ६.१ निर्यात, आयात, कुल व्यापार घाटा र निर्यात आयात अनुपात

विगत ५ आर्थिक वर्षको वस्तु निर्यात, आयात, कुल व्यापार घाटा र निर्यात आयात अनुपात देहायको तालिकामा प्रस्तुत गरिएको छ:

तालिका १: विगत ५ वर्षको वैदेशिक वस्तु व्यापार

| आर्थिक वर्ष | निर्यात | आयात | कुल व्यापार | व्यापार घाटा | आयात निर्यात अनुपात |
|---|---|---|---|---|---|
| २०७६/७७ | ९७.७१अर्ब | ११९६.८० अर्ब | १२९४.५१ अर्ब | १०९९.०९ अर्ब | १२.२४ |
| २०७७/७८ | १४१.१२ अर्ब | १५३९.८४ अर्ब | १६८०.९६ अर्ब | १३९८.७१ अर्ब | १०.९१ |
| २०७८/७९ | २००.०३ अर्ब | १९२०.४४ अर्ब | २१२०.४७ अर्ब | १७२०.४१ अर्ब | ९.६० |
| २०७९/८० | १५७.१४ अर्ब | १६११.७३ अर्ब | १७६८.८७ अर्ब | १४५४.५९ अर्ब | १०.२६ |
| २०८०/८१ | १५२.३८ अर्ब | १५९२.९९ अर्ब | १७४५.३६ अर्ब | १४४०.६० अर्ब | १०.४५ |
| ०७७/७८ मा वृद्धि | ४४.४% | २८.७% | २९.९% | २७.३% | |
| ०७८/७९ मा वृद्धि | ४१.७% | २४.७% | २६% | २३% | |
| ०७९/८० मा वृद्धि | (२१.४%) | (१६.१%) | (१६.६%) | (१५.५%) | |
| ०८०/८१ मा वृद्धि | (३.०%) | (१.२%) | (१.३%) | (०.९६%) | |
| आ.व.२०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा अनुपात | २.६७% | २७.९२% | ३०.५९% | २५.२५% | |

*स्रोत: भन्सार विभाग*

विगत ५ वर्षको आयात र आयातमा भएको परिवर्तन हेर्दा आ.व. २०७७/७८ मा अघिल्लो वर्षको तुलनामा २८.७ प्रतिशतले वृद्धि भएको आयात मूल्यमा आ.व. २०७८/७९ मा २४.७ प्रतिशतले वृद्धि भएको थियो भने आ.व. २०७९/८० र २०८०/८१ मा क्रमश: १६.५ प्रतिशतले र १.१ प्रतिशतले गिरावट आएको

देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा रु. १६ खर्ब ११ अर्बको ७३ करोड मूल्य बराबरको आयात भएकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. १५ खर्ब ९२ अर्ब ९९ करोड मूल्य बराबरको मात्र आयात भएको छ। निर्याततर्फको विगत ५ वर्षको तथ्याङ्क हेर्दा आ.व. २०७७/७८ मा ४४.४ प्रतिशतले र आ.व. २०७९/८० मा ४१.७ प्रतिशतले वृद्धि भएको देखिन्छ। आ.व. २०७९/८० र २०८०/८१ मा भने क्रमशः २२.४ प्रतिशतले र ३.० प्रतिशतले गिरावट आएको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा रु. १ खर्ब ५७ अर्ब १४ करोड मूल्य बराबरको निर्यात भएकोमा आर्थिक वर्ष २०८०/८१ मा ३.०३ प्रतिशतले सङ्कुचन आइ रु.१ खर्ब ५२ अर्ब ३८ करोड मूल्य बराबरको निर्यात भएको छ।

आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक व्यापारमा सामान्य गिरावट आएको छ। आर्थिक वर्ष २०७९/८० मा रु. १७ खर्ब ६८ अर्ब ८७ करोड रहेको कुल वैदेशिक व्यापार आर्थिक वर्ष २०८०/८१ मा १.३३ प्रतिशतले खुम्चिन गइ रु. १७ खर्ब ४५ अर्ब ३७ करोडमा सीमित रहन पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा १०.२६ रहेको आयात र निर्यातको अनुपात आर्थिक वर्ष २०८०/८१ मा १०.४५ पुगेको छ। आ.व.२०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा अनुपातमा निर्यातको अंश २.७ प्रतिशत, आयातको अंश २७.९ प्रतिशत, कुल व्यापारको अंश ३०.६ प्रतिशत र व्यापार घाटा २५.३ प्रतिशत रहेको छ।

## ६.२ आयात र निर्यात भएका प्रमुख वस्तुहरू

आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा बढी निर्यात भएका वस्तुहरू क्रमशः सेन्थेटिक यार्न, फलामे पाता, ऊनी गलैंचा कार्पेट, फलफूलको जुस, तयारी कपडा, अलैंची, प्लाइउड, प्रशोधित पाम तेल, जमोठ कपडा र जुटका बुनिएका कपडा कपडा रहेका छन्। सबैभन्दा बढी आयात हुने बस्तुहरू क्रमशः डिजेल, पेट्रोल, एलपी ग्यास, एचआर सिट, सुन, शुद्ध फलाम, तयारी कपडा, विद्युतबाट सञ्चालित जीप, कार र भ्यान, मोबाइल टेलिफोन, अन्य एलेपेथिक औषधि र सुन रहेका छन्। पेट्रोलियम पदार्थ २६८ अर्बको आयात भएको छ।

## ६.३ नेपालका प्रमुख वैदेशिक व्यापार साझेदारहरू

नेपालको वैदेशिक व्यापारको प्रमुख साझेदारहरू हेर्दा आयाततर्फ भारत र चीन रहेको देखिन्छ भने निर्याततर्फ भारत र अमेरिका देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा प्रमुख १० व्यापार साझेदार र तिनीहरूको हिस्सा तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका २: प्रमुख वैदेशिक व्यापार साझेदारहरु (रु. करोडमा)

| सि.नं. | देश | आयात | निर्यात | जम्मा व्यापार | अंश |
|---|---|---|---|---|---|
| १. | भारत | ९९६६८ | १०३१८ | १०९९८६ | ६३.०% |
| २. | चीन | २९८७७ | २५९ | ३०१३६ | १७.३% |
| ३. | संयुक्त राज्य अमेरिका | १९४९ | १७३१ | ३६८० | २.१% |
| ४. | संयुक्त अरब इमिरेट्स | २९०९ | २५८ | ३१६७ | १.८% |
| ५. | युक्रेन | १८८८ | ० | १८८८ | १.१% |
| ६. | मलेसिया | १७९२ | २४ | १८१६ | १.०% |
| ७. | अस्ट्रेलिया | १५४० | १८२ | १७२२ | १.०% |
| ८. | फ्रान्स | १३७८ | २०५ | १५८३ | ०.९% |
| ९. | अर्जेन्टिना | १२३८ | ० | १२३८ | ०.७% |
| १०. | जर्मनी | ७९१ | ४४५ | १२३६ | ०.७% |
| ११. | अन्य | १६२६९ | १८१५ | १८०८४ | १०.४% |
| जम्मा रू. | | १५९२९९ | १५२३७ | १७४५३६ | १००.०% |

*स्रोत: भन्सार विभाग*

आर्थिक वर्ष २०८०/८१ मा भारतबाट आयात ९ खर्ब ९६ अर्ब ६८ करोड र निर्यात १ खर्ब ३ अर्ब १८ करोड भएको छ भने चीनबाट २ खर्ब ९८ अर्ब ७७ करोड आयात र २ अर्ब ५९ करोड निर्यात भएको छ। कुल व्यापारमा भारतको अंश ६३ प्रतिशत, चीनको अंश १२.७ प्रतिशत र अन्य देशको अंश २४.३ प्रतिशत छ। आयातमा भएको भारी वृद्धि र आयातको तुलनामा सानो आकारको निर्यातका कारण नेपालको व्यापार घाटा बढ्दै गएको पाईन्छ। कुल १६९ देशसँग नेपालको वैदेशिक व्यापार भएकोमा १३३ देशसँग नेपालको व्यापार घाटामा छ। ३६ देशसँग मात्र आयात भन्दा निर्यात बढी भएको छ।

## ६.४ आयात निर्यातमा व्यापार साझेदारहरूको अंश

नेपालको वैदेशिक व्यापारको प्रमुख साझेदारहरू हेर्दा आयाततर्फ भारत र चीन रहेको देखिन्छ भने निर्याततर्फ भारत र अमेरिका देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा प्रमुख १० व्यापार साझेदार र नेपालको आयातमा तिनीहरूको हिस्सा तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ३: आयात निर्यातमा व्यापार साझेदारहरूको अंश

| आयाततर्फ | | | निर्याततर्फ | | |
|---|---|---|---|---|---|
| **सि. नं.** | **देश** | **आयातमा अंश** | **सि. नं.** | **देश** | **निर्यातमा अंश** |
| १ | भारत | ६२.६% | १ | भारत | ६७.७% |
| २ | चीन | १८.८% | २ | संयुक्त राज्य अमेरिका | ११.४% |
| ३ | संयुक्त अरब इमिरेट्स | १.८% | ३ | जर्मनी | २.९% |
| ४ | संयुक्त राज्य अमेरिका | १.२% | ४ | बेलायत | २.०% |
| ५ | युक्रेन | १.२% | ५ | चीन | १.७% |
| ६ | मलेसिया | १.१% | ६ | संयुक्त अरब इमिरेट्स | १.७% |
| ७ | अस्ट्रेलिया | १.०% | ७ | फ्रान्स | १.३% |
| ८ | फ्रान्स | ०.८% | ८ | अस्ट्रेलिया | १.२% |
| ९ | अर्जेन्टिना | ०.८% | ९ | जापान | १.०% |
| १० | साउदी अरब | ०.७% | १० | इटाली | ०.९% |
| ११ | अन्य | १०.०% | ११ | अन्य | ८.१% |
| | जम्मा | १००.०% | | जम्मा | १००.०% |

*स्रोत: भन्सार विभाग*

आर्थिक वर्ष २०८०/८१ मा आयातमा भारतको हिस्सा ६२.६ प्रतिशत छ भने निर्यातमा ६७.७ प्रतिशत रहेको छ। चीनको हिस्सा आयातमा १८.८ प्रतिशत छ भने निर्यातमा १.७ प्रतिशत छ। अमेरिकाको आयातमा हिस्सा १.२ प्रतिशत छ भने निर्यातमा ११.४ प्रतिशत रहेको छ। कुल आयातमा प्रमुख दश देशको हिस्सा ९० प्रतिशत छ भने अन्य देशको १० प्रतिशत छ। कुल निर्यातमा प्रमुख दश देशको हिस्सा ९१.९ प्रतिशत छ भने अन्य देशको हिस्सा ८.१ प्रतिशत रहेको छ।

## ७. नेपालमा व्यापार घाटा बढ्दै जानुका कारण

विभिन्न प्रयासका बाबजुद पनि नेपालको व्यापार घाटा बढ्दै गएको छ। यसका कारणहरू देहाय अनुसार छन्:

- उपभोग्य सामाग्री र विलासिताका वस्तुको मागमा उच्च वृद्धि हुनु र उक्त माग धान्ने गरी आन्तरिक उत्पादन बढ्न नसक्नु,
- आर्थिक वृद्धिका लागि पुँजीगत प्रकृतिका सामान आयात गरिनु,
- खनिज ऊर्जाको बढ्दो आयातलाई प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा उत्पादन गर्न नसक्नु,

- कृषि क्षेत्रलाई यान्त्रिकीकरण, औद्योगिकीकरण तथा व्यवसायीकरण गर्न नसक्दा यसको उत्पादन तथा उत्पादकत्व न्यून भई कृषिजन्य आयात वृद्धि हुनु।
- औद्योगिक लगानी भन्दा आयात व्यापारमा व्यावसायिक आकर्षण बढ्नु,
- अधिकांश निर्यातयोग्य बस्तुहरू आयातित कच्चापदार्थमा आधारित हुनु,
- निर्यातजन्य तुलनात्मक तथा प्रतिस्पर्धी लाभका वस्तु तथा सेवाको अपेक्षित विकास र मूल्य अभिवृद्धि हुन नसक्नु,
- निकासीजन्य उद्योगहरूलाई उत्पादनमूलक अन्य आर्थिक क्षेत्रहरू (कृषि, वन, पर्यटन आदि) सँग एकीकृत गर्न नसक्नु,
- निर्यातमा कच्चा पदार्थ प्राथमिक वस्तु र अर्धप्रशोधित वस्तुको मात्रा बढी हुनु,
- उत्पादन भएका बस्तु तथा सेवाको गुणस्तर तथा प्रतिस्पर्धात्मक क्षमतामा कमी हुनु,
- निकासी प्रवर्द्धनका लागि थप विशेष वस्तु र विशेष बजारको पहिचान गर्न नसक्नु,
- निकासीजन्य उद्योगहरू भित्र अग्र, पृष्ठ, समानान्तर अन्तरसम्बन्ध हुन नसक्नु
- व्यापारलाई टेवा पुग्ने गरी अपेक्षित रूपमा कानुनी र संस्थागत सुधार हुन नसक्नु,
- व्यापारलाई सहयोग पुऱ्याउने गरी पर्याप्त मात्रामा भौतिक पूर्वाधारको विकास हुन नसक्नु र भएका पूर्वाधार पूर्ण रूपमा उपयोगमा नआउनु, निर्यात प्रवर्द्धनका लागि विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्रको स्थापनामा ढिलाइ हुनु,
- स्वास्थ्यमा प्रतिकूल असर पार्ने सामानको आयात नियन्त्रण गर्न नसक्नु,
- वैदेशिक लगानी अपेक्षित रूपमा भित्र्याउन नसक्नु,
- आयात व्यवस्थापन गर्ने कानुनी व्यवस्था र नियामक क्षमता कमजोर हुनु,
- नेपाली उत्पादन सीमित वस्तु तथा बजारमा केन्द्रित हुनु,
- सेवा व्यापार र बौद्धिक सम्पत्ति व्यापार प्रवर्द्धनमा विभिन्न नीतिगत र संस्थागत कमजोरी रहनु,
- कूटनीतिक नियोगहरूलाई निर्यात प्रवर्द्धन गर्न प्रभावकारी रूपमा परिचालन गर्न नसकिनु र सीमित देशमा मात्र वाणिज्य नियोग हुनु,
- भारतसँगको खुला सिमानाका कारण अवैध व्यापार नियन्त्रण गर्न नसक्नु,
- भूपरिवेष्ठित राष्ट्र भएकोले तेस्रो देशबाट सामान आयात गर्दा तथा तेस्रो देशमा निर्यात गर्दा ढुवानी लागत बढी हुनु,
- प्रमुख निकासीजन्य उत्पादनको निश्चित मापदण्ड अनुसारको गुणस्तर कायम तथा सो को प्रमाणीकरणको संस्थागत क्षमता अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नहुनु,
- आयात तथा निर्यात प्रक्रिया झन्झटिलो हुनु तथा व्यापार तथा पारवहन लागत उच्च हुनु,
- व्यापार सम्बद्ध द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय संयन्त्रको सम्झौताबाट उल्लेख्य फाइदा लिन नसकिनु।

## ८. व्यापार घाटा न्यूनीकरण र पारवहन सहजीकरणका लागि सुझावहरू

व्यापार घाटा नियन्त्रण गर्नको लागि निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्नुपर्छ। व्यापार घाटा न्यूनीकरण र पारवहन सहजीकरणका लागि देहायका काम गर्नुपर्ने देखिन्छ:

- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,
- पेट्रोलियम पदार्थ, ग्यास तथा कोइलाको आयात प्रतिस्थापन गरी व्यापार घाटा न्यूनीकरण गर्न विद्युत् उत्पादन र खपत वृद्धि गर्ने,
- सिमेन्ट, औषधी, फलामे डन्डी, फर्निचर र जुत्ता लगायतका उत्पादनमा आत्मनिर्भर हुँदै निकासी प्रवर्द्धन गर्ने,
- विलासी वस्तुको आयातलाई निरुत्साहित गर्नुका साथै, स्वास्थ्य र वातावरणीय दृष्टिले हानिकारक वस्तुको आयातलाई नियन्त्रण गर्ने,
- स्वदेशी कच्चा पदार्थमा आधारित निकासीजन्य वस्तु उत्पादन गर्ने, आयातलाई निर्यात अभिवृद्धिमा सघाउ पुग्ने गरी व्यवस्थापन र परिचालन गर्ने,
- निकासीजन्य उद्योगहरूलाई उत्पादनमूलक अन्य आर्थिक क्षेत्रहरू (कृषि, वन, पर्यटन आदि) सँग एकीकृत गर्ने, कृषि क्षेत्रको उत्पादन व्यवसायीकरण गर्ने,
- नेपाल एकीकृत व्यापार रणनीति, २०७३ ले पहिचान गरेका वस्तु तथा सेवाको उत्पादन र निकासी वृद्धि गर्ने,
- व्यापारलाई सहयोग पुऱ्याउने गरी पर्याप्त मात्रामा भौतिक पूर्वाधारको विकास गर्ने, निर्यात प्रवर्द्धनका लागि विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्रको स्थापना गरी कार्यान्वयनमा ल्याउने, एकीकृत भन्सार जाँच चौकी, गुणस्तरीय क्वारेन्टाइन, एकीकृत सेवा केन्द्र र सुख्खा बन्दरगाह लगायतका वाणिज्य पूर्वाधार निर्माण र सञ्चालन समयमै गर्ने, अन्तरदेशीय व्यापार पूर्वाधार निर्माणलाई तीव्रता दिने,
- भन्सार मूल्याङ्कन सरल गर्ने प्रविधिको उपयोग गर्ने तथा Nepal National Single Window को प्रभावकारी कार्यान्वयन गर्ने,
- निर्यात व्यापार अभिवृद्धि गर्न निरपेक्ष, तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका निर्यातजन्य वस्तु तथा सेवाहरूलाई प्रोत्साहन, सुविधा तथा सहुलियत प्रदान गर्ने,
- उद्योगमा नयाँ प्रविधि अपनाउने र उत्पादन प्रक्रियामा सुधार गर्ने, प्रक्रियागत सरलीकरण तथा संस्थागत सुधार मार्फत व्यापारको कारोबार लागत घटाउने,
- व्यापारसँग सम्बन्धित विभिन्न निकायहरूबिच प्रभावकारी समन्वय गर्ने, सरकार, निजी क्षेत्र र गैरसरकारी क्षेत्र बिच साझेदारी अभिवृद्धि गरी व्यापार प्रवर्द्धन गर्ने,
- अन्तर्राष्ट्रिय बजारमा स्थापित नेपाली वस्तु तथा सेवाको गुणस्तर र प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्दै अधिकतम लाभ हासिल गर्न थप बजार विस्तार र प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने,

- परम्परागत सीप, कौशल, बस्तु तथा सेवाको उत्पादनलाई संरक्षण प्रवर्द्धन गरी अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गर्ने,
- व्यापार तथा पारवहन सहजीकरणका लागि छिमेकी मुलुकका व्यापारिक नाकासम्मको व्यापार एवम् आवागमनलाई सहज बनाउने,
- अन्तर्राष्ट्रिय व्यापारलाई प्रतिस्पर्धी र व्यापक गराउन देशगत र वस्तुगत व्यापार विविधीकरण तथा वस्तुको प्रमाणीकरण, लेवलिंङ्ग, ब्राण्डिङ्ग गर्ने,
- आर्थिक कुटनीति मार्फत तथा विदेश स्थित कूटनीतिक नियोगहरू र गैर आवासीय नेपाली संघलाई निर्यात प्रवर्द्धनमा परिचालन गर्ने, आवश्यकतानुसार बढी व्यापार हुने स्थानमा वाणिज्य नियोग स्थापना गरी व्यापार प्रवर्द्धनमा क्रियाशील बनाउने,
- बस्तु व्यापार सँगसँगै सेवा व्यापार र बौद्धिक सम्पत्तिको व्यापार प्रवर्द्धनमा पनि जोड दिने,
- भारतसँगको खुला सिमानाका कारण हुने अवैध व्यापार नियन्त्रण गर्ने,
- व्यापारका समकालीन मुद्दाहरूको अनुसन्धान तथा विकासमा जोड दिने,
- निर्यात अनुदानलाई उत्पादकको तहसम्म पुऱ्याउने,
- व्यापार सम्बद्ध द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय संयन्त्रको सम्झौताबाट उल्लेख्य फाइदा लिने,
- छिमेकी मुलुकहरूसँगको वाणिज्य तथा पारवहन सन्धि पुनरावलोकन गर्ने, प्राप्त पारवहन सुविधाको अधिकतम उपयोग गरी तेस्रो मुलुकसँगको व्यापार विस्तार गर्ने, चीन र बंगलादेशसँग भएको पारवहन सुविधाको उपयोग गर्ने।
- नेपाल र भारत बिचको पारवहन सन्धिलाई पटकै रूपमा नवीकरण गर्नुको साटो दीर्घकालीन रूपमा पारवहन सन्धि गर्ने र व्यापारको लागत र समय घटाउने।

## ९. निष्कर्ष

नेपाल लगायतका भूपरिवेष्ठित देशहरूले व्यापार तथा पारवहनका अवरोधलाई कम गर्न र आफ्ना अधिकारबाट पूर्ण रूपमा लाभान्वित हुनका लागि व्यापार, यातायात तथा पारवहन सम्बन्धमा भएका बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय सम्झौताबाट प्राप्त अवसरको समुचित उपयोग गरी व्यापारको लागत र समय घटाउनुपर्छ। नेपालले विगतमा कृषिजन्य बस्तु देखि लत्ताकपडासम्म निर्यात गर्ने गरेकोमा हाल निर्यातको अंश एकदमै न्यून छ। फलस्वरूप व्यापार घाटा बढ्दै गएको छ। देशभित्रै तुलनात्मक तथा प्रतिस्पर्धात्मक क्षमताका वस्तु तथा सेवाको प्रचुर सम्भावना हुँदाहुँदै पनि निर्यातजन्य कृषि तथा औद्योगिक उत्पादनको अपेक्षित रूपमा वृद्धि हुन सकेको छैन। व्यापारघाटा कम गर्न निर्यातजन्य वस्तुको उत्पादन वृद्धि र प्रवर्द्धन तथा आयात व्यवस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता छ।

## *सन्दर्भ सामग्री*


आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य, २०८१, अर्थ मन्त्रालय।

सोह्रौं योजना, राष्ट्रिय योजना आयोग।

आर्थिक सर्वेक्षण २०८०/८१, अर्थ मन्त्रालय।

वैदेशिक व्यापारको तथ्याङ्क आर्थिक वर्ष २०८०/८१, भन्सार विभाग।

देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आर्थिक वर्ष २०८०/८१), नेपाल राष्ट्र बैङ्क, काठमाडौं।

भन्सार विभागको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८०/८१), २०८१, भन्सार विभाग।

भन्सार सुधार तथा आधुनिकीकरण योजना (आर्थिक वर्ष २०७८/७९ - २०८२/८३), भन्सार विभाग।

रमेश अर्याल (२०८१), समसामयिक विषय, गुडलक प्रकाशन प्रालि, काठमाडौं।

Acharya, Madhu Raman. "Rights of LLDCs Bilateral, regional and multilateral Perspectives in relation to Nepal". 14. Camad. (2012), p. 5-10.

https://www.un.org/ohrlls/sites/www.un.org.ohrlls/files/almaty_poa.pdf

https://www.un.org/en/landlocked/vienna-programme-action

# भन्सार जाँचपासपछिको परीक्षण (भजाप)को अवधारणा र नेपालमा यसको अभ्यास

✍निर्मलहरि अधिकारी•

## १. विषय प्रवेश

सन् १९९० को दशकमा विश्व अर्थजगतमा तीव्र रूपमा फैलिएको भू-मण्डलीकरण र उदारीकरणको अवधारणासँगै मालवस्तु, सेवा, सोच, श्रम र पुँजीको अन्तर्राष्ट्रिय विनिमयको माध्यमबाट देशको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग समाहित गर्नुपर्ने अवस्था सृजना भयो। प्रत्येक देशभित्र हुने व्यावसायिक कारोबारमा सरलता ल्याउन सरकारी नियन्त्रण र अवरोधहरू (Government Controls and restrictions) हटाउने र अन्तरदेशीय अवरोधहरू घटाउने अभियान सुरु भयो। यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विभिन्न प्रयासहरू भए।

यसै सन्दर्भमा विश्वकै चासोको रूपमा रहेको अन्तर्राष्ट्रिय व्यापारमा सरलीकरण र सामञ्जस्यीकरण गर्ने उद्देश्यले विश्व व्यापार सङ्गठन र विश्व भन्सार सङ्गठनको स्थापना भयो। यी सङ्गठनहरूको अगुवाइमा अन्य सम्झौताहरूको अतिरिक्त विश्व व्यापार सङ्गठन भन्सार मूल्याङ्कन सम्झौता (WTO Agreement on Customs Valuation) व्यापार सहजीकरण सम्झौता (Trade Facilitation Agreement-TFA), भन्सार कार्यविधिको सरलीकरण तथा सामञ्जस्यीकरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention on the Simplification and Harmonization of Customs Procedure-Revised Kyto Convention-RKC) भए। यी सम्झौताका प्रावधानहरू मूलतः भन्सारबाट मालवस्तु जाँचपासलाई सरल र शीघ्र बनाउने उद्देश्यमा केन्द्रित छन् जसमध्ये भन्सार जाँचपास परिक्षण सम्बन्धी प्रावधानलाई महत्त्वपूर्ण औजारको रूपमा औंल्याइएको छ।

विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता (TFA) को दफा ५ मा भन्सार बिन्दुबाट मालवस्तु जाँचपासमा शीघ्रता ल्याउने उद्देश्यले प्रत्येक सदस्यले भन्सार बिन्दुमा भन्सार र अन्य सम्बन्धित कानुन र विधिहरूको परिपालनाको सुनिश्चितताको लागि भन्सार जाँचपास परिक्षणको विधि अपनाउने, भन्सार जाँचपास परिक्षणका लागि व्यक्ति वा कन्साइनमेन्ट छनौट गर्दा, जोखिममा आधारित हुनुपर्ने, उपयुक्त/सुहाउँदो छनौटको मापदण्ड समावेश हुनुपर्ने, प्रत्येक सदस्यले भन्सार जाँचपास परिक्षण गर्दा पारदर्शी ढङ्गबाट (Transparent manner) हुनुपर्ने, भन्सार जाँचपास परिक्षण प्रक्रियामा संलग्न व्यक्तिबाट विना ढिलाइ निर्णयात्मक नतिजा प्राप्त हुनुपर्ने र लेखापरीक्षित (Auditee) को अधिकार र कर्तव्य स्थापित गर्दै नतिजाको आधारको जानकारी दिनुपर्ने, भन्सार जाँचपास परिक्षणबाट प्राप्त सूचना भविष्यमा प्रशासनिक वा न्यायिक प्रक्रियामा र जोखिम व्यवस्थापनमा उपयोग गर्न सकिने जस्ता प्रावधानहरू उल्लेख छन्। यसका अतिरिक्त, भन्सार कार्यविधिहरूको सरलीकरण तथा सामञ्जस्यीकरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (RKC) को परिच्छेद-६ को मापदण्ड ६.६ मा "भन्सार नियन्त्रण प्रणालीमा परीक्षणमा आधारित नियन्त्रण हुनेछ" भनी उल्लेख

• पूर्व सहसचिव, नेपाल सरकार।

भएको र मापदण्ड ६.१० मा "भन्सारले भन्सारका आवश्यकताहरूको परिपालनको सुनिश्चित गर्नका लागि भन्सार सञ्चालनमा प्रभाव पार्न सक्ने व्यापारीहरूका व्यावसायिक प्रणालीहरूको मूल्याङ्कन गर्नेछ" भन्ने स्पष्ट प्रावधान रहेको देखिन्छ। नेपालले यी सम्झौताका प्रावधानहरू अवलम्बन गर्नुपर्ने अनिवार्यता रहेको मात्र होइन, नेपालको व्यापारको आयतनमा भएको वृद्धिसँगै भन्सार जाँचपासमा शीघ्रता ल्याई व्यापार सहजीकरण गर्नुपर्ने आवश्यकता समेतको पृष्ठभूमिमा भन्सार जाँचपास परिक्षणलाई प्रभावकारी औजारको रूपमा प्रयोग गर्नुपर्ने भएको छ। यसर्थ, यस आलेखमा भन्सार जाँचपास परिक्षणको अवधारणा, नेपालमा यसको अभ्यास, कार्यसम्पादनको अवस्था, मूलभूत मुद्दाहरू र भावी कार्यदिशा समेतलाई समेटिएको छ।

## २. भन्सार जाँचपास परिक्षण (Introduction of PCA)

विश्वमा अन्तर्राष्ट्रिय व्यापारमा भन्सार प्रशासनलाई मालवस्तुको विवरणको घोषणाको यथार्थता/परिशुद्धता र प्रामाणिकता (Accuracy and authenticity) पत्ता लगाउने कार्य जटिल छ। घोषणाको परिपालना र जोखिम घटाउन भन्सार अधिकारीहरूले भन्सार जाँचपास परिक्षणको प्रयोग गरेका छन्। यो संयन्त्रले भन्सार अधिकारीहरूलाई अन्तर्राष्ट्रिय व्यापारको आयात/निर्यातमा हुने घोषणाको यथार्थता जाँच गर्दछ। (PCA serve as a mechanism for customs authorities to verify the accuracy and authenticity of declaration, made during international trade transaction) ।

भजाप परीक्षणमा आधारित नियन्त्रण प्रणाली हो। (Post Clearance Audit is an audit based control) जसले सीमा भन्सारबाट जाँचपास भएका मालवस्तुसँग सम्बन्धित ऐन/नियमको पालना भए/नभएको परीक्षण गर्दछ। मालवस्तु निकासी/पैठारी गर्दा सीमा भन्सारमा हुने परीक्षणमा लाग्ने लामो समय प्रत्युत्पादक (Counter productive) हुँदै गएको र यसले अनावश्यक समय र लागत बढाएको र अन्तर्राष्ट्रिय व्यापारमा अवरोध सिर्जना गरेको पृष्ठभूमिमा यसको जन्म भएको हो। यस अन्तर्गत सीमास्थित भन्सार विन्दु (Boarder Customs Point) मा निकासी/पैठारीकर्ताले पेस गरेको कागजातहरू र विवरणलाई तत्काल मान्यता दिई जाँचपास गर्ने र मालवस्तु पैठारीकर्ताको व्यापारिक स्थल, गोदाम वा औद्योगिक केन्द्रमा पुगिसकेपछि वा बिक्री भएपछिसमेत भन्सारमा पेस गरिएको विवरण सत्य भए/नभएको परीक्षण गर्ने कार्य गरिन्छ। पैठारीकर्ताले भन्सार विन्दुमा घोषणा गरेको मालवस्तुको मूल्य, वर्गीकरण, उत्पादन मुलुक (Valuation, Classification, Country of Origin) लगायतका अन्य विवरण सम्बन्धमा प्रचलित कानुनको परिपालना (Compliance) लाई मालवस्तु खरिद/बिक्री, निकासी/पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा यस्तै अन्य कागजात, बैङ्क अभिलेख, वित्तीय सूचना, तथ्याङ्क, कम्प्युटर प्रणाली लगायत व्यवसायसँग सम्बन्धित सबै व्यक्ति/कम्पनीको सम्पूर्ण अभिलेखको परीक्षणबाट घोषणाको विश्वसनीयता परीक्षण गरिन्छ। यसले छुट भएको राजस्व वा छलिएको राजस्व असुल गर्ने मात्र होइन, भन्सार विन्दुमा हुने घोषणाको परीक्षण गरी सही घोषणालाई प्रोत्साहन गर्ने र गलत देखिएका घोषणाको अंश भविष्यका दिनहरूमा दोहोरिन नदिने हुँदा अन्तर्राष्ट्रिय व्यापारलाई पारदर्शी, सहज र सरल बनाउँदछ।

## ३. मूलभूत उद्देश्य

अन्तर्राष्ट्रिय व्यापारको क्रममा भन्सार बिन्दुमा मालवस्तु जाँचपासको सन्दर्भमा घोषणाको विश्वसनीयता जाँच गर्दा तथ्यपरक सूचना र कागजातहरू जुटाउन लामो समय लाग्ने, व्यापारको प्रवाहमा ढिलाइ हुँदा सीमा नाका अवरुद्ध हुने र व्यापार लागत बढ्ने हुँदा व्यापारका यस प्रकारका अवरोधहरू हटाउने र अन्तर्राष्ट्रिय व्यापारलाई प्रतिस्पर्धी बनाउने मूलभूत उद्देश्यले भन्सार जाँचपास परिक्षणको अवधारणा आएको हो। आधुनिक भन्सार प्रशासनको महत्त्वपूर्ण औजारको रूपमा रहेको भन्सार जाँचपास परिक्षणका मूलभूत उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

- भन्सार बिन्दुमा भएको घोषणामा उल्लिखित मूल्य, उत्पादन मुलुक, वर्गीकरण र राजस्व असुलीको सत्यता जाँच गर्ने (To verity that the value, origin and classification of goods is declared correctly and the amount of revenue legally due has been identified and collected).
- निकासी/पैठारी नियन्त्रण अनुरूप घोषणा भएको सुनिश्चित गर्ने (To ensure goods liable to specific import/export controls are properly declared, including prohibitions and restrictions, Licenses, Quota etc.)
- विशिष्ट स्वीकृति/अनुमोदनको आवश्यकता पर्ने कागजातहरू अवलोकनको सुनिश्चित गर्ने, जस्तैः पारवहनको आधिकारिक कागजात, सौविध्य प्राप्त सम्बन्धी, सर्टिफिकेट, लाइसेन्स, कोटा, आदि। (To ensure conditions relating to specific approval and authorizations are being observed)
- स्वयम् परिपालना गर्ने (असल) व्यापारीहरूलाई अन्तर्राष्ट्रिय व्यापारको गतिमा सहजीकरण गर्ने (To facilitate international trade movements of the compliant traders).

## ४. फाइदाहरु

अन्तर्राष्ट्रिय व्यापारमा देखिएका अवरोधहरू हटाई यसलाई सहज, सरल र प्रतिस्पर्धी बनाउने सन्दर्भमा भन्सार जाँचपास परिक्षण महत्त्वपूर्ण औजारको रूपमा रहेकाले यसका फायदाहरूलाई देहाय बमोजिम औंल्याइएको छ;

- भन्सार जाँचपास बिन्दुमा अनुपालन व्यापार/असल व्यापारमा सहजीकरण जसबाट सीमा भन्सारको नियन्त्रणमा कमी आउने। (Compliant trade is facilitated at the point of customs clearance as border controls can be reduced)
- ग्राहकको व्यवसायको राम्रो जानकारी र बुझाइमा सक्षमता ल्याउने। (Enables customs to gain better information on and understanding of client's business)
- जोखिमको स्तर/मात्राको मूल्याङ्कन र समीक्षा सहजतासाथ गर्नः कारोवारको परिसर भ्रमणले व्यापार प्रणाली/पद्धतिभित्रका जोखिम र कमजोरी पत्ता लगाउने अवसर प्राप्त हुने। (Risk levels can be more easily assessed and reviewed; a premises visit provides the opportunity to identify risks and weaknesses in trader's system)

- ग्राहक शिक्षा, दीर्घकालीन र व्यापक रूपमा अनुपालन व्यवस्थापनमा केन्द्रित हुन सहयोग पुग्ने। (Facilitates client education, long term and comprehensive compliance management focus)
- भन्सार प्रशासनको स्रोत बढी प्रभावकारी रूपमा तैनाथ गर्न सकिने। (Customs Administration's resources are more effective deployed)
- स्वयं परिपालना र स्वयं निर्धारणको अवधारणा प्रवर्द्धन गर्न सकिने। (Customs can promote the concept of voluntary compliance and self assessment)
- सन्दिग्ध/शङ्कास्पद धोकाधडीका/छलीका/बेइमानीका क्रियाकलापहरू पहिचान गर्न र प्रवर्तन इकाईमा उचित कारबाहीका लागि उल्लेख गरी पठाउन सकिने। (Suspected fraudulent activities may be identified and referred to enforcement unit for appropriate action)
- अधिकृत आर्थिक अपरेटरलाई निरन्तर हकदारीको मूल्याङ्कनको मञ्चको उपलब्धता प्रदान गर्न सकिने। (Provides a platform for evaluating continued, entitlement to Authorized Economic Operator Status, where applicable)
- अनौपचारिक अर्थतन्त्रको न्यूनीकरण गर्न सकिने। (To Minimize informal Economy)
- व्यावसायिक वातावरणमा हुने अस्वस्थ प्रतिस्पर्धालाई कम गर्न सकिने। (Reduce unhealthy competition in a Business environment)
- राजस्व चुहावट नियन्त्रण गर्न सकिने। (To Reduce Revenue leakage)

## ५. जाँचपास पछिको परीक्षणका प्रकारहरु

विश्व भन्सार सङ्गठन (World Customs Organization-WCO) द्वारा प्रतिपादित "Guidelines for Post Clearance Audit (PCA)" मा उल्लेख भए अनुसार सामान्यतयाः भन्सार जाँचपास परिक्षण लाई ३ प्रकारमा उल्लेख गरिएको छः

### ५.१ विस्तृत/व्यापक परीक्षण/प्रणालीमा/पद्धतिमा आधारित परीक्षण (Comprehensive Audit/System based Audit):

यसले समग्र व्यापारमा पद्धतिको स्थायित्व र प्रभावकारिताको परीक्षण गर्दछ। (It examines suitability and effectiveness of the system as a whole). यो एक प्रकारको गुणस्तरीय पद्धति परीक्षण हो। यसमा व्यापारको पूर्ण व्यापक विस्तृत पद्धति/प्रक्रियाको (Full breadth of a system or process) हुन्छ। यसमा व्यापारीको सम्बन्धित व्यापार/वाणिज्य पद्धति र प्रक्रिया, वित्तीय र गैर वित्तीय अभिलेखको परीक्षण हुन्छ। यसले समग्र व्यवसाय नियन्त्रणको परिवेश र प्रभाव एवम् भन्सार जाँचपासको परिपालनाको अवलोकन गर्दछ। (Looks entire business control environment and the impact this might have a customs compliance) यसमा परीक्षकले परीक्षण गर्ने सूचनाहरू धेरै हुन सक्छन्। यो व्यापारी -केन्द्रित लक्षित सोच हो (Trader-focuses targeting approach)। यस प्रकारको परीक्षण परीक्षित (Auditee) को कार्यस्थलमा गरिन्छ (This kind of audit takes place at the premises of the Auditee)। यस प्रकारको परीक्षणले व्यवसायको पूर्ण खाकालाई

समेट्छ (A complete picture of the business can be captured) र व्यवसायको पद्धति/प्रक्रिया, व्यापारको तरिका, साझेदार/सञ्चालक लगायत आन्तरिक नियन्त्रण प्रणालीको समेत अवलोकन गर्दछ।

### ५.२ केन्द्रित/लक्षित परीक्षण (मुद्दामा आधारित परीक्षण) (Focused Audit (Issue-based audit) or Theme Based Audit (THBA)

भन्सार-मूल्याङ्कन, उत्पादकमूलक आदि एक वा थोरै क्षेत्रहरूमा केन्द्रित भएर परीक्षण गरिन्छ। यसमा सम्बन्धित पद्धति/प्रक्रिया र नियन्त्रण एवम् सान्दर्भिक/वास्तविक परीक्षण गरिन्छ। स्रोतको प्रभावकारिता र इच्छित लक्ष्य प्राप्तिका लागि कुन किसिमको परीक्षण उपयुक्त हुन्छ सो अनुरूप मापदण्ड आवश्यक पर्दछ। भन्सार प्रशासनलाई मुद्दामा केन्द्रित लक्षित अवधारणा सान्दर्भिक हुन्छ। यो Comprehensive Audit को विपरीत हो। यसले निश्चित मालवस्तु, औद्योगिक मुद्दा आदि समग्र व्यावसायिक क्रियाकलापको परीक्षण गर्दछ। यसमा प्रणालीगत आधारमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरिन्छ। यसमा पनि कारोवारस्थलको परीक्षण (Premises Based Audit-PBA) गर्न सकिन्छ। यस्तो परीक्षणको छनौट पनि जोखिम मापदण्डहरू (Risk parameter) को आधारमा गरिन्छ।

### ५.३ आयातपछिको कारोबारमा आधारित परीक्षण (Post importation Transaction-based Audit-TBA):

भन्सार प्रशासनले आयात पछिको नियन्त्रणका लागि एकल कारोबार/घोषणाको परीक्षण गर्दछ। यसलाई प्रज्ञापन पत्र परीक्षण (Consignment Audit) पनि भनिन्छ। यस्ता परीक्षण मूलतः २ किसिमको अवस्थामा गर्न सकिन्छः

- सीमा भन्सारको अधिकृतलाई भन्सार जाँचपासको क्रममा कुनै विशेष/विशिष्ट घोषणामा शङ्का/सन्देह सहितको सूचना प्राप्त भएमा (Referral from the port/Border Post when an officer has doubts concerning a particular declaration at the time of clearance)।
- सीमा भन्सारले जाँचपास गरेपछि जोखिमको आधारमा कार्य समूहले छानबिन गरेको शङ्कास्पद घोषणा (A targeting team scrutinizes individual customs declaration after clearance and selects those where doubts arise regarding their accuracy)। यस क्रममा भन्सारको घोषणाको छनौट गर्दा जोखिममा आधारित मापदण्ड/सूचक प्रयोग गर्नुपर्दछ। यस क्रममा एकल घोषणामा देखिएको गाभिरता हेरी पद्धति/प्रक्रियामा आधारित परीक्षण पनि गर्न सकिन्छ।

## ६. परीक्षण चक्र

विश्व भन्सार सङ्गठनको PCA-guideline मा Comprehensive Audit (System-Based audit) को चक्र (Cycle) सम्बन्धमा देहाय बमोजिम उल्लेख गरिएको छः




## ७. नेपालमा भन्सार जाँचपास परिक्षण प्रणालीको अभ्यास

नेपालमा २०५४ (सन् १९९७) देखि भन्सार कार्यालयबाट जाँचपास भएका प्रज्ञापन पत्रहरू जाँचपास भइसकेपछि भन्सार कार्यालय स्वयंले पुनरावलोकन गर्न सक्ने कानुनी व्यवस्था भएको हो जसलाई भन्सार जाँचपास परिक्षणको प्रारम्भिक चरणको रूपमा औंल्याउन सकिन्छ। यो एक प्रकारको आन्तरिक लेखापरीक्षण मात्र थियो। यसपछि २०५७ (सन् २०००) मा भन्सार ऐनको सातौं संशोधनले The General Agreement on Tariff and Trade-GATT को Valuation System लाई अवलम्बन गरेपछि कारोबार मूल्यको घोषणामा हुनसक्ने विचलनलाई समेत दृष्टिगत गरी भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजनाको प्रथम चरणमा भन्सार जाँचपासपछिको परीक्षणलाई औपचारिक रूपमा वार्षिक कार्यक्रममा र आर्थिक ऐनमा प्रवेश गराइयो।

यसरी आर्थिक वर्ष २०६०/०६१ देखि २०६३/०६४ सम्म तत्कालीन आर्थिक ऐनहरूले दिएको अधिकार प्रयोग गरी भन्सार कार्यालय स्वयंले परीक्षण गरिआएकोमा २०६४ साल (सन् २००७) मा नयाँ भन्सार

ऐन आएपछि सो ऐनको दफा ३४ मा भन्सार जाँचपास परिक्षण सम्बन्धी कानुनी व्यवस्था रहन गयो जसको आधारमा भन्सार नियमावली, २०६४ मा पनि यी विषयको प्रक्रियाहरू छुट्टै परिच्छेदमा तोकियो। उल्लिखित कानुनी प्रावधान अनुरूप भन्सार कार्यालय स्वयं र भन्सार विभागको मूल्याङ्कन शाखाबाट परीक्षण हुँदै आएकोमा २०६६ साल (सन् २००९) मा छुट्टै भन्सार जाँचपास परिक्षण कार्यालयको स्थापना भयो तथापि परीक्षण सम्बन्धी काम भन्सार कार्यालयहरू र भन्सार जाँचपास परिक्षण कार्यालय दुवैले सम्पादन गरिरहे। यसपछि, २०७४ सालदेखि मात्र भन्सार कार्यालय स्वयंले गरिरहेको परीक्षण हटाई भन्सार जाँचपास परिक्षण कार्यालयलाई मात्र परीक्षण गर्ने एक मात्र निकायको रूपमा राखिएको अवस्था छ।

## ८. भन्सार जाँचपास परिक्षण सम्बन्धी कानुनी व्यवस्था

विश्व भन्सार सङ्गठनको "Guidelines for Post-Clearance Audit (PCA)" मा उल्लेख भएअनुसार भन्सार जाँचपास परिक्षण सम्बन्धी कानुनी संरचनामा सामान्यतयाः देहायका विषयहरू समेटिनु पर्दछ;

- भन्सार जाँचपास परिक्षणले समेट्ने क्षेत्र (व्यक्ति/कम्पनी भन्सार जाँचपास परिक्षण सम्बन्धी विषय (Defination of PCA Coverage),
- भन्सार जाँचपास परिक्षण सम्बन्धी काम गर्ने भन्सार अधिकृत वा परीक्षकको अधिकार (Authority and Powers of Customs Officials/auditers, conducting PCA),
- भन्सार परीक्षितिको कर्तव्य र अधिकार (Obligations and rights of auditees),
- दण्ड जरिबानाको व्यवस्था (Penalty scheme),
- पुनरावेदनको अधिकार (Right of appeal)

नेपालको भन्सार जाँचपास परिक्षण सम्बन्धी कानुनी प्रावधानहरू मूलतः भन्सार ऐन, २०६४, भन्सार नियमावली, २०६४ र भन्सार जाँचपास परिक्षण सम्बन्धी कार्यविधि, २०७८ मा व्यवस्थित गरिएको छ। भन्सार ऐन, २०६४ को दफा २ ले भन्सार जाँचपास परिक्षणको परिभाषा गरेको छ भने दफा ३४ मा भन्सार परीक्षक र भन्सार परिक्षितिको काम, कर्तव्य र अधिकार समेटिएको छ। भन्सार ऐनको दफा ३४ र दफा ५७ मा दण्ड जरिबानाको व्यवस्था गरेको छ भने दफा ६२ मा पुनरावेदनको व्यवस्था छ। यसका अतिरिक्त, भन्सार नियमावली, २०६४ को परिच्छेद ५ को दफा २६ मा निकासीकर्ता वा पैठारीकर्ताले सुरक्षित राख्नु पर्ने कागजात सम्बन्धी विवरण दफा २७ मा परीक्षणको प्रक्रिया र दफा २८ मा कागजात माग गर्न सक्ने व्यवस्था गरिएको छ। ऐन नियमका अतिरिक्त भन्सार ऐन, २०६४ को दफा ९३ को खण्ड (ग) को अधीनमा रही भन्सार विभागले भन्सार जाँचपासपछिको परीक्षण कार्यलाई सहज, सरल र व्यवस्थित बनाउँदै भन्सार जाँचपासपछिको परीक्षण कार्यमा एकरूपता कायम गरी थप प्रभावकारी बनाउन भन्सार "भन्सार जाँचपासपछिको परीक्षण कार्यविधि, २०७८" जारी गरेको छ। यस कार्यविधिमा परीक्षकको काम, कर्तव्य र अधिकार, निकासीकर्ता वा पैठारीकर्ताको अधिकार, कर्तव्य तथा दायित्व, परीक्षण छनौट विधि, परीक्षण कार्यसम्पादन प्रक्रिया लगायतका विषयहरू विस्तृत रूपमा उल्लेख गर्नुका साथै दश वटा विभिन्न अनुसूचीहरूको व्यवस्था पनि गरिएको छ।

यसरी भन्सार जाँचपास परिक्षण सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र मार्गदर्शनको पृष्ठभूमिमा नेपालको भन्सार ऐन, नियम र कार्यविधिमा समेटिएका परीक्षणको कार्यक्षेत्र, परीक्षकको र परीक्षितिको काम, कर्तव्य र अधिकार एवम् दण्ड सजाय तथा पुनरावेदनको व्यवस्था जस्ता कानुनी व्यवस्थाहरूलाई समग्रमा हेर्दा, सही मार्ग (Right track) मा रहेको प्रतीत हुन्छ तापनि समयानुसार यसका केही प्रावधानहरू संशोधन र थप गर्नुपर्ने देखिन्छ जसको विवेचना पछिल्ला अनुच्छेदहरूमा गरिनेछ।

## ९. सङ्गठनात्मक स्वरुप

भन्सार जाँचपास परिक्षणको अवधारणा भन्सार प्रशासनको एकल विषयमा सीमित छैन/हुँदैन। यसमा भन्सार विभागका जोखिम व्यवस्थापन (Risk Management), गोप्य सूचना/जानकारी आदान/प्रदान (Intelligence sharing) कानुनको कार्यान्वयन (Enforcement), राजस्व सङ्कलन र कानुनी सहायता (legal Support), भन्सार मूल्याङ्कन (Valuation), वर्गीकरण (classification), मालवस्तुको उत्पत्ति (Origin) भन्सार छुट (Exemption), जस्ता विषयहरू जोडिन्छन्। तसर्थ, भन्सार जाँचपास परिक्षण सँगको सफलतासँगै जोडिने यी विषयहरू र शाखाहरू बिच प्रभावकारी सञ्चार र समन्वय हुने गरी सङ्गठनात्मक तथा व्यवस्थापन संरचना तयार गर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यता रहिआएको छ।

सामान्यतयाः परीक्षण कार्यको जिम्मेवारी केन्द्रीय/प्रधान दल (Central Team) ले सञ्चालन गर्नुपर्दछ। सम्बन्धित देशको अवस्था/आवश्यकताको पृष्ठभूमिमा भन्सार प्रशासनले एक वा एकभन्दा बढी भन्सार जाँचपास परिक्षण कार्यालयहरू (PCA Units) स्थापना गर्न सक्दछ। भन्सार जाँचपास परिक्षण कार्यालयका कर्मचारीहरू भन्सार जाँचपास परिक्षणको कारोबार स्थलमा पटक/पटक जानुपर्ने अवस्थामा र ठुलो भूगोल भएको अवस्थामा एकभन्दा बढी कार्यालयहरू स्थापना हुन सक्छन् भने सानो अर्थतन्त्र भएको र थोरै व्यापारिक केन्द्रहरू भएको अवस्थामा एउटै कार्यालयबाट मात्र पनि कार्यसम्पादन हुन सक्दछ। विषयगत रूपमा ठुलो कारोबार हुने क्षेत्रहरूका लागि विषयगत विज्ञहरू (उदाहरणका लागिः सवारी साधन, कपडा, केमिकल आदि) को प्रतिबद्ध दल (Committed Team) पनि बनाउन सकिन्छ।

नेपालमा भन्सार विभाग अन्तर्गत निकासी/पैठारी भएका मालवस्तु जाँचपासका लागि ४ प्रकारका कार्यालयहरू रहेका छन्;

(क) सीमा बिन्दुभित्रको इनल्याड कन्टेनर डिपो - १ वटा
(ख) अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयहरू - ३ वटा
(ग) **सीमास्थित भन्सार कार्यालयहरू**
(अ) मूल भन्सार कार्यालय - (३६)
(आ) छोटी भन्सार कार्यालय - (१३३)
(घ) भन्सार जाँचपासपछिको परीक्षण कार्यालय - १ वटा

देशको भौगोलिक अवस्था, आयात/निर्यात व्यापारको आयतन, सीमा भन्सारको जाँचपास प्रक्रिया र मालवस्तु घोषणा (Declaration) को पृष्ठभूमिमा, नेपालमा हाल एउटा मात्र भन्सार जाँचपास परिक्षण कार्यालय रहेको छ जसको सङ्गठनात्मक संरचना र दरबन्दी देहायबमोजिम रहेको छः

**भन्सार जाँचपास परीक्षण कार्यालयको सङ्गठन संरचना**




स्रोतः भन्सार जाँचपास परीक्षण

भन्सार जाँचपास परीक्षण कार्यान्वयनको सुरुवाती अवस्थामा, रहेको उल्लिखित सङ्गठनात्मक स्वरूपलाई भन्सार ऐन, २०६४ को जाँचपास सम्बन्धी प्रक्रियाको पूर्ण कार्यान्वयन एवम् जोखिममा आधारित छनौटलाई र बक्यौता असुलीलाई समेत दृष्टिगत गरी पुनरावलोकन गर्नुपर्ने लगायतका विषयमा पछिल्ला अनुच्छेदहरूमा विवेचना गरिनेछ।

## १०. भन्सार जाँचपास परिक्षण कार्यालयको विद्यमान कार्यसम्पादन अवस्था

भन्सार जाँचपास परिक्षण प्रयोजनका लागि देशमा एकमात्र भन्सार जाँचपास परिक्षण कार्यालय रहेको छ। यस कार्यालयले पछिल्ला वर्षहरूमा आफूले वर्ष दिन भरिमा सम्पादन गरेका कामहरूलाई समेटेर वार्षिक प्रतिवेदन प्रकाशन गर्ने प्रचलन अनुसार आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रकाशित गरेको छ। उक्त प्रतिवेदन समेतलाई आधार लिई यस कार्यालयको पछिल्लो कार्यसम्पादन अवस्थालाई विश्लेषण गरिएको छ।

## १०.१ मार्ग (Lane) को आधारमा जाँचपासको अवस्था र परीक्षणको स्थिति

भन्सार ऐन २०६४ को दफा २० को उपदफा (२) को देहायको खण्ड बमोजिम भन्सार अधिकृतले छनौट प्रणाली बमोजिम मालवस्तु जाँचपास गर्ने व्यवस्था छ;

(क) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने जसलाई आशिकुडा पद्धतिमा हरियो मार्ग (Green lane) को रूपमा राखिएको छ।

(ख) मालवस्तुको जाँच नगरी तत्सम्बन्धी कागजात मात्र जाँच गरी जाँचपास गर्ने जसलाई आशिकुडा पद्धतिमा पहेंलो मार्ग (Yellow lane) को रूपमा राखिएको छ।




स्रोतः भन्सार विभाग

(ग) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी जाँचपासपछि परीक्षण गर्ने गरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने जसलाई नीलो मार्ग (Blue lane) भनिन्छ- जुन कार्यान्वयनमा आइसकेको छैन।

(घ) मालवस्तु तथा तत् सम्बन्धी कागजात समेत पूर्ण रूपमा जाँच गरेर जाँचपास गर्ने जसलाई आशिकुडा पद्धतिमा रातो मार्ग (Red lane) को रूपमा राखिएको छ।

भन्सार ऐनको प्रावधानको अधीनमा रही तर्जुमा भएको छनौट प्रणाली निर्देशिकाले भन्सार बिन्दुबाट मालवस्तु जाँचपास गर्दा जोखिमको आधारमा मार्ग (Lane) निर्धारण गरेको छ तर भन्सार ऐनको दफा २० को उपदफा (२) को खण्ड (ग) बमोजिम नीलो मार्ग (Blue lane) कार्यान्वयनमा नआइसकेको कारण भन्सार जाँचपास परिक्षण कार्यालयले कार्यान्वयनमा रहेका तीनवटै मार्ग (lane) बाट जाँचपास भएका कन्साइनमेन्ट/फर्म/प्रोड्क्टलाई छनौट गरी परीक्षण गरिरहेको अवस्था छ जसको स्थिति देहायबमोजिम रहेको देखिन्छ;

### १०.१.१ मार्गको आधारमा सीमा भन्सारको जाँचपासको अवस्थाः

(क) मूल्यको आधारमाः (प्रतिशत)

| मार्ग | २०७८/७९ | २०७९/८० | २०८०/०८१ |
|---|---|---|---|
| हरियो | २२ | २१ | १३ |
| पहेंलो | ४९ | ४६ | ४५ |
| रातो | २९ | ३३ | ४२ |

स्रोतः भन्सार विभाग

(ख) कूल प्रज्ञापन पत्रको आधारमाः (प्रतिशत)

| मार्ग | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|
| हरियो | १३ | ११ | ७ |
| पहेंलो | २९ | ३० | २९ |
| रातो | ५८ | ५९ | ६४ |

स्रोतः भन्सार विभाग

विगत तीन आर्थिक वर्षमा, सीमा भन्सार कार्यालयहरूबाट छनौट प्रणाली अनुसार निर्धारित मार्गको आधारमा भएको जाँचपासको तुलनात्मक विवरणले रातो मार्गबाट भएको जाँचपास बढ्दै गएको छ भनें हरियो र पहेंलो मार्गको प्रतिशत घट्दै गएको देखिन्छ। यसले सीमाबाट हुने भन्सार जाँचपासमा थप सहजीकरण गर्न हालको छनौट प्रणालीमा पुनरावलोकनको आवश्यकता औंल्याउँछ।

### १०.१.२ लेन अनुसारको परीक्षण सङ्ख्याको विवरणः

आर्थिक वर्ष २०८०/०८१ मा परीाणका लागि छनौट भएका फायलहरू मध्ये ३७९ को परीक्षण सम्पन्न हुँदा १६९ वटाको मात्र कैफियत देखिएको र थप महसुल निर्धारण भएको छ। यसरी थप महसुल निर्धारण भएका कन्साइनमेन्टको सीमास्थित भन्सार कार्यालयबाट जाँचपास भएको मार्ग (lane) विश्लेषण गर्दा देहायबमोजिम देखिएको छ;

**आशिकुडा प्रणालीको लेन अनुसारको परीक्षण संख्याः**

| सि.न. | लेनको विवरण | महसुल निर्धारण भएको परीक्षण सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रातो | १४० | ८३ |
| २ | पहेंलो | १६ | ९ |
| ३ | हरियो | १३ | ८ |
| | **जम्मा** | **१६९** | **१००** |

स्रोतः भन्सार विभाग

### १०.१.३ लेन अनुसारको निर्धारित रकमः (रकम रु. हजारमा)

| मार्ग | रकम | प्रतिशत |
|---|---|---|
| रातो | ९,५४,८३ | ६६ |
| पहेंलो | ३,८४,०४ | २७ |
| हरियो | १,०५,३८ | ७ |
| **जम्मा** | **१४,४४,२५** | १०० |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

उपर्युक्त तथ्यहरूबाट सीमास्थित भन्सार कार्यालयबाट रातो मार्गबाट जाँचपास भएका मालवस्तुहरू नै जोखिममा परेका र सो को आधारमा परीक्षण छनौट भएको र महसुल निर्धारण भएको देखिन्छ। यसले एकातिर भन्सार कार्यालयको कामको गुणस्तर (Quality) र पैठारीकर्ताको नियत माथि प्रश्न उठाएको छ भनें अर्कोतिर भन्सार बिन्दुमा कागजात र भौतिक परीक्षण विस्तृत रूपमा भइसकेपछि पुनः भन्सार जाँचपास परिक्षणमा छनौट हुँदा दोहोरो परीक्षणका कारण व्यापारको समय र लागत बढ्न गएको छ।

## १०.२ विगत ५ वर्षको भन्सार जाँचपास परिक्षणको परीक्षण अवस्था

भन्सार जाँचपास परिक्षण कार्यालयले विगत ५ वर्षमा सम्पादन गरेको परीक्षणको सङ्ख्या र राजस्व निर्धारण अवस्था बढ्दै गएको छ जसको विवरण देहायबमोजिम रहेको छ;

### १०.२.१ परीक्षण संख्याः

| आ.व. | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| २०७६/०७७ | २७५ | १०४ | ३८ |
| २०७७/०७८ | ३०० | २४७ | ८२.३३ |
| २०७८/०७९ | ३३० | ३३१ | १००.३ |
| २०७९/०८० | ३६० | ३६८ | १०२.२२ |
| २०८०/०८१ | ४०० | ३७९ | ९४.७५ |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

### १०.२.२ विगत ५ वर्षको महसुल निर्धारण र असुलीको प्रगति **(रकम रु. हजारमा)**

| सि.न. | आर्थिक वर्ष | महसुल निर्धारण रकम | असुली रकम |
|---|---|---|---|
| १ | २०७६/०७७ | ६,९३,५४ | २,२७,०४ |
| २ | २०७७/०७८ | ७,५८,८९ | २,०६,८५ |
| ३ | २०७८/०७९ | ४,७१,७८ | ६,१४,६५ |
| ४ | २०७९/०८० | ४,६४,२० | ५,०१,४७ |
| ५ | २०८०/०८१ | १४,४६,९४ | ४,२७,२२ |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

उपयुक्त तथ्याङ्कबाट भन्सार जाँचपास परिक्षण कार्यालयले गर्ने परीक्षण सङ्ख्या र महसुल निर्धारण रकममा बढोत्तरी हुँदै गएको अवस्था सन्तोषजनक हो तर वर्षेनी यसमा भएको वृद्धिले सीमास्थित भन्सार कार्यालयमा घोषणाको स्वयं परिपालना (Self Compliance) घटेको पनि देखाउँछ जसले भन्सार कार्यालयलाई मालवस्तु जाँचपासमा सहजीकरण (facilitation) होइन, नियन्त्रण (Control) तर्फ उन्मुख गराएको छ।

## १०.३ कूल परीक्षण छनौट र महसुल निर्धारणको अवस्थाः

आर्थिक वर्ष २०८०/०८१ मा परीक्षणका लागि कूल छनौट ४४३ मध्ये ३७९ वटा परीक्षण सम्पन्न भएको छ। यसमध्ये १६९ वटा परीक्षणबाट महसुल निर्धारण भएको र २१० वटा परीक्षणमा शून्य महसुल निर्धारण भएको छ जसको विवरण देहायबमोजिम छ;

**महसुल निर्धारण र शून्य महसुल निर्धारणको अवस्था**

| महसुल निर्धारण भएको सङ्ख्या | शून्य महसुल निर्धारण भएको सङ्ख्या |
|---|---|
| १६९ | २१० |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

## १०.४ परीक्षणबाट देखिएका महसुल निर्धारणका क्षेत्रहरुः

आर्थिक वर्ष २०८०/०८१ मा कूल महसुल निर्धारण भएको १६९ वटा परीक्षणको सङ्ख्या र निर्धारित राजस्वको अवस्था विश्लेषण गर्दा देहायबमोजिम देखिन्छ;

### १०.४.१ राजस्व छुट भएको आधारमा परीक्षणको सँख्याः

| सि.न | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वर्गीकरण | १४६ | ८६ |
| २ | किटानी घोषणा | ७ | ४ |
| ३ | कारोबार खर्च | १० | ६ |
| ४ | मूल्याङ्कन | २ | १ |
| ५ | साफ्टा सुविधा | ४ | ३ |
| | **जम्मा** | **१६९** | **१००** |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

### १०.४.२ परीक्षण राजस्वको विभाजन

**राजस्व निर्धारण भएको आधारमा परीक्षण अवस्थाः (रकम रु. हजारमा)**

| विवरण | रकम | प्रतिशत |
|---|---|---|
| वर्गीकरण | ११,२४,८४ | ७७.७ |
| किटानी घोषणा | ८,१० | ०.५ |
| कारोबार खर्च | १,२८,२३ | ८.९ |
| मूल्याङ्कन | २,८९ | ०.२ |
| साफ्टा सुविधा | १,८३,११ | १२.७ |
| **जम्मा** | **१४,४७,१७** | **१००** |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

माथि उल्लेख गरेझैं परीक्षण सङ्ख्याको आधारमा मात्र होइन, महसुल निर्धारणको आधारमा समेत वर्गीकरणको अंश अधिक (करिब ७८ प्रतिशत) रहेको छ। वर्गीकरणको त्रुटि सामान्यतयाः प्रज्ञापन पत्रको घोषणाको अध्ययनबाट पहिचान हुने हो, यसका लागि कारोबारसँग सम्बन्धित सबै कागजात/अभिलेखको अध्ययन विश्लेषण आवश्यक पर्दैन। तसर्थ, भन्सार जाँचपास परिक्षणको अवस्था कारोबारको विश्लेषणभन्दा छुट असुलीमा केन्द्रित रहेको देखिन्छ।

## १०.५ प्रकारको आधारमा परीक्षण सङ्ख्या र रकमको अनिवभाजनः

**१०.५.१** प्रकारको आधारमा परीक्षण सङ्ख्या

| सि.न | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कन्साइनमेट | १०८ | ६४ |
| २ | प्रोडक्ट | १६ | ९ |
| ३ | फर्म | ४५ | २७ |
| | जम्मा | १६९ | १०० |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

उल्लिखित तथ्यको आधारमा कन्साइनमेन्ट परीक्षण सबैभन्दा बढी भएको र प्रोडक्ट परीक्षण सबैभन्दा कम रहेको देखिन्छ जुन स्वाभाविक पनि हो।

**१०.५.२** प्रकारको आधारमा परीक्षण रकम **(रकम रु. हजारमा)**

| विवरण | रकम | प्रतिशत |
|---|---|---|
| कन्साइनमेन्ट | ५,५९,१७ | ३९ |
| प्रोडक्ट | ३,७२,७२ | २६ |
| फर्म | ५,१५,३७ | ३५ |
| **जम्मा** | **१४,४७,२६** | **१००** |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

### १०.६ आर्थिक वर्ष २०८०/०८१ राजस्व शीर्षक अनुसार निर्धारित रकमः (रकम रु. हजारमा)

| क्र.सं. | विवरण | वार्षिक लक्ष्य | प्रगति | प्रगति % |
|---|---|---|---|---|
| १. | भन्सार महसुल | १६,५६,८५ | ७,९६,१७ | ४८.०६ |
| २. | मू. अ. कर | १,४४,५७ | ३,८३,३९ | २६६ |
| ३. | अन्तःशुल्क | १,१२,५५ | १,९३,६७ | १७२ |
| ४. | अन्य | ० | ७३,७२ | |
| | **जम्मा** | **१९,१४,३०** | **१४,४६,९५** | **७५.८६** |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

उल्लिखित तथ्याङ्कबाट भन्सार महसुल लक्ष्यको आधा पनि असुल भएको अवस्था छैन भनें कुल महसुल निर्धारण भएको रकम रु.१४, ४६, ९५ हजार मध्ये भन्सार महसुल तर्फ रु.७, ९६, १७ हजार अर्थात् ५५ प्रतिशत मात्र रहेको देखिन्छ।

### १०.७ २०८१ आषाढसम्मको बक्यौता विवरणः (रकम रु. लाखमा)

| सि.न. | विवरण | कूल बक्यौता रकम |
|---|---|---|
| १ | कूल बक्यौता | ६१,३५ |
| २ | मुद्दामा गएको | २७,२६ |
| ३ | मुद्दामा नगएको बक्यौता | ३४,०९ |
| ४ | आ. व. ०८०/०८१ मा असुली | ४,२७ |
| ५ | मुद्दामा नगएको खुद बाँकी बक्यौता | २९,८२ |
| ६ | मुद्दामा गएको समेतको बाँकी | ५७,०८ |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

प्रत्येक वर्ष महसुल निर्धारण हुने तर तत्काल राजस्व असुल नहुने अवस्थाले कूल बक्यौता वर्षेनी बढ्दै गएर २०८१ असारसम्म ६१ करोड ३५ लाख पुगेको छ। यसरी राजस्व प्राप्ति (Revenue Realization) नहुनुको मूलभूत कारण व्यापार प्रणालीको विसङ्गतिका कारण पैठारीकर्ता पहिचान नहुनु, समयमै कार्यालयले सक्रियता नपुऱ्याउनु र उदासीन रहनुलाई औंल्याउन सकिन्छ।

### १०.८ भन्सार जाँचपास परिक्षण कार्यालयबाट भएको राजस्व सङ्कलन र खर्चको अवस्थाः (रकम रु. हजारमा)

| आर्थिक वर्ष | राजश्व सङ्कलन | कुल खर्च |
|---|---|---|
| २०७६/०७७ | २, २७, ०४ | ३, १५, ४० |
| २०७७/०७८ | २, ०६, ८५ | ३, ०९, ८७ |
| २०७८/०७९ | ६, १४, ६५ | ५, २१, १८ |
| २०७९/०८० | ५, ०१, ४७ | ३, ९४, ७१ |
| २०८०/०८१ | ४, २७, २२ | ४, ७८, ९३ |

स्रोतः भन्सार जाँचपास परीक्षण कार्यालय

उल्लिखित ५ वर्षको तथ्याङ्क हेर्दा कूल राजस्व सङ्कलन १९ करोड ७७ लाख २४ हजार हुँदा कूल खर्च २० करोड २० लाख ०९ हजार भएको देखिन्छ। यसभित्र घरभाडा र विद्युतको रकम समावेश छैन। यसरी हेर्दा, राजस्व परिचालनका दृष्टिले कार्यालयको औचित्यमाथि प्रश्न पनि उठ्ने गरेको छ। यद्यपि भन्सार जाँचपास परिक्षण कार्यालयको मूल काम राजस्व परिचालनभन्दा पनि स्वयं घोषणा माथिको स्वयं परिपालना (Self compliance) बढाई व्यापार सहजीकरणमा टेवा पुऱ्याउनु हो।

## ११. भन्सार जाँचपास परिक्षण कार्यान्वयनका मूलभूत चुनौती र सुझावहरु

भन्सार जाँचपास परिक्षण कार्यान्वयनको प्रभावकारिता एकल प्रयासबाट मात्र सम्भव छैन। मुलुकको समग्र निकासी/पैठारी व्यापारको ढाँचा, समग्र भन्सार प्रशासनको नीति र योजना, सीमास्थित भन्सार कार्यालयमा हुने सत्यपरक/तथ्यपरक घोषणा, सीमास्थित भन्सार कार्यालयको जोखिम पहिचान, छनौट र जाँचपास प्रक्रियामा पनि यसको सफलता निर्भर रहन्छ। यसर्थ, भन्सार जाँचपास परिक्षण प्रणालीसँग गाँसिएका निकासी/पैठारी व्यापारको ढाँचाका कारण सिर्जित समस्याहरू, सीमास्थित भन्सार बिन्दुको जाँचपास प्रक्रियाका अप्ठ्यारा, व्यापारी समुदायको स्वःस्फूर्त र इमानदारी सहभागिता तथा भन्सार जाँचपास परिक्षण सम्बन्धी रणनीति, कानुन, सङ्गठन मानव संसाधन, कार्यप्रणालीमा देखिएका मूलभूत समस्यागत चुनौतीहरूको विश्लेषण सहित यसको प्रभावकारी कार्यान्वयनको लागि गर्नुपर्ने सुधारहरू सम्बन्धमा देहायका सुझावहरू प्रस्तुत गरिएको छ;

### ११.१ नियन्त्रण विरुद्ध सहजीकरण (Control VS Facilitation):

नेपालको पूर्व, पश्चिम र दक्षिणतिरको भारतसँगको खुल्ला सिमाना (Open Border) र अव्यवस्थित व्यापार ढाँचाका कारण राजस्व सुरक्षा र सामाजिक सुरक्षा (Social protection) का लागि पनि भन्सार सीमामा मालवस्तुको चेकजाँचमा बढी नै नियन्त्रण गर्नुपर्ने अवस्था विद्यमान छ। फलतः भन्सार बिन्दुबाट ६४ प्रतिशत प्रज्ञापन पत्र रातो लेनबाट जाँचपास भइरहेको अवस्था छ। तर नेपालले अन्तर्राष्ट्रिय रूपमा हस्ताक्षर

गरेका सन्धि/सम्झौता र निकासी/पैठारी व्यापारको लागत मूल्य कम गर्न व्यापार सहजीकरण अपरिहार्य छ। नियन्त्रण कम हुँदा सहजीकरण बढ्ने तर सहजीकरणलाई प्रश्रय दिँदा नियन्त्रण कम हुन गई राजस्व संरक्षण र सामाजिक सुरक्षामा आघात पुग्न सक्ने अवस्था रहन्छ। यसर्थ, अन्तर्राष्ट्रिय व्यापारमा भन्सार जाँचपासको सन्दर्भमा नियन्त्रण र सहजीकरण बिच सन्तुलन कायम गर्नु आवश्यक छ। तर नेपालको व्यापारको ढाँचा र भौगोलिक अवस्थिति एवम् आयात/निर्यातमा देखिने विचलन समेतको आधारमा कतिपय अवस्थामा नेपालको भन्सार प्रशासन नियन्त्रण कि सहजीकरण भन्ने द्विविधामा रुमलिनु पर्ने अवस्था समेत देखिएको छ।

उपरोक्तानुसारको समस्याहरू रहँदा-रहँदै पनि अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण र सामञ्जस्यीकरण गर्ने नेपालको प्रतिबद्धता र आवश्यकताको पृष्ठभूमिमा, छैठौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (आर्थिक वर्ष २०७८/७९-२०८२/८३) ले भन्सारबाट हुन सक्ने व्यापार सहजीकरणका लागि जोखिम व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गर्दै प्रमुख भन्सार कार्यालयहरूमा छनौट मार्गहरू (रातो, पहेंलो, नीलो र हरियो) सञ्चालन गरी २० प्रतिशत मालवस्तु मात्र रातो मार्गबाट जाँचपास गर्ने लक्ष्य लिएको छ।

यसका अतिरिक्त, स्वचालित भन्सार प्रणाली, अवलम्बन, वैध व्यापारलाई सहजीकरण, जाँचपासको परीक्षणलाई प्रभावकारिता लगायतका विषयहरूलाई अगाडि बढाएको छ। भन्सारका यी नीतिगत तथा कार्यक्रमिक घोषणालाई मूर्तरूप दिनका लागि हालको व्यापारको ढाँचा (Trade Pattern) मा आमूल परिवर्तन आवश्यक छ।

### ११.२ कानुनको संरचनाः

भन्सार ऐन, २०६४ को परिभाषा खण्ड, दफा ३४ को भन्सार जाँचपास सम्बन्धी प्रावधानका १९ वटा उपदफाहरू, दफा ५७ को दण्ड सजायको उपदफा (५), (८), (९) (गलत घोषणाको कसुर र दण्ड), उपदफा (२०) (महसुल छुट सुविधाको दुरुपयोग) को कसुर र दण्ड, उपदफा १५(क) (उपस्थित नभएमा वा कागजात पेस नगरेमा हुने कसुर दण्ड), दफा ६२ को उपदफा (१), (२) र (३) का पुनरावेदन सम्बन्धी प्रावधान भन्सार जाँचपास सम्बन्धी प्रत्यक्ष सम्बन्धित कानुनको रूपमा देखिन्छ। ऐनका यी प्रावधानहरू भन्सार जाँचपास परिक्षण सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता अनुरूप बनाउन देहायबमोजिम सुधार आवश्यक देखिन्छ;

- हालको विद्यमान ऐनमा भन्सार जाँचपास परिक्षणको परिभाषा स्पष्ट छैन। यसलाई अन्तर्राष्ट्रिय सन्धि/सम्झौतामा उल्लिखित (व्यापार सम्झौता, संशोधित क्योटो महासन्धि, विश्व भन्सार सङ्गठनको मार्गदर्शन आदि) समेतलाई मध्यनजर राखी दफा २ परिभाषा खण्डमा स्पष्ट परिभाषा राख्नु उपयुक्त हुन्छ।
- भन्सार जाँचपास परिक्षण सम्बन्धी कसुर र दण्ड, सजाय (दफा ३४ र ५७) छरिएर रहेको हुँदा भन्सार जाँचपास परिक्षणकै प्रावधानको परिच्छेद र दफाहरूमा राख्दा मनासिब हुन्छ। दफा ५७ मूलतः अनुसन्धान (Investigation) सँग सम्बन्धित भएकाले परीक्षण (Audit) सम्बन्धी कसुर र सजाय दफा ३४

मै एकीकृत गर्दा कानुन कार्यान्वयनमा पनि सहजता आउनेछ। यस सन्दर्भमा, दफा ६२ को पुनरावेदन सम्बन्धी व्यवस्था पनि भन्सार जाँचपास परिक्षणकै परिच्छेद र दफामा राख्दा उपयुक्त हुन्छ।

- WCO को मार्गदर्शन तोके बमोजिम PCA ले समेट्ने क्षेत्रहरू मध्ये निकासी/पैठारी हुने मालवस्तुको स्टोरेज, एजेन्ट, ट्रान्सपोर्टर, उत्तरवर्ती उपार्जन निकासी/पैठारीकर्ता पछिका मालवस्तु प्राप्त गर्ने व्यापारीहरू (Subsequent acquirers of the imported goods), अन्तर्राष्ट्रिय आपूर्ति श्रृंखला, सम्बन्धित व्यक्ति/कम्पनी र निकासी/पैठारी भएको मालवस्तुको आदान/प्रदान (लेनदेन) सँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धित अन्य व्यक्ति तथा कम्पनीहरू (Other persons/companies directly or indirectly involved in the transaction of the imported or export goods) का विषयमा विद्यमान ऐनले समेटेको देखिएन। यद्यपि, स्टोरेज एजेन्ट र ट्रान्सपोर्टरको प्रावधान कार्यविधिमा उल्लेख छ। बाँकी विषयहरू पनि कार्यविधिमा संशोधन गरी समावेश गर्न उपयुक्त देखिन्छ।
- भन्सार परीक्षकको अधिकार र कर्तव्यमा व्यवसायीको कारोबार स्थलको परीक्षणको संवेदनशीलतामा प्रवेश र निरीक्षण गर्न सक्ने स्पष्ट प्रावधान समावेश गर्न आवश्यक छ।
- लेखा सम्बन्धी नियम, मापदण्ड र कार्यविधिको पालना सम्बन्धमा कानुनमा स्पष्ट उल्लेख गरिनु पर्दछ।
- निकासी/पैठारी भएको मालवस्तुको निरीक्षण गरी मालवस्तुको नमुना (Samples of goods) लिन सक्ने अधिकार थप हुनु आवश्यक छ।
- हाल परीक्षण छनौट गर्दा भन्सार विभागबाट ५० प्रतिशत र भन्सार जाँचपास परिक्षण कार्यालयबाट ५० प्रतिशत छनौट हुने प्रावधान कार्यविधिमा उल्लेख छ। भन्सार विभागले भन्सार जाँचपास परिक्षण कार्यालयलाई सबै विषयहरूमा निर्देशन दिन सक्ने नै हुँदा, भन्सार विभागको निर्देशन समेतको आधारमा जोखिम सूचक बनाई कार्यालयले नै परीक्षण छनौट गर्न सक्ने व्यवस्था गर्न उपयुक्त हुन्छ।
- मालवस्तु पैठारी भई बिक्री भइसकेको वर्षपछि परीक्षण भई थप महसुल निर्धारण हुँदा निकासी/पैठारीकर्ताले उक्त महसुल लागतमा जोड्न नपाउने, स्टक परीक्षण हुन नसक्ने हुँदा PCA को परिपालनामा हेलचक्र्याई देखिएको सन्दर्भमा सीमा भन्सारको जाँचपासमा नीलो मार्ग (Blue lane) को सुरुवात हुने सन्दर्भमा चालु वर्षमा नै परीक्षण गर्ने (Current year Audit-CYA) प्रावधानको आवश्यकता देखिएको छ जसलाई कार्यविधिमा स्पष्ट रूपमा उल्लेख गर्न उपयुक्त हुन्छ।
- विगत ३ वर्षको अवधिमा भन्सार सम्बन्धी कानुनको पूर्ण पालना रहेको, व्यवसायको आन्तरिक नियन्त्रणको व्यवस्था भएको र व्यावसायिक अभिलेख विश्वसनीय तथा सन्तोषजनक रूपमा राखेको लगायतका सर्तहरू पूरा गरेको व्यक्तिलाई अधिकृत व्यावसायिक व्यक्ति सूचीकृत गर्ने प्रावधानलाई राखी सोलाई PCA बाट मूर्तरूप दिनका लागि अन्ततः Comprehensive Audit (System Audit) समेत आवश्यक पर्दछ जसका लागि कानुनमा थप व्यवस्था गर्नु उपयुक्त हुन्छ।

- सामान्यतयाः पुनरावेदनको दुई तह रहनुपर्छ भन्ने मान्यता अनुरूप भन्सार जाँचपास परिक्षण उपरको पुनरावलोकन महानिर्देशकले गर्नुपर्ने र सो पुनरावलोकन उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन दिने व्यवस्था ऐनमा राख्न उपयुक्त हुन्छ।
- समग्र व्यापारको वर्तमान ढाँचामा (Trade Pattern) परिवर्तन नगरी भन्सार विन्दुको जाँचपास र भन्सार जाँचपास पछिको परीक्षण (PCA) व्यवस्थित र प्रभावकारी नहुने अवस्थामा अन्तर्राष्ट्रिय व्यापारको वर्तमान ढाँचालाई नियमन गर्ने गरी नयाँ वाणिज्य ऐन (Commercial Act) को आवश्यकता सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग पैरवी हुन आवश्यक छ।

### ११.३ सङ्गठन संरचना सम्बन्धमाः

स्थापना कालदेखि (२०६६ साल) नै भन्सार जाँचपास परिक्षण गर्ने प्रयोजनका लागि मुलुकको प्रमुख व्यापारिक केन्द्रको रूपमा रहेको काठमाण्डौंमा एक मात्र कार्यालय रहिआएको छ। परीक्षण प्रभावकारीताका लागि कार्यालयका सङ्ख्या, आन्तरिक संरचना र यसको विभागका शाखाहरूसँगको समन्वय समेतको मुद्दाहरू बेलाबखत उजागर हुने गरेको छ। यसर्थ प्रस्तुत सन्दर्भमा देहायबमोजिम गर्न उपयुक्त देखिन्छ;

- सीमास्थित भन्सार विन्दुबाट हुने जाँचपासमा Blue lane को कार्यान्वयन, CYA को सुरुवात र Premises Audit को विस्तारको सन्दर्भमा भविष्यमा देशका प्रमुख व्यापारिक क्षेत्रहरूमा कार्यालय थप्नु पर्ने अवस्था समेत देखिन्छ।
- भन्सार विभागको वर्गीकरण तथा पुनरावलोकन शाखा, सूचना प्रविधि शाखा, भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा, तथ्याङ्क व्यवस्थापन शाखा अझ विशेषतः जोखिम व्यवस्थापन शाखासँग प्रणालीगत समन्वय हुने गरी सङ्गठनात्मक संरचना तय गर्न उपयुक्त हुन्छ।
- PCA को आन्तरिक सङ्गठन संरचना कार्यमूलक बनाउने तर्फ थप अध्ययन आवश्यक छ। जस्तो कि, -सूचना/तथ्याङ्क सङ्कलन (इन्टेलिजेन्ट) र जोखिम पहिचान एवम् छनौट शाखा, परीक्षण शाखा, राजस्व बक्यौता अभिलेख र सङ्कलन शाखा, प्रशासन वा व्यवस्थापन शाखा आदि। Risk Based PCA मा जाने नीतिगत प्रतिबद्धता पूरा गर्न पनि जोखिम पहिचान र व्यवस्थापनको छुट्टै शाखा र प्रणालीको आवश्यकता देखिएको छ भने बेवारिस अवस्थामा जस्तै रहेको राजस्व बक्यौताको अभिलेख र यसको असुली सम्बन्धी कार्य गर्न छुट्टै शाखा आवश्यक छ।
- परीक्षण शाखा हालको जस्तै ३ वटा कायम गर्दा, यसलाई मालवस्तु अनुरूप बाँडफाँड गर्दा उपयुक्त देखिन्छ।

### ११.४ मानव संशाधनः

भन्सार जाँचपास परिक्षण कार्यालयको वर्तमान सङ्गठन संरचना कार्यमूलक (functional) हुन नसकेको, सूचना सङ्कलन, जोखिम, छनौट, परीक्षण, असुली लगायतका काम परीक्षण शाखाबाटै हुँदा नियन्त्रण र सन्तुलन खजमजिएको, कर्मचारीका पदस्थापनाको ठोस मापदण्ड नरहेको र तालीमको अपर्याप्तता रहेको जस्ता मुद्दालाई सम्बोधन गर्न देहायबमोजिम गर्न उपयुक्त देखिन्छ;

- हालको संरचनामा इन्टेलिजेन्ट जोखिम पहिचान सम्बन्धी काम र राजस्व बक्यौता अभिलेख र असुली सम्बन्धी शाखा र परीक्षण शाखा १ समेत थप गर्दा सोही अनुरूप दरबन्दी थप र समायोजन गर्न उपयुक्त हुन्छ।
- भविष्यमा विकेन्द्रीकृत संरचना रहँदा सोही अनुरूप दरबन्दी प्रस्ताव गर्नुपर्ने हुन्छ।
- चार्टर एकाउन्टेन्ट वा अन्य कुनै विशिष्ट योग्यता आवश्यक भएमा निश्चित काम र समयका लागि Outsourcing गर्ने प्रावधानको उपयोग गर्न श्रेयस्कर हुन्छ।
- परीक्षकको दरबन्दी पद पूर्ति गर्दा, भन्सार कार्यालयमा कम्तीमा ४ वर्ष, आन्तरिक राजस्व कार्यालयमा कम्तीमा २ वर्ष काम गरेको, वाणिज्य शास्त्रमा कम्तीमा स्नातक गरेको, सूचना प्रविधिको प्रारम्भिक ज्ञान भएको, ५० वर्ष उमेर ननाघेको जस्ता न्यूनतम योग्यता निर्धारण गरी सो अनुरूप कर्मचारीहरू पदस्थापन गर्ने व्यवस्था मिलाउन श्रेयस्कर हुन्छ। भन्सार जाँचपास परिक्षणको विषयको छुट्टै तालीमको मोडयूल बनाउन उपयुक्त हुन्छ।
- सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्र र विभागले सञ्चालन गर्ने आन्तरिक तालीम/गोष्ठीहरूका कार्यक्रमहरूमा भन्सार जाँचपास परिक्षण सम्बन्धी विषय समाविष्ट गर्ने, भन्सार जाँचपास परिक्षण कार्यालयका कर्मचारीका लागि मात्र यस सम्बन्धी ७ दिने अल्पकालीन तालीम आयोजना, वैदेशिक तालीमको अवसर जुटाउन आवश्यक देखिन्छ।

### ११.५ स्वचालित प्रणाली (Automation):

हाल भन्सार जाँचपास परिक्षण सम्बन्धी सबैजसो क्रियाकलापहरू हस्तचालित (Manual) हुँदा कार्यसम्पादन र अभिलेखनमा पारदर्शिता नरहेको भन्ने मुद्दाको सन्दर्भमा देहायबमोजिम गर्न उपयुक्त देखिन्छ;

- भन्सार जाँचपास परिक्षण कार्यालयको काम कारबाहीलाई पारदर्शी बनाउन र यसको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक छ। यसका लागि भन्सार जाँचपास परिक्षणको परीक्षण चक्र (Audit cycle) अनुरूप तथ्याङ्क विश्लेषण, इन्टेलिजेन्स जोखिम सूचकहरू, जोखिम पहिचान, परीक्षण छनौट, परीक्षण योजना, परीक्षण कार्य सम्बन्धी गतिविधिहरू, प्रारम्भिक प्रतिवेदन, अन्तिम प्रतिवेदन, महसुल निर्धारण र पृष्ठपोषण सम्बन्धी सबै गतिविधिहरू स्वचालित प्रणाली (Automated System) बाट सम्पादन गर्ने गरी PCA-MIS नामक सफ्टवेयर तयार गर्नु उपयुक्त देखिन्छ। यसले हालको भन्सार जाँचपास परिक्षण लाई Risk based गर्न र Comprehensive Audit (System based Audit) लाई समेत सघाउ पुग्दछ।
- PCA-MIS को Connection विभागको ASYCUDA सफ्टवेयरको जोखिम व्यवस्थापन (Risk Engine) सँग interlink गर्न उपयुक्त हुन्छ।

### ११.६ छुट असुलीमा आधारित परीक्षणः

गत आर्थिक वर्षको परीक्षणको आधारमा विश्लेषण गर्दा कूल महसुल निर्धारण भएको (Assessment) रकम रु.१४, ४७, २७ हजार मध्ये वर्गीकरण फरक परेको कारणबाट मात्र करिब ७८ प्रतिशत राजस्व निर्धारण भएको छ भने मूल्याङ्कन फरक परेको कारणबाट ०.२ प्रतिशत मात्र रहेको छ। यसले वास्तविक परीक्षण (कारोबारको लेखा) सँग सम्बन्धित मूल्याङ्कनको पक्ष साह्रै ओझेलमा परेको देखिँदा कारोबारको वास्तविक परीक्षण नै नभएको देखिन्छ।

वर्गीकरण फरक, साफ्टा सुविधा र किटानी घोषणाको परीक्षण कूल सङ्ख्याको करिब ९३ प्रतिशत र राजस्व करिब ९१ प्रतिशत प्रज्ञापन पत्रको परीक्षणबाट छुट असुल गर्न सकिने विषय हो। यसर्थ, हालको परीक्षणमा कारोबार लेखाको परीक्षण नभएको अवस्थालाई देखाउँछ। यसका लागि प्रत्येक वर्ष जोखिम सूचकहरू विकास गर्दा विशेष ध्यान दिन र परीक्षणलाई मूल्याङ्कन केन्द्रित गर्न अपरिहार्य छ।

### ११.७ राजस्व र खर्चको अवस्थाः

भन्सार जाँचपास परिक्षण कार्यालयको विगत ५ वर्ष (आर्थिक वर्ष २०७६/७७-२०८०/०८१) को राजस्व सङ्कलन विश्लेषण गर्दा १९, ७७, २४ हजार असुल भएको छ भने उल्लिखित ५ वर्षमा भन्सार जाँचपास परिक्षण कार्यालयको खर्च रु.२०, २०, ०९ हजार भएको देखिन्छ। यसरी विगत ५ वर्षमा आम्दानी र खर्चको अन्तर ४२, ८४ हजार देखिन्छ। अर्थात्, आम्दानी भन्दा खर्च ४२ लाख ८२ हजार बढी भएको छ। हुन त भन्सार जाँचपास परिक्षणको उद्देश्य राजस्व सङ्कलन भन्दा घोषणाको विवरणको यथार्थता/सत्यता/प्रामाणिकता (Accuracy and Authenticity) मा अभिवृद्धि गराउनु हो। तथापि, खर्च नै नधान्ने प्रकृतिको परीक्षण उद्यमी सरकार (entrepreneur Government) को अवधारणा विपरीत जस्तै छ। यसका लागि बक्यौता कम गर्न थप रणनीतिहरू अवलम्बन गर्न आवश्यक छ। यसै क्रममा, विगतमा निर्धारण भई बक्यौता रहेको राजस्व रकम असुल गर्न पत्राचार गर्ने, व्यक्ति/कम्पनीको कारोबार रोक्का गर्ने र अन्ततः भन्सार ऐनको प्रावधान अनुरूप बक्यौता नतिर्नेको सम्पत्ति बिक्री समेत गरी असुल गर्नुपर्दछ। साथै, आगामी वर्षदेखि महसुल निर्धारण सँगसँगै असुलीको प्रक्रिया तत्काल अघि बढाउने व्यवस्था मिलाउन आवश्यक छ।

### ११.८ भन्सार महसुल छुट र सुविधाः

भन्सार महसुल छुट र सुविधाको अङ्क दिनानुदिन बढ्दै गएको छ। लगतको पैठारीको अभिलेख अस्तव्यस्त छ। विशेषतः छुट र सुविधा नपाउने वस्तुहरूमा पनि महसुल छुट/सुविधा पाएको, छुट र सुविधा पाउनेमा पनि तत् तत् प्रयोजनमा प्रयोग नभएको जस्ता दृष्टान्तहरू देखिने हुँदा भन्सार महसुल छुट र सुविधाको कन्साइनमेन्ट छनौटका लागि छुट्टै उप-जोखिम सूचकहरू तयार गरी यसको परीक्षण गर्नु अपरिहार्य छ।

### ११.९ निकासी कन्साइनमेन्टको परीक्षणः

कूल भन्सार महसुलमा निकासी महसुलको योगदान नगण्य रहे तापनि यसबाट हुन सक्ने विदेशी मुद्राको अपचलन र निकासी प्रोत्साहन अनुदानको र पुनःनिकासी हुने वस्तुको दुरुपयोग समेतलाई दृष्टिगत गरी निकासी भएका वस्तु वा फर्म वा प्रोडक्टको जोखिम पहिचान गरी परीक्षण गर्न आवश्यक छ।

### ११.१० सरोकारवालाहरू विशेषतः व्यापारी समुदायबाट परिपालना सम्बन्धमाः

हाल व्यवसायीहरूले भन्सार जाँचपास परिक्षणलाई थप बोझको रूपमा ग्रहण गरेको व्यवस्था छ। यसो हुनुमा मूलभूत कारण रातो मार्गबाट जाँचपास (भन्सार बिन्दुमै कागजात र भौतिक परीक्षण भएको) भएको कन्साइनमेन्ट पुनः परीक्षण भएका कारणले दोहोरो झन्झट परेकोले पनि हो। गत आर्थिक वर्षमा कूल ३७९ वटा परीक्षण मध्ये १६९ वटाको महसुल निर्धारण (Assessment) भएको र २१० वटाको Assessment गर्नुपर्ने नदेखिएको छ। यसबाट भन्सार बिन्दुको परिपालना स्तर (Compliance level) ५५ प्रतिशत मात्र देखिएको छ। कूल महसुल निर्धारण भएको परीक्षण सङ्ख्या १६९ मध्ये १४० वटा परीक्षण (८३ प्रतिशत) रातो मार्गको रहेको छ। यसबाट भन्सार बिन्दुको जाँचपासको Compliance कमजोर रहेको देखाउँछ। महसुल निर्धारणको अङ्कका हिसाबले कूल १४, ४७, २७ हजारमा रातो मार्गबाट जाँचपास भएकाको परीक्षणबाट रु.९, ५४, ८३ हजार (६६ प्रतिशत) रहेको छ।

यसका लागि जाँचपासको Lane निर्धारणमा प्रयोग हुने जोखिम सूचकहरूमा अझै सुधार गर्नुपर्ने अवस्था देखिएको छ। जोखिम सूचकहरू परिमार्जन गरी नीलो मार्ग (Blue lane) को प्रयोग भएपछि त्यस्ता कन्साइनमेन्टको परीक्षण PCA बाट गर्ने हुँदा कागजात र मालवस्तुको भौतिक परीक्षणमा दोहोरोपन नभएमा व्यापारी समुदायलाई स्वीकार्य बनाउन र यसको पालना गराउन (Compliance) सहज हुन जाने हुँदा यसमा जाँचपासको क्रममा प्रयोग हुने मार्ग (Lane) निर्धारण सम्बन्धमा थप अध्ययन/छलफल गरी निर्णयमा पुग्न आवश्यक छ। यसका अतिरिक्त, आयात गर्दा एउटा कन्साइनमेन्टमा क्रमशः Single Item (बढीमा ३ वटा मात्र वस्तु) मात्र पैठारी गर्ने चाँजो मिलाउन व्यापारी समुदायसँग थप छलफल गरी यसबाट हुने सकारात्मक नतिजा बारे बोध गराउन आवश्यक छ।

## १२. निष्कर्ष

सन् २०२३ मा नेपालको कूल गार्हस्थ्य उत्पादनमा व्यापार क्षेत्रको योगदान करिब ४२ प्रतिशत रहेको र कूल कर राजस्वमा भन्सार प्रशासनको योगदान करिब ५० प्रतिशत रहेको समेत सन्दर्भमा नेपालका लागि अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण अपरिहार्य छ। यही आवश्यकतालाई दृष्टिगत गरी WTO Valuation agreement, WTO agreement on Trade Facilitation (TFA);, Revised Kyoto Convention (RKC) अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका अभिसन्धिहरू लगायतमा नेपालको प्रतिबद्धता रहिआएको छ। अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका विभिन्न उपकरणहरू (Tools) मध्ये भन्सार जाँचपासपछिको परीक्षण महत्त्वपूर्ण औजार हो। सीमास्थित भन्सार कार्यालयमा मालवस्तु जाँचपासमा शीघ्रता ल्याउने हेतुले जोखिमको आधारमा स्वयं

परिपालनालाई प्रश्रय दिने गरी मार्ग (लेन) निर्धारण गरी जाँचपास गर्ने व्यवस्था मिलाइएको र सो को सत्यता परीक्षण गर्न भन्सार जाँचपास परीक्षण गर्ने व्यवस्था मिलाइएको हो।

विगत वर्षहरूको भन्सार प्रशासनको तथ्याङ्कको विश्लेषण गर्दा व्यापारको ढाँचा परम्परागत रहेको, सीमामा रातो लेनबाट हुने जाँचपासको प्रतिशत वर्षेनी बढ्दै गएको, नीलो लेन कार्यान्वनयमा नआएको र कूल भन्सार जाँचपास परिक्षणको महसुल निर्धारणको सङ्ख्यामा रातो लेनको कन्साइनमेन्टको अधिकता रहेको परिदृश्यबाट व्यापार सहजीकरण अपेक्षाकृत हुन सकेको छैन। सीमा भन्सारमा हुने मालवस्तु घोषणाको सत्यता परीक्षण गर्ने महत्त्वपूर्ण संयन्त्रको रूपमा रहेको भन्सार जाँचपास परिक्षण सम्बन्धी कानुन, कार्यविधि र संरचना सही दिशा (Right direction) तर्फ उन्मुख भए तापनि यसबाट प्राप्त नतिजा अपेक्षित रूपमा देखिएन। यसका लागि समग्र व्यापारको ढाँचा (Trade pattern) मा परिवर्तन गर्ने वाणिज्य कानुनको प्रतिपादन र सीमा बिन्दुमा जोखिमको आधारमा मालवस्तुको जाँचपास गरी व्यापारमा सहजीकरण गर्नुको अर्को विकल्प छैन। यसका लागि महत्त्वपूर्ण औजारको रूपमा रहेको भन्सार जाँचपास परिक्षणको प्रभावकारिता अपरिहार्य देखिँदा माथि उल्लिखित मुद्दाहरू (Issues) मा केन्द्रित रही सुधारको खाका बनाउन आवश्यक देखिन्छ।

**सन्दर्भ सामग्रीहरुः**


निकासी/पैठारी नियन्त्रण ऐन, २०१३

निकासी/पैठारी नियमहरू, २०३४

निकासी/पैठारी नियन्त्रण सम्बन्धी आदेश, २०७६

प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१३

कम्पनी ऐन, २०६३

भन्सार ऐन, २०६४

भन्सार नियमावली, २०६४

भन्सार महसुल ऐन, २०८१

आर्थिक ऐन, २०८१

भन्सार जाँचपासपछिको परीक्षण कार्यविधि, २०७८

वार्षिक प्रतिवेदनहरू

भन्सार स्मारिकाहरूw

वाणिज्य नीति, २०७२

WCO Guidelines for PCA Volume I & II.

RKC, related Article.

WTO TFA Agreement, related Article.

# सम्पत्ति शुद्धीकरण र आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणः मुद्रा तथा धारक विनिमेय अधिकार पत्र घोषणा अवस्थाको विश्लेषण

✍ राजेन्द्र कुमार हमाल◆

## १. परिचय

वर्तमान समयमा अपराधबाट आर्जित सम्पत्तिको शुद्धीकरण गर्ने तथा सो प्रकृयाबाट आतङ्कवादी क्रियाकलापका लागि कोषको सङ्कलन, परिचालन तथा प्रयोग गरी आतङ्कवाद लगायतका अपराधिका घटनाबाट समाजमा डर, त्रास, तथा असुरक्षा बढ्न सक्ने स्थिति देखि रहेको छ। विश्वव्यापीकरणको कारणले व्यापक रूपमा भई रहेको मानिस, सवारी साधन तथा मालवस्तुको सीमापार ओहोरदोहोर, सूचना प्रविधि तथा विद्युतीय कारोबारको बढ्दो प्रयोगबाट आपराधिक समूहले वित्तीय तथा राष्ट्रिय सुरक्षा प्रणालीको दुरुपयोग गर्न सक्ने सम्भावना बढ्दै गएको छ। यस्तो कार्यबाट देशभित्र आपराधिक गतिविधि बढी शान्ती र सुशासन कायम गर्न असहज हुनुका साथै अन्तर्राष्ट्रिय स्तरमा मुलुकको साखमा समेत गिरावट हुन सक्ने स्थिति रहेको छ।

वैश्विक स्तरमै जालोको रूपमा रहने यस्ता आपराधिक कार्यहरूको रोकथाम तथा नियन्त्रण गर्न सम्बन्धित सबैमा समान बुझाई तथा एकताबद्ध प्रयासको खाँचो रहन्छ। यसका लागि वैश्विक स्तरमै नीतिगत र संस्थागत व्यवस्थाहरू गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि साझा समझदारी, सहकार्य र पारस्परिक सहयोगको आदान प्रदान हुनु आवश्यक छ। राष्टहरूको सम्पत्ति शुद्धीकरण र आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको अवस्थाको पारस्परिक मूल्याङ्कन गरी देखिएका कमी कमजोरीहरूको सुधार गर्ने कार्यहरू निरन्तर भई नै रहेका छन्। उल्लेखित सन्दर्भमा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी कार्यमा वित्तीय लगानी भनेको के हो? यसमा के, कसरी, कस्ता साधनहरूको प्रयोग गरिन्छ; सम्पत्ति शुद्धीकरणको विकास क्रम र यसको रोकथाम तथा निवारणका लागि गर्नु पर्ने कार्यहरू खास गरी मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्घोषण सम्बन्धमा संक्षेपमा चर्चा गरिनेछ।

## २. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीका चरणहरू

सम्पत्ति शुद्धीकरण एउटा गम्भीर वित्तीय अपराध हो। विभिन्न अपराधहरूबाट प्राप्त सम्पत्तिको वास्तविक स्रोत लुकाई छिपाई त्यस्तो सम्पत्तिलाई कानुनी र विधिसम्मत कारोबारबाट आर्जन वा प्राप्तको भएको देखाउन/बनाउन अपनाइने प्रक्रिया नै सम्पत्ति शुद्धीकरण कार्य हो। सम्पत्ति शुद्धीकरणलाई विभिन्न तरिकाले परिभाषित गरिएको छ। UN Convention Against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substances र UN Convention Against Transnational Organized Crime ले सम्पत्ति शुद्धीकरणलाई देहाय बमोजिम परिभाषित गरेका छन्।

---

◆ निर्देशक, भन्सार विभाग

The conversion or transfer of property, knowing that such property is the proceeds of crime, for the purpose of concealing or disguising the illicit origin of the property or of helping any person who is involved in the commission of the predicate offence to evade the legal consequences of his or her action; or the concealment or disguise of the true nature, source, location, disposition, movement or ownership of or rights with respect to property, knowing that such property is the proceeds of crime. सम्पत्ति शुद्धीकरण गर्ने प्रक्रियामा मुख्यतया देहायका ३ वटा चरणहरू प्रयोग हुने गरेका देखिन्छन्।

### २.१ **Placement**

यस चरणमा अपराध कार्य गरी सोबाट प्राप्त सम्पत्ति वा रकमलाई वित्तीय प्रणाली वा आर्थिक कारोबारहरूमा प्रवेश गराउने कार्य गरिन्छ। यो कार्य सानो सानो रकम बैङ्क खातामा जम्मा गरी वा अन्य व्यापारिक कारोबारको माध्यमबाट वित्तीय प्रणालीमा प्रवेश गराउने कार्य हुन्छ।

### २.२ **Layering**

यस चरणमा वित्तीय प्रणालीमा प्रवेश गराइएको उक्त रकमलाई सोको वास्तविक स्रोतबाट टाढा गर्न अन्य बैङ्क खाताहरूमा स्थानान्तरण तथा अन्य कारोबारहरूसँग मिसाई त्यस्तो स्रोत लुकाउने छुपाउने कार्य हुन्छ। यस्तो कार्य सम्बन्धित देश वा सम्पत्ति शुद्धीकरण निवारणको कमजोर कानुनी तथा संस्थागत अवस्था रहेका मुलुकतर्फ पठाउने कार्य तथा व्यावसायिक कार्यमा लगानी गरेबाट त्यस्तो रकमको आपराधिक स्रोत पत्ता लगाउन कठिन हुन्।

### २.३ **Integration**

यस चरणमा आपराधिक रकम placing र layering बाट शुद्धीकरण भई वैधानिक स्रोतबाट प्राप्त भएको देखिने गरी वित्तीय प्रणालीमा पुनः समावेश हुन्छ। यसरी शुद्धीकरण भएको रकमको वास्तविक स्रोत लुकाउने, छल्ने कार्य हुन्छ र कानुनी कारबाहीबाट बच्ने सम्भावना बढेर जान्छ। यस्तो रकम विभिन्न कानुनी तथा वैद्य कारोबारहरूमा प्रयोग हुने गर्छ।

सम्पत्ति शुद्धीकरणका चरणहरूलाई निम्न चित्रअनुसार देखाउन सकिन्छः




*स्रोतः UNODC*

त्यस्तै गरी आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी भन्नले आतङ्कवादी कार्य, आतङ्कवादी सङ्गठन वा आतङ्कवादी व्यक्तिका लागि स्रोत सङ्कलन वा उपलब्ध गराउने कार्य भन्ने बुझिन्छ। FATF Recommendations २०१२ ले आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई निम्न बमोजिम परिभाषा गरेको छ।

Terrorist financing offences should extend to any person who willfully provides or collects funds or other assets by any means, directly or indirectly, with the unlawful intention that they should be used, or in the knowledge that they are to be used, in full or in part: (a) to carry out a terrorist act(s); (b) by a terrorist Organization; or (c) by an individual terrorist.

आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको स्रोत कानुनी (व्यापारिक नाफा, चन्दा आदि) तथा गैर कानुनी (लागू औषध कारोबार, अपहरण आदि) दुवै हुन सक्ने हुन्छ। सम्पत्ति शुद्धीकरणमा आपराधिक रकम विभिन्न चरणमा शुद्धीकरण भएर अन्ततः अपराधीसम्मै आइपुग्ने हुँदा यसको आकार चक्रीय हुन्छ भने आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीका चरणहरू सरल रेखीय प्रकृतिका हुन्छन्। आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीका चरणहरू निम्नानुसार रहेका छन्।

- Raise: आतङ्ककारी व्यक्ति वा सङ्गठनले आतङ्ककारी कार्यको लागि प्रयोग गर्नको लागि रकम कोष सङ्कलन गर्ने कार्य हो। यस्तो कोष कानुनी र गैर कानुनी स्रोत जुन सुकै पनि हुनसक्ने हुन्छ जस्तै चन्दा, परोपकारी कार्य जस्तै विपद् पीडितको सहयोगको नाममा तथा विभिन्न किसिमका आपराधिक कार्यहरूबाट हुन सक्छ।

- Store: सङ्कलन गरेको रकम कोषको प्रयोग कहाँ केसरी गर्ने भन्ने निर्धारण र योजना तयार नभएसम्म सुरक्षित र सञ्चय गर्ने कार्य हो। यो कार्य Bank Account, Virtual Assets वा Bulk Cash को रूपमा हुन सक्छ।
- Move: आवश्यकताअनुसार त्यस्तो कोष रकम विभिन्न स्थानहरूमा स्थानान्तरण गर्ने कार्य हो। त्यस्तो कार्य वित्तीय प्रणालीको माध्यम हुन्डी जस्ता अनौपचारिक माध्यम Virtual Assets, Smuggling of Cash/Precious Metals आदि माध्यमको प्रयोगबाट हुन सक्छ।
- Use: आतङ्ककारी सङ्गठन वा व्यक्तिको उद्देश्य मुताविकको कार्य पूरा गर्न सङ्कलित रकम खर्च गर्ने कार्य जस्तै भ्रमण सवारी साधन सञ्चार खान बस्न उपकरण हातहतियार विस्फोटक पदार्थ आदिमा खर्च हुनसक्छ। आतङ्ककारी कार्यमा वित्तीय लगानीका चरणहरू:




*स्रोत:UNODC*

## ३. सम्पत्ति शुद्धीकरणमा प्रयोग हुने विधिहरू

सम्पत्ति शुद्धीकरण तीन चरणहरूमा गरिने गरिन्छ भने त्यसको लागि प्रयोग हुने विभिन्न विधिहरू रहेका देखिन्छन्। त्यस्ता विभिन्न विधिहरूमध्ये केहिलाई देहायको तालिकामा देखाइएको छ।

| **Bulk Cash Smuggling** | Money Muling | Blending Funds/Cash-intensive Businesses |
|---|---|---|
| Smurfing/Structuring and Counterfeiting | Smurfing/Structuring and Counterfeiting | Trade-Based Money Laundering |
| Shell Companies/Trusts | Tax Havens | Transaction Laundering |
| Black Salaries | Casinos and Gambling | Bank Capture |
| Commodity Investment | Real Estate Investment | Round Tripping |
| Cyber Laundering | | |

सम्पत्ति शुद्धीकरणमा प्रयोग हुने विभिन्न विधिहरूमध्ये Bulk Cash Smuggling एउटा महत्त्वपूर्ण विधि हो। तसर्थ यसको प्रभावकारी नियन्त्रण सम्पत्ति शुद्धीकरण निवारणका लागि महत्त्वपूर्ण हुन्छ।

## ४. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणको विकास क्रम

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको लागि भए गरिएका प्रयासहरूको विकास क्रमलाई मुख्यतया अन्तर्राष्ट्रिय स्तरमा भएका प्रयास र नेपालले गरिरहेका प्रयासहरू गरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ।

## ४.१ अन्तर्राष्ट्रिय स्तरमा भएका प्रयासहरू

सम्पत्ति शुद्धीकरणको सुरुवात करिब २००० वर्ष अघि नै चीनमा भएको अनुमान भए पनि आधुनिक समयमा अमेरिकाको सन १९३० को दशकको मदिरा बिक्री वितरण तथा उपभोगमा लागेको प्रतिबन्ध र सो समयमा मदिराको मागमा भएको व्यापक वृद्धिले सृजना गरेको व्यापक गैर कानुनी मुनाफाले सङ्गठित अपराधको द्रुत विकास भएको देखिन्छ। Money laundering शब्द सोही समयबाट प्रयोगमा आएको मानिन्छ। सन् १९७० को दशकको समयमा भएका विभिन्न आर्थिक अनियमितता जस्तै Watergate Scandal पछि मात्रै औपचारिक र कानुनी रूपमा सम्पत्ति शुद्धीकरण शब्दको प्रयोग हुन थालेको हो र यसको निवारणको लागि अमेरिकामा Bank Secrecy Act (BSA), १९७० लागु गरी वित्तीय कारोबारको अनुगमन गर्ने कार्यको प्रारम्भ भएको देखिन्छ। सन् १९८० को दशकको लागु औषधको अवैध कारोबारले सम्पत्ति शुद्धीकरणमा थप मलजल गर्दै अन्तरदेशीय अपराधको रूपमा विकास हुन थाले पछि विभिन्न महासन्धिहरू जस्तै Vienna Convention १९८९ गरी सन् १९८९ मै G७ समूहका राष्ट्रहरूले Financial Action Task Force (FATF) को स्थापना गरी विश्वस्तरमै सम्पत्ति शुद्धीकरणको रोकथाम र नियन्त्रणका प्रयासहरू हुन सुरु भएको हो। त्यसै गरी September ११, २००१ मा अमेरिकामा भएको आतङ्कवादी हमला पछि Palermo Convention लगायतबाट आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई समेत अन्तरदेशीय अपराधमा समावेश गरी नियन्त्रणका प्रयासहरू हुँदै आएको छन्।

FATF ले सन् १९९० मा सम्पत्ति शुद्धीकरण निवारणका लागि ४० वटा मापदण्ड, सन् २००१ मा आतङ्कवादी कार्यमा वित्तीय लगानी रोक्न ९ वटा मापदण्ड विकास गरेकोमा सन् २०१२ मा सोको परिमार्जित र एकीकृत रूपमा FATF Recommendations on Money Laundering, Terrorist Financing and Proliferation Financing नामबाट ४० वटा मापदण्ड जारी गरी निरन्तर अद्यावधिक गरिरहेकोछ। मापदण्डका मुख्य विषयहरूमा National Risk Assessment and Domestic Coordination; Criminalization of Money Laundering, Terrorist Financing and Proliferation Financing; Regulatory and Supervisory Measure for Financial and Non-Financial Institutions; Investigation, Prosecution and Conviction of ML, TF and Major Proceeds generating Predicate Crimes; Sanctions and Confiscation of Proceeds of Crime and International Cooperation आदि रहेका छन्।

उल्लेखित मापदण्डहरूको कार्यान्वयन गर्न आवश्यक कानुनी, संस्थागत तथा अन्य व्यवस्थाहरू सदस्यहरूले उचित र पूर्णरूपमा लागू गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानीको निवारण प्रभावकारी भए नभएको सम्बन्धमा पारस्परिक मूल्याङ्कन गरी देखिएका कमी कमजोरीहरूमा सुधार गराउँदै लैजान Methodology for Assessing Technical Compliance with FATF Recommendations and the effectiveness AML/CFT/CPF Systems २०१३ (Last Updated २०२४) जारी गरी सदस्यहरूको कानुन कार्यान्वयन अवस्थाको आवधिक रूपमा मूल्याङ्कन गर्दै आइरहेको छ। Mutual Evaluation का Technical Compliance र Effectiveness गरी दुई वटा अवयवहरू हुन्छन्। यसले FATF मापदण्ड अनुसार नीति, नियम, कानुन र पद्धतिको प्रबन्ध गरेको छ छैन, तिनको कार्यान्वयनबाट सम्पत्ति शुद्धीकरण आतङ्कवादी

कार्यमा वित्तीय लगानीको risk र threat घटाउन कुन हदसम्म (To what extent) प्रभावकारी छन् भन्ने विश्लेषण मूल्याङ्कन गरी AML/CFT System लाई थप प्रभावकारी बनाउन गर्नु पर्ने कार्य सहितको प्रतिवेदन तयार गर्ने गर्छ। मुलुकको वित्तीय प्रणाली दुरुपयोग हुन नदिन सुरक्षा व्यवस्थाको पर्याप्तता छ भन्नेमा अन्य मुलुकहरूलाई प्रमाण र तथ्यका आधारमा विश्वस्त गराउन सकेमा मात्र त्यो राष्ट्र Compliant भएको मानिने FATF ले मूल्याङ्कन नतिजालाई निम्न बमोजिम वर्गीकृत गरी देखिएका कमी कमजोरीहरूमा सुधार गराउन निरन्तर Follow Up/Monitoring गर्ने व्यवस्था गरेको छ। Technical (Legal and Institutional) Compliance को Rating मा Compliant, Largely Compliant, Partially Compliant, Non-Compliant गरी ४ स्तरमा गर्ने गरिन्छ। Technical (Legal and Institutional) Compliance तलको तालकामा दिइएको छ।

Ratings on Technical (Legal and Institutional) Compliance

| Ratings | Description of Rating |
|---|---|
| Compliant (C) | There are no shortcomings |
| Largely Compliant (LC) | There are only minor shortcomings |
| Partially Compliant (PC) | There are moderate shortcomings |
| Non-Compliant (NC) | There are major shortcomings |
| Not Applicable (NA) | A requirement does not apply, due to the structural, legal or institutional features of a country. |

त्यसैगरी Effectiveness को Rating देहाय बमोजिम गर्ने व्यवस्था रहेको छ।

| Ratings | Description of Rating |
|---|---|
| High level of effectiveness | The Immediate Outcome is achieved to a very large extent. Minor improvements needed. |
| Substantial level of effectiveness | The Immediate Outcome is achieved to a large extent. Moderate improvements needed. |
| Moderate level of effectiveness | The Immediate Outcome is achieved to some extent. Major improvements needed. |
| Low level of effectiveness | The Immediate Outcome is not achieved or achieved to a negligible extent. Further improvements needed. |

### ४.१.१ सदस्य राष्ट्रको FATF बाट हुने Review वा अनुगमन हुने अवस्थाः

- सदस्यहरूको पारस्परिक मुल्याङ्कनबाट विद्यमान रहेका Risk, Vulnerabilities वा अन्य कुनै खास जोखिम तथा देहायका अवस्थाहरू विद्यमान भएमा FATF ले त्यस्ता मुलुकहरूको Review वा अनुगमन गर्ने व्यवस्था रहेको छ।

- **FATF-style regional bodies** (**FSRBs**) मा सहभागी नहुने वा Mutual Evaluation Report लाई सममयमै प्रकाशित गर्न अनुमति नदिने।
- कुनै देशमा वित्तीय अपराध नियन्त्रणको अवस्था कमजोर भनी कुनै FATF Member अथवा FRSB ले सिफारिस गरेमा
- आवधिक Mutual Evaluation मा Poor result achieve गरेमा खास गरी
- Twenty or more NC or PC ratings for Technical Compliance; or
- Rating NC/PC on three or more of following recommendations: 3,5,6,10,11 and 20; or
- It has a low or moderate level of effectiveness for 9 or more of the 11 Immediate Outcomes, with a minimum of two lows; or
- It has low level of effectiveness for 6 or more of the 11 Immediate Outcomes.

## ४.२ नेपालले गरेका प्रयासहरू

नेपालले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको लागि कानुनी, संस्थागत र नियामकीय लगायतका विभिन्न व्यवस्था र कार्यहरू गरेको छ।

नेपाल सन् २००२ मा FATF Style Regional Body को रूपमा रहेको Asia Pacific Group on Money Laundering (APG) सदस्य भई FATF ले सिफारिस गरेका मापदण्डहरूको कार्यान्वयन गरी रहेको छ। उक्त मापदण्डहरू कार्यान्वयन गर्न सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लगायतका कानुनी व्यवस्था तथा संरचनाहरूको निर्माण गरिएका छन्। सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन २०६४ मा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई देहाय बमोजिम फौजदारी कसुरको रूपमा परिभाषित गरिएको छ।

सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ मा सम्पत्ति शुद्धीकरणलाई निम्न बमोजिम परिभाषित गरी त्यस्तो कार्य कोही कसैले गर्नु गराउनु नहुने व्यवस्था गरेको छः

- सम्पत्तिको गैर कानुनी स्रोत लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने,
- कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेन्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा
- कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने प्रयोग गर्ने वा धारण गर्ने।

कुनै व्यक्तिले माथि उल्लेखित बमोजिमको कुनै कार्यको षडयन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियर हुनु हुदैन।

त्यस्तै आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई सोही ऐनको दफा ४ मा देहाय बमोजिम परिभाषित गरी कोही कसैले त्यस्तो कार्य गर्नु गराउनु नहुने व्यवस्था गरेको छः

कुनै व्यक्तिले आतङ्ककारी कार्यमा वा आतङ्ककारी व्यक्ति वा आतङ्ककारी सङ्गठनले पूर्ण वा आंशिक रूपमा प्रयोग गर्ने वा गर्न सक्ने कुरा थाहा पाउँदा पाउँदै गैर कानुनी मनसायले स्वेच्छापूर्वक कुनै पनि माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्पत्ति वा कोष उपलब्ध गराउन वा सङ्कलन गर्नु हुँदैन भनी परिभाषित गरेको छ।

त्यस्तै, उक्त ऐनमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणका लागि संस्थागत व्यवस्थाको लागि विभिन्न सूचक संस्थाहरू, नियामक तथा सुपरिवेक्षक निकायहरू, वित्तीय जानकारी इकाई, कानुन कार्यान्वयन तथा अनुसन्धान गर्ने निकायहरू, मुद्दा अभियोजन तथा न्याय निरूपणका निकायहरूको व्यवस्था समेत गरिएको छ।

## ५. मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्घोषण सम्बन्धी कानुनी व्यवस्था

FATF का मापदण्डहरू कार्यान्वयनको लागि सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मा विभिन्न व्यवस्थाहरू गरिएका छन् र सोही ऐनको दफा २९क, २९ख, २९ग र २९घ मा मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्घोषणसंग सम्बन्धित व्यवस्थाहरू गरेको छ। ऐनमा मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्घोषण सम्बन्धमा निम्न मुख्य मुख्य व्यवस्थाहरू रहेका छन्।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९ क मा आफ्नो साथमा वा कार्गो, कुरियर, हुलाक वा अन्य माध्यम मार्फत नेपाल राष्ट्र बैङ्कले तोकेको भन्दा बढी मूल्यको नेपाली वा सो बराबरको विदेशी मुद्रा वा धारक विनिमेय अधिकार पत्र नेपालबाट विदेश लैजाने वा विदेशबाट नेपाल ल्याउने व्यक्तिले तोकिए बमोजिम लिखित रूपमा त्यस्तो मुद्रा वा धारक विनिमेय अधिकार पत्रको सही रूपमा उद्घोषण गर्नु पर्ने छ। त्यसरी उद्घोषण गरेको विवरण झुटो वा गलत भएको शङ्का लागेमा त्यस्तो मुद्रा वा धारक विनिमेय अधिकार पत्र देखाउन लगाउने वा शङ्का लागेको कार्गो पार्सल वा पुलिन्दा भन्सार अधिकृतले खोल्न सक्नेछ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा २९ ख मा नेपालबाट विदेश लैजान वा विदेशबाट नेपाल ल्याउन खोजेको मुद्रा वा धारक विनिमेय अधिकारपत्रको गलत उद्घोषण गरेको वा उद्घोषण नगरेको शङ्का लागेमा वा कुनै सम्बद्ध कसुरसँग सम्बन्धित भएको शङ्का गर्ने मनासिब आधार भएमा सोको स्रोत तथा प्रयोग गर्न खोजेको उद्देश्यका सम्बन्धमा सोधपुछ गर्न सक्ने।

## ६. नेपालको सन् २०२३ को आवधिक पारस्परिक मूल्याङ्कनको नतिजा

FATF का मापदण्डहरूको कानुनी नीतिगत तथा संरचनागत व्यवस्था र सोको प्रभावकारिताबारे सन् २००५, २०१० र २०२३ मा नेपालको पारस्परिक मूल्याङ्कन सम्पन्न समेत भैसकेको छ। २०१० को मूल्याङ्कन पश्चात् नेपालले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तिय लगानी निवारणको दिशामा प्रशस्त

कार्यहरू गरेको थियो। सन् २०२३ मा भएको पारस्परिक मूल्याङ्कनको नतिजा देहाय बमोजिम रहेको छ। तेस्रो पारस्परिक मूल्याङ्कन २०२३ (1st Follow Up Report को नतिजा सहित) अनुसार नेपालको कानुनी व्यवस्था तथा कानुन कार्यान्वयनको प्रभावकारिताको नतिजा देहाय बमोजिम रहेको छः

| Ratings | Technical (Legal) | | Effectiveness (Implementation) | |
|---|---|---|---|---|
| | MER Sep, 2023 | 1st Follow Up Report June, 2024 | Ratings | MER Sep, 2023 |
| Compliant (C) | 5 | 5 | High Level | 0 |
| Largely Compliant (LC) | 16 | 23 | Substantial Level | 0 |
| Partially Compliant (PC) | 16 | 11 | Moderate Level | 4 |
| Non-Compliant (NC) | 3 | 1 | Low Level | 7 |
| Not Applicable (NA) | 0 | 0 | | |
| | 40 | 40 | | 11 |

September, २०२३ को तेस्रो मूल्याङ्कन नतिजा मा Compliant (C) Largely Compliant (LC) Partially Compliant (PC) Non-Compliant (NC) रहेका मापदण्डहरू क्रमशः ५, १६, १६ र ३ रहेकामा 1st Follow Up Report June, २०२४ बाट त्यसमा पुनः Rating भई सो सङ्ख्या क्रमशः ५, २३, ११, र १ रहन गएको माथिको तालिकाबाट देखिन्छ। नेपालले छोटो समय गरेको यो सुधार जबरजस्त रहेको छ। प्रभावकारीताको पुनः Rating भइसकेको छैन। January, २०२५ मा हुने छलफलबाट त्यसमा केही सुधार हुन सक्नेमा आशावादी हुन सकिन्छ।

## ७. मापदण्ड 32 Cash Courier को मूल्याङ्कनमा न्यून rating प्राप्त हुनुका कारणहरू

मूल्याङ्कनको नतिजामा मापदण्ड ३२ Cash Courier को Technical Compliance Rating Largely Compliant (LC) रहेको छ अर्थात् There are only minor shortcomings भन्ने अवस्था रहेको छ। यस मापदण्डमा कानुनी र संरचनागत रूपको प्रबन्ध राम्रै रहे पनि केही काम अझै गर्नु पर्ने स्थिति देखिन्छ। तर प्रभावकारिता (Effectiveness) तर्फ यो मापदण्ड जोडिएको Immediate Outcome (IO) २ र ६ मा Moderate र ८ मा Low level को Rating प्राप्त भएको छ। प्रभावकारीतमा सम्बन्धित Immediate Outcome मा न्यून Rating प्राप्त हुनुमा अन्य मापदण्डको पालनमा कमी हुनुका साथै यस मापदण्ड ३२ अनुसार मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषणा सबै भन्सार कार्यालयहरूमा भएको नदेखिनु, नेपालबाट विदेश जाँदा घोषणा गरेको नदेखिएको, घोषणा नगरिएका वा शङ्का लागेका मुद्रा तथा धारक विनिमेय अधिकार पत्र रोक्का र जफत गरेको, सम्पत्ति शुद्धीकरण र आतङ्कवादी कार्यसँग सम्बन्धित देखिएका मुद्रा तथा धारक विनिमेय अधिकार पत्रबारे सोही मुताबिक पर्याप्त सजाय गरेको तथ्याङ्क बाट नदेखिएको तथा विदेशी समकक्षीसँग समन्वयका लागि पर्याप्त कानुनी प्रबन्ध नभएको, नेपाली रुपैयाँ र धारक विनिमय अधिकार पत्रको घोषणा हुने नगरेको, बिगोको परिभाषा नगरिएको तथा मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषणा कार्यान्वयनमा पर्याप्त जनशक्ति, स्रोत तथा विज्ञताको कमी जस्ता कारणहरू रहेका देखिन्छन्।

## ८. FATF मापदण्ड ३२: Cash Courier को कार्यान्वयन सम्बन्धमा भएका कार्यहरू:

- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्घोषणको कार्यलाई कार्यान्वयन गर्न हालसम्म देहायका काम कारबाहीहरू भएका छन्
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उदघोषणको कानुनी व्यवस्था गरी तोकिएको सीमा भन्दा बढीको त्यस्तो मुद्रा तथा धारक विनिमय अधिकार पत्र स्वयं घोषणा गर्नु पर्ने व्यवस्था गरिएको।
- सबै भन्सार कार्यालयहरूलाई मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्धोषण सम्बन्धी कार्यहरू गर्न गराउन लेखि पठाई कार्यान्वयन भैरहेको।
- वित्तीय जानकारी इकाईसँग मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्धोषण सम्बन्धी समझदारी भएकोछ।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रका विविध मुद्दाहरूमा वित्तीय जानकारी इकाईसँग नियमित छलफल भैरहेको।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्घोणको विवरण नियमित रूपमा वित्तीय जानकारी इकाईलाई पठाउने कार्य भैरहेको।
- कर्मचारीहरूलाई सम्पत्ति शुद्धीकरण निवारण तथा मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्घोषण सम्बन्धमा प्रशिक्षित गर्ने कार्य।
- उद्धोषण गर्नु पर्ने मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको सीमा तोकिएको। नेपाली रुपैयाँ ५००० र अमेरिकी डलर ५००० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्सार कार्यालयमा उद्धोषण गर्नु पर्ने गरी तोकिएको।
- २०८१ श्रावण देखि मंसिरमसान्त सम्म देहाय बमोजिमको मुद्रा घोषणा भएको छः

| S.N. | Currency code | Amount |
|---|---|---|
| १ | AED | ३०००० |
| २ | DKK | ३०५४६०० |
| ३ | AUD | ८००० |
| ४ | USD | १३११६१ |
| ५ | KWR | २७००००० |
| ६ | EURO | १५३६५ |
| ७ | Sudanese pound | २९०० |
| ८ | Uganda Shilling | २८७००० |

*स्रोतः भन्सार विभाग*

## ९. मापदण्ड ३२ Cash Courier को कार्यान्वयन प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरूः

FATF को मापदण्ड ३२ः Cash Courier एउटा महत्त्वपूर्ण मापदण्ड हो र यस अन्तर्गत सीमा ओहोरदोहोर गर्दा मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको उद्घोषण गर्नु पर्ने हुन्छ। त्यस्तो उद्घोषण मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको सीमापार भौतिक कारोबारको पहिचान हुने, सम्पत्ति शुद्धीकरण निवारण पद्धतिको अनुगमनको महत्त्वपूर्ण अवयवको काम गर्ने हुन्छ। यसको सूचना अभिलेखन तथा जानकारी आदान प्रदानबाट अपराधको वित्तीय अनुसन्धानमा अनुसन्धानकर्तालाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानीको जानकारी तथा मनसाय स्थापित गर्न सहयोग पुग्न गई सम्बद्ध कसुर र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी कसुरमा अभियोजन र दोषी प्रमाणित गर्न सहज भई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणमा प्रभावकारिता आउन सक्ने हुन्छ। तसर्थ आगामी दिनमा यस मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यहरू गर्नु पर्ने देखिन्छ।

- सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन २०६४ मा मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषणासँग सम्बन्धित बिगोको परिभाषित गर्नु पर्नु।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषणलाई सबै भन्सार कार्यालयहरूमा थप प्रभवकारी बनाउनु पर्ने। नेपालबाट विदेश जाने र विदेशबाट नेपाल आउने सबैलाई त्यस्तो घोषणा गर्न लगाउने। नेपाली मुद्राको घोषणा गराउन पनि उचित ध्यान दिनु पर्ने।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषणको प्रभावकारी कार्यान्वयनको लागि थप साधन स्रोतको व्यवस्था गर्नु पर्ने।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको पहिचान, घोषणा, जाँचबुझ, सूचना प्रवाह, जफत तथा अन्य कामकारबाहीका सम्बन्धमा मार्गदर्शन बनाई लागू गर्नु पर्ने।
- कार्यालयहरूमा मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषणा लगायतका काम कारबाहीका लागि जिम्मेवार कर्मचारी/शाखा तोक्नु पर्ने।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको पहिचान, घोषणा, जाँचबुझ लगायतका विषयमा कर्मचारीहरूलाई समय समयमा तालिम दिई विज्ञता र दक्षता अभिवृद्धि गर्नु पर्ने।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषण सही रूपमा गरे नगरेको यकिन गर्न जोखिममा आधारित चेक जाँचलाई प्रभावकारी बनाउनु पर्ने।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषण नगरेको, सम्बद्ध कसुर लगायतका अपराधसँग सम्बन्धित रहेको सम्बन्धमा सूचना सङ्कलन गर्ने प्रयास गर्नु पर्ने।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषणा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्नु।
- घोषणा नगरेका शङ्का लागेका सम्बद्ध कसुर, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यसँग सम्बन्धित देखिएका मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको रोक्का तथा जफत लगायतका कानुनी कारबाहीलाई प्रभावकारी बनाउनु पर्ने।

- घोषणा तथा कारबाहीको अभिलेख व्यवस्थित रूपमा राखी समयमै नियमित रूपमा वित्तीय जानकारी इकाई तथा सम्बन्धित अनुसन्धानकारी निकायहरू तथा विभागमा प्रतिवेदन समयमै नियमित रूपमा गर्ने।
- घोषणाको वास्तविक समयमै अभिलेखित तथा प्रतिवेदन गर्न ASYCUDA System मा रहेको Currency Module को प्रभावकारी प्रयोग गर्नु पर्ने।
- मुद्रा तथा धारक विनिमेय अधिकार पत्रको घोषणा सँग सम्बन्धित विषयमा विदेशी समकक्षी निकायहरूसँग सूचना आदानप्रदानको लागि समन्वयात्मक प्रबन्ध गर्ने तर्फ सोच्नु पर्ने समेत दखिन्छ।

## १०. सारांश

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी विश्वका सबै देशको साझा समस्याको रूपमा रहेको छ। यसको निवारणको लागि सामूहिक रूपमा कार्य गर्नु विश्वका सबै राष्ट्रहरूको दायित्व हो। देश भित्र पनि कुनै एउटा निकाय मात्रको कार्य र जिम्मेवारीबाट मात्र यसको निवारण गर्न नसकिने हुँदा government as a whole approach मा सबैले आफ्नो कार्य र जिम्मेवारी बहन गरेमा अवश्य पनि सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी जस्ता आपराधिक गतिविधिबाट वित्तीय प्रणालीलाई सुरक्षित गरी मुलुकभित्र आपराधिक गतिविधि घटाउन, समाजमा शान्ति सुव्यवस्था, सुशासन प्रवर्द्धन गर्न तथा अन्तर्राष्ट्रियस्तरमा मुलुकको साख र छवि बढाई अन्तर्राष्ट्रिय व्यापारलाई सहज र लागत प्रभावी बनाउनुका साथै प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने लगायतका कार्यहरू प्रवर्द्धन गर्नमा सहयोग पुग्न गई विकास र समृद्धि हासिल गर्नमा सहयोग पुऱ्याउन सकिने दखिन्छ।

**सन्दर्भ सामग्री**

FATF Recommendations २०१३ (Updated २०२३),

FATF Methodology, २०१३ (Updated २०२४)

Nepal, Mutual Evaluation Report, September, २०२३, APG

Mutual Evaluation Report of Nepal (१st Follow Up Report), June, २०२४

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४

सम्पत्ति पत्रिका (Anti-Money Laundering Journal) वर्ष '११, अङ्क — ९, पुस २०८०

https://www.unodc.org/unodc/en/money-laundering/overview.html

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्य योजना २०८१/८२'२०८५/८६

United Nations Convention Against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substances, १९८८ (Vienna Convention)

United Nations Convention against Transnational Organized Crime, २००० (Palermo Convention)

# सम्पत्ति शुद्धीकरण निवारणमा भन्सार प्रशासनको भूमिका

✍ पंकज भूर्तेल ◆

## १. विषय सन्दर्भ

विश्व व्यापार सङ्गठनको टेन्टाकल परियोजना (Project TENTACLE) को आयोजनामा गत अप्रिल २०१४ मा फिजीको सभामा आयोजित Sub-Regional workshop on Anti- Money Laundering and Counter – Terrorism Financing Program (AML-CTF)" मा सहभागी हुने अवसर प्राप्त भयो। एशिया प्रशान्त क्षेत्रका विभिन्न देशहरूका भन्सार प्रशासन, प्रहरी तथा वित्तीय जानकारी इकाईबाट ७४ जनाको सहभागिता रहेको यस कार्यशालाको मुख्य उद्देश्य सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्न विश्वव्यापी समन्वय र साझेदारी निर्माण गर्नु थियो। यस कार्यशाला पश्चात् सहभागी मुलुकहरूका भन्सार प्रशासनको अगुवाइमा भन्सार, प्रहरी र वित्तीय जानकारी इकाईहरू बिच समन्वय र सहकार्यमा दुई महिना सम्म Operation Tentacle नामक अभियान सञ्चालन गरियो। यस अन्तर्गत अन्तरदेशिय नगद तथा बहुमूल्य धातुहरूको ओसारपसार नियन्त्रणको प्रयास गरिएको थियो। यस अभियानबाट सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणमा भन्सार प्रशासनले खेल्न सक्ने महत्त्वपूर्ण भूमिका स्पष्ट भयो। यसै सन्दर्भमा, यस आलेखमा उक्त कार्यक्रमको आलोकमा सम्पत्ति शुद्धीकरणको सैद्धान्तिक पक्ष तथा नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा भन्सार प्रशासनको भूमिका सम्बन्धमा विवेचना गर्ने प्रयास गरिएको छ।

## २. सम्पत्ति शुद्धीकरणको सैद्धान्तिक पक्ष

### २.१ सम्पत्ति शुद्धीकरण

सम्पत्ति शुद्धीकरण भनेको गलत तथा गैर कानुनी तरिकाबाट आर्जित सम्पत्तिको स्रोत लुकाई छिपाई यसलाई वैध स्रोतबाट प्राप्त भएको जस्तो देखाउन गरिने कार्य नै सम्पत्ति शुद्धीकरण हो। यस अन्तर्गत आपराधिक कार्यहरू जस्तै भ्रष्टाचार, लागू पदार्थ ओसारपसार, कर छली, चोरी, डकैती, किर्ते, ठगी लगायतबाट प्राप्त सम्पत्तिको स्रोत (Illicit Source) लुकाउने, सम्पत्तिको स्वरूप परिवर्तन गर्ने जस्ता कार्यहरू गरी यसलाई शङ्कारहित बनाउँदै मुलुकको वित्तीय प्रणालीमा मिसाई वैध सम्पत्ति बनाउने कार्य पर्दछ। संयुक्त राष्ट्र सङ्घले सम्पत्ति शुद्धीकरणलाई Concealing or disguising the illicit origin of assets to legitimize its use भनेको छ भने Financial Action Task Force (FATF) ले यसलाई the processing of criminal proceeds to disguise their illicit origin भनी परिभाषित गरेको छ।

पछिल्लो समयमा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी कार्यमा वित्तीय लगानीलाई सँगसँगै हेरिने गरिएको छ यद्यपि यी दुईमा केही भिन्नता छ। सम्पत्ति शुद्धीकरण आपराधिक कार्यबाट आर्जित सम्पत्तिलाई वैध तुल्याउनु

◆ निर्देशक, भन्सार विभाग

हो भने आतङ्कवादी कार्यमा वित्तीय लगानी भनेको आर्जित सम्पत्तिलाई आतङ्कवादी क्रियाकलापमा लगानी गर्नु हो। यसलाई साधारण बोलीचालीमा AML/CFT भन्ने गरिन्छ। सम्पत्ति शुद्धीकरण ऐन २०६४ ले आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति र आतङ्ककारी सङ्गठनलाई स्पष्टसँग परिभाषित गरेको छ।

## २.२ सम्पत्ति शुद्धीकरणका चरणहरू

सामान्यतया अवैध सम्पत्ति शुद्धीकरण गर्न अपराधीहरूले निम्न तीन चरणहरू अवलम्बन गर्ने गर्दछन्:

(क) Placement: अवैध स्रोतबाट प्राप्त सम्पत्तिलाई मुलुकको वित्तीय प्रणालीमा प्रवेश गराउने कार्य। जस्तै: नगदलाई बैङ्कमा जम्मा गर्ने, घर जग्गामा लगानी गर्ने, सुनचाँदी जस्ता बहुमूल्य चिजहरू खरिद गर्ने, नगद तस्करी गरी अन्तर्राष्ट्रिय सीमा पार गर्ने जस्ता कार्यहरू पर्दछन्।

(ख) Layering: धनको अवैध स्रोत लुकाउन विभिन्न जटिल वित्तीय कारोबारहरू गर्ने। जस्तै: धेरैवटा बैङ्क खाताहरूमा पैसा ट्रान्सफर गर्ने वा धेरै बैङ्क खाताहरू खोली ती खाताहरूमा रूपैयाँ जम्मा गर्ने, विभिन्न मुद्राहरूमा परिवर्तन गर्ने, सेल कम्पनीहरू खडा गर्ने आदि। यो चरणमा मुख्यतया आपराधिक कार्य र सम्पत्ति बिचको कडि तोड्ने प्रयास गरिन्छ।

(ग) Integration: पहिलो र दोस्रो चरणका कार्यहरू मार्फत "स्वच्छ" भएको सम्पत्तिलाई पुन वित्तीय प्रणालीमा प्रवाहित गर्ने। जस्तै: वैध व्यवसायमा लगानी गर्ने, वैध स्रोत देखाइ व्यक्तिगत खातामा सम्पत्ति जम्मा गर्ने, बहुमूल्य सामान तथा हिरा जवाहरात आदि खरिद गर्ने आदि।

## ३. सम्पत्ति शुद्धीकरण गर्न अपनाइने तरिकाहरू:

सम्पत्ति शुद्धीकरणका लागि Placement, Layering र Integration का चरणहरू पार गर्दै अवैध रूपमा आर्जित सम्पत्तिलाई वैध बनाउन अपराधीहरूले विभिन्न उपायहरू अवलम्बन गर्दछन। यी उपायहरू अवलम्बन गर्नबाट रोक्न भन्सार प्रशासनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। सम्पत्तिको अवैध स्रोत लुकाउन गरिने उपायहरू मध्ये केही उपायहरू निम्नानुसार छन्

**३.१ व्यापारमा आधारित सम्पत्ति शुद्धीकरण** (Trade Based Money Laundering): अन्तर्राष्ट्रिय व्यापारिक कारोबार मार्फत वस्तु तथा सेवाको मूल्य, परिमाण र गुणस्तर फरक देखाएर अवैध धनलाई पुऱ्याइ वैध बनाउने काम। यस अन्तर्गत निम्न उपायहरू पर्दछन्:

- मालवस्तुको अधिक र न्यून बिजक जारी गर्ने
- एउटै shipment का लागि धेरै बिजकहरू जारी गर्ने
- झुठा र नक्कली व्यावसायिक कागजातहरू बनाउने

३.२ **स्ट्रक्चरीङ्ग**(Structuring): बैङ्क तथा वित्तीय प्रणालीको राडारबाट जोगिने उद्देश्यले ठुलो परिमाणको मुद्रालाई स-साना परिमाणमा टुक्र्याई बैङ्क जम्मा गर्ने वा साना साना कारोबारहरू गरी अवैध धनलाई वैध देखाउन खोज्ने। यसको उदाहरण:

- स्रोत देखाउने वा रिपोर्ट गर्नुपर्ने सीमा भन्दा कम परिमाणका धेरै निक्षेप जम्मा गर्ने
- कारोबारलाई धेरै बैङ्क वा खाताहरूमा टुक्र्याउने

३.३ **नगद तस्करी**: नियमनकारी निकायको नजरबाट बचाउन ठुलो परिमाणमा नगदलाई भौतिक रूपमै अन्तर्राष्ट्रिय सीमा पार गर्ने। यस अन्तर्गतका केही उपायहरू निम्नानुसार छन्

- नगदलाई सवारी साधन, लगेज तथा डब्बाहरूमा राखी ओसार्ने
- मालवस्तुको ढुवानी तथा प्याकेजहरूमा लुकाउने

३.४ **क्यासिनो मार्फत सम्पत्ति शुद्धीकरण**: क्यासिनोको प्रयोग गरी जुवा खेली (वा खेले जस्तो गरेर वा खेलेर जितेको देखाएर) सम्पत्ति शुद्धीकरण गर्ने। यसका उदाहरणहरूमा :

- अवैध नगद प्रयोग गरी क्यासिनो चिप्स खरिद गर्ने - कम खेल्ने र ती चिप्स पुन: नगदमा साट्ने
- क्यासिनो खातामा रकम जम्मा गर्ने; पछि सो रकम झिक्ने र जितेको देखाउने

३.५ **घर जग्गामा लगानी**: अवैध स्रोतबाट प्राप्त सम्पत्तिलाई घरजग्गामा लगानी गरी वैध वनाउने।

- घर जग्गा किनबेच गर्ने तथा थैली अङ्क वास्तविक खरिद मूल्य भन्दा बढी वा कम देखाउने
- सेल कम्पनी मार्फत घर जग्गा खरिद गर्ने
- अवैध सम्पत्ति प्रयोग गरी घरको renovation गरी बेच्ने

३.६ **क्रिप्टोकरेन्सी र डिजिटल करेन्सीको प्रयोग**: डिजिटल सम्पत्ति र क्रिप्टोकरेन्सीको प्रयोग गरी सम्पत्तिको स्रोत लुकाउने। यस अन्तर्गत गरिने केही कार्यहरू निम्न छन्

- Crypto currency Tumbler को प्रयोग गरी पहिचान गर्न सकिने (identifiable) crypto currency fund लाई अन्य fund सँग मिसाउने कार्य जसले कारोबारको स्रोत र history लाई अस्पष्ट बनाउने गर्दछ।
- मध्यस्थकर्ता विना नै (peer to peer) कारोबार गर्ने
- Anonymous (बेनामी)crypto wallet को प्रयोग गर्ने

३.७ **सेल कम्पनी र ट्रष्टको प्रयोग**: सम्पत्तिको स्वामित्व र स्रोत लुकाउन जटिल कर्पोरेट संरचना र कानुनी व्यवस्थाको प्रयोग गर्ने। जस्तै:

- सम्पत्तिको स्वामित्व लिने गरी offshore shell company खडा गर्ने
- ट्रस्ट बनाई अवैध सम्पत्ति त्यसैमा राख्ने

३.८ **भरिया (Money Mules)को प्रयोग**: विभिन्न व्यक्तिहरू मार्फत (कतिपय अवस्थामा उनीहरूलाई जानकारी नै नदिई)अवैध रकम ट्रान्सफर गराउने। यसरी प्रयोग हुने व्यक्तिहरूलाई Money Mules भन्ने गरिन्छ। यस्ता मनी म्यूल्स मार्फत गरिने केही कार्यहरू यस प्रकार छन्

- आफ्ना कर्मचारीहरू, आफन्त तथा चिनजानका मानिसहरूलाई उनीहरूको बैङ्क खाता मार्फत रकम पठाउने।
- जागिर दिने नाममा (job scam) व्यक्तिहरूलाई काममा लगाउने।

३.९ **बहुमूल्य वस्तुहरूको लेनदेन**: अवैध स्रोत लुकाउने उद्देश्यले बहुमूल्य वस्तुहरूको खरिद बिक्री कार्यहरू गर्ने। जस्तै:

- अवैध धन प्रयोग गरी विलासी कार, बहुमूल्य हिरा जवाहरात वा उच्च मूल्यका वस्तुहरू खरिद गर्ने
- यी वस्तुहरू पुन: बिक्री गरी वैध व्यापारबाट प्राप्त धनको रूपमा देखाउने।

३.१० **झुट्टा तथा नक्कली कागजातहरूको प्रयोग गर्ने**: कारोबारको झुठो बिजक तथा अन्य डकुमेन्ट तयार गरी अवैध धनलाई वैध बनाउने। यस प्रकारका कार्यहरूमा मुख्य रूपमा निम्न कार्यहरू पर्दछन्:

- हुँदै नभएको मालवस्तुको झुठो बिजक/प्रज्ञापन पत्र/अन्य कागजातहरू जारी गर्ने
- आफूले प्रदान गरेको सेवाको अधिक बिजकीकरण गर्ने

**३.११ अन्य उपायहरू:**

- हुण्डि तथा अन्य अनौपचारिक माध्यमहरू मार्फत रकम ट्रान्सफर गर्ने
- Offshore कम्पनीहरूमा रकम पठाउने
- स्विटजरल्याण्ड, संयुक्त अरब ईमिरात, मरिशश, ब्रिटिस भर्जिन आइल्याण्ड जस्ता लचिलो कर तथा वित्तीय कानुन भएका Tax Haven मुलुकहरूमा रकम ट्रान्सफर गर्ने
- नयाँ बैङ्क नै स्थापना गर्ने वा बैङ्कको व्यवस्थापनमा पहुँच पुर्‍याई अवैध कारोबार निर्मलीकरण गर्ने
- जीवन बिमा तथा अन्य बिमा पोलिशीहरू खरिद गर्ने

सम्पत्ति शुद्धीकरण एक सामाजिक अपराध हो। यसले भ्रष्टाचार तथा सामाजिक अपराध बढाउँछ, अर्थतन्त्रमा विकृति ल्याउँछ, वैध व्यापारलाई निरुत्साहित गर्दछ र राज्य व्यवस्था प्रति जन भरोसा कमजोर बनाउँछ।

तसर्थ सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई निवारण गर्न विश्वव्यापी रूपमा विभिन्न प्रयासहरू भइरहेका छन।

## ४. सम्पत्ति शुद्धीकरण निवारणमा विश्व भन्सार सङ्गठन (WCO) को प्रयास

विश्व भन्सार सङ्गठन विश्वका भन्सार प्रशासनहरू आबद्ध भएको अन्तरसरकारी निकाय हो। यसलेभन्सार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूको निर्माण, वैध अन्तर्राष्ट्रिय व्यापार प्रवर्धन, राजस्व सङ्कलन र तस्करी नियन्त्रण लगायतका क्षेत्रहरूमा भन्सार प्रशासनलाई मार्गदर्शन गर्ने तथा क्षमता अभिवृद्धिका कार्यहरू सञ्चालन गर्दछ। सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण (AML/CFT)को क्षेत्रमा समेत WCO कार्यरत छ। AML/CFT को क्षेत्रमा विभिन्न आयोजना तथा परियोजनाहरू सञ्चालन गरी यस क्षेत्रमा विश्वव्यापी सहकार्य र समन्वय हासिल गर्न प्रयासरत देखिन्छ। सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी न्यूनीकरण गर्न WCO अन्तर्गत हाल सञ्चालित प्रोजेक्टहरू निम्नानुसार रहेका छन्:

(क) Project TENTACLE

(ख) Anti- Money Laundering and Counter-Terrorism Financing (AML-CFT) Program

(ग) FinCRIME Online Library

(घ) Customs-FIU cooperation Handbook.

यी कार्यक्रम र परियोजनाहरू मार्फत WCO ले नगद र बहुमूल्य वस्तुहरूको तस्करी नियन्त्रण तथा अन्तर्राष्ट्रिय एवम् अन्तर निकायगत समन्वयका लागि भन्सार प्रशासनको संस्थागत क्षमता अभिवृद्धि, तालिम तथा अभिमुखीकरण, सूचना आदान प्रदान जस्ता क्षेत्रहरूमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्दै आएको छ। सम्पत्ति शुद्धीकरणको क्षेत्रमा विश्व व्यापार संघको भूमिकालाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ:

- शङ्कास्पद गतिविधि पत्ता लगाउन, वित्तीय प्रवाहको trade based money laundering सँगको सम्बन्धबारे जानकारी प्राप्त गर्न, AML/CFT सँग सम्बन्धित जोखिमहरू पहिचान गर्न संसार भरीका भन्सार प्रशासनलाई प्राविधिक सहयोग तथा तालिम/अभिमुखीकरण गर्ने।
- Trade based money laundering रोक्न WCO ले अस्वाभाविक व्यापारिक कारोबार, न्यून वा अधिक विजकीकरण, वस्तुहरूको गलत वर्गीकरण पत्ता लगाउन समय समयमा विभिन्न मार्गदर्शन तथा असल अभ्यासहरू प्रकाशित गर्ने तथा व्यापारिक कारोबार सम्बन्धी intelligence sharing का लागि Custom Enforcement Network Communication Platform (CENComm) प्रयोगमा ल्याएको।
- FATF, UNODC, RAILO, Egmond group of FIUs, Asia Pacific Group of Money Laundering (APG) जस्ता संस्थाहरू तथा भन्सार प्रशासनहरू बिच सहयोग आदानप्रदानका लागि समन्वय गर्ने।
- वेभमा आधारित Global Information and Intelligence Strategy (GIIS) तथा Customs Enforcement Network (CEN) जस्ता प्लेटफर्महरू मार्फत भन्सार प्रशासनहरू बिच real time data sharing मा सहयोग पुऱ्याएको छ। शंकास्पद गतिविधिहरू, असामान्य कारोबारहरू, शङ्कास्पद cargo तथा यात्रुहरूको सम्बन्धमा

सूचना आदान प्रदानबाट भन्सारका अधिकारीहरूले गैरकानूनी वित्तीय कारोबारहरू नियन्त्रण गर्न सक्दछन्।

## ५. सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको भन्सार प्रशासनको भूमिका

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ मा भएको पछिल्लो संशोधनले सम्पत्ति शुद्धीकरण निवारणमा भन्सार प्रशासनको भूमिका बढाएको छ। भन्सार प्रशासनको कार्यक्षेत्रमा प्रत्यक्ष रूपमा रहने तस्करी (भन्सार, अन्त:शुल्क तथा कर सहित)लाई यस ऐनले सम्पत्ति शुद्धीकरण सम्बन्धी सम्बद्ध कसुर (प्रेडिकेट अफेन्स)अन्तर्गत राखुका साथै कसुर नियन्त्रणमा भन्सार प्रशासनको संलग्नता रहने लागू पदार्थ, हातहतियार खरखजाना, चोरी गरिएको वा अन्य वस्तुको गैर कानुनी ओसारपसारलाई समेत सम्बद्ध कसुर भनेको छ। तसर्थ भन्सार प्रशासन यी वस्तुहरूको cross-border ओसार पसार नियन्त्रणमा प्रयासरत रहनुपर्दछ। सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको भन्सार प्रशासनले देहाय अनुसारको भूमिका निर्वाह गर्न सक्दछ:

५.१ अन्तर्राष्ट्रिय व्यापारलाई मुख्य आधार बनाई गरिने सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering, TBML) को पहिचान र नियन्त्रणमा भन्सार प्रशासनको महत्त्वपूर्ण भूमिका रहन्छ। यस अन्तर्गत मूलत: भन्सार प्रशासनले देहायका कार्यहरू गर्न सक्दछ:

- ***कारोबारको विश्लेषण गर्ने:*** आयातकर्ता वा निर्यातकर्ताले भन्सार कार्यालयमा बुझाएका बिलबिजक, प्रज्ञापन पत्र, उत्पत्तिको प्रमाणपत्र लगायतका कागजातहरूको अध्ययन गरी अधिक वा न्यून बिजकीकरण तथा गलत वर्गीकरण (misclassification) जस्ता कैफियत पत्ता लगाउने।
- ***जोखिम प्रोफाइलिङ्ग गर्ने:*** व्यवसायको प्रकृति, आयातित वस्तुको ओरिजिन, निर्यातित वस्तुको गन्तव्य मुलुक, आयातित वस्तुको प्रकृति, व्यावसायिक फर्म वा व्यक्तिको विगतको इतिहास लगायतका विभिन्न मानकहरूको आधारमा जोखिमको प्रोफाइलिङ्ग गरी शङ्कास्पद कारोबार माथि निगरानी बढाउने।
- वित्तीय जानकारी इकाई तथा अन्य ओभरसाईट निकायहरू सँग निरन्तर ***समन्वय र वित्तीय सूचना प्रदान*** गरी व्यावसायिक कारोबारको वैधानिकताको जाँच गर्ने।

५.२ अपराधीहरूले सम्पत्ति शुद्धीकरणका लागि ठुलो परिमाणमा नगद (Bulk Cash)को सीमापार तस्करी गर्दछन्। भन्सार प्रशासनले यस्तो तस्करी नियन्त्रण गर्न निम्न कार्यहरू गर्नसक्दछ:

- नेपाल राष्ट्र बैङ्क सँग समन्वय गरी नगद घोषणाको थ्रेसहोल्ड निर्धारण गर्ने
- निगरानी क्षमता अभिवृद्धि गरी थ्रेसहोल्ड भन्दा बढी परिमाणको घोषणा नगरिएको नगद जफत गर्ने
- नगद प्रवाहको विश्लेषण गरी प्रवर्तन रणनीतिहरू तय गर्ने

५.३ भन्सार प्रशासनले अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी नियमहरूको पालनाको सुनिश्चितता गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा वित्तीय लगानी हुन सक्ने वस्तुको अवैधानिक प्रवाह रोक्नुपर्दछ। यसका लागि देहायका रणनीतिहरू अवलम्बन गर्न सकिन्छ:

- दोहोरो प्रयोग हुने वस्तुहरूको आयात निर्यातमा विशेष छानबिन गर्ने। यस्ता वस्तुहरूको वैधानिक र अवैधानिक दुवै प्रयोग हुन सक्ने भएकोले आतङ्कवादी तथा अवैधानिक क्रियाकलापमा प्रयोग हुन सक्ने सम्भावना रहन्छ। जस्तै विभिन्न प्रविधिहरू, रसायनहरू आदि।
- आतङ्ककारी क्रियाकलापमा प्रयोग हुन सक्ने वा हतियार वा विस्फोटक पदार्थहरू निर्माणमा प्रयोग हुन सक्ने वस्तुहरूको पहिचान गरी तिनको ओसारपसार रोक्ने।
- शङ्कास्पद गतिविधिहरूको सूचना सङ्कलन तथा आदानप्रदान गरी यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू बिच सहकार्य र समन्वय अभिवृद्धि गर्ने।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संस्थागत क्षमता अभिवृद्धि गर्ने - प्रविधिको जडान र प्रयोग गर्ने, भन्सार कर्मचारीहरूलाई तालिम प्रदान गर्ने तथा अनुसन्धान क्षमता बढाउने।
- WCO तथा FTAF जस्ता संस्थाहरूबाट AML/CFT क्षेत्रमा संस्थागत गरिएका अन्तर्राष्ट्रिय मापदण्ड तथा अभिसन्धिहरूको अनुपालना गर्ने। यसमा ग्राहकको पहिचान (KYC) अन्तर्गत आयातकर्ता, निर्यातकर्ता, एजेन्ट लगायतको वैधानिकता सम्पुष्टि गर्ने, उच्च जोखिम युक्त फर्महरू, कारोबारहरू तथा भौगोलिक क्षेत्रहरूको वृहद पहिचान पद्धति (Enhance Due Diligence) लागू गर्ने जस्ता कार्यहरू पर्दछन।
- अन्तर्राष्ट्रिय व्यापार तथा आपूर्ति श्रृङ्खलामा आबद्ध व्यवसायी, फ्रेट फरवार्डर्स, शिपिङ्ग कम्पनी, बैङ्क तथा वित्तीय संस्थाहरू बिच सहकार्य र साझेदारी गर्दै कारोबार र ढुवानी ऋङ्खलामा देखिएका कमजोरीहरू पहिचान गरी AML/CFT सम्बन्धी प्रावधानहरू लागू गराउने।
- AML/CFT सँग सम्बन्ध हुन सक्ने तथा अवैध तथा गैरकानूनी रूपमा ओसार पसार गरिएको वा प्रयोग भइरहेका वस्तु, मुद्रा तथा सम्पत्तिहरू समात्ने तथा जफत गर्ने।
- भन्सार प्रशासन सँग सम्बन्धित ऐन नियमहरूको पालना गर्दै वस्तुहरूको वर्गीकरण, मूल्याङ्कन तथा जाँचपास विधिसम्मत तथा पारदर्शी रूपमा गर्ने। यस क्रममा देखिएका कैफियतका सम्बन्धमा तत्काल सम्बन्धित निकायमा जानकारी दिने।
- नेपाल जस्तो परम्परागत रूपमा आयात निर्यात गर्ने मुलुकले Related Party Transaction को स्वरूप अध्ययन विश्लेषण गर्ने र Cross-border लगानीका श्रोतहरूको समकक्षीसँगको समन्वयमा परीक्षण गर्ने।

## ६. निष्कर्ष

सम्पत्ति शुद्धीकरण निवारणमा फ्रन्टलाईनमा खटिएर कार्य गर्ने निकाय भन्सार प्रशासन हो। यस क्रममा यसले नगद तथा वस्तुहरूको प्रवाहको नजिकबाट निगरानी गर्ने, कानुनको पालना गर्ने गराउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरू सँग सहकार्य गर्दछ। कानूनी सुधार, प्रविधिको महत्तम प्रयोग, भन्सार ईन्टिलिजेन्सको प्रभावकारिता विस्तार तथा कर्मचारीहरू ज्ञान सीप क्षमता र मनोवृत्तिमा सकारात्मक सुधार ल्याउँदै उनीहरूको क्षमता अभिवृद्धि गरी सम्पत्ति शुद्धीकरण निवारणको यस अभियानमा भन्सार प्रशासनबाट सकारात्मक र ऊर्जाशील भूमिका हासिल हुन सक्दछ।

# अवैध वन्यजन्तु व्यापार नियन्त्रणमा भन्सार प्रशासनको भूमिका

✍ मुक्ति प्रसाद श्रेष्ठ ◆

*लेखसार*

*वन्यजन्तुको अवैध व्यापारले विश्वभरका धेरै जंगली जनावर प्रजातिको अस्तित्व लोप हुने अवस्थामा पुऱ्याएको छ। प्राकृतिक र जैविक स्रोतहरूको विवेकहीन प्रयोगको कारण कतिपय वन्यजन्तुका विभिन्न प्रजाति पुनर्प्राप्ति हुन नसक्ने गरी लोप भइसकेका छन् र कतिपय लोप हुने क्रममा छन्। प्रकृतिमा रहेका साना ठुला सबै जीवजन्तु एक अर्काको अस्तित्व रक्षाको लागि एउटा संयुक्त चक्र वा मालाको रुपमा काम गर्दछन्। यसैलाई पर्यावरणीय चक्र भनिन्छ। जसरी मालाको एउटामात्र फूल डोरीबाट झिकिदिँदा माला विश्रृङ्खलित हुन्छ र मालाको अस्तित्व नै हराउँछ त्यसरी नै प्रकृतिमा रहेका वन र वन्यजन्तुका प्रजाति लोप हुनु भनेको पर्यावरणीय चक्र विश्रृङ्खलित हुनु हो। एक प्रजाति लोप हुनु भनेको अर्को प्रजातिको अस्तित्व पनि खतरामा पर्नु हो।*

*अवैध वन्यजन्तु व्यापार भन्नाले जीवित वन्यजन्तु तथा तिनका अङ्गहरूको गैरकानुनी सङ्कलन, खरिद बिक्री तथा ओसारपसार गर्ने कार्यलाई जनाउँछ। यस्तो अवैध वन्यजन्तुको व्यापार नियन्त्रण गर्ने कार्य भन्सार प्रशासनको सामाजिक संरक्षण एवम् सुरक्षाको कार्यक्षेत्र भित्र पर्दछ। सामाजिक संरक्षण एवम् सुरक्षाको उद्देश्य हासिल गर्न भन्सार प्रशासनले बहुआयामिक भूमिका निर्वाह गर्नु पर्दछ। अवैध वन्यजन्तु व्यापार नियन्त्रण गर्न समयानुकूल नीति, सुदृढ संरचना, आधुनिक प्रविधि, दक्ष जनशक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय बिच सुमधुर समन्वय, प्रभावकारी प्रशासनिक तथा व्यवस्थापकीय कार्य प्रक्रिया आवश्यक पर्दछ। यस्ता विषयहरूमा भन्सार प्रशासनले समयमै ध्यान दिन सकेमा मात्र भन्सार प्रशासनले लिएको समाजको सुरक्षा एवम् वातावरणीय संरक्षणको उद्देश्य हासिल हुने अपेक्षा गर्न सकिन्छ।*

*यस्ता अवैध कार्यको अनुसन्धान पनि निकै चुनौतिपूण हुन्छ। वन्यजन्तु अवैध व्यापार नियन्त्रणका लागि सरोकार निकायको उच्च प्रतिबद्धता र प्रभाकारी कार्यप्रणाली तथा आधुनिक सूचनाप्रविधिको प्रयोग गर्दै बहुदेशीय संयुक्त प्रयासहरूको आवश्यकता पर्छ।*

## १. पृष्ठभूमि

पृथ्वी समग्र प्राणी तथा वनस्पति जगतको एउटै आश्रयस्थल हो। पृथ्वीको सन्तुलन कायम गर्न वन र वन्यजन्तुको संरक्षण आवश्यक छ। प्रकृतिको सृष्टि आफैंमा सन्तुलित र अद्वितीय छ। वन्यजन्तुको संरक्षणले हाम्रो पर्यावरणीय र पारिस्थितिक प्रणाली सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने मात्र नभई हाम्रो आर्थिक, मनोरञ्जनात्मक र सौन्दर्य प्रवर्द्धनको दृष्टिकोणबाट पनि वन्यजन्तु संरक्षण आवश्यक छ। त्यस्तै गरिबी न्यूनीकरण, खाद्य सुरक्षा र जैविक विविधताको संरक्षण सहितको दिगो विकास हासिल गर्नको लागि पनि वन्यजन्तु र वनको संरक्षण गर्नु अपरिहार्य हुन्छ। अर्थात् अवैध वन्यजन्तुको व्यापार नियन्त्रण अति आवश्यक छ। कृषि, बसोबास, औद्योगिक तथा अन्य विकासका अव्यवस्थित गतिविधिहरूले वन्यजन्तुको वासस्थानमा

◆ निर्देशक, भन्सार विभाग

अस्वाभाविक हस्तक्षेप हुँदा वन्यजन्तुहरूको सङ्ख्या बिस्तारै कम हुँदै गएको छ। यसतर्फ सबै सरोकार निकायको ध्यान जानु जरुरी छ।

सामाजिक सुरक्षाको प्रत्याभूतिमा भन्सारको योगदानमा अभिवृद्धि गर्ने छैटौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८/७९-२०८२/८३) को उद्देश्य रहेको छ। त्यस्तै गरी मुलुकमा अवैध व्यापार र हानिकारक मालवस्तुहरूको आवागमनलाई निषेध गर्न मालवस्तुको परिवहन, ढुवानीका साधनहरू र ढुवानीका उपकरणहरू (कन्टेनर, प्यालेट्स, केट्स) उपर निगरानी एवम् नियन्त्रणका अन्य उपाय अवलम्बन गरिएको हुनेछ भन्ने सोही योजनाको उपलब्धि ३ मा भन्सार विभागले नतिजा तथा उपलब्धि किटानी गरेको छ। पारिस्थितिक प्रणालीको संरक्षण गर्न र पृथ्वीमा सबै जीवित प्राणीहरूसँग मिलेर सहअस्तित्वको प्रणाली विकास गर्न अवैध वन्यजन्तु व्यापारको नियन्त्रणमा नेपालको भन्सार प्रशासनको भूमिका समेत महत्त्वपूर्ण रहेको छ।

## २. के हो अवैध वन्यजन्तु व्यापार

अवैध वन्यजन्तु व्यापार भन्नाले जीवित वन्यजन्तु तथा तिनका अङ्गहरू (जस्तै छाला, हड्डी, सिङ, दाँत आदि) वा तिनीहरूका अङ्गबाट बनेका उत्पादनहरूको गैर कानुनी सङ्कलन, खरिद, बिक्री तथा ओसारपसार गर्ने कार्यलाई जनाउँछ। यो कानुनको नजरमा कसुर हो। केही दशक पहिलेसम्म वन्यजन्तुको सिकार वा आखेटोपहारको सङ्ग्रह गैर कानुनी थिएन। मानिसहरू सोखका लागि वन्यजन्तुको सिकार गर्दथे। वन्यजन्तुको सिकार र आखेटोपहारको सङ्ग्रह वा ओसारपसार सामान्य व्यवहार मानिन्थ्यो। तर हाल यस्ता कार्यलाई कानुनले निषेध गरेको छ।

वन्यजन्तु कसुरलाई मुख्य रूपमा दुई भागमा हेर्न सकिन्छ। एउटा वन्यजन्तुको गैर कानुनी सिकार सम्बन्धी कसुर र अर्को वन्यजन्तुको जीवित वा मृत शरीर वा कुनै अङ्गको अवैध खरिद बिक्री सम्बन्धी कसुर। यी दुवै कसुरमा अन्य कसुरमा जस्तो तत्काल नै देखिने गरी व्यक्तिलाई पीडा पुगेको वा नोक्सानी सहनु पर्ने हुँदैन। त्यसैले सरसरती हेर्दा वन्यजन्तु सम्बन्धी कसुरलाई पीडित विहीन कसुर पनि भन्न सकिन्छ तर गहिरिएर हेर्ने हो भने यस्तो अवधारणा दोषपूर्ण देखिन्छ। पर्यावरण वर्तमान पुस्ताले पछिल्लो पुस्तालाई सकुशल हस्तान्तरण गर्ने गरी अघिल्लो पुस्ताबाट पाएको जिम्मेवारी हो। यस अर्थमा वन्यजन्तु सम्बन्धी कसुरको पीडा एक व्यक्ति वा केही व्यक्तिको समूहसम्म मात्र सीमित नरहेर समस्त मानव जातिमा विस्तारित भएको हुन्छ। यसैले यस्तो कसुरलाई आम पीडादायी कसुरको रूपमा बुझ्नु पर्ने हुन्छ।

अवैध वन्यजन्तुको व्यापारसम्बन्धी कसुरलाई ठाउँ केन्द्रित कसुर (Locality Specific Offence) भनिन्छ। वन्यजन्तुको वासस्थान जहाँ हो त्यही गएर त्यसको चोरी सिकार गरिन्छ। वन्यजन्तुको चोरी सिकारको लागि वन्यजन्तुको वासस्थान, चरिचरन, जीवन चक्र जस्ता कुरासँग परिचित हुनु पर्ने हुन्छ र कतिपय वन्यजन्तु विषालु वा हिंस्रक र स्वभावका हुने भएकोले स्थानीय व्यक्ति वा स्थानीय समुदायले मात्र तिनीहरूको बारेमा थाहा पाउने र तिनीहरूसँगको पहुँच स्थापित गर्न सक्ने भएकोले यस्तो चोरी सिकारमा धेरै जसो अवस्थामा स्थानीय जाति वा समुदायको संलग्नता रहेको हुन्छ।

वन्यजन्तुको चोरी सिकार एक ठाउँमा हुन्छ भने त्यसको आखेटोपहारको प्रयोगकर्ता त्यो ठाउँभन्दा धेरै टाढा रहेको हुन्छ। यसैले कसुरको जालो धेरै लामो र धेरै तहमा जेलिएको हुन्छ। एशिया, युरोप, अमेरिका र मध्यपूर्व वन्यजन्तु र आखेटोपहारको ठुलो बजार रहेको मानिन्छ। गहना, औषधी, सजावटको सामान, विलासी पहिरनका साथै कतिपय अन्धविश्वासका कारणले पनि आखेटोपहार महँगो मूल्यमा खरिद बिक्री हुने गरेको पाइन्छ। यस्तो कसुरमा एक दुई जनाको मात्र संलग्नता वा एक देशको सीमा भित्र मात्र सीमित रहदैन। United Nations Office on Drugs and Crime (UNODC) ले वन्यजन्तु सम्बन्धी कसुरलाई अन्तर्राष्ट्रिय सङ्गठित अपराधको सूचीमा राखेको छ। यसैले यो कसुर सङ्गठित अपराधको रूपमा स्थापित भएको कसुर हो।

अवैध वन्यजन्तु व्यापारबाट आर्जन गरिएको गैर कानुनी धनलाई अपराधीहरू कानुनी आर्जन देखाउन शुद्धीकरणको प्रक्रियामा लाग्ने भएकोले यो कसुर सम्पत्ति शुद्धीकरणको कसुरसँग सम्बन्धित कसुर मानिएको छ। सम्पत्ति शुद्धीकरणको सिलसिलामा वन्यजन्तु कसुर पूर्ववर्ती कसुर (Predicate Offence) को रूपमा रहन्छ। यस्ता कसुरमा व्यक्ति प्रत्यक्षरूपले पीडित नहुने हुँदा यो कसुरको अनुसन्धान चुनौतीपूर्ण हुन्छ।

आर्थिक वर्ष २०७९/८० मा वन्यजन्तु अपराधका ५२ वटा मुद्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा दर्ता भएका छन। अघिल्लो आर्थिक वर्षका ६८ गरी जम्मा १२० मुद्दामा ५६ मुद्दा फैसला भई ६४ मुद्दा फैसला हुन बाँकी रहेको आर्थिक वर्ष २०७९/८० को राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको वार्षिक प्रतिवेदनबाट देखिन्छ।

## ३. अवैध वन्यजन्तु व्यापार नियन्त्रणमा अन्तर्राष्ट्रिय प्रयास

अवैध वन्यजन्तु व्यापार नियन्त्रण गर्न अन्तर्राष्ट्रियस्तरमा विभिन्न कानुनी तथा व्यवस्थापकीय प्रयासहरू हुँदै आएका छन्। अवैध वन्यजन्तु व्यापार रोक्न अन्तर्राष्ट्रिय सहकार्य, कानुनी प्रबन्ध र आधुनिक प्रविधिको प्रभावकारी प्रयोग आवश्यक छ। यसका लागि देशहरू अन्तर्राष्ट्रिय सङ्गठनहरूको सक्रिय सहभागिता तथा समन्वयको आवश्यकता हुन्छ।

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि Convention on International Trade in Endangered Species of Fauna and Flora, १९७३ महत्त्वपूर्ण अन्तर्राष्ट्रिय कानुनी दस्तावेज हो। नेपाल यो महासन्धिको पक्ष राष्ट्र हो। यो महासन्धिले सङ्कटापन्न एवम् लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिको संरक्षण गर्ने, वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने मूल उद्देश्य राखेको छ। यसले दुर्लभ लोपोन्मुख, वन्यजन्तु, वनस्पति वा सोको नमुना अनुमति नलिई खरिद बिक्री गर्न, आफूसँग राख्न, प्रयोग गर्न, रोप्न, हुर्काउन, ओसारपसार गर्न वा निकासी वा पैठारी गर्न गराउन नपाइने व्यवस्था गरेको छ।

जैविक विविधताको संरक्षणका लागि Convention on Biological Diversity सन्धि सन् १९९३ मा लागू भएको थियो। यसले वन्यजन्तुको अवैध शोषण रोक्न मुख्य उद्देश्य लिएको छ। यसले मुख्यतः जैविक

विविधताको संरक्षण, दिगो उपयोग र यस्ता जैविक स्रोतहरूको प्रयोगबाट हुने लाभमा न्यायोचित र समन्यायिक बाँडफाँडमा ध्यान दिएको पाइन्छ।

United Nations Office on Drugs and Crime ले सङ्गठित अपराधसँग सम्बन्धित वन्यजन्तु तस्करी नियन्त्रण गर्न सहायता प्रदान गर्दै आएको छ। त्यस्तै INTERPOL ले अवैध वन्यजन्तु व्यापारमा संलग्न आपराधिक नेटवर्कमाथि अनुसन्धान र कारबाही गर्न सहायता पुऱ्याउने काम गर्दै आएको छ।

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (United Nations Convention against Corruption, २००३) को धारा २३ ले कुनै कसुरबाट प्राप्त रकमलाई शुद्धीकरण गर्ने कार्यलाई कसुर घोषित गरिनु पर्ने भन्ने व्यवस्था गरेको छ। पूर्ववर्ती कसुर (Predicate Offence) मा संलग्न कसुरदारलाई बचाउने उद्देश्यले पूर्ववर्ती कसुरको प्रतिफल स्वरूप प्राप्त रकमलाई रूपान्तरण गर्ने, स्थानान्तरण गर्ने कार्यलाई कसुर मान्ने गरी पक्ष राष्ट्रले आफ्नो देशको कानुन बनाउनु पर्ने हुन्छ।

विश्व भन्सार सङ्गठनद्वारा सुरु गरिएको INAMA परियोजनाले गैर कानुनी वन्यजन्तु व्यापार नियन्त्रण गर्न तथा CITES को प्रभावकारी कार्यान्वयन गर्न भन्सार प्रशासनलाई सहयोग पुऱ्याउने उद्देश्य लिएको छ। विशेष गरी सर्बसहारा अफ्रिकी मुलुकहरूको भन्सार प्रशासनलाई सक्षम बनाउँदै, गैर कानुनी वन्यजन्तु व्यापार रोक्न र CITES नियमहरूको पालना गर्न सशक्त बनाउने उद्देश्यका साथ यो परियोजना सञ्चालनमा आएको थियो।

## ४. अवैध वन्यजन्तु व्यापार नियन्त्रण सम्बन्धी विद्यमान व्यवस्था

### ४.१ नीतिगत व्यवस्था

नेपालले सन् १९७५ बाट साईटिस महासन्धिको पक्ष राष्ट्र भई काम गर्दै आएको छ। पक्ष राष्ट्र भए पश्चात् नेपालले वन्यजन्तुको संरक्षण एवम् सुरक्षा गर्ने र अवैध व्यापार नियन्त्रण गर्ने लगायतका यस महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्दै आइरहेको छ। भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि तथा Convention on Biological Diversity जस्ता सन्धिको पनि नेपाल पक्ष राष्ट्र रहेको छ।

नेपालको संविधानले अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशको प्राकृतिक स्रोत साधन लगायत समग्र जैविक विविधताको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो उपयोग गर्ने विषयलाई राज्यको नीतिको रूपमा स्वीकार गरेको छ।

संविधानको धारा ५१ मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धमा वन, वातावरण र वन्यजन्तुको संरक्षणको लागि निम्न नीतिहरू अवलम्बन गरेको छ;

- जनसाधारणमा वातावरणीय स्वच्छतासम्वन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने,
- वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्ने,

- प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने र वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नु पर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने।

अवैध वन्यजन्तु व्यापार नियन्त्रणका लागि नेपालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन २०७३, वन ऐन २०७६, वातावरण संरक्षण ऐन २०७६, निकासी पैठारी नियन्त्रण ऐन २०१३ जस्ता ऐन कार्यान्वयनमा रहेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३०, वन्यजन्तु आरक्ष नियमावली २०३४, हिमाली राष्ट्रिय निकुञ्ज नियमावली २०३६, संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०५३, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली २०७६, वातावरण संरक्षण नियमावली २०७७ जस्ता नियमावली पनि कार्यान्वयनमा रहेका छन। यिनै ऐन नियमावलीका आधारमा नेपालमा वन्यजन्तुसम्बन्धी कसुरको अनुसन्धान, अभियोजन र किनारासमेत अर्धन्यायिक निकायबाट गरिँदै आएको छ।

## ४.२ संरचनात्मक व्यवस्था

नेपालमा संरक्षित क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापन र संरक्षित क्षेत्रमा रहेका वन्यजन्तु एवम् वनस्पतिको संरक्षण गर्ने गराउने जिम्मेवारी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको रहेको छ। यस विभागले वन्यजन्तुको सिकार, वन्यजन्तु विरूद्धका गतिविधि एवम् वन्यजन्तुको आखेटोपहारको व्यापार तथा ओसार पसारको नियन्त्रण गर्ने कार्य गर्दछ।

नेपाल सरकारले वन्यजन्तुको व्यवस्थापन निकायका रूपमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वैज्ञानिक निकायको रूपमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको प्राकृतिक विज्ञान सङ्ग्रहालय तथा वनस्पतिको व्यवस्थापन निकायको रूपमा वन विभाग र वैज्ञानिक निकायको रूपमा वनस्पति विभागलाई तोकेको छ। साईटिसमा सूचीकृत भएका वन्यजन्तु र वनस्पतिको निकासी र पैठारी गर्दा व्यवस्थापन निकायले वैज्ञानिक निकायको सिफारिसको आधारमा निर्णय गर्नु पर्ने व्यवस्था छ।

वन्यजन्तु तर्फको वैज्ञानिक निकायको रूपमा रहेकोले यसले साइटिस महासन्धिमा व्यवस्था भए अनुसार यसको कार्यान्वयनमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई आवश्यक वैज्ञानिक एवम् प्राविधिक राय सुझाव उपलब्ध गराउने, विभिन्न प्रजातिका वन्यजन्तुको पहिचान र वर्गीकरण सम्बन्धी निर्णय गर्ने जस्ता कार्य गर्दछ।

वनस्पति विभाग वनस्पति तर्फको वैज्ञानिक निकाय हो। वनस्पति सम्बन्धी वैज्ञानिक निकाय भएकोले यसले वनस्पतिका सम्बन्धमा वन विभागलाई विभिन्न प्राविधिक राय सल्लाह र सुझाव उपलब्ध गराउने कार्य गर्दछ। यस निकायले विभिन्न प्रजातिका वनस्पतिको पहिचान र वर्गीकरणको निर्णय गर्ने कार्य समेत गर्दछ।

नेपालका विभिन्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूमा वन्यजन्तु तथा वन्य सम्पदाको सुरक्षाको लागि नेपाली सेना तैनाथ रहेको छ। दुर्लभ वन्यजन्तुको अवैध व्यापार गर्ने कार्यमा नेपाली सेना कटिबद्ध रहँदै आएको छ। निकुञ्ज तथा आरक्ष क्षेत्र भित्र र वरपर वन्यजन्तु विरूद्धको गतिविधि एवम् अपराध प्रभावकारी रूपमा नियन्त्रण गर्न र त्यस्ता कार्यमा संलग्न व्यक्तिहरूको निगरानी तथा पक्राउ गरी दुर्लभ वन्यजन्तुको अवैध व्यापार नियन्त्रणमा नेपाली सेनाले महत्त्वपूर्ण भूमिका निभाइरहेको छ।

दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अवैध व्यापारको नियन्त्रणको लागि प्रहरीको अहम भूमिका देखिन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थल एवम् अन्तर्राष्ट्रिय सीमा सुरक्षा चौकीहरूमा प्रहरीहरू तैनाथ रहने र त्यस्ता चौकीहरूको कार्य क्षेत्र भित्रका स्थानहरू तथा सीमा क्षेत्रहरूमा प्रतिबन्धित वन्यजन्तु तथा वनस्पति ओसारपसार नियन्त्रण र रोकथाम गर्नमा प्रहरीको भूमिका व्यापक र महत्त्वपूर्ण रहेको छ।

अन्तर्राष्ट्रिय विमानस्थल तथा भन्सार नाकाहरूमा भन्सार कार्यालयहरू रहने व्यवस्था छ। ती नाकाहरूबाट विभिन्न प्रकारका सामानहरूको आयात एवम् निर्यात हुने र सोको जाँच र भन्सार महसुल उठाउने काम भन्सार प्रशासनले गर्दछ। त्यस्ता क्षेत्र वा नाकाबाट हुन सक्ने दुर्लभ वन्यजन्तु तथा वनस्पति वा तिनका अङ्ग प्रत्यङ्गको गैर कानुनी ओसार पसारको निगरानी, रोकथाम र नियन्त्रणमा भन्सार प्रशासनको महत्त्वपूर्ण भूमिका रहन्छ।

हुलाक कार्यालयहरूले एक ठाउँबाट अर्को ठाउँमा चिठ्ठीपत्र लगायत विभिन्न वस्तुहरू शुल्क लिई ल्याउने लैजाने आदि कार्य गर्ने गर्दछन्। ओसारपसार बिक्री वितरण गर्न निषेधित गरिएका वन्यजन्तु, वनस्पति वा तिनका कुनै अङ्ग प्रत्यङ्ग हुलाकबाट निकासी पैठारीलाई अनुगमन गर्न र नियन्त्रणका लागि हुलाक प्रशासनले महत्त्वपूर्ण भूमिका निभाउन सक्ने देखिन्छ।

पुरातात्त्विक सामानहरूको विदेशमा निकासीको निमित्त सिफारिसका तथा परीक्षणको लागि प्राप्त हुँदा साइटिसमा सूचिकृत विभिन्न वन्यजन्तु तथा वनस्पति वा तिनीहरूका अङ्ग वा भागहरू ती सामानहरूमा समावेश भए नभएको हेर्ने दायित्व पुरातात्त्विक विभागको रहन्छ। पुरातात्त्विक सामानसँग मिसाई दुर्लभ वन्यजन्तु तथा वनस्पतिका अङ्ग वा भागहरू अन्तर्राष्ट्रिय बजारमा पुग्न नियन्त्रण गर्न यस विभागको पनि महत्त्व भूमिका रहेको छ।

दक्षिण एशिया वन्यजन्तु प्रवर्तन नेटवर्कले (SAWEN) यस क्षेत्रका सदस्य देशहरूलाई बढ्दो वन्यजन्तु अपराधविरुद्ध सहकार्य गर्नको लागि एक प्लेटफर्म प्रदान गर्दछ। यसले संस्थागत क्षमता अभिवृद्धि, सदस्य देशहरूबिच ज्ञान विस्तार तथा अनुभव र प्रविधिको आदानप्रदान गर्ने उद्देश्य लिएको छ। उल्लिखित संस्थागत व्यवस्थाका अतिरिक्त महेन्द्र प्रकृति संरक्षण कोष लगायतका राष्ट्रिय तथा विश्व भन्सार सङ्गठन, World Wide Fund for Nature लगायतका अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूले नेपालमा वन्यजन्तु र वनस्पतिको संरक्षण, चोरी सिकारी तथा अवैध व्यापार नियन्त्रणका विभिन्न क्रियाकलापहरूमा सहयोग पुऱ्याउँदै आएका छन्।

प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाघ संरक्षण समिति रहेको छ। अर्थ मन्त्रालय उक्त समितिको सदस्य रहेको छ। वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति

रहेको छ। यसमा पनि अर्थ मन्त्रालय उक्त समितिको सदस्य रहेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण इकाई रहेको छ। यस इकाईमा भन्सार विभागका महानिर्देशक सदस्य रहने व्यवस्था रहेको छ। वन क्षेत्र हेर्ने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको सचिवको संयोजकत्वमा प्रदेश वन्यजन्तु अपराध नियन्त्रण इकाई रहने व्यवस्था रहेको छ। साथै जिल्लामा जिल्ला वन्यजन्तु अपराध नियन्त्रण इकाई रहने व्यवस्था रहेको छ।

## ५. वन्यजन्तुको आयात निर्यातको अवस्था

वन्यजन्तुको विश्वव्यापी व्यापार प्रत्येक वर्ष २० अरब अमेरिकी डलर भन्दा बढी भएको अनुमान छ। त्यसमध्ये कम्तीमा ३० प्रतिशत व्यापार अवैध रूपमा हुने गरेको छ। अवैध व्यापारहरू मध्ये वन्यजन्तुको अवैध अन्तर्राष्ट्रिय व्यापार लागू पदार्थको अवैध व्यापार पछि दोस्रो स्थानमा आउँछ। गैंडाको खाग एक किलोको २६ हजार अमेरिकी डलर भन्दा बढी मूल्यमा बिक्री हुन सक्ने अनुमान छ। त्यसैले यस्ता वन्यजन्तुका अङ्गहरू महँगो मूल्यमा अन्तर्राष्ट्रिय कालो बजारमा बिक्री हुन्छन्।

Harmonized System Code एक अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त कोडिङ प्रणाली हो, जसलाई वस्तुहरू वर्गीकृत गर्न र अन्तर्राष्ट्रिय व्यापारको सहजीकरण गर्न प्रयोग गरिन्छ। Harmonized Commodity Description and Coding System को संक्षिप्त रूप नै HS हो। यो प्रणालीलाई विश्व भन्सार सङ्गठनले विकास गरेको हो। यसै हार्मोनाइज कोडको भाग एकमा जीवित जनावरहरू, भाग दुईमा मासु र खाने योग्य मासुको अङ्गहरू, भाग तीनमा माछा र शङ्खधारी तथा अन्य जलीय जीवहरू, भाग ४ मा दुग्ध उत्पादन, चराहरूका अण्डा, प्राकृतिक मह, जनावरको उत्पत्तिका खाने योग्य उत्पादनहरू र भाग पाँचमा जनावरको अन्यत्र वर्गीकृत नगरिएका उत्पादनहरू पर्दछन। वन्यजन्तुको व्यापार अवैध हुने भएकाले यसको आयात निर्यातको तथ्याङ्क भन्सार विभागमा हुदैन। भन्सार कार्यालयबाट कानुनबमोजिम हुने वन्यजन्तुको आयात र निर्यातको आकार भने त्यति ठुलो छैन। पछिल्लो पाँच आर्थिक वर्षमा भन्सार कार्यालयबाट भएको केही जीवजन्तु तथा तिनीहरूको उत्पादनको आयात निर्यातलाई देहायबमोजिम तालिकामा देखाइएको छ।

आयात भएका जीवित जनावरहरू विवरण (सङ्ख्यामा)

| क्रसं | जनावरको नाम | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ |
|---|---|---|---|---|---|---|
| १ | जीवित घोडा, गधा, खच्चर र गधाहरू | २४५ | ४ | - | ४ | - |
| २ | जीवित गाईको प्रजाति | १ | - | ७ | १०८ | १५ |
| ३ | जीवित भेडा र बाखा | १२५०३ | १३८३५ | ५१००७ | - | १०११ |
| ४ | जीवित कुखुरा, हाँस, हाँसका चल्ला | १०४८४०० | १३६८४७८ | ९५१००३ | २०७२८९ | ३९११०२ |
| ५ | अन्य जीवित जनावरहरू | ३९० | ४३७ | ७५५ | ५५६ | ५६३ |

स्रोतः भन्सार विभाग

## निर्यात भएका जीवित जनावरहरूको विवरण (सङ्ख्यामा)

| क स | जनावरको नाम | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
|---|---|---|---|---|---|---|
| १ | जीवित गाईको प्रजाति | ३९४४ | - | - | - | १५ |
| २ | जीवित भेडा र बाखा | - | - | - | - | १०११ |
| ३ | जीवित कुखुरा, हाँस, हाँसका चल्ला) | - | - | - | - | ३९११०२ |
| ४ | अन्य जीवित जनावरहरू | - | - | २ | ३ | ५६३ |

स्रोतः भन्सार विभाग

## जनावरजन्य मासुको आयातको विवरण (रकम हजारमा)

| क्रस | मालवस्तुको नाम | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
|---|---|---|---|---|---|---|
| १ | गाईको मासु, ताजा वा चिसो बनाएको | १३९ | | | | |
| २ | गाईको मासु, फ्रिजमा राखेको | १२४२४ | २५२८० | ३२१४७ | ६२६८ | |
| ३ | सुँगुरको मासु, ताजा, चिसो, वा जमाइएको | १९३९२ | | ३३२६ | | |
| ४ | भेडा वा बाखाको मासु, ताजा, चिसो, वा जमाइएको | १४६२४ | ३०१२ | १०८०६ | १३४३१ | ८२०० |
| ५ | कुखुराको मासु, ताजा, चिसो, वा जमाइएको | ११०७७ | २५०६ | | ५१४४ | |
| ६ | सुकेको मासु | २३६८ | ४६५ | १५ | ५ | ६४ |

स्रोतः भन्सार विभाग

## जनावरजन्य मासुको निर्यातको विवरण (रकम हजारमा)

| क्रस | मालवस्तुको नाम | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
|---|---|---|---|---|---|---|
| १ | गाईको मासु, ताजा वा चिसो बनाएको | १२०० | - | - | - | - |
| २ | गाईको मासु, फ्रिजमा राखेको | ३८३८६ | १०५६१ | १३२०८ | १४०५४ | - |
| ३ | सुँगुरको मासु, ताजा, चिसो, वा जमाइएको | - | | ४८४८ | - | - |
| ४ | भेडा वा बाखाको मासु, ताजा वा जमाइएको | - | - | - | - | ८२०० |
| ५ | जनावरहरूको खानेयोग्य आन्तरिक अङ्गहरू | - | - | - | १८२५ | - |
| ६ | कुखुराको मासु, ताजा, चिसो, वा जमाइएको | ५९ | - | - | | - |
| ७ | सुकेको मासु | २०३८ | - | - | ११८५ | ६४ |

स्रोतः भन्सार विभाग

माछा र समुन्द्री उत्पादनहरूको आयातको विवरण (रकम हजारमा)

| नाम | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| जीवित माछा | ५४२२३८ | ३४०६९ | ९६६२ | ११६३४ | २१९७७ |
| ताजा वा चिसो माछा | ८७४४४४ | १३५००६० | ९५८९६५ | ४६२२१५ | १५७५६० |
| जमाइएको माछा | ३९९१ | १०८८३ | १९०७५ | १२४४०९ | ८१८६१० |
| माछाको फेलेक र अन्य मासु | १६६३११ | ६७०३९ | १९३९४८ | ३१९२५७ | २०३४६५ |
| सुकेको तथा नुन हालिएको माछा | १३५३०५ | १९७६९५ | ११०२९९ | १९९०० | ५२३६३ |
| ककड़ा, झिंगेमाछा जस्ता जनावरहरू | ४२१७७ | ३०९९८ | ५३२३२ | ८०२७० | ८६९८० |
| शङ्ख, घोंघा, आदि | ६६७ | ७३१२ | १३९६ | १२७२९ | ९२५५ |

स्रोतः भन्सार विभाग

माछा र समुन्द्री उत्पादनहरूको निर्यातको विवरण (रकम रूपैयाँमा)

| क्र स | माछा र तिनीहरूको उत्पादन | ०७६/ ७७ | ०७७/ ७८ | ०७८/ ७९ | ०७९/ ८० | ०८०/८१ |
|---|---|---|---|---|---|---|
| १ | जीवित माछा | - | - | - | - | २१,९७७,४९२ |
| २ | ताजा वा चिसो माछा | - | - | - | - | १५७,५६०,१०५ |
| ३ | जमाइएको माछा | - | - | - | - | ८१८,६१०,६२० |
| ४ | माछाको फेलेक र अन्य मासु | - | - | - | - | २०३,४६५,४८३ |
| ५ | सुकेको, नमक हालिएको माछा | - | - | - | - | ५२,३६३,७९२ |
| ६ | ककड़ा, झिंगेमाछा जस्ता जनावरहरू | - | - | २३७ | - | ८६,९८०,७६१ |
| ७ | शङ्ख, घोंघा, आदि | ३३३,५७० | - | ७०७ | ४४८,५७० | ९,२५५,८४५ |

स्रोतः भन्सार विभाग

## ६. अवैध वन्यजन्तु व्यापार नियन्त्रणमा भन्सार प्रशासनको भूमिका

सामाजिक संरक्षण एवम् सुरक्षाको उद्देश्य हासिल गर्न भन्सार प्रशासनले बहु आयामिक भूमिका निर्वाह गर्नु पर्दछ। भन्सार प्रशासनले सामाजिक सुरक्षा अन्तर्गत अवैध व्यापार नियन्त्रण, समाजलाई नकारात्मक असर गर्ने मालवस्तुको नियन्त्रण गर्ने र पर्यावरण संरक्षणका लागि Green Customs Initiatives कार्यान्वयन गर्ने लगायतका कार्यहरू गर्दै आएको छ। अवैध वन्यजन्तु व्यापार नियन्त्रण गर्ने समयानुकूल नीति, सुदृढ संरचना, आधुनिक प्रविधि, दक्ष जनशक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र प्रभावकारी प्रशासनिक तथा व्यवस्थापकीय कार्य प्रक्रिया आवश्यक पर्दछ। यस्ता विषयमा भन्सार प्रशासनले ध्यान दिँदै निम्नानुसारको भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सके मात्र भन्सार प्रशासनले लिएको समाजको संरक्षण एवम् सुरक्षाको उद्देश्य हासिल गर्न सकिनेछ।

## ६.१ नीतिगत भूमिका

भन्सार प्रशासनको छुटै अवैध वन्यजन्तु व्यापार नियन्त्रण नीति, रणनीतिक योजना, तथा कार्यनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। यसका लागि भन्सार विभागको प्रमुख भूमिका हुन्छ।

अवैध वन्यजन्तु व्यापारका जोखिम सूचकलाई समेत ध्यान दिनै मालवस्तुको जाँचपासको लागि रेड, ग्रिन तथा यलो लेन तोकिने व्यवस्था गरिनु पर्दछ। यसमा भन्सार विभागको जोखिम व्यवस्थापन शाखाले उल्लिखित सूचकहरूको गहन विश्लेषण गरी समय समयमा परिमार्जन गरी जाँचपासका लागि लेन निर्धारण गर्ने कार्य गर्नु पर्दछ।

अवैध व्यापारका तथ्याङ्क तथा तथ्यहरू वन्यजन्तु व्यवस्थापन तथा वैज्ञानिक निकायलाई उपलब्ध गराई अवैध व्यापारको प्रवृत्ति विश्लेषण गरी विद्यमान कानुनी व्यवस्था संशोधन तथा नयाँ कानुन निर्माणमा भन्सार प्रशासनको सहयोगी भूमिका रहन्छ।

## ६.२ नियन्त्रणात्मक तथा अनुगमनकारी भूमिका

दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि साइटिसको प्रभावकारी कार्यान्वयन गर्ने प्रमुख निकायमा भन्सार प्रशासन पनि एक हो। निकासी हुन लागेका वा पैठारी भएका विभिन्न वन्यजन्तु, वनस्पति र सोसँग सम्बन्धित वस्तुहरूका सम्बन्धमा भन्सार प्रशासनले सूक्ष्म ढङ्गबाट विश्लेषण गरी सबै नाकाहरूमा सम्बन्धित कार्यालयले यस्ता विषयलाई समेत ध्यान दिँदै नियमित गस्ती गर्ने गर्नु पर्दछ।

अवैध वन्यजन्तु व्यापारले जैविक विविधतालाई क्षति पुऱ्याउँछ। भन्सार प्रशासनले सीमापार गरिने अवैध व्यापारको निगरानी गर्दै अवैध गतिविधिहरू पहिचान गर्ने, अवैध मालवस्तु जफत गरी मुद्दा हेर्ने सम्बन्धित निकायमा पेस गर्ने गर्दछ।

भन्सार विभाग तथा सबै भन्सार कार्यालयमा रहेका जोखिम शाखा तथा अनुगमन शाखाले अवैध वन्यजन्तु व्यापारलाई पनि प्राथमिकतामा राखी अवैध वन्यजन्तु व्यापार पहिचान, अनुसन्धान र नियन्त्रणका लागि सहयोगी भूमिका खेल्नु पर्दछ।

संवेदनशील भन्सार नाकाहरू तथा चोरी निकासी पैठारी हुने बाटोहरूमा सीसीटीभी जडान गरी प्रविधिमा आधारित निगरानी बढाउनु पर्दछ। समय समयमा सीमाक्षेत्रमा आधुनिक ड्रोनको प्रयोग गरेर समेत निगरानीलाई प्रभावकारी बनाउन सकिन्छ।

## ६.३ समन्वयकारी भूमिका

अवैध वन्यजन्तु व्यापारको क्षेत्रमा कार्य गर्ने अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग अवैध व्यापार नियन्त्रणका विविध विषयमा सूचना तथा जानकारी आदानप्रदान गर्न नविनतम सूचना प्रणालीको विकास गरी लागू गर्नु पर्दछ। यस्ता अवैध व्यापारको घटनाहरूको अनुसन्धानमा बहुपक्षीय सहयोग आदानप्रदान गरी तस्करीको अन्तर्राष्ट्रिय सञ्जाललाई नष्ट गर्न भन्सार प्रशासनको भूमिका रहन्छ।

अवैध वन्यजन्तु व्यापारमा संलग्न व्यक्तिहरूलाई कडा भन्दा कडा सजाय गर्ने नयाँ कानुनी व्यवस्था गर्न तथा प्रचलित कानुनलाई समय अनुकूल संशोधन गर्नका लागि अवैध वन्यजन्तु व्यवस्थापन गर्ने निकायलाई भन्सार प्रशासनले आवश्यक पृष्ठपोषण दिन सक्दछ।

सीमा नाकाहरूमा अवस्थित छोटी भन्सारहरूबाट यस्तो अवैध व्यापार हुने सम्भावना बढी हुने हुँदा त्यस्ता नाकाहरूमा नियमित गस्ती गर्ने सशस्त्र प्रहरी तथा नेपाल प्रहरीलाई जिम्मेवार बनाउनु पर्दछ।

वन्यजन्तु संरक्षण र अवैध व्यापार नियन्त्रणका लागि कार्य गर्ने सबै सरकारी निकाय निकायबिच समन्वय तथा सहकार्य गरी आवश्यक सूचनाको द्रुत सम्प्रेषण हुने व्यवस्था गरिनु पर्दछ।

नेपालसँग खुला सिमाना भएको भारतबाट यस्ता अवैध गतिविधि हुन सक्ने सम्भावना भएकोले छिमेकी देश भारतसँग विशेष सूचनाको आदान प्रदान तथा सहकार्य गर्न अत्यन्त आवश्यक छ। छिमेकी देश चीनसँग पनि सूचना आदानप्रदान गरी अवैध व्यापार नियन्त्रणमा प्रभावकारी सहकार्य तथा सुमधुर समन्वय हुन आवश्यक छ।

CITES सूचीबद्ध प्रजातिहरूसँग सम्बन्धित अवैध व्यापारको तथ्याङ्क व्यवस्थापन निकायलाई उपलब्ध गराई CITES सचिवालयमा पेस गर्ने वार्षिक प्रतिवेदन तयार गर्न समेत भन्सार प्रशासनले आवश्यक सहयोग गर्न सक्दछ।

## ६.४ प्रशासनिक तथा व्यवस्थापकीय भूमिका

भन्सार जाँचपासमा अत्याधुनिक उपकरण, आर्टिफिसियल इन्टेलिजेन्स, कागजात प्रमाणीकरणका लागि डिजिटल प्रणाली तथा कन्साइन्टमेन्ट ट्र्याकिङ प्रविधि लगायतका नविनतम प्रविधिको उपयोगका गरिनु आजको आवश्यकता हो। जोखिम मूल्याङ्कन र निगरानी कार्यका लागि समयको मागसँगै अत्याधुनिक उपकरणहरू जडान गर्न सकिएन भने अवैध व्यापार नियन्त्रण गर्न असहज हुन सक्छ।

यात्रुहरूको आगमन हुने त्रिभुवन विमानस्थल भन्सार कार्यालय जस्ता कार्यालयमा अहस्तक्षेपकारी निरीक्षण उपकरणहरूको (Nonintrusive Inspection Equipment) जडान गर्ने, जोखिम यात्रुको पहिचानका लागि Advance passenger Information system लागू गर्ने अत्यन्त जरुरी भइसकेको छ। यात्रुबाट हुने अवैध वन्यजन्तुको ओसारपसार रोक्न पनि भन्सार प्रशासन त्यतिकै चनाखो हुनु पर्ने देखिन्छ।

मुख्य भन्सार कार्यालयका भन्सार प्रयोगशालालाई आधुनिकीकरण गरी वन्यजन्तु तथा त्यसका उत्पादनको परीक्षण गरी पहिचान गर्ने सकिने स्तरको गराउनु पर्दछ।

आधुनिक प्रविधि तथा उपकरण सञ्चालन गर्न सक्ने सक्षम कर्मचारीहरूलाई जाँचपासमा खटाउनु पर्दछ। भन्सार अधिकृतहरूलाई वन्यजन्तु पहिचान, तस्करी प्रवृत्ति, र प्रमाणपत्र प्रामाणिकता जाँच्न र तस्करीको नियन्त्रणबारे प्रशिक्षण दिई दक्ष बनाउन भन्सार प्रशासनको भूमिका महत्त्वपूर्ण हुन्छ।

भन्सार विभागको विभागीय संरचनामा वन्यजन्तु व्यापार नियमनका लागि वातावरण सुरक्षा शाखाको स्थापना गरिनुपर्छ। यस शाखालाई अवैध वन्यजन्तु व्यापार नियन्त्रणका सम्बन्धमा भन्सार प्रशासनको केन्द्रीय इकाईको रूपमा अधिकार दिई आवश्यक स्रोत साधनको समेत व्यवस्था गर्नु पर्दछ।

साइटिसमा सूचिकृत प्रजातिहरू ओसार पसार गर्दा व्यवस्थापन निकायबाट जारी गरिएको इजाजत पत्र आवश्यक पर्ने हुनाले निकासी/पैठारी हुन लागेका वन्यजन्तु तथा वनस्पतिहरूको साइटिस इजाजत पत्र छ छैन जाँच्ने, नक्कली इजाजत पत्र प्रयोग गर्न सक्ने हुनाले इजाजत पत्रको छानबिन गरेर मात्र त्यस्ता वस्तुहरू निकासी वा पैठारी गर्न दिने, गैर कानुनी रूपमा प्रक्रिया नपुर्‍याई वा लुकाई छिपाई निकासी पैठारी हुन लागेका वन्यजन्तु वा वनस्पति प्रजातिहरू वा तिनीहरूका अङ्ग वा भागलाई जफत गरी सो सामान सहित अभियुक्तिहरूलाई कानुनी कारबाहीको लागि सम्बन्धित मुद्दा हेर्ने अधिकारी समक्ष बुझाउने कानुनी दायित्व भन्सार कार्यालयहरूको हो।

भन्सार कार्यालयमा पहिचान हुन आएका अवैध व्यापारको तथ्याङ्क व्यवस्थित ढङ्गबाट सङ्कलित तथा सुरक्षित गरी त्यस्ता तथ्याङ्कको विश्लेषण गर्नु पर्दछ। तस्करीका केसहरू तथा जफत गरिएका वस्तुहरूको तथ्याङ्क अभिलेखनका लागि भन्सार विभागले लागू गरेको मुद्दा व्यवस्थापन प्रणालीलाई आवश्यक सुधार गरी प्रभावकारी बनाउनु पर्दछ।

अवैध वन्यजन्तु व्यापार प्रायः अन्तर्राष्ट्रिय सञ्जालहरूसँग जोडिएको हुन्छ। CITES को मापदण्ड पालना र अन्तर्राष्ट्रिय निकायहरूसँग प्रत्यक्ष समन्वय गर्ने तथा विश्व भन्सार सङ्गठनबाट सञ्चालित कार्यक्रम तथा अपरेसनलाई प्रभाकारी रूपमा कार्यान्वयन गर्ने दायित्व पनि भन्सार प्रशासनको हो।

देशभरका सबै भन्सार कार्यालयबाट अवैध व्यापारसँग सम्बन्धी तथ्याङ्क सङ्कलन गरी अवैध व्यापारको तथ्याङ्क र तथ्य, अवैध व्यापारको प्रवृत्ति र त्यसमा भन्सार विभागले समाजको संरक्षण तथा सुरक्षामा गरेको योगदान लगायत विषय समावेश गरी नियमित बुलेटिन प्रकाशन गरिनु पर्दछ।

## ७. निष्कर्ष

नेपाल जैविक विविधतामा धनी देश हो। अवैध वन्यजन्तु व्यापारले नेपालको जैविक विविधतामा गम्भीर चुनौती थपिएको छ। अवैध वन्यजन्तुको व्यापार नियन्त्रण गर्न सकेमात्र जैविक विविधताको संरक्षण गर्न सकिन्छ। यसका लागि भन्सार विभाग अन्तर्गत वातावरण शाखाको स्थापना गरी आधुनिक प्रविधि र दक्ष जनशक्तिको व्यवस्था गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग प्रभावकारी सहकार्य गर्न सकेमा मात्र त्यस्ता समस्या तथा चुनौतीमाथि सफलता हासिल गर्न सकिन्छ। अवैध व्यापारको नियन्त्रण, कानुनी व्यापारको प्रोत्साहन र जैविक विविधताको संरक्षण जस्ता कार्यले नेपालको सामाजिक, आर्थिक र पर्यावरणीय अवस्थालाई मजबुत बनाउँछ। तवमात्र भन्सार प्रशासनको समाजको सुरक्षा तथा वातावरणीय संरक्षण गर्ने उद्देश्य पनि हासिल भएको मानिनेछ। साथै जैविक विविधताको संरक्षणमा अन्तर्राष्ट्रिय रूपमा नेपालको जिम्मेवार राष्ट्रको छवि निर्माण गर्न पनि सहयोग पुग्नेछ। त्यसैले अवैध वन्यजन्तु व्यापार नियन्त्रणमा नेपालको भन्सार प्रशासनले निर्वाह गर्नु पर्ने भूमिकामा भन्सार विभागले शीघ्र आवश्यक कदम चाल्नु पर्ने देखिन्छ।

## अनुसूचीहरू


https://dnpwc.gov.np

https://www.dofsc.gov.np

https://www.worldwildlife.org/publications/2024-wildlife-progress-report

https://www.wwfnepal.org/?382636/WWF-Nepal-Annual-Report-2023

https://www.greencustoms.org

https://lawcommission.gov.np

https://www.wwfnepal.org/?382636/WWF-Nepal-Annual-Report-2023

https://www.interpol.int

Frontline Customs Officers' Guide to Key Multilateral Environmental Agreements, WCO

Training Manual for Customs Officers Second Edition, United Nations Environment Programme

वन्यजन्तु सम्बन्धी कसुरको अनुसन्धान र अभियोजन दिग्दर्शन २०७७

CITES Implementation in Nepal 2010. Department of National Parks and Wildlife Conservation

# मूल्य अभिवृद्धि कर र आयकरमा भन्सार महसुल मूल्याङ्कनबाट पर्ने प्रभाव

✍ रामबहादुर के.सी.◆

## १. विषय प्रवेश

व्यापार सहजीकरण, राजस्व सङ्कलन र सामाजिक सुरक्षा भन्सार प्रशासनका मूलभूत कार्यदिशहरू हुन्। यस अन्तरगत पनि यथार्थ राजस्व सङ्कलन गरी वैध व्यापारलाई प्रोत्साहन र अवैध व्यापारलाई निरुत्साहन गर्दै मुलुकको आर्थिक विकास, समुन्नति र समृद्धि हासिल गर्न योगदान गर्ने प्रमुख निकायका रूपमा भन्सार प्रशासनको भूमिका रहेको छ। यथार्थ राजस्व सङ्कलनको प्रमुख आधार भनेको मूलतः पैठारी गरिने मालवस्तुको भन्सार महसुल निर्धारण नै हो। भन्सार महसुल निर्धारण गर्दा भन्सार दरबन्दी, भन्सार प्रक्रिया र भन्सार मूल्याङ्कनको नियम सङ्गत अनुपालन गर्नु पर्ने हुन्छ। यि राजस्व सङ्कलनका यी महत्त्वपूर्ण आधारहरू मध्ये भन्सार मूल्याङ्कन सर्वाधिक चासोको विषय हुने गरेको छ। भन्सार मूल्याङ्कन गर्ने विधि र प्रक्रियाहरू भन्सार ऐन, नियमावली र निर्देशिकामा व्यवस्था गरिएका छन् जसमा विश्व व्यापार सङ्गठनको भन्सार मूल्याङ्कन पद्धति अनुरूप विशेषतः कारोबार मूल्यमा आधारित भन्सार मूल्याङ्कन गर्नु पर्ने स्पष्ट व्यवस्था रहेको छ। तथापि उद्देश्य अनुरूप कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन हुन नसक्दा मालवस्तुको कारोबार मूल्यमा आधारित स्पष्ट घोषणा भई यथार्थपरक मूल्याङ्कन हुन नसकेकोले यसबाट मूल्य अभिवृद्धि कर तथा आयकरमा समेत थुप्रै प्रभावहरू देखिएका छन्।

## २. भन्सार मूल्याङ्कनका सम्बन्धमा रहेको कानुनी व्यवस्था

भन्सार मूल्याङ्कनका सम्बन्धमा भन्सार ऐन, २०६४ मा रहेका कानुनी व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्ः

(क) भन्सार ऐन, २०६४ को दफा २(व) मा भन्सार मूल्य भन्नाले भन्सार महसुल निर्धारण गर्ने प्रयोजनका लागि निकासी वा पैठारी गरिने मालवस्तुको दफा १३ वा १६ बमोजिम निर्धारण गरिएको मूल्य भनी परिभाषित गरिएको छ।

(ख) भन्सार ऐन, २०६४ को दफा १३ मा मूल्याङ्कन गर्दा विश्व व्यापार सङ्गठनको भन्सार मूल्याङ्कन सम्बन्धी सम्झौताको दफा ७ अनुसार विभिन्न छ वटा विधिहरूको क्रमबद्धताको आधारमा गरिने व्यवस्था रहेको छ। ती विधिहरूमा कारोबार मूल्य विधि, समरूपका वस्तुको कारोबार मूल्यको आधार, उस्तै प्रकारका मालवस्तुको कारोबार मूल्यको आधार, घटाउने मूल्य विधि, गणना मूल्य विधि र पछि फर्कने विधिहरू रहेका छन्।

◆ प्रमुख कर अधिकृत, ठुला करदाता कार्यालय, हरिहरभवन

(ग) भन्सार ऐन, २०६४ को दफा ३४ मा सहजीकरण र नियन्त्रणको Tools को रूपमा जाँचपास पछिको परीक्षण गरिने व्यवस्था रहेको छ।

(घ) भन्सार मूल्याङ्कन सम्बन्धमा भन्सार विभागले अनुगमनकर्ता र सहजीकरणकर्ताको मात्र काम गर्ने गरेको छ। भन्सार अधिकृतले मूल्य निर्धारण गर्दा विधि वा प्रक्रिया अनुकूल नभएमा वा मूल्य शङ्कास्पद छ भन्ने मनासिब आधार भएमा महानिर्देशकले पुनः मूल्य निर्धारण गर्ने आदेश दिन सक्ने व्यवस्था सोही ऐनको दफा १३(१७) मा रहेको छ।

(ङ) न्यून बिजकीकरण भई पैठारी भएका मालवस्तुहरू खरिद गर्न सकिने व्यवस्था ऐनको दफा १३(१५ख) मा रहेको छ।

(च) भन्सार मूल्याङ्कन पुनरावलोकन समितिको व्यवस्था ऐनको दफा ६१ ले गरेको छ।

(छ) अस्थायी मूल्य निर्धारण सम्बन्धमा ऐनको दफा १४ मा रहेको छ।

(ज) साथै, कुनै मालवस्तुको वर्गीकरण, उत्पत्ति र मूल्याङ्कनको विषयमा व्यवसायी, आयात र निर्यातकर्तालाई द्विविधा भएमा सम्बन्धित भन्सार प्रशासनसँग त्यसको पूर्वादेश माग गर्ने प्रणाली (Advance Ruling System) को समेत कानुनी व्यवस्था ऐनमा रहेको छ।

## ३. भन्सार मूल्य निर्धारणका विधिहरू

भन्सार ऐन, २०६४ मा क्रमबद्धताको आधारमा देहायको विधि अवलम्बन गरी भन्सार मूल्य निर्धारण गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। भन्सार विन्दुमा मालबस्तुको मूल्य निर्धारण गर्दा क्रमबद्धताको आधारमा गर्नु पर्दछ। सर्वप्रथम पैठारी भएका मालवस्तुको मूल्य कारोबार मूल्यको आधारमा नै निर्धारण गरिनु पर्दछ। सम्भव भएसम्म पैठारी भएका मालवस्तुहरूको कारोबार मूल्यको आधारमा क्रमबद्धताको सि.नं. १ नै उपयोग गर्नुपर्दछ भन्ने GATT सम्झौता तथा विश्व भन्सार सङ्गठनको भन्सार मूल्याङ्कन सम्बन्धी सिद्धान्त र प्रावधान हो। कारोबार मूल्यको आधारमा मूल्याङ्कन गर्न सम्भव नभएमा मात्र अन्य विधि अवलम्बन गर्नु पर्दछ।

**३.१ कारोबार मूल्य विधि (Transaction Value Method):** Price actually paid or payable(PAPP) कुनै क्रेताले नेपालभित्र कुनै मालवस्तु पैठारी गर्न बिक्रेतालाई वास्तविक तिरेको वा तिर्नुपर्ने रकम र सो वस्तु पैठारीमा नेपालको सीमासम्म लागेको वा लाग्न सक्ने भाडा, बिमा तथा अन्य खर्च जोडी हुन आउने पैठारीकर्ताले घोषणा गरेको कुल रकम कारोबार मूल्य हो। भाडा, बिमा तथा अन्य खर्चको भुक्तानीको कागजात पेस नभएमा मूल्याङ्कन गर्ने अधिकारीले पूर्व अनुमानित खर्च जोडी कारोबार मूल्य कायम हुन्छ। यसमा ट्रान्सपोर्टेशन खर्च, बिमा खर्च, कन्टेनर खर्च, प्याकिङ्ग खर्च, लोडिङ्ग/अनलोडिङ्ग तथा ह्यान्डलिङ्ग खर्च, रोयल्टी तथा लाइसेन्स फि जस्ता खर्चहरूलाई समावेश गर्नु पर्दछ। मालवस्तुको कारोबार मूल्यमा भएको खर्चहरू समायोजन गरेपछि भन्सार मूल्य कायम हुन्छ। खरिदकर्ता र बिक्रेताबिचमा मूल्यलाई प्रभाव पार्ने कुनै किसिमको सम्बन्ध रहनु हुँदैन। यसले यथार्थ मूल्यलाई दर्साउँछ र जनविश्वास समेत वृद्धि गर्दछ।

३.२ **समरूपका वस्तुको कारोबार मूल्यको आधारमा (Identical Goods Method):** पैठारी भएका मालवस्तुहरूको कारोबार मूल्यको आधारमा मूल्याङ्कन गर्न सम्भव नभएको अवस्थामा त्यही समयमा या केही अघि पैठारी भएका समरूपका मालवस्तुहरूको मूल्याङ्कनको आधारमा मूल्य कायम गर्न यो विधि अवलम्बन गरिन्छ। एउटै देशमा उत्पादन भएको, एउटै उत्पादकले उत्पादन गरेको, बनौट, गुण, प्रकृति, ख्याति र विशेषता लगायतका सम्पूर्ण विषयमा उस्तै भएका वस्तुहरू समरूपका वस्तुहरू हुन।

३.३ **उस्तै प्रकारका मालवस्तुको कारोबार मूल्यको आधारमा (Similar Goods Method):** सम्पूर्ण रूपमा समान नभएता पनि चारित्रिक रूप तथा आन्तरिक पार्टपुर्जाहरू समान भएका मालवस्तुहरू तथा व्यापारिक रूपले अन्तर परिवर्तनीय हुनसक्ने वस्तुहरू उस्तै प्रकारका मालवस्तुहरू हुन्। यसमा उत्पादन गर्दा प्रयोग भएको सामाग्री धेरै हदसम्म मिल्ने, उस्तै काममा प्रयोग हुने र व्यापारिक रूपले अन्तरपरिवर्तनीय (Interchangeable) हुने, एउटै देशमा एउटै कम्पनीबाट उत्पादन भएको तथा विशेषताहरू उस्तै हुनु पर्दछ।

३.४ **घटाउने मूल्य विधि (Deductive Value Method):** भन्सार विन्दुदेखि मालवस्तु उपभोक्ताकोमा पुगुन्जेलसम्म भएको सम्पूर्ण खर्च, त्यसमा लागेको कर तथा महसुलसमेतलाई अन्तिम उपभोक्ता मूल्यबाट घटाउँदा हुन आउने मूल्य घटाउने मूल्य विधि हो। पैठारीकर्ताको मुलुकमा आयातित वस्तुको विक्री मूल्यमा निश्चित खर्चहरू घटाएर मूल्य कायम गरिन्छ। क्रमबद्ध रूपमा माथि उल्लेखित विधिबाट भन्सार मूल्य निर्धारण गर्न नसकिएमा समरूपका वा मिल्दो वस्तु पैठारी हुने मुलुकको स्थानीय बजारमा बिक्री हुने मूल्यमा निश्चित खर्चहरू घटाएर भन्सार मूल्य कायम गरिन्छ। यस विधि अनुरूप मूल्य निर्धारण गर्दा पैठारीकर्ताको मुलुकमा समरूपको वा उस्तै प्रकारको मालवस्तु बिक्री हुँदा जस्तो अवस्थामा आयात भएको थियो सोही अवस्थामा मालवस्तु बिक्री गरिएको हुनु पर्दछ। भन्सार मूल्य कायम गर्न लागिएको मालवस्तु आयात भएको समयको नजिक त्यस्तो बिक्री भएको नदेखिएमा वा नपाइएमा सबभन्दा नजिकको समयमा बिक्री भएकोलाई मान्यता दिनु पर्दछ तर यस्तो समय नब्बेदिन भन्दा पहिलेको हुनु हुँदैन। यसमा बिक्री कमिसन, मुनाफा र बिक्रीको लागि मूल्यमा जोडिने सामान्य खर्चहरू, पैठारी भएको मुलुकभित्रको ढुवानी, बिमा र यस्तै प्रकारका अन्य खर्चहरू, पैठारी र बिक्री गर्दा देशभित्र लाग्ने महसुल एवम् करहरू, थप प्रोसेसिङ्ग गरी बिक्री गरिएको मूल्यलाई लिइएको भए थप प्रोसेसिङ्ग गर्दा भएको मूल्य वृद्धि समेतका खर्चहरू कटाइ वा घटाई मूल्य कायम गर्नु पर्दछ।

३.५ **गणना मूल्य विधि (Computed Value Method):** उत्पादनको लागत खर्चको हिसाबमा गरिने मूल्याङ्कन गणना मूल्य विधि हो। यसमा मालवस्तु उत्पादन गर्दा पर्ने वस्तुको मूल्य, जनशक्तिको खर्च, उक्त देशभित्र सोही किसिमका सामान उत्पादन गर्दा लाग्ने खर्च र नाफाका साथै क्रेताले तिरेको कमिसन, दलाली खर्च, कन्टेनर र प्याकिङ्ग खर्च, सहायक सामाग्री, औजार, डाई, रोयल्टी र लाइसेन्स फि, लोडिङ्ग/अनलोडिङ्ग खर्च आदि समेत जोड्नु पर्दछ। यसमा मालवस्तु बिक्री भएको स्थानदेखि मालवस्तु

भन्सार बिन्दुसम्म आइपुग्दासम्म भएको सबै खर्च, त्यसमा लागेको कर तथा महसुल समेतलाई खरिद मूल्यसँग जोड्दा हुन आउने मूल्य हुन्छ।

३.६ **पछि फर्कने वा तर्कसङ्गत विधि (Fall Back or Reasonable Means Method):** क्रमबद्ध रूपमा प्रस्तुत गरिएका विधिबाट पैठारी भएका मालवस्तुको मूल्य निर्धारण गर्न नसकिएमा अन्तिम विधिको रूपमा यो तरिका प्रयोग गरी मूल्य निर्धारण गरिन्छ। यस्तो मूल्य निर्धारणको लागि अभिलेख मूल्य, उत्पादनकर्ता वा वितरकद्वारा प्रकाशित मूल्यसूचि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रिकाहरू वा बुलेटिनमा प्रकाशित मूल्य, सन्दर्भ मूल्यसूची, भन्सार प्रशासनलाई उपलब्ध अन्य सूचना, तथ्याङ्क, विशेषज्ञको राय सुझाव आदि आधारको रूपमा लिइन्छ। विश्व भन्सार सङ्गठन(World Customs Organization)को भन्सार मूल्याङ्कन सम्बन्धी सिद्धान्त र प्रावधानहरूसँग मेल खानेगरी औचित्यपूर्ण विधि अपनाई कारोबार मूल्य निर्धारण हुन्छ। यस तरिकाबाट मूल्य निर्धारण गर्दा अन्य तरिकाबाट मूल्य निर्धारण गर्दा अवलम्बन गरिनु पर्ने सर्तहरू भन्दा केही उदार र लचिलो किसिमले व्याख्या गर्न सकिन्छ।

## ४. राजस्वको संरचनामा भन्सार महसुलको योगदान

नेपाल विश्व व्यापार सङ्गठन, साफ्टा र बिमस्टेक जस्ता संस्थाहरूको सदस्य राष्ट्र बनेको छ। यी संस्थाहरूसँग आबद्धता भए सँगै नेपालले निश्चित मालवस्तुमा भन्सार महसुल दरहरू क्रमशः शुन्यकरण (Zerorise) गर्दै जानुपर्ने प्रतिबद्धता समेत जनाएको छ। वैश्विक रूपमा समेत भन्सार प्रशासनको काम उद्योग, व्यापार तथा व्यवसाय प्रवर्धनमा सहजीकरण गर्ने र न्यूनतम राजस्वको संरक्षण गर्ने अवधारणामा रूपान्तरण भएको देखिन्छ। यसको असर भन्सार महसुल सङ्कलनमा समेत देखिन पुगेको छ। पछिल्लो तीन आर्थिक वर्षमा राजस्वको संरचनामा भन्सार महसुलको योगदान देहाय अनुसार रहेको देखिन्छः

**राजस्व संरचनामा भन्सार महसुलको चार आ.व.को प्रवृत्तिः**

| | २०७७/०७८ | २०७८/७९ | २०७९/८० | २०८०/०८१ |
|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन | ४३ खर्व ५२ अर्ब | ४९ खर्व ५२ अर्ब | ५३ खर्व ४८ अर्ब | ५७ खर्व ४ अर्ब |
| (१) मूल्य अभिवृद्धि कर | २८२ अर्ब | ३१४ अर्ब | २९०.६० अर्ब | ३१४.६३ अर्ब |
| (२) आयकर | २३० अर्ब | २६६ अर्ब | २४९.५८ अर्ब | २८१.५० अर्ब |
| (३) भन्सार महसुल | २३३ अर्ब | २४१ अर्ब | १७३.५० अर्ब | १८९.९३ अर्ब |
| (४) अन्तःशुल्क | १३३ अर्ब | १६६ अर्ब | १३६.२९ अर्ब | १३९.७२ अर्ब |
| (५) गैरकर राजस्व | ६८ अर्ब | ८३ अर्ब | ९१.५३ अर्ब | ११४.३ अर्ब |
| कुल राजस्व | ९३८ अर्ब | १०६७ अर्ब | १० खर्व १० अर्ब | १०५८.९ अर्ब |
| भन्सारको राजस्वमा योगदान | २४.८४% | २२.५८% | १७.१७% | १७.९३% |
| जिडिपिमा भन्सारको योगदान | ५.४४% | ४.९६% | ३.२२% | ३.३२% |

श्रोतः अर्थ बुलेटिन, अर्थ मन्त्रालय, भन्सार विभागको वेबसाइट तथा वार्षिक प्रतिवेदन, २०८०/८१, आन्तरिक राजस्व विभाग

माथि टेबुलमा प्रस्तुत तथ्याङ्क अनुसार पछिल्लो तीन आर्थिक वर्षहरूमा भन्सार महसुलको योगदान कुल गार्हस्थ्य उत्पादनमा क्रमशः घट्दो क्रममा रहेको देखिन्छ भने आर्थिक वर्ष २०७९/०८० मा १७३.५० अर्ब सङ्कलन भएको भन्सार महसुलमा केही सुधार भई आर्थिक वर्ष २०८०/०८१ मा रु. १८९.९३ अर्ब सङ्कलन हुन पुगेको छ। विगतमा कोभिड-१९ को असर, रुस युक्रेन सङ्कट र दक्षिण एशियाली मुलुकहरूमा सिर्जना भएको द्वन्द्व तथा बाह्य क्षेत्र स्थायित्व कायम गर्न आयातमा कृत्रिम नियन्त्रणका उपायहरूको अवलम्बनका कारण आयातमा ह्रास आउनुका साथै अर्थतन्त्रमा देखिएको आर्थिक सिथिलताले भन्सार महसुलको योगदानमा कमी आएको देखिन्छ। तथापि, हालका दिनमा वित्त नीति र मौद्रिक नीति बिचमा अन्तरसम्बन्ध कायम गरी मौद्रिक उपकरणहरूमा गरिएको लचक परिवर्तनबाट ब्याजदर न्यून, पुँजी तरलतामा सहजता, घरजग्गा तथा पुँजीबजारमा समेत लचकता अपनाइएको र विश्व बैंङ्कको पछिल्लो प्रतिवेदनले समेत नेपालको आर्थिक परिसूचकहरूमा सुधारको सकारात्मक सन्देश सञ्चार भएकोले व्यवसायीमा कन्फिडेन्स वृद्धि भई आगामी दिनमा अर्थतन्त्रमा आर्थिक गतिविधिमा विस्तार हुने र सो बाट भन्सार महसुल सङ्कलन समेत लक्ष्य बमोजिम उठाउन सकिने देखिन्छ।

## ५. भन्सार मूल्याङ्कनमा रहेका व्यवहारिक समस्याहरू

यथार्थ र पारदर्शी मूल्याङ्कन प्रणालीले राजस्व सङ्कलन र व्यापार सहजीकरणमा अनुकूल प्रभाव पार्दछ। यसका लागि विश्व व्यापार सङ्गठनको भन्सार मूल्याङ्कन प्रणाली अनुरूपको नेपालको भन्सार ऐन, नियमावली र निर्देशिकाका प्रावधानहरूलाई यी कानुनी प्रावधानका उद्देश्य अनुरूप अनुपालन गर्न आवश्यक छ। तथापि भन्सार मूल्याङ्कनमा ऐन कानुनका प्रावधानहरूको अक्षरशः पालना गर्न व्यवहारिक रूपमा देहायका समस्याहरू रहेका छन्

(क) मालवस्तुहरूको किटानी घोषणा नहुँदा अधिक बिजकीकरण तथा न्यून बिजकीकरण गर्ने प्रवृत्ति रहनु,

(ख) आधारविना गरिएको मूल्याङ्कनबाट मूल्यवृद्धि वा न्यून बीजकिकरण हुने गरेको,

(ग) विश्व व्यापार सङ्गठनको सदस्यता लिएको र सम्झौतामा हस्ताक्षर गरिसकेको अवस्थामा वास्तविक कारोबार मूल्यलाई मान्यता दिनुपर्नेमा सो नभएको,

(घ) भन्सार ऐन तथा नियमावलीमा भएको मूल्याङ्कन पद्धतिलाई क्रमशः अवलम्बन नगरी कानुनी आधारसमेत नभएको सन्दर्भ मूल्य सूचीका आधारमा मूल्याङ्कन गर्ने प्रवृत्ति मौलाउँदै गएको,

(ङ) बीजक जारी गर्दा गुण, साईज र क्षमताका आधारमा विवरण नखुलेको कारण यथार्थ मूल्याङ्कनमा समस्या हुने गरेको,

(च) पेस गरिएका कागजातहरूमा वास्तविक कारोबार पहिचान गर्ने यथेष्ट प्रमाण नहुँदा विश्वसनीयताको कमी भएको,

(छ) मूल्याङ्कन पुनरावलोकनको लागि पेस भएका निवेदन समय—सीमा भित्र निर्णय हुन नसकेको।

## ६. भन्सार मूल्य निर्धारणका चुनौतिहरू

हाम्रो जस्तो देशमा विश्व व्यापार सङ्गठनको भन्सार मूल्याङ्कन पद्धतिले तोकेका विधिहरूको प्रयोग नै चुनौतीपूर्ण देखिएको छ। मूल्याङ्कनको पहिलो र प्राथमिक विधि कारोबार मूल्यको आधारमा मूल्यलाई मान्यता दिने विधि अनुरूप मूल्याङ्कन गर्न पैठारी कर्ताले पेस गरेको कारोबार मूल्य सत्य तथ्य हो होइन र जोडिनु पर्ने खर्च जोडिएको छ छैन भनी यकिन गर्ने पर्याप्त आधारहरू उपलब्ध छैनन्। दोस्रो विधि समरूपका वस्तु र तेस्रो विधिको उस्तै प्रकारका मालवस्तुको विधि अन्तरगत मूल्याङ्कन गर्न सोही वस्तुहरू सो अघि कारोबार मूल्यमा पैठारी भएको हुनु पर्ने हुन्छ जसको यकिन तथ्याङ्क मूल्याङ्कन गर्दा प्राप्त हुदैन्। चौथो विधि घटाउने मूल्य विधि प्रयोग गर्न पनि बजारको खुद्रा मूल्यलाई आधारमा लिन विधिले वर्जित गरेको छ र यस्तो विक्री मूल्य पनि त्यही वस्तुको त्यस अघि पैठारी हुँदा विभिन्न परिमाणमा विक्री भएको मध्ये पनि अधिकतम परिमाणमा विक्री भएको मूल्यलाई आधारमा लिई खर्चहरू घटाएर भन्सार विन्दुको मूल्य निर्धारण गर्नु पर्ने हुन्छ, जुन मूल्याङ्कनको चरणमा तत्काल प्राप्त गर्ने सम्भावना न्यून छ। पाँचौं विधि गणना मूल्य विधि प्रयोग गर्न उत्पादक मुलुकले वस्तु उत्पादन गर्दा लागेको खर्चको विवरण नेपालको भन्सारलाई उपलब्ध गराउनु पर्ने हुन्छ, जुन सम्भव छैन्। छैटौं अर्थात् अन्तिम विधि भनेको पछि फर्कने विधि हो। यस विधि अन्तरगत पनि मूल्य निर्धारण गर्दा भन्सार अधिकृतले मनोगत ढङ्गले मूल्य निर्धारण गर्ने सुविधा दिएको छैन र यस अन्तरगत माथि भनिएका मूल्याङ्कनका पाँच विधिहरूमा उल्लिखित सर्तहरूमा सामान्य लचकता प्रयोग गरेर मूल्य निर्धारण गर्नु पर्ने हुन्छ। तर सर्तहरू पहिचान गरेर सामान्य लचकता प्रयोग गर्ने विषय नै प्राविधिक रूपले कठिन कार्य हो। यी छ वटा विधि प्रयोग गरेर मूल्य निर्धारण गर्न विविध कारणले गर्दा समस्या पर्ने भएकाले भन्सार कार्यालयहरूले मूल्याङ्कन गर्दा सन्दर्भ मूल्यलाई आधारमा लिएर मूल्याङ्कन गर्ने गरेको देखिन्छ, जुन मनोगत आधारमा गरिएको मूल्याङ्कन हुने भएकाले माथिका कुनै विधि अन्तरगत पर्दैन्। यसरी भन्सार मूल्याङ्कनलाई मनोगत रूपमा निर्धारण गर्दा यसले मूल्य अभिवृद्धि कर र आयकरमा प्रतिकुल प्रभाव पार्ने गरेको छ।

## ७. मूल्य अभिवृद्धि कर र आयकरमा भन्सार मूल्याङ्कनको प्रभाव

भन्सार मूल्याङ्कनले नेपालको कर प्रणालीमा विशेष गरी मूल्य अभिवृद्धि करको सम्बन्धमा महत्त्वपूर्ण भूमिका खेल्छ। देशमा आयात हुने वस्तुको मूल्यले यो करमा प्रत्यक्ष असर पार्छ। यी प्रत्येक करहरूमा भन्सार मूल्याङ्कनको प्रभावलाई देहाय अनुसार प्रस्तुत गरिएको छः

**७.१ भन्सार मूल्याङ्कन र मूल्य अभिवृद्धि करः** नेपालमा सामानको आयातमा भ्याट लगाइन्छ। आयातमा भ्याट गणना गर्नको लागि आधार भन्सार मूल्य हो, जसमा सामानको लेनदेन मूल्य (अर्थात्, सामानको लागि भुक्तान गरिएको वा तिर्ने मूल्य, Actually Paid or payable), साथै कुनै पनि अतिरिक्त लागतहरू जस्तै भाडा, बिमा, ह्यान्डलिंग शुल्कहरू र अन्य शुल्कहरू समावेश हुन्छन्। सामान नेपाल ल्याउन भएका खर्चहरू यसमा समावेश हुन्छ। भन्सार मूल्यले प्रत्यक्ष रूपमा VAT रकम निर्धारण गर्दछ। यदि भन्सार मूल्य बढी छ भने,

VAT दायित्व पनि बढ्छ किनभने VAT सामान्यतया १३% मा आयात मूल्यमा चार्ज गरिन्छ। भन्सार मूल्यले VAT को लागि कर योग्य आधार र सामानहरू आयात गर्दा व्यवसायहरूको समग्र लागतलाई असर गर्छ।

### ७.१.१ मूल्य अभिवृद्धि करमा पर्ने सकारात्मक तथा नकारात्मक प्रभावहरु

**(क) मूल्य अभिवृद्धि कर सङ्कलन वृद्धि र कर छली नियन्त्रणः** भन्सार मूल्य निर्धारणमा भन्सार अधिकारीले मूल्याङ्कन प्रक्रिया मार्फत निर्धारण गरिएको सामानको भन्सार मूल्य आयातमा VAT गणना गर्ने प्रमुख आधार हो। यथार्थपरक भन्सार मूल्याङ्कनले मालवस्तुको सही मूल्याङ्कन हुने, बजारमा खरिद बिक्री कारोबार मूल्यको आधारमा हुने, Self Policing and Catch up Effect सिद्धान्त अनुसार कारोबार हुने हुँदा यसले मूल्य अभिवृद्धि कर असुलीमा वृद्धि ल्याउँदछ। साथै, यदि भन्सार उद्देश्यका लागि सामानहरू कम मूल्याङ्कन गरिएका छन् भने भुक्तानी गरिएको VAT सामानको वास्तविक मूल्य भन्दा कम हुनेछ। सम्भावित रूपमा कम रिपोर्टिङ र कर छली निम्त्याउँछ।

**(ख) पारदर्शी व्यवसायमा योगदानः** भन्सार मूल्याङ्कन कारोबार मूल्यमा आधारित र यथार्थपरक हुँदा समान व्यवहार हुने, अनौपचारिक अर्थतन्त्रबाट क्रमशः औपचारिक अर्थतन्त्रमा रूपान्तरण भई कारोबार गर्ने र यसबाट व्यापार व्यवसायमा स्वच्छ र सकारात्मक प्रतिस्पर्धा हुन गई मूल्य अभिवृद्धि करको दायरा विस्तार, राजस्व स्रोतको संरक्षण, सङ्कलनमा वृद्धि र मुलुकको अर्थतन्त्रमा सुशासनको प्रत्याभूति हुनेछ। साथै, कारोबार मूल्य भन्दा फरकमा मूल्याङ्कन हुँदा अस्वस्थ प्रतिस्पर्धा र व्यवसायीमा अपारदर्शीता वृद्धि हुनेछ।

**(ग) आयातमा मूल्य अभिवृद्धि कर असुलीमा योगदान र निर्यातमा प्रोत्साहनः** यदि मालवस्तुको भन्सार मूल्याङ्कन गलत छ भने भन्सार विन्दुमा भुक्तानी गरिएको मूल्य अभिवृद्धि करले वास्तविक बजार मूल्यलाई प्रतिबिम्बित नगर्न सक्छ जसले सरकारको लागि राजस्व सङ्कलनलाई प्रत्यक्ष असर गर्दछ। तसर्थ सही, यथार्थपरक, कारोबार मूल्यमा आधारित भन्सार मूल्याङ्कनले बजार अर्थतन्त्रमा सकारात्मक प्रभाव परी उत्पादन वृद्धि र निर्यातमा समेत उच्च योगदान पुग्दछ। वास्तविक मूल्याङ्कन हुन नसक्दा अवैध व्यापार व्यवसायको आकार वृद्धि हुन जाने र बजारमा जोखिम सिर्जना हुन सक्छ।

**(घ) अनुपालन जोखिमः** आयातित सामानहरूको गलत वा धोखाधडी मूल्याङ्कनले जरिवाना, ब्याज शुल्क, र व्यवसायको प्रतिष्ठामा क्षति पुर्‍याउन सक्छ। यसले समग्र राजस्व प्रशासनमा जोखिम निम्त्याउन सक्छ।

**(ङ) मूल्य अभिवृद्धि कर कट्टी र फिर्तामा असरः** व्यवसायहरूका लागि आयातमा तिरेको मूल्य अभिवृद्धि कर सामान्यतया इनपुट मूल्य अभिवृद्धि करको रूपमा कट्टी हुन्छ। गलत भन्सार मूल्याङ्कनले रिकभरी भ्याटको रकमलाई विकृत गर्न सक्छ जसले व्यवसायीहरूको वास्तविक कारोबार विना फिर्ता लैजान सक्छन्। यसले समग्र अर्थतन्त्रमा असर गर्दछ।

**(च) उपभोक्ताको विश्वास आर्जनः** यथार्थ, सही र कारोबार मूल्यमा आधारित भन्सार मूल्याङ्कनले बजारमा उपभोक्ताले खरिद तथा बिक्री गर्दा मालवस्तुको वास्तविक बिजक प्राप्त गर्दछन्। कारोबारको प्रकृति अनुसार व्यवसायीले राख्ने मार्जिन प्रतिशत अनुसार थोरै मूल्य अन्तर हुनु स्वाभाविक पनि हो। यसले एकातर्फ

सरकारको वैधता वृद्धि गर्दछ भने अर्कोतर्फ उपभोक्ताको विश्वास आर्जन र उपभोक्ताको हित/अधिकारको समेत संरक्षण हुन्छ।

## ७.२ आयकरमा पर्ने सकारात्मक तथा नकारात्मक प्रभावहरुः

**७.२.१ मूल्य ह्रास र पूँजीकरणः** यदि कुनै निकाय/कम्पनीले पुँजीगत वस्तुहरू (मेसिनरी, उपकरण आदि) आयात गर्छ भने, ती वस्तुहरूको मूल्यले आयकर अन्तर्गत मूल्य ह्रास उद्देश्यका लागि पुँजीकृत मूल्यलाई असर गर्छ। आयातित सम्पत्तिको भन्सार मूल्य, कर मूल्यह्रासको लागि सम्पत्तिको लागत आधारको अंश बन्छ। सम्पत्ति समूहमा थप हुन्छ, ह्रासकट्टी खर्चमा वृद्धि हुन्छ र आयकरतर्फ कमी ल्याउँदछ। तर थप भएको सम्पत्तिले दीर्घकालमा आयकर वृद्धिमा योगदान गर्दछ। साथै, यदि भन्सार मूल्याङ्कन गलत भएमा यसले सम्पत्ति समूह वास्तविक नहुने र आयकरमा समेत नकारात्मक प्रभाव पर्न जान्छ।

**७.२.२ स्थानान्तरण मूल्य निर्धारण र आयकरः** सीमापार लेनदेनमा संलग्न कम्पनीहरूको लागि स्थानान्तरण मूल्य निर्धारण गर्दा भन्सार मूल्याङ्कन महत्त्वपूर्ण छ। मूल्याङ्कनले कर योग्य आम्दानीलाई असर गर्न सक्छ। विशेष गरी यदि वस्तुहरू सम्बन्धित निकायहरू बिच अवमूल्यन गरिएको मूल्यमा हस्तान्तरण गरिन्छ भने यसले आयकरमा सकारात्मक प्रभाव पर्दछ। सीमापार लेनदेन हुने रकम अधिमूल्यन भएमा यसले आयकरमा नकारात्मक प्रभाव पर्दछ।

**७.२.३ नाफा नोक्सानमा पर्ने असर :** आयात शुल्क र करहरू जुन भन्सार मूल्याङ्कनबाट प्रभावित हुन्छन्, बेचेको सामानको लागत र फलस्वरूप नाफालाई असर गर्छ। उच्च भन्सार मूल्यले व्यवसायहरूको लागि उच्च लागतको परिणाम दिन्छ, जसले उनीहरूको कर योग्य आम्दानी घटाउन सक्छ र उनीहरूको आयकर दायित्वहरू कम गर्न सक्छ।

**७.२.४ सामान बेच्न लाग्ने लागत (COGS):** व्यवसायहरूको लागि भन्सार मूल्याङ्कनले सीधै आयातित सामानहरूको लागतलाई असर गर्छ जुन COGS को अंश हो। घोषित भन्सार मूल्य जति उच्च हुन्छ COGS त्यति उच्च हुन्छ, कर योग्य आय घटाउँछ। यदि मालबस्तुहरू कम मूल्याङ्कन गरिएका छन् भने COGS लाई कम गर्न सकिन्छ, यसले उच्च कर योग्य आम्दानी र सम्भावित रूपमा उच्च दरमा आयकर सङ्कलन गर्न सहयोग गर्दछ। यदि मालवस्तुहरूको मूल्याङ्कन वास्तविक भएन भने यसले सामान बेच्न लाग्ने लागतको अङ्कलाई वास्तविक बनाउँदैन। समग्र आर्थिक गतिविधि नै वास्तविक नजिक समेत पुग्न कठिन हुन्छ।

**७.२.५ उत्पादन र नाफामा वृद्धि हुन्छः** यथार्थ भन्सार मूल्याङ्कनले व्यवसायमा स्वच्छ र सकारात्मक प्रतिस्पर्धाको आधारमा व्यापार व्यवसाय सञ्चालन हुन्छ। बजार अर्थतन्त्र सही दिशामा अगाडि बढ्छ। यसले आयकरमा वृद्धि हुन्छ। वास्तविक भन्सार मूल्याङ्कन नभएमा यसले उत्पादन र नाफा दुवैमा कमी ल्याउँदछ।

**७.२.६ राजस्व स्रोतको संरक्षण र करछली नियन्त्रणमा सहयोगः** कारोबार मूल्यमा आधारित भन्सार मूल्याङ्कनले आयकर सङ्कलनको दायरा विस्तार र व्यापक बनाउन सहयोग गर्दछ। व्यवसाय सिमानाकादेखि नै व्यवस्थित बन्दै जाँदा सरकारले स्थिर र दिगो रूपमा राजस्व स्रोतको संरक्षण र सङ्कलन गर्दै जान्छ।

अर्कोतर्फ सबै व्यवसायको मूल्याङ्कन कारोबार मूल्यमा हुँदा पारदर्शी मूल्याङ्कनले अनावश्यक तथा हुँदै नभएको खर्च (Ghost Expenses) नहुँदा आयकर छली समेतमा सहयोग पुग्दछ। साथै गलत मूल्याङ्कन भएमा यसले राजस्व छलीमा योगदान गर्दछ।

**७.२.७ घरेलु उद्योगको प्रोत्साहनः** यथार्थपरक भएको/हुने भन्सार मूल्याङ्कनले साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन पुग्दछ। साथै आन्तरिक आर्थिक क्रियाकलापमा वृद्धि, रोजगारी सिर्जना समेतमा योगदान भई आयकर सङ्कलनमा समेत योगदान पुग्दछ। भन्सार मूल्याङ्कन प्रभावकारी नहुँदा स-साना घरेलु उद्योगहरूले बजारमा प्रतिस्पर्धा गर्न सक्दैनन् र लोप हुने अवस्था सिर्जना हुन सक्दछ।

**७.२.८ भन्सार शुल्कको कटौतीः** मूल्याङ्कनको आधारमा भुक्तानी गरिएको भन्सार शुल्कहरू प्रायः आयकर उद्देश्यका लागि व्यापार खर्चको रूपमा कटौती योग्य हुन्छन्। गलत मूल्याङ्कनले भन्सार शुल्कको गलत गणना गर्न सक्छ र फलस्वरूप, कर कटौती, दण्ड र ब्याजः शुल्क वा कर तिर्नबाट बच्न भ्रामक मूल्याङ्कनले आयकर अडिटहरू ट्रिगर गर्न सक्छ, जसले दण्ड, ब्याज, र कानुनी कारबाही पनि गर्न सक्छ। यसले व्यवसायहरूमा प्रभावकारी कर बोझ बढाउन सक्छ।

## ८. भन्सार मूल्याङ्कनलाई यथार्थपरक, कारोबार मूल्यमा आधारित बनाई आयकर तथा मूल्य अभिवृद्धि करमा योगदान वृद्धि गर्ने उपायका सम्बन्धमा सुझावहरू

भन्सार प्रशासनसँग काम गर्ने नयाँ प्रतिमानका लागि स्पष्ट दृष्टिकोण र रणनीति हुनुपर्छ। सीमापार नियन्त्रणमा हामीले खेल्न सक्ने महत्त्वपूर्ण भूमिका, व्यापार सहजीकरणमा हामीले दिन सक्ने उत्साह, आईसीटीमा भएको प्रगतिलाई आत्मसात् गरेर हामीले ल्याउन सक्ने परिवर्तन, हामीले आफूलाई अनुकूलन गर्न आवश्यक पर्ने तत्परतासँग भन्सार मूल्याङ्कन प्रत्यक्ष रूपमा जोडिएको छ। परिवर्तनशील विश्व व्यवस्थाको गतिशीलतासँग ट्युनमा रहन, हामीले वास्तविक प्रगति मापन गर्नका लागि कार्यसम्पादन मेट्रिक्स राख्नु पर्छ। विश्वव्यापी परिदृश्य, वर्तमान नेपालको आर्थिक परिदृश्य र हाम्रो देशमा भन्सार र आयकर बिचको सहकार्यको आवश्यकतालाई मध्यनजर गरी डाटा विनिमय (Data Exchange and Harmonization) गर्न आवश्यक छ। यो स्वचालित र ICT सञ्चालित हुनुपर्छ। दुई विभागबिचको सहकार्य संयन्त्रलाई तत्काल संस्थागत गर्न आवश्यक छ। IRD र DoC बिच सूचना आदानप्रदानको लागि प्रोटोकल चित्रण गर्ने एमओयूमा हस्ताक्षर हुनुपर्छ। डेटा संवेदनशील र गैर-संवेदनशीलमा वर्गीकृत गर्न सकिन्छ। साझा व्यापार पहिचान नम्बर (CBIN) जुन PAN मा आधारित र डाटाको लागि साझा फ्रेमवर्क हुन सक्छ। अग्रिम मूल्य निर्धारण सम्झौताहरूमा भन्सार परामर्श उपलब्ध गराउनु पर्दछ। कुनै विशेष क्षेत्रमा सहयोगको लागि तत्काल कदमको रूपमा अवस्थित Quick Response Unit फ्रेमवर्क प्रयोग गर्दै जानु पर्दछ। दुई विभागबिच संस्थागत तथा जनशक्तिगत भेटघाट, छलफल र अन्तरक्रिया मार्फत आपसी विश्वासको निर्माण गर्दै जानु पर्दछ। जनशक्तिलाई प्रशिक्षण दिई समय समयमा कार्यालयहरूको भ्रमण सहित क्षमता निर्माण गर्न आवश्यक छ। भन्सार प्रशासनमा क्याडर निर्माण गर्ने र विज्ञता विकास गर्न नसक्दा मालवस्तुको अनुमान, लहैलहै, छामेर, अग्रजहरूले भनेको सुनेर समेत भन्सार मूल्याङ्कन गर्नुपर्ने वाध्यात्मक अवस्था छ। यसले भविष्यमा संस्थागत

स्मरण, नीतिगत व्यवस्था र कानुन निर्माण मस्यौदा तयारीमा समेत प्रभाव पर्ने देखिन्छ। भन्सार मूल्याङ्कन यथार्थपरक बनाई समग्र राजस्व व्यवस्थापनमा सकारात्मक प्रभाव पार्न देहायका पक्षहरूमा पुनर्विचार समेत गर्नुपर्ने देखिन्छः

(क) कुनै मालवस्तुको वर्गीकरण, उत्पत्ति र मूल्याङ्कनको विषयमा व्यवसायी, आयात र निर्यातकर्तालाई द्विविधा भएमा सम्बन्धित भन्सार प्रशासनसँग त्यसको पूर्वादेश माग गर्ने प्रणाली (Advance Ruling System) को पूर्ण रूपमा कार्यान्वयन गर्ने,

(ख) Sensitivity of goods को आधारमा History of Importer/Exporter/Forwarder को प्रोफाइल तयार गर्ने,

(ग) भन्सार मूल्याङ्कनलाई स्वचालित बनाउन Tariff Specification Code लाई आशिकुडा प्रणालीमा समाविष्ट/अपलोड गर्नुपर्ने,

(घ) मूल्य घोषणाका सम्बन्धमा विश्वसनीय व्यवसायीको मापदण्ड एवम् अद्यावधिक सूची तयार गर्ने,

(ङ) बजार मूल्य सर्वेक्षण कार्यदल गठन गरी मूल्य सूची तयार गर्ने, समय—समयमा Verify गर्ने,

(च) मूल्याङ्कन जोखिममा आधारित भन्सार जाँचपासको लागि Risk Management & Risk Engine को प्रयोगमा वृद्धि गर्नुपर्ने,

(छ) प्रविधिको प्रयोग प्रति व्यावसायिक तत्परता तथा इमानदारिता कायम गर्दै Right Declaration & Valuation को प्रवर्द्धन गर्दै जाने,

(ज) e-Payment को सबै भन्सार बिन्दुहरूमा कार्यान्वयन र स्थायित्व कायम गर्दै यसलाई CGAS सँग आबद्धता (Integration) कायम गरी Real Time Revenue Collection को सूचना प्राप्त गर्ने,

(झ) मूल्याङ्कन मोड्युलबाट प्राप्त हुने तथ्याङ्कलाई अनलाइन मूल्याङ्कन डाटाबेसको रूपमा प्रयोग गर्ने, Asycuda World++ Software मा रहेको मूल्याङ्कन पेज(Valuation Page) मा रहेको डाटाबेसलाई पूर्ण रूपमा प्रयोग गर्ने, साप्ताहिक रूपमा अद्यावधिक गर्ने,

(ञ) अधिकतम खुद्रा बिक्री मूल्य प्रकाशित गर्नुपर्ने मालवस्तुको सूची परिमार्जन गर्ने,

(ट) मूल्याङ्कन सुदृढ गर्न कार्यविधि/निर्देशिका पुनरावलोकन गरी अद्यावधिक गर्ने,

(ठ) मालवस्तुको मूल्य जोखिमको आधारमा समय—समयमा सेलेक्टिभिटी मोड्युल लागू भएका भन्सार कार्यालयहरूमा Lane (Green Lane, Yellow Lane & Red Lane) परिवर्तन गरी छड्के रूपमा चेकजाँच गर्ने कार्यलाई नियमित बनाउने,

(ड) राजस्व अनुसन्धान विभाग, पिसिए अफिस, भन्सार विभाग र आन्तरिक राजस्व विभागबिचमा सूचनाको आदान प्रदान र विश्लेषण गरी Not as stand alone, Government as a whole अवधारणामा परीक्षण र अनुसन्धान हुने व्यवस्था गर्ने,

(ढ) भन्सार प्रशासनमा क्याडरमा आधारित व्यावसायिकताको विकास गर्न उपसमूह गठन गर्न कानुनी पक्षमा सुधार गर्ने र जनशक्तिको लागि कार्यान्वयन योग्य आचारसंहिता तर्जुमा गरी लागू गर्ने,

(ण) न्यून बिजकीकरण भई पैठारी भएका मालवस्तुहरू खरिद गर्न सकिने ऐनको व्यवस्थालाई कार्यान्वयन गर्ने,

(त) आयोजनाहरूमा स्वीकृत माष्टरलिष्ट अनुसारको आयातित सामानको मूल्यको औचित्यका बारेमा छुट्टै अध्ययन हुनुपर्ने,

(थ) Revised Kyoto Convention (1999) को मान्यताअनुरूप भन्सार ऐन संशोधन गरी भन्सार कार्यविधिमा सरलीकरण र सामञ्जस्यीकरण गर्ने, स्वचालित भन्सार मूल्याङ्कन प्रक्रियाका लागि Nepal National Single Window(NNSW) को पूर्ण कार्यान्वयन गर्ने,

(द) मालवस्तुको भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाउन कारोबार मूल्यमा आधारित मूल्य स्वयं घोषणा गर्न व्यवसायीमा वाणिज्य नैतिकता प्रवर्द्धनका कार्यक्रमहरूको सञ्चालन सङ्ख्या वृद्धि गर्ने, व्यवसायीहरूसँग हुने मूल्याङ्कन सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू बढाउने,

(ध) परीक्षणमा आधारित नियन्त्रण प्रणाली सुदृढ गर्न जाँचपास पछिको परीक्षण कार्यालय (PCA)को अवस्था अध्ययन गर्ने, पिसिए कार्यालयबाट मूल्याङ्कनमा देखिएका कैफियतहरू तत्काल सुधार गरी कार्यान्वयन गर्ने, पिसिए कार्यालयलाई Competent र Vibrant बनाउने,

(न) विशेष सम्बन्ध रहेको छिमेकी राष्ट्र भारतसँग सिएमएए (Customs Mutual Assistance Agreement) र एइपिसिडी (Automated Exchange of Prearrival Customs Data) सम्झौता तथा MoU गरी कार्यान्वयन गर्ने, अन्तरदेशीय भन्सार प्रशासनबिच सूचना सञ्जालीकरण (Information Networking) को व्यवस्था गर्ने,

(ऩ) भन्सार मूल्याङ्कन जोखिमको पहिलो जिम्मेवार पक्षहरू भन्सार एजेन्ट र आयात तथा निर्यातकर्ता व्यवसायी भएकोले उनीहरूको लागि व्यवहारिक, कार्यान्वयनयोग्य आचार संहिता (Code of Conducts) तर्जुमा गरी लागू गर्ने,

## ९. निष्कर्ष

योजनाबद्ध भन्सार सुधारका प्रयासले अन्तर्राष्ट्रिय व्यापारलाई सहजीकरण गर्ने, अन्तर्राष्ट्रिय व्यापारमा रहेका गैह्र भन्सार अवरोधहरू (Non Tariff Barriers) हटाउने, यथार्थ राजस्व सङ्कलन गर्ने, समाजको संरक्षण एवम् सुरक्षा गर्ने, भन्सार प्रशासनमा सदाचारिताको प्रवर्द्धन गर्ने, भन्सार जाँचपास सम्बन्धी प्रक्रियालाई थप सरलीकरण गरी व्यवसायी मैत्री बनाउने र सङ्गठनात्मक विकास गर्ने उद्देश्य लिएको देखिन्छ। यी

उद्देश्यहरूको केन्द्रमा भन्सार मूल्याङ्कन रहेको छ। भन्सार मूल्याङ्कनलाई कारोबार मूल्यमा आधारित बनाउन भन्सार सुधारका विषयहरूलाई संस्थागत तथा दिगो व्यवस्थापन गर्ने, सुधारलाई आन्तरिकीकरण गर्ने, सुधारको कार्यान्वयनलाई निरन्तरता दिने, स्मार्ट (SMART) भन्सार प्रशासनको रूपमा रूपान्तरण हुन व्यवसायीहरूबाट हुने स्वयं मूल्य घोषणालाई यथार्थपरक बनाउन प्रोत्साहित हुने दिशातर्फ अग्रसर बनाउन आवश्यक देखिन्छ। विद्यमान भन्सार प्रशासनलाई रूपान्तरण गरी Modern Invisible Client Friendly Customs तथा Trade-Friendly Entity को रूपमा विकास गर्न भन्सार मूल्याङ्कनका सम्बन्धमा माथि प्रस्तुत सुझावहरूको निरन्तर कार्यान्वयन गर्न आवश्यक छ। यसको सकारात्मक प्रभाव आयकर तथा मूल्य अभिवृद्धि करमा समेत स्वतः प्रसारित हुनेछ।

## सन्दर्भ सामाग्रीहरु


नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, सिंहदरबार।

सोह्रौं योजनाको आधार पत्र, राष्ट्रिय योजना आयोग, सिंहदरबार।

आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य र आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, सिंहदरबार।

आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति, नेपाल राष्ट्र बैङ्क, बालुवाटार।

राइनर जिटलम्यान, पुँजीवाद भ्रम, वास्तविकता र तथ्य, We Read Publisher, Kathmandu,

अर्थनीति, सेजन म्यागेजिन २०८१, नेपाल आर्थिक पत्रकार समाज, अनामनगर।

चेम्बर स्मारिका २०८०, अर्थतन्त्र अबको बाटो, नेपाल चेम्बर अफ कमर्स, कान्तिपथ।

अर्थ–राजनीतिक दिशानिर्देश टक्सार म्यागेजिन मासिक, बोधी सञ्चार प्रा.लि., अनामनगर।

सहसचिव प्रश्नोत्तर, चैतन्य लोक सेवा तयारीका विषय विज्ञहरूद्वारा लेखन तथा सम्पादन, ऐश्वर्य प्रकाशन।

Acharya, Madhu Raman, Nepal World View, Volume I & II: Foreign Policy, Adroit Publisher,

Hass, Richard, A world in disarray, American Foreign Policy and the crisis of the Old Order, Penguin Books, Printed in the United States of America,

James T. Walsh, Challenges and Strategies for The Reform of Customs Administration, International Monetary Fund,

Risk Analysis-Customs Valuation, Central Asia Regional Economic Cooperation,

# भन्सार जाँचपास परीक्षण कार्यालय एक झलकः समस्या र समाधान

✍ सन्तोष न्यौपाने ◆

दुई देश बिचको सीमापार व्यापारलाई नियमन, व्यवस्थापन, सहजीकरण निकाय भन्सार हो। भन्सारको प्रमुख कार्य राजस्व सङ्कलन गर्ने, अन्तर्राष्ट्रिय वैध व्यापारलाई सहजीकरण तथा निकासी एवम् पैठारी व्यापारलाई प्रवर्द्धन गर्दै व्यावसायिक लागत कम गरी पैठारीकर्ता अर्थात् करदाताको सामूहिक हित प्रवर्द्धन गर्ने रहेको छ। यस कार्यलाई सहजीकरण गर्न भन्सार विभाग र सो मातहत चालीस वटा मूल भन्सार कार्यालय सहित १३३ छोटी भन्सार कार्यालयहरू कार्यरत रहेका छन्। भन्सार प्रशासनलाई सुधार गर्न विभिन्न अवधिका सुधार योजनाहरू समेत कार्यान्वयन गरिँदै आएको छन् तर सुधार आयोजना अनुरूप अपेक्षित प्रतिफल प्राप्त नभएको गुनासो समेत जनमानसमा व्याप्त रहेको छ। विभिन्न चरणका स्वचालित प्रणालीहरू कार्यान्वयनमा ल्याइएका छन्। प्रणालीगत सुधारबाट चरणबद्ध सुधार भए पनि पैठारीकर्ताको अपेक्षा र अन्तर्राष्ट्रिय व्यापार प्रणाली अनुरूप सुधार हुन नसक्दा व्यावसायिक लागतमा वृद्धि, झन्झटिलो प्रशासनको आरोप यस क्षेत्रमा हुँदै आएको छ।

अन्तर्राष्ट्रिय व्यापारमा हुने परिवर्तनशील प्रवृत्ति र प्रविधिको क्षेत्रमा भइरहेको निरन्तर विकासलाई आत्मसात् गर्दै भन्सारका नवीन चुनौती एवम् समस्याहरूलाई समाधान गर्न, नयाँ साझेदारहरू सँग सहकार्य गरी समन्वयात्मक रूपमा अग्रगामी सुधार गर्दै भन्सार प्रणालीलाई सरलीकृत, व्यापार सहजीकरण, सीमा सुरक्षा, स्थायी प्रकृतिको आपूर्ति श्रृंखला निर्माण गर्दै समग्र भन्सार प्रशासनको सुधार गर्ने ध्येयका साथ Customs Delivering on its Commitment to Efficiency, Security and prosperity भन्ने नाराका साथ ७३औं अन्तर्राष्ट्रिय भन्सार दिवस जनवरी २६, २०२५ मा भन्सार विभाग र मातहतका कार्यालयहरूले मनाउन गइरहेका छन्।

भन्सार प्रशासनले अवलम्बन गरेको छैटौं चरणको चालु भन्सार सुधार तथा आधुनिकीकरण योजनाले निर्धारित गरेका लक्ष्यहरू, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरू, अन्तर्राष्ट्रिय रूपमा भन्सारले अवलम्बन गरेका असल अभ्यास तथा प्रचलनहरूलाई एकीकृत गरी तयार गरेको वार्षिक कार्य योजनामा उल्लिखित कार्यक्रमहरूको सफल कार्यान्वयन गरी विश्व भन्सार सङ्गठनको उद्देश्य, मर्म र अवधारणा अनुरूप भन्सार प्रशासनको विकास गर्नु पर्ने आवश्यकता रहेको छ।

भन्सार विभाग मातहत भन्सार जाँचपास परीक्षण कार्यालय रहेको छ। वि.स. २०६६ आश्विन ५ गते स्थापना भएको यस कार्यालयले निकासी/पैठारीकर्ताले सामान निकासी/पैठारी गरे पश्चात् भन्सार विन्दुमा गरेको घोषणा, (मूल्य, दर, वर्गीकरण, महसुल, सुविधा) आदी विषयमा विश्वसनीय तवरले मालबस्तुको जाँचपास भए नभएको सही मूल्याङ्कन गरी राजस्व असुल भए नभएको विषयहरू परीक्षण गरी छुट भएको महसुल असुल गर्दै आगामी दिनमा उक्त प्रकृतिको गल्ती नदोहरिने विषयमा सचेत गराउँछ। साथै भन्सार

◆ प्रमुख भन्सार परीक्षक, भन्सार जाँचपास परीक्षण कार्यालय

कार्यालयहरूबाट जाँचपास भएका मालवस्तु निकासी/पैठारीकर्ताले घोषणा गरे बमोजिमको मालवस्तु हो होइन, निकासी/पैठारीकर्ताले घोषणा गरे बमोजिम छ छैन, कुनै महसुल तथा करहरू असुल गर्न छुटेका छन् छैनन्, न्यून बीजकीकरण भएको छ छैन, साथै भन्सार ऐन, नियम तथा अन्य प्रचलित कानुनको सही तवरले पालना भएको छ छैन, आदि सम्पूर्ण पक्षहरूको जाँच एवम् परीक्षण गरी भन्सार प्रशासन सुधारमा टेवा दिने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयको कार्य सञ्चालनको लागि भन्सार ऐन, २०६४, नियमावली, २०६४ भन्सार जाँचपास पछिको परीक्षण कार्यविधि, २०७८ का आधारमा आफ्नो कार्य सम्पादन गर्दै आएको छ। मुख्यतः सालवसाली निर्माण हुने आर्थिक ऐन, भन्सार ऐन, २०६४ को परिच्छेद ८ अन्तर्गतको दफा ३४ र नियमावली, २०६४ को परिच्छेद ५ अन्तर्गतको नियम २६ देखि २८ र भन्सार जाँचपास पछिको परीक्षण कार्यविधि, २०७८ को प्रयोग गरी आफ्नो कार्यसम्पादन गर्दै आएको छ।

भन्सार जाँचपास परीक्षण कार्यालयले भन्सार कार्यालयहरूले एक पटक परीक्षण गरी जाँचपास गरेका मालवस्तुमा कहीं कतै केही राजस्व/महसुल छुट भए/नभएको तथा पैठारीकर्ताले प्राप्त गरेको सुविधाको प्रयोगको उपयोगमा कुनै दुरुपयोग गरे/नगरेको परीक्षण गरी भन्सार प्रशासन सुधार तथा निकासी पैठारी व्यापारमा सहजीकरण गर्ने कार्य गर्दै आएको छ। मूलतः भन्सार जाँचपास परीक्षण कार्यालयको उद्देश्य निम्न बमोजिम रहेको छ।

(क) कानुन बमोजिम पैठारीकर्ताले घोषणा गरेको महसुल/कर दायित्व ठिक भए/नभएको परीक्षण गर्ने।

(ख) व्यावसायिक प्रणाली तथा लेखा प्रणालीको सही पालना भए/नभएको यकिन गरी सुधारका लागि सुझाव दिने।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहभागिता जनाउने व्यक्तिको लागि व्यापार सहजीकरण गर्ने।

(घ) कानुनी प्रक्रियाको पूर्ण परिपालन भए/नभएको परीक्षण गरी सुनिश्चित गर्ने।

(ङ) निकासी/पैठारीकर्ताको अधिकार सुनिश्चित गर्न नीतिगत सुधारमा सुझाव दिने।

(च) Transaction Based Control लाई Audit Based Control मा रूपान्तरण गर्न सघाउने।

*(स्रोतः वार्षिक प्रतिवेदन, २०८०/८१, भन्सार जाँचपास परीक्षण कार्यालय)*

कानुन बमोजिम पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको महसुल/कर दायित्वको परीक्षण गरी कुनै महसुल तथा कर राजस्व घटी वा कम दाखिला गरेको पाइएमा नियमानुसार पैठारीकर्तालाई उक्त महसुल/कर दाखिला गर्नु नपर्ने भए प्रमाण पेस गर्न वा दाखिला गरेको भए प्रमाणसहित उपस्थित हुन सूचना जारी गरी पैठारीकर्ताले पेस गरेको सफाइको सबुत प्रमाणका आधारमा घटी महसुल दाखिला गरेको ठहरेको अवस्थामा उक्त रकम, व्याज र जरिवाना सहित भन्सार जाँचपास कार्यालयबाट असुलीको लागि प्रक्रिया बढाउने गरिन्छ। यसै गरी लेखा प्रणालीको सही तवरले पालना भए/नभएको, कानुनी प्रक्रियाको पालना भए/नभएको

जस्ता परीक्षण गरी सुधार सहित नीतिगत सुझाव दिँदै पैठारीकर्ताको हक/हित संरक्षण मार्फत अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गर्ने प्रमुख उद्देश्य भन्सार जाँचपास परीक्षण कार्यालयको रहने गर्दछ।

भन्सार जाँचपास परीक्षण कार्यालयबाट परीक्षण गरिने विभिन्न प्रज्ञापन पत्र एवम् कारोबारका सम्बन्धमा जोखिम सूचकका आधारमा भन्सार विभागको उप-महानिर्देशक, निर्देशक सहितको विज्ञ टोली तथा भन्सार जाँचपास परीक्षण कार्यालयका प्रतिनिधि समेतको आधारमा सबै सूचकहरूको सूक्ष्म विश्लेषण गरी पैठारीकर्ताहरूको छनौट गरिने व्यवस्था रहेको छ। यसरी छनौट भएका प्रज्ञापन पत्र, फर्म, र बस्तुको परीक्षण गर्दा कतिपय फर्म तथा प्रज्ञापन पत्रमा उच्च मात्रामा महसुल/कर छुट भएको पाइन्छ भने केही प्रज्ञापन पत्रहरूमा महसुल/कर निर्धारण हुने अवस्था रहँदैन। भन्सार विभाग मातहत रहने कार्यालयबाट विभिन्न तहको परीक्षण हुँदै जाँचपास भएका प्रज्ञापन पत्रहरूमा थप महसुल/कर दायित्व रहे/नरहेको पत्ता लगाउनु एक चुनौतीपूर्ण कार्य हो। भन्सार कार्यालयले मालवस्तु, कागजात, विवरण तथा प्रमाणहरू सम्पूर्ण हेरी जाँचपास भएका प्रज्ञापन पत्रहरूमा समेत थप महसुल/कर दायित्व सृजना हुने अवस्थाको न्यूनिकरण गर्नु प्रमुख चुनौती रहेको छ।

भन्सार जाँचपास परीक्षण कार्यालयबाट परीक्षणको क्रममा पैठारीकर्ताले उपलब्ध गराएका कागजात प्रमाण एवम् विवरण र भन्सार विभागको सूचना प्रविधि प्रणाली आसिकुडाबाट प्राप्त तथ्याङ्क समेतको गहन विश्लेषण गरी महसुल/कर छुट भए/नभएको विषयमा विश्लेषण गरी निर्णयमा पुग्नु एक गहन कार्य हो। वर्तमान अवस्थामा रहेको सङ्गठन संरचना, पूर्वाधार, जनशक्ति, साधन, स्रोतको महत्तम परिचालन गरी भन्सार जाँचपास परीक्षण कार्यालयबाट आ.व. २०८०/८१ मा जम्मा परीक्षण गरिएका पैठारीकर्ताको विवरण देहाय बमोजिम रहेको पाइयो।

| | |
|---|---|
| आ.व. २०८०/८१ को लागि छनौट पैठारीकर्ता सङ्ख्या | ४४३ |
| आ.व.२०८०/८१ मा परीक्षण सम्पन्न सख्या | ३७९ |
| थप महसुल निर्धारण पैठारीकर्ताको सख्या | १६९ |
| थप महसुल निर्धारण रकम | १४,४७,२७ हजार |

(स्रोतः वार्षिक प्रतिवेदन २०८०/८१, भन्सार जाँचपास परीक्षण कार्यालय)

सङ्गठन संरचना बमोजिमको स्वीकृत दरबन्दी बमोजिम पर्याप्त कर्मचारीको अभावमा यस कार्यालयबाट ३७९ पैठारीकर्ताको परीक्षण गरी लक्ष्यको ८५ प्रतिशत कार्य सम्पन्न भएको र महसुल निर्धारणमा लक्ष्यको ७५ प्रतिशत प्रगति गरेको देखिन्छ। २०८१ आषाढ मसान्त सम्म निर्धारित महसुल असुली तर्फ कार्यालयले ताकेता, पत्राचार गरी कुल ६१ करोड ३५ लाख रूपैया बक्यौता रकम रहेकोमा २७ करोड २६ लाख रूपैया बराबर विभिन्न न्यायिक निकायहरूमा पुनारावलोकनमा रहेकाले ३४ करोड ९ लाख मध्ये ४ करोड २७ लाख रूपैया मात्र बक्यौता रकम असुली भएको छ। बक्यौता असुली एक गहन प्रक्रिया रहेकाले यसमा कार्यालयको लामो समय खर्च हुने, कर्मचारीले बारम्बार ताकेता, पत्राचार, गरिरहनु पर्ने, पैठारीकर्ताले

पत्र नबुझ्ने, जस्ता कारणले सार्वजनिक सूचना प्रकाशन, आयात/निर्यात कारोबार रोक्का लगायतका प्रक्रिया पुरा गरी बक्यौता असुली तर्फ चालिएका कदमहरूको प्रगति हुने प्रक्रियामा रहेकाले आगामी आ.व.मा बक्यौता असुली तर्फ थप प्रगति हुने अपेक्षा गरिएको छ।

नेपाल भरका भन्सार कार्यालयहरूबाट दैनिक हजारौंको सङ्ख्यामा प्रज्ञापन पत्रहरू जाँचपास हुने भएकाले सोको सबै कार्यहरू सही र यथार्थ मूल्याङ्कनबाट जाँचपास नहुन सक्ने अवस्था रहन्छ। जसलाई नियन्त्रण गर्न भन्सार विभाग अन्तर्गत एक छुट्टै शाखा रहेको र जसले नियमित रूपमा अनुगमन गरी रहेको हुन्छ। प्रथम चरणमा भन्सार कार्यालयबाट हुने जाँच तथा परीक्षण, साथसाथै विभागबाट हुने नियमित अनुगमन र जाँचपास पश्चात् भन्सार जाँचपास परीक्षण कार्यालयबाट शङ्कास्पद तथा बढी जोखिम हुनसक्ने प्रज्ञापन पत्रको छनौट गरी पुनः परीक्षण गर्दा कुनै शीर्षक/विषयमा घटी महसुल/राजस्व दाखिला गरेको ठहरेमा पुनः थप महसुल निर्धारण हुने भएकाले पैठारीकर्ता स्वयं घोषणामा नै सचेत हुँदै वास्तविक र सही घोषणामा उत्प्रेरित हुँदै भन्सार प्रशासनमा सुधार हुँदै गएको अवस्था छ।

**आ.व. २०८०/८१ मा आसिकुडा प्रणालीको लेन अनुसार महसुल निर्धारणको अवस्थाः**

| आ.व. | रातो | | पहेंलो | | हरियो | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सख्या | रकम | सख्या | रकम | सख्या | रकम | सख्या | रकम |
| २०८०/८१ | १४० | ९५४८३ | १६ | ३८७०४ | १३ | १०५३८ | १६९ | १४४७२७ |
| प्रगति प्रतिशत | ८३ | ६६ | १० | २७ | ७ | ७ | - | - |

*(स्रोतः वार्षिक प्रतिवेदन, २०८०/८१, भन्सार जाँचपास परीक्षण कार्यालय)*

भन्सार जाँचपास परीक्षण कार्यालयले आ.व. २०८०/८१ मा परीक्षण गरेका १६९ वटा, (फर्म, कन्साइन्मेनट, प्रोडक्ट) को परीक्षण गर्दा ८३ प्रतिशत रातो मार्गबाट जाँचपास भएका फर्म, कन्साइन्मेन्टमा थप महसुल/कर निर्धारण भएको देखियो। उक्त विषय भन्सार प्रशासनको लागि गम्भीर चुनौती देखिएको छ। रातो मार्गबाट जाँचपास भएका मालवस्तुहरूको सम्पूर्ण भौतिक परीक्षण हुने, मालवस्तु तथा कागजात समेतको पूर्ण परीक्षण भएका फर्म, कन्साइन्मेन्टबाट थप महसुल निर्धारण गर्न भन्सार जाँचपास परीक्षण कार्यालयको लागि प्रमुख चुनौती रह्यो भने भन्सार प्रशासनका कार्यालयको कार्यप्रणालीमा थप चुनौती देखिएको अवस्था छ।

व्यापारमा भएको अन्तर्राष्ट्रियकरणबाट दिन दिनै भन्सार प्रशासनको कार्यक्षेत्र विस्तार हुँदै गएको छ। प्रज्ञापनत्रहरू दैनिक रूपमा वृद्धि हुँदै गएको सन्दर्भमा भन्सार कार्यालयहरूबाट एक आर्थिक वर्ष (२०८०/८१) मा जाँचपास हुने करिब पाँचलाख पचास हजार प्रज्ञापन पत्रहरू मध्ये शून्य दशमलव शून्य नौ प्रतिशत प्रज्ञापनहरूको मात्र प्रज्ञापन पत्रहरूको भन्सार जाँचपास कार्यालयबाट परीक्षण भएको छ। एक आर्थिक वर्षमा करिब पाँचसय फर्म, कन्साइन्टमेन्टहरूको परीक्षण गर्दा उपरोक्त बमोजिमको थप महसुल तथा राजस्व छुट भएको भनी औंल्याउन सकिएको अवस्था छ। भन्सार प्रशासनलाई थप सबलीकरण गर्न

भन्सार जाँचपास परीक्षण कार्यालयको समेत क्षमता विस्तार गर्न आवश्यक छ। भन्सार जाँचपास परीक्षण कार्यालयमा देखिएका प्रमुख समस्या र समाधानहरू निम्न बमोजिम रहेका छन्।

**(क) क्षमता विस्तारः** भन्सार जाँचपास परीक्षण कार्यालयको क्षमता विस्तार तथा सङ्गठन संरचनामा विस्तार गरी सातै प्रदेशमा प्रदेशस्तरीय भन्सार जाँचपास परीक्षण कार्यालय रहन आवश्यक छ। भन्सार प्रशासनबाट चुहावट भएको महसुल/राजस्व औंल्याइ असुल उपर गर्न राजपत्राङ्कित द्वितीयस्तरको कार्यालय प्रमुख हुने गरी कार्यालयको विस्तार गरी एक कार्यालयबाट कम्तीमा पाँचसय देखि माथि थप प्रज्ञापनत्रहरूको परीक्षण गरी महसुल/कर छुट हुन नदिने गरी सुझाव सहित भन्सार कार्यालयहरूलाई सुझाव दिन आवश्यक देखिएको छ।

**(ख) जनशक्ति व्यवस्थापनः** भन्सार जाँचपास परीक्षण कार्यालयमा सितिमिति कर्मचारी पदस्थापन गर्न गाह्रो हुने अवस्था छ। भन्सार कार्यालयहरूमा कार्य गर्ने प्रत्येक कर्मचारीलाई भन्सार जाँचपास परीक्षण कार्यालयमा एक कार्यकाल अन द जब ट्रेनिङ दिएर मात्र भन्सार कार्यालयमा खटाउन सकिएको अवस्थामा कुन-कुन क्षेत्र संवेदनशील छन्, कहाँ, कसरी महसुल घटी घोषणा गरी पैठारी हुन्छ जस्ता विषयमा एक आधारभूत ज्ञान प्राप्त हुने भएकाले सोही बमोजिम भन्सार कार्यालयमा कार्यसम्पादन गर्दा महसुल/राजस्व क्षय हुने सम्भावनालाई न्यून गर्न सकिन्छ। साथै प्रदेशस्तरीय कार्यालय खडा गरी सोही बमोजिम उपयुक्त जनशक्ति व्यवस्थापन, सूचना प्रविधिको उपयोग गरी महसुल/कर छुट हुन नदिन उपयुक्त व्यवस्था अवलम्बन गर्नु पर्ने देखिएको छ।

**(ग) कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीः** विगतका केही वर्ष अगाडी राजस्व प्रशासनका आन्तरिक राजस्व कार्यालयहरू, भन्सार कार्यालयहरूमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिएको थियो। उक्त अवधिमा राजस्व असुलीको दर उच्च भएको कर्मचारीको उत्प्रेरित भई कार्यसम्पादनको गुणस्तरमा सुधार भएको विगतको इतिहासलाई हामीले बिर्सन हुँदैन। उच्च मनोबलयुक्त कर्मचारी, साधन, स्रोत र नीतिगत सहजीकरणका आधारमा भन्सार जाँचपास परीक्षण कार्यालयमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरी सूचक निर्धारण गरी सोका आधारमा कर्मचारीलाई उत्प्रेरित तथा दण्डित गर्ने व्यवस्था लागू गर्न सकिएको खण्डमा कर्मचारीको कार्यक्षमता गुणात्मक सुधार हुने अपेक्षा गर्न सकिन्छ।

**(घ) नीतिगत सुधारः** भन्सार जाँचपास परीक्षण कार्यालयले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा १८ बमोजिम मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म परीक्षण गर्ने सक्ने व्यवस्थालाई आर्थिक ऐन, २०८१ बाट संशोधन गरी दुई वर्षमा सीमित गरिदा समय अभावले परीक्षण गर्ने कार्यमा बाधा हुने अवस्था सिर्जना हुनेछ। जाँच तथा परीक्षणको कार्य एक जटिल र लामो प्रक्रिया भएकाले छोटो अवधिमा गुणस्तरीय कार्य सम्पादन हुने अवस्था नहुन सक्ने भएकाले उक्त व्यवस्थालाई साबिक बमोजिमकै अवधिमा सुधार गर्न नीतिगत सुधार हुन आवश्यक छ।

**(ङ) क्षमता विस्तारः** यस कार्यालय अन्तर्गतका कर्मचारीहरूको क्षमता विस्तारका तालिमहरू, न्याय सम्बन्धी तालिमहरू, सूचना प्रविधिसम्बन्धी तालिमहरू प्रदान गरी कर्मचारीको क्षमता विस्तार गरी

कार्यस्थलमा समेत पूर्ण ITS लागू गरी सबै कामहरू प्रविधिको माध्यबाट गर्ने प्रणालीको थालनी गर्न आवश्यक छ। पुरातन प्रवृत्तिका कर्मचारीलाई प्रविधिमा निपुण गरी गुणात्मक कार्यसम्पादन प्राप्त गर्न कर्मचारीको क्षमता विस्तारको अध्ययन, अनुसन्धान तालिममा सहभागी गराउँदै सूचना प्रविधिमा दक्ष कर्मचारी निर्माण गर्नु आवश्यक छ।

**(च) Backward and Forward Linkage:** यस कार्यालयबाट कुनै एक प्रज्ञापन पत्र, फर्म वा प्रोडक्टको निश्चित अवधिको मात्र परीक्षण गर्ने अधिकार रहेको छ। परीक्षणको क्रममा कुनै मुद्दा (Issue) देखिई उक्त अवधि अघि र पछि समेत परीक्षण गर्न सक्ने अवस्था रहेको नदेखिएकाले थप महसुल निर्धारण हुन सक्ने अवस्था विद्यमान रहँदा समेत थप महसुल निर्धारण गर्न सक्ने अवस्था नरहेकाले उक्त विषयमा नीतिगत सुधारको आवश्यकता रहेको छ।

**(छ) नैतिकता, व्यावसायिकता र इमानदारिताको विकास गर्नः** कारोबार मूल्यमा आधारित परीक्षण पद्धति भएकाले हाम्रो जस्तो विकासोन्मुख मुलुकमा पैठारीकर्ताले सही कारोबार मूल्य घोषणा नगर्ने, वस्तुको गुणस्तर, परिमाण र उत्पत्तिको मुलुक समेत सही घोषणा नगर्ने प्रवृत्ति रहेको छ। व्यवसायीमा नैतिकता र इमानदारिताको विकास गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँगको समन्वय र सहकार्य सिर्जना गरी सूचनामाथिको पहुँच विस्तार गर्दै सन्तुलित व्यापार सहजीकरण अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।

**(ज) पुनरावलोकन सम्बन्धी व्यवस्थाः** भन्सार जाँचपास परीक्षण कार्यालयबाट थप महसुल/कर निर्धारण हुन गएमा सो उपर भन्सार ऐन २०६४ को दफा ६२ बमोजिम राजस्व न्यायाधिकरणमा सोझै पुनरावेदन लाग्ने व्यवस्थालाई संशोधन गरी भन्सार विभागको महानिर्देशक समक्ष पुनरावेदन गर्ने व्यवस्था हुन आवश्यक छ। भन्सार विभाग मातहतको कार्यालय रहेकाले यस कार्यालयले गरेको निर्णय उपर विभागको महानिर्देशक अनविज्ञ हुने अवस्थाको अन्त्य गरी एक तहको प्रशासकीय पुनरावलोकनको अधिकार विभागको महानिर्देशक समक्ष राखी सो पश्चात् मात्र राजस्व न्यायाधिकरण वा न्यायिक निकायहरूमा पुनरावेदन गर्न जाने गरी नीतिगत संशोधन गर्न उपयुक्त हुन्छ।

**(झ) निलो मार्गको अवलम्बनः** भन्सारबाट निलो मार्ग मार्फत जाँचपास भएका हरेक कन्साइन्टमेन्टको भन्सार जाँचपास परीक्षण कार्यालयबाट परीक्षण गरी उक्त परीक्षणमा कुनै कैफियत ठहर भई थप महसुल निर्धारण/कर निर्धारण हुन गएमा त्यसरी पैठारी भएको मालवस्तुको पाँचसय प्रतिशत जरिवना गर्ने व्यवस्थाको लागू गर्न नीति सुधार हुन आवश्यक रहेको छ।

**(ञ) संस्थागत प्रोफाइल निर्माणः** भन्सार जाँचपास परीक्षण कार्यालयबाट भएका कार्यसम्पादनको विविधीकरण गर्दै कानुनी प्रक्रियाको पूर्ण पालना गरी बक्यौता असुली गर्नुपर्ने आवश्यकता रहेको छ। कारवाहीमा परेका पैठारीकर्ताको प्रोफाइल निर्माण गरी सबै भन्सार कार्यालयहरूमा पत्राचार गर्ने र गलत गर्ने पैठारीकर्तालाई सबै भन्सार निकायहरूमा उच्च निगरानी गर्न एक छुट्टै प्रोफाइल निर्माण गरी शङ्कास्पद पैठारीकर्ताको सूची निर्माण गरी सोका आधारमा जाँचपासको कार्यलाई थप वास्तविक र यथार्थपरक बनाउनुपर्ने आवश्यक रहेको छ।

**(ट) अनुसन्धानमूलक परीक्षणमा जोडः** भन्सार जाँचपास परीक्षण कार्यालयबाट मूलतः वस्तु वर्गीकरण, महसुल छुट, सुविधाको दुरुपयोग जस्ता विषय मात्र ध्यान केन्द्रित नगरी केही प्रज्ञापन पत्रहरूको अनुसन्धानमूलक परीक्षण गर्न आवश्यक रहेको छ। कुनै पैठारीकर्ताले गम्भीर प्रकृतिको महसुल क्षयीकरणको अपराध गरेको प्रारम्भिक चरणमा पत्ता लागेमा त्यस्ता पैठारीकर्ताको अनुसन्धानमूलक परीक्षण गर्न अनुसन्धानको लगत तयार गर्ने, विस्तृत रूपमा पैठारीकर्ताको कारोबार, बैङ्क विवरण, लगायतका सम्पूर्ण पक्षहरूको गहन विश्लेषण गरी परीक्षण गर्ने र यसरी अनुसन्धानको लगतमा रहेको पैठारीकर्ताको लागि अनुसन्धान गर्ने समय, जिम्मेवार कर्मचारी समेत किटानी गरी विस्तृत अनुसन्धानमा जोड दिनु आवश्यक रहेको छ। अनुसन्धानको लगतमा रहेको पैठारीकर्ताको अनुसन्धान गर्ने र सम्पन्न गर्ने समयावधि कम्तीमा तीन वर्ष र बढीमा चार वर्ष भित्र सम्पन्न गर्ने गरी नीतिगत सुधार गर्नुपर्ने आवश्यकता रहेको छ।

अतः भन्सार प्रशासनलाई बहुआयामिक रूपमा सुधार गर्न भन्सार जाँचपास परीक्षण कार्यालयबाट प्राप्त महत्त्वपूर्ण पृष्ठपोषणलाई भन्सार प्रशासनले बिर्सन हुँदैन। सुधार एक निरन्तर प्रक्रिया भएकाले भन्सार प्रशासनमा देखिएका कमी कमजोरीहरूलाई भन्सार जाँचपास परीक्षण कार्यालयबाट निर्धक्कसाथ औंल्याइ सुधारको लागि पहलकदमी गर्नु पर्ने देखिन्छ। प्राप्त सुधारका सुझावहरूको संस्थागत प्रोफाइल तयार गरी कुनै एक कार्यालयमा देखिएका कमी कमजोरी अर्को कार्यालयबाट नदोहोरिने व्यवस्थाको अवलम्बन गर्न भन्सार विभाग अन्तर्गत एक छुट्टै सफ्टवेयर निर्माण गर्नु पर्ने देखिन्छ। स्वयं घोषणामा आधारित भन्सार प्रशासनमा निकासी वा पैठारीकर्ताले घोषणा गरेको ठिक छ भनी विश्वास गर्ने आधार नहुने भएकाले जोखिममा आधारित परीक्षण पद्धतिबाट भन्सार प्रशासनको ज्ञान, सिप र क्षमतामा अभिवृद्धि गर्दै नियन्त्राणात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक वातावरण निर्माण गरी व्यवसायीको नैतिकतामा सुधार गर्नु आवश्यक रहेको छ। व्यावसायिक पारदर्शिता, वैज्ञानिक लेखापालन प्रणाली र सूचना प्रविधिको अधिकतम प्रयोगद्वारा भन्सार प्रशासन एवम् निकासी पैठारीकर्ताको मनोबल उच्च राख्दै स्वच्छ भन्सार प्रशासन सञ्चालनमा सबैले योगदान गर्नुको विकल्प रहँदैन।

# बाह्य क्षेत्रबारे व्याप्त रहेका भ्रम र वास्तविकता

✍ सार्थक कार्की ◆

## १. पृष्ठभूमि

शोधनान्तर स्थिति र समग्र बाह्य क्षेत्र सन्तुलन स्वाभाविक रूपमा आम चासोका विषय हुन्। शोधनान्तर स्थिति क्रमशः ऋणात्मक हुँदै गएमा बाह्य क्षेत्र असन्तुलित हुन गई समग्र अर्थतन्त्र नै थलिन सक्छ भन्ने कुरा अर्थशास्त्रका सिद्धान्त एवम् विश्व इतिहासले समेत उजागर गरिसकेका छन्। तर, बाह्य क्षेत्र बारे आँकलनहरूमा यस्ता सिद्धान्त वा ऐतिहासिक तथ्यहरूभन्दा पनि अक्सर अपूर्ण एवम् गलत बुझाई अन्धविश्वास सरी सरोकारवालाहरूमाझ हाबी भएको पाउन सकिन्छ।

शोधनान्तर स्थितिमा नियमित रूपमा सामान्य प्रकारको चक्रीय प्रवृत्ति देखा पर्दा केही सरोकारवालाहरूको गम्भीर ध्यानाकर्षण हुन जाने र सञ्चार माध्यमहरूमा यस्तो भाष्यले बढी प्राथमिकता पाउँदा बाह्य क्षेत्रको सामान्य चक्रीय उतारचढाव समेत आममानिसका लागि हाउगुजी बन्न जाने प्रवृत्ति रहेको देख्न सकिन्छ। सन् १९८० ताकाको दक्षिण अमेरिका व्यापी आर्थिक सङ्कट, सन् १९९४ को मेक्सिकन् (टकिला) आर्थिक सङ्कट जसले विश्वभरि नै जादूयी मानिएको मेक्सिकन् आर्थिक मोडेलको आभालाई क्षणभङ्गुर प्रमाणित गरिदियो, सन् १९९७ को एशियाली आर्थिक सङ्कट, सो दौरान ख्यातिप्राप्त इष्ट एशियन टाइगर्स्को हुन गएको दुर्दशा एवम् मलेसियाका प्रधानमन्त्री माहाथिर मोहम्मदले कुख्यात मुद्रा सट्टेबाज जर्ज सोरसलाई आफ्नो देशमा पाइला टेके पक्राउ गर्ने भनी गरेको प्रख्यात कटाक्ष र हालसालै सन् २०२२ मा छिमेकी राष्ट्र श्रीलङ्काले खेप्नु परेको आर्थिक सङ्कटको दौरान राष्ट्रपति भवनमै उर्लिएको जनसागरलाई थेग्न नसकेर श्रीलङ्काली राष्ट्रपतिले देशै छाडेर पलायन हुनुपर्‍यो— यी सबै ऐतिहासिक घटनाहरूका जरा निश्चय पनि चरम बाह्य क्षेत्र असन्तुलनसम्म पुग्दछन्।

तर, यदि कुनै पनि अर्थतन्त्रमा सामान्य रूपमा देखा पर्ने चक्रीय असन्तुलनले समेत समाजको मानसपटलमा यिनै ऐतिहासिक घटनाहरूलाई उजागर गराउँछ र यसको साथै निर्णायक भूमिका निर्वाह गर्ने सरोकारवालाहरूले समेत यस दृष्टिकोणमा सादृश्य राख्दछन् भने यहाँ विवेकलाई भ्रम र भावनाले पराजित गरेको ठहर गर्न सकिन्छ।

यस पृष्ठभूमिमा यो लेखको उद्देश्य बाह्य क्षेत्रका विभिन्न आयामहरूसँग सम्बन्धित आधारभूत सिद्धान्त एवम् तथ्यलाई पाठकवर्ग समक्ष पेस गरी यस क्षेत्रलाई विश्लेषण गर्ने एउटा वस्तुपरक आधार पेस गर्नु रहेको छ।

◆ उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क

## २. विदेशी विनिमय सञ्चितिको पर्याप्तता

एउटा राष्ट्रलाई कति विदेशी विनिमय सञ्चिति आवश्यक हुन्छ भन्ने कुरा बुझ्नका लागि पहिले यस्तो सञ्चिति के का लागि आवश्यक हुन्छ भन्ने कुरा मनन गर्न आवश्यक छ। संसारको कुनै पनि मुलुक आफूले खपत गर्ने सबै वस्तु एवम् सेवाको मामलामा आत्मनिर्भर छैन किनकि यसो गर्नु प्रतिउत्पादक मात्र नभई असम्भव समेत रहन्छ। साथै, अर्थशास्त्रको दुनियाँमा यो कुनै नयाँ खोज वा ज्ञान बिल्कुलै होइन। १८ औं शताब्दीमा एडम स्मिथले तत्समयका मर्केन्टलिस्टहरूलाई खुला बजार एवम् प्रतिस्पर्धी अन्तर्राष्ट्रिय व्यापारको महत्त्व बुझाउनको लागि अति सुन्दर एवम् तार्किक शैलीमा थियरी अफ एब्सल्युट एडभान्टेजको प्रतिपादन गरेका थिए। स्मिथका अनुयायी एवम् अर्थशास्त्रका अर्का भीमकाय हस्ती डेभिड रिकार्डोले पनि खुला बजार र अन्तर्राष्ट्रिय व्यापार विरोधी तथा १९ औं शताब्दीको कोर्न लज्का समर्थक बेलायती जमिनदारहरूलाई जवाफ दिनका लागि थियरी अफ कम्प्यारटिभ एडभान्टेजको प्रतिपादन गरेका थिए। बाह्य क्षेत्रसम्बन्धी अर्थशास्त्रको सबैभन्दा पुरानो सिद्धान्तमध्येका यी सिद्धान्तहरूले प्रष्ट रूपमा निक्योंल गर्छन् कि कुनै पनि मुलुकले आफ्ना लागि आवश्यक हुने सबै वस्तु तथा सेवामा हाथ हाल्न हुँदैन। यसको साटो प्रत्येक मुलुकले आफ्नो विशेषज्ञता रहेका वस्तु तथा सेवाहरूको उत्पादनमा मात्र आफ्नो ध्यान केन्द्रित गरी अन्य वस्तु तथा सेवाहरू अन्य विशेषज्ञ मुलुकहरूबाट आयात गर्नुपर्दछ।

तसर्थ, अस्तित्वसँगै गाँसिएका केही अति महत्त्वपूर्ण वस्तु एवम् सेवा बाहेकका चीजहरूको सन्दर्भमा संसारभरिका मुलुकहरूबिच अन्तरनिर्भरता अनिवार्य हुन जान्छ। साथै, विदेशी विनिमय सञ्चितिको अवधारणा नै आफैंमा कुनै साध्य वा अन्तिम लक्ष्य नभई फगत एउटा निश्चित उद्देश्य हासिल गर्न आवश्यक हुने साधन रहेको देखिन्छ र यस अन्तर्गतको अन्तिम लक्ष्य भनेकै अनिवार्य अन्तर्राष्ट्रिय परनिर्भरताको परिप्रेक्ष्यमा विदेशी वस्तु तथा सेवा आयात गरी घरेलु उपभोग गर्नु रहेको समेत देखिन्छ।

यस पृष्ठभूमिमा एउटा मुलुकलाई कति विदेशी विनिमय सञ्चिति चाहिन्छ भन्ने कुरा बारे अर्थशास्त्रका स्थापित मान्यता र मापदण्डहरूले प्रष्ट रूपमा बोलेको हुनाले यो विषय समेत अत्यन्त वस्तुपरक रहेको देखिन्छ। उदाहरणको लागि अन्तर्राष्ट्रिय मुद्रा कोषको यस सम्बन्धी विशेषज्ञ प्रकाशन (एसेसिङ रिजर्भ एडेक्वेसी — सन् २०११, २०१३ र २०१५) ले यस विषयसम्बन्धी देहाय बमोजिमका केही मुख्य मापदण्डहरू प्रस्तुत गर्दछन्।

### २.१ आयात क्षमता

आयात (धान्न सक्ने) क्षमता विदेशी विनिमय सञ्चिति पर्याप्तताको एउटा सूचक हो र अन्तर्राष्ट्रिय मुद्रा कोषले यस सम्बन्धी प्रस्ताव गरेको मापदण्ड ३ महिनाको हो। मुलुकको बाह्य क्षेत्रमा कुनै सङ्कट आइपरेमा सामान्यतया यस अवधिभित्र वैकल्पिक व्यवस्था (उदाहरण बाह्य ऋण, करेन्सी स्वाप, आदि) कायम गरी सङ्कटबाट मुक्त हुन सकिन्छ भन्ने पूर्वानुमान सहित ३ महिनाको यो मापदण्ड तय गरिएको हो। तथापि, सबै मुलुकहरूको अवस्था समान नहुन पनि सक्दछ। जस्तै कि कुनै मुलुकको विदेशी मुद्राको श्रोत एक वा केही क्षेत्रहरूमा मात्र केन्द्रीकृत रहेको हुन सक्छ वा कुनै मुलुकको अन्तर्राष्ट्रिय वित्तीय बजारमा पहुँच नै

नहुन सक्छ अर्थात् सङ्कट दौरान बाह्य ऋण लिन सक्ने क्षमता अत्यन्त न्यून हुन सक्दछ। यस्ता विशेष अवस्थाहरूलाई मध्यनजर गर्दै अन्तर्राष्ट्रिय मुद्रा कोषले सदस्य मुलुकहरूको लागि विदेशी विनिमय सञ्चिति पर्याप्तताको छुट्टै मापदण्ड तय गर्दछ। जस्तै कि नेपालको लागि अन्तर्राष्ट्रिय मुद्रा कोषको पछिल्लो आर्टिकल फोर प्रतिवेदनले ५.२ महिनाको आयात धान्न सक्ने सञ्चिति सिफारिस गरेको छ।

## २.२ बाह्य ऋण भुक्तानी क्षमता

अन्तर्राष्ट्रिय मुद्रा कोषले सञ्चिति पर्याप्तताको सन्दर्भमा उल्लेख गर्ने अर्को सूचक बाह्य ऋण भुक्तानी गर्न सक्ने क्षमतासँग सम्बन्धित रहेको देखिन्छ। यस लेखको पृष्ठभूमि खण्डमा उल्लेख गरिएका सबै आर्थिक सङ्कटहरू (१९८२ को ल्याटिन अमेरिकन, १९९४ को मेक्सिकन, १९९७ को एशियाली र २०२२ को श्रीलङकाली) को कारण एउटै रहेको देखिन्छः अत्यधिक एवम् जोखिमपूर्ण प्रकृतिको बाह्य ऋण। वास्तवमा इतिहासको हरेक कालखण्डमा लगभग प्रत्येक सबै आर्थिक अस्थिरता निम्त्याउने बाह्य क्षेत्र असन्तुलनको कारक तत्त्व समेत अत्यधिक एवम् जोखिमपूर्ण प्रकृतिको बाह्य ऋण नै रहेको पाउन सकिन्छ।

अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैङ्कले प्रत्येक वर्ष सदस्य राष्ट्रहरूको बाह्य ऋण चुक्ता गर्न सक्ने क्षमता कस्तो छ भन्ने कुरा मापन गर्नको लागि एउटा अभ्यास गर्दछन् जसलाई डेट सस्टेनबिलिटी अन्यालिसिस भनिन्छ। २०२३ मे महिनामा सार्वजनिक गरिएको पछिल्लो डेट सस्टेनबिलिटी अन्यालिसिसले नेपालको बाह्य ऋण तथा (घरेलु ऋण सहितको) समग्र ऋण जोखिमलाई न्यून भनी किटान गरेको छ। कारण स्पष्ट छः अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैङ्कले बाह्य ऋणको जोखिमसम्बन्धी अवलम्बन गर्ने मापदण्ड (जस्तै कि Present value of external debt to GDP less than ५५%) को तुलनामा नेपालको सूचक असाध्यै सकारात्मक (१३.१ प्रतिशत मात्रै) रहेको छ। नेपाल सरकारको कुल बाँकी रहेको ऋण कुल गार्हस्थ्य उत्पादनको ४४ प्रतिशत रहेकोमा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैङ्कले यससम्बन्धी तय गरेको उच्च सीमा ७० प्रतिशत रहेको छ। यसमध्ये बाह्य ऋण करिब ५० प्रतिशत रहेकोमा उक्त ऋण समेत अत्यन्त सहुलियतपूर्ण रहेको छ। जस्तै कि करिब ८७ प्रतिशत ऋण विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता बहुराष्ट्रिय दातृ निकायहरूले प्रदान गरेका छन् भने यी ऋणहरूको औसत ब्याजदर १ प्रतिशत र औसत अवधि ३६ वर्ष रहेको छ।

नेपालको बाह्य ऋणलाई श्रीलङ्कासँग तुलना गर्दा रोचक तथ्यहरू उजागर हुन्छन्। जस्तै कि अन्तर्राष्ट्रिय मुद्रा कोषको पछिल्लो (सन् २०२१ को) आर्टिकल फोर प्रतिवेदनले सन् २०२० मा श्रीलङ्काको कुल बाह्य ऋण कुल गार्हस्थ्य उत्पादनको ४८.२ प्रतिशत (कुल ऋण १०१.२ प्रतिशत) रहेको देखाँउछ र यसको अधिकांश हिस्सा अर्थात् करिब ६१ प्रतिशत व्यावसायिक (गैरसहुलियतपूर्ण) सर्तमा लिइएको समेत देखाउँछ। साथै, विश्व बैङ्कले आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्ने तथ्याङ्क बमोजिम सन् २०२१ मा श्रीलङ्काले लिएको कुल बाह्य ऋणको १४.६९ प्रतिशत हिस्सा अल्पकालीन प्रकृतिको रहेको देखिन्छ (सोही वर्ष नेपालको ३.८० प्रतिशत बाह्य ऋण मात्र अल्पकालीन प्रकृतिको रहेको देखिन्छ)। श्रीलङ्कामा आर्थिक

सङ्कट आउँदा उक्त मुलुकले लिएको ओभरड्राफ्ट प्रकृतिको (तसर्थ अल्प अवधि सकिनासाथ एकमुष्ट भुक्तानी गर्नुपर्ने) बाह्य ऋण निकै चर्चामा रहेको थियो। नेपालको हकमा यस प्रकारको ऋण रहेको देखिँदैन।

बाह्य ऋण भुक्तानी क्षमता मापन बारे दुई वटा विशेष मापदण्ड रहेको देखिन्छ। एक, ग्रीनस्पान गुडोटी मेट्रिक। दुई, एक्सपान्डेड ग्रीनस्पान गुडोटी मेट्रिक। ग्रीनस्पान गुडोटी मेट्रिकले के प्रस्ताव गर्छ भने कुनै पनि मुलुकसँग न्यूनतम पनि एक वर्षभित्र भुक्तानी गर्नुपर्ने बाह्य ऋण (साँवा र ब्याज) लाई खाम्ने विदेशी विनिमय सञ्चिति रहेको हुनुपर्दछ। एक्सपान्डेड ग्रीनस्पान गुडोटी मेट्रिकले विदेशी विनिमय सञ्चिति पर्याप्तताको कसीलाई अझ केही कस्दै न्यूनतम आवश्यक सञ्चितिलाई एक वर्षभित्र भुक्तानी गर्नुपर्ने बाह्य ऋण (साँवा र ब्याज) एवम् चालु खाताको घाटा भनी परिभाषित गर्दछ। यो सूचकको मापदण्ड समेत न्यूनतम शत प्रतिशत अर्थात् एक वर्षलाई खाम्ने सञ्चिति रहेको देखिन्छ।

सन् २०२४ मा नेपाल राष्ट्र बैङ्कको प्रकाशन मिर्मिरेमा छापिएको एउटा लेखले निकै कन्सरभेटिभ पूर्वधारणा सहित नेपालका लागि एक्सपान्डेड ग्रीनस्पान गुडोटी मेट्रिकको आङ्कलन गरेको छ जस अनुसार सन् २०२२ र सन् २०२३ मा लागि यो सूचकको मापन क्रमशः १५६ र ५८७ प्रतिशत रहेको देखिन्छ।

सोही लेखले नेपाल, श्रीलङ्का र पाकिस्तानका लागि सञ्चिति (Official Reserve Assets द्वारा मापन गरिएको) र कुल बाह्य दायित्वको तुलानात्मक स्थिति समेत पेस गर्दछ। सन् २०२२ र २०२३ का लागि नतिजा यस प्रकार रहेको देखिन्छः: नेपाल (सञ्चिति कुल बाह्य दायित्वको क्रमशः ७१ र ८३ प्रतिशत), श्रीलङ्का (सञ्चिति कुल बाह्य दायित्वको क्रमशः ३ र ६ प्रतिशत) र पाकिस्तान (सञ्चिति कुल बाह्य दायित्वको क्रमशः ९ र ६ प्रतिशत)।

तसर्थ, पछिल्ला केही वर्षहरूमा नेपालको बाह्य क्षेत्र सन्तुलनको स्थिति निकै सकारात्मक एवम् पूर्णतया जोखिममुक्त रहेको थियो भन्नु कुनै अतिउक्ति रहेको देखिदैंन्।

## ३. विदेशी लगानी प्रतिको दृष्टिकोण

नेपाल राष्ट्र बैङ्कको पछिल्लो विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी वार्षिक प्रतिवेदन (आ.व. २०८०-८१) ले नेपालमा हालसम्म भएको विदेशी लगानीसम्बन्धी देहाय बमोजिमको तथ्याङ्क प्रस्तुत गर्छः

- नेपाल राष्ट्र बैङ्कले हालसम्म भित्र्याउनका लागि स्वीकृत गरेको विदेशी लगानीः रु. ३१९.२० अर्ब
- नेपाल राष्ट्र बैङ्कमा हालसम्म लेखाङ्कन भएको विदेशी लगानीः रु. १३८.३३ अर्ब
- नेपालमा विधिपूर्वक भित्रिई लेखाङ्कन भएको विदेशी लगानीले हालसम्म नाफा गरी विदेश फिर्ता लगेको नगद लाभांशः रु. १८०.९९ अर्ब

उपर्युक्तको तथ्याङ्कलाई अधिकांश सरोकारवालाहरूले यसरी विश्लेषण गर्ने गरेको पाउन सकिन्छ — “नेपालमा हालसम्म विधिपूर्वक भित्रिई लेखाङ्कन भएको विदेशी लगानी (रु. १३८.३३ अर्ब) भन्दा झन्डै ३१ प्रतिशत बढी (रु. १८०.९९ अर्ब) नगद लाभांश विदेशी लगानीकर्ताहरूले लगिसकेको हुनाले हालसम्म नेपालमा

भित्रिएको विदेशी लगानीले विदेशी लगानीकर्ताहरूको हित गरेको भए तापनि नेपालको भने अहित नै गरेको छ।"

यस्तो विश्लेषण हाम्रो समाजमा व्याप्त भए तापनि विभिन्न कारणहरूले गर्दा पूर्णतया गलत छ। एक, यस दृष्टिकोणले विदेशी लगानीलाई एउटा जिरो सम् गेमको रूपमा लिन्छ जसमा एक पक्षलाई फाइदा हुँदा अर्को पक्षलाई अनिवार्य नोक्सान हुन जान्छ। यो हिसाबले सोच्दा बजारमा हुने हरेक खरिद बिक्रीमा कि त खरिदकर्ता मूर्ख भइरहेको हुनुपर्दछ कि त बिक्रेता। सामान्य विवेकको प्रयोग गर्दा समेत यो दृष्टिकोण सही नभएको सजिलै उजागर हुन्छ। स्वाभाविक रूपमा एउटा प्रतिस्पर्धी खुला बजार प्रणालीमा सामान्यतया प्रत्येक कारोबार दुवै पक्षको मर्जीले एवम् दुवै पक्षको हित हुने भएको कारणले नै गर्दा हुने गर्दछ।

दुई, कुनै पनि उद्योग वा व्यवसायमा लगानी गर्ने निर्णय लगानीभन्दा अधिक प्रतिफल प्राप्त हुने सम्भावना रहेको कारणले गर्दा मात्र हुने गर्दछ। पर्याप्त मुनाफाको सम्भावना नभएको वा आफ्नो लगानी नै नउठ्ने प्रकारको उद्योग वा व्यवसायमा कुनै पनि स्वदेशी वा विदेशी लगानीकर्ता अग्रसर हुँदैनन्। साथै, तुलनात्मक रूपमा पुँजीगत लगानी कम रहेका मुलुकहरूमा मुनाफाको सम्भावना सामान्यतया अधिक रहन्छ नै। यस अवधारणालाई अर्थशास्त्रको भाषामा ल अफ डिमिनिसिङ्ग मार्जिनल् रिर्टनस् भनिन्छ। तसर्थ, नेपालजस्तो कम विकसित मुलुकमा भएको विदेशी लगानीले अधिक मुनाफा आर्जन गरेको कुरा स्वाभाविक मात्र छैन, यो सिद्धान्ततः अपेक्षित समेत रहेको छ र यसले नेपाली उद्योग व्यवसायको सम्भावनालाई प्रतिबिम्बित गर्दछ।

तीन, विदेशी लगानीले लगानी प्राप्त गर्ने मुलुकको हित कसरी गर्दछ भन्ने कुराको सही लेखाजोखा गर्नको लागि लगानीमार्फत् भित्रिएको रकम तथा लाभांशमार्फत् बाहिरिएको रकमको साँघुरो दृष्टिकोणबाट माथि उठ्नुपर्ने हुन्छ। विदेशी लगानीले यदि लगानी प्राप्त गर्ने मुलुकको हित गर्दछ भने यसको लेखाजोखा बृहत् तसर्थ पूर्ण प्रकारको हुन आवश्यक देखिन्छ। विदेशी लगानीमार्फत् सञ्चालन हुने उद्योग व्यवसायले रोजगारी सिर्जना गर्छन्, राजश्वमा योगदान पुर्‍याउँछन् र बजारमा प्रतिस्पर्धा अभिवृद्धि गरी उपभोक्ताहरूको हित प्रवर्द्धन गर्छन्। यसको साथै केही विदेशी लगानीले नवीनतम प्रविधि भित्र्याई मुलुकमा हालसम्म सम्भव नभएको उद्योग वा क्षेत्रलाई नै साकार पार्न समेत सक्छन्। विदेशी लगानीसँगै विदेशी बजारमा पहुँच सम्भव हुन जान्छ या थप विस्तार हुन जान्छ जसले गर्दा निर्यात एवम् पर्यटनको सम्भावनामा समेत अभिवृद्धि हुन्छ।

अन्तर्राष्ट्रिय व्यापारको विषयमा विज्ञता हासिल गरी अर्थशास्त्रमा नोबेल पुरस्कार समेत प्राप्त गरेका अमेरिकी अर्थशास्त्री पोल क्रुग्मन्को विदेशी लगानीसम्बन्धी सिद्धान्तले त विदेशी लगानीले विदेशी मुद्रा भित्र्याई स्थानीय वित्तीय स्रोतको अभावलाई पुरा गर्दछ र यसरी विदेशी लगानी भित्र्याउने मुलुकलाई फाइदा पुर्‍याउँछ भन्ने कथनलाई पूर्णतया नकार्छ नै। यसको साटो क्रुग्मनको सिद्धान्तले प्रष्ट रूपमा विदेशी लगानीको महत्वलाई प्रभावकारी प्रविधि हस्तान्तरण (नवीनतम विदेशी प्रविधि एवम् विदेशी बजारमा पहुँच) सँग जोड्दछ।

नेपाली समाज र अझ सम्बन्धित सरोकारवालाहरूले पनि विदेशी लगानीको प्रभावकारितालाई प्रभावकारी प्रविधि हस्तान्तरणसँग जोडी बृहत् रूपले मूल्याङ्कन गर्न आवश्यक रहेको देखिन्छ।

## ४) विदेशी ऋण प्रतिको दृष्टिकोण

नेपाल राष्ट्र बैङ्कको पछिल्लो विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी वार्षिक प्रतिवेदन (आ.व. २०८०-८१) ले निजी क्षेत्रमा प्रवाह भएको विदेशी ऋणसम्बन्धी देहाय बमोजिमको तथ्याङ्क प्रस्तुत गर्दछः

- नेपाल राष्ट्र बैङ्कले हालसम्म भित्र्याउनका लागि स्वीकृत गरेको विदेशी ऋणः रु. ३७९.११ अर्ब
- नेपाल राष्ट्र बैङ्कमा हालसम्म लेखाङ्कन भएको विदेशी ऋणः रु. २५९.९२ अर्ब
- नेपालमा विधिपूर्वक भित्रिई लेखाङ्कन भएको विदेशी ऋणको हकमा हालसम्म विदेश फिर्ता भएको साँवा र ब्याजः रु. ३२.०७ अर्ब

त्यसैगरी नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदन अनुसार बाह्य सार्वजनिक ऋण देहाय बमोजिम रहेको देखिन्छः

- कुल बाह्य सार्वजनिक ऋण दायित्वः रु. १२७४.७४ अर्ब
- कुल गार्हस्थ्य उत्पादनको तुलनामा बाह्य सार्वजनिक ऋण दायित्वः २२.३५ प्रतिशत

साथै, २०२४ नोभेम्बरमा अमेरिकी क्रेडिट रेटिङ एजेन्सी फिचले इतिहासमै पहिलो पटक नेपालको सार्वभौम रेटिङ सम्पन्न गरी नेपाललाई BB- with a stable outlook को Long-TermForeign-Currency Issuer Default Rating प्रदान गरेको छ। छिमेकी मुलुकहरू भारत र बंगलादेशसँग तुलना गर्दा नेपालले प्राप्त गरेको क्रेडिट रेटिङ क्रमशः तीन तह मुनि र एक तह माथि रहेको हुनाले नेपालले प्राप्त गरेको अङ्कलाई राम्रो नै मान्नुपर्ने देखिन्छ। साथै, विश्व बजारमा प्रतिष्ठित क्रेडिट रेटिङ एजेन्सीले नेपालको क्रेडिट रेटिङ सम्पन्न गरे पश्चात् निश्चय पनि मुलुकको सार्वजनिक एवम् निजी क्षेत्रको समेत विदेशी बजारबाट ऋण परिचालन गर्न सक्ने क्षमतामा उल्लेखनीय अभिवृद्धि भएको आङ्कलन गर्न सकिन्छ।

मुलुकले बाह्य ऋण परिचालन गर्न सक्ने क्षमतालाई सामान्यतया सकारात्मक नै मान्नुपर्ने हुन्छ। राज्यले यस क्षमताको सदुपयोग गर्दै बजेट घाटालाई पुरा गर्न सक्छ र विदेशी विनिमय सञ्चिति असाध्यै न्यून हुन गई वित्तीय सङ्कट आइपर्दा समेत अन्तर्राष्ट्रिय वित्तीय बजारमार्फत ऋण लिई सङ्कट टार्न सक्छ। निजी क्षेत्रका लागि समेत उद्योग व्यवसाय सञ्चालन गर्न आवश्यक हुने वित्तीय स्रोत जुटाउनका लागि अन्तर्राष्ट्रिय वित्तीय बजारको पहुँच लाभदायक हुनसक्छ।

तथापि, बाह्य ऋण बाह्य क्षेत्र सन्तुलनको दृष्टिकोणले प्रत्यक्ष विदेशी लगानीको तुलनामा निकै जोखिमपूर्ण हुन्छ। विदेशी पुँजीगत लगानी खुला भएको मुलुकमा सामान्यतया बाह्य ऋणको परिमाण प्रत्यक्ष विदेशी लगानीको भन्दा अधिक नै रहेको हुन्छ। साथै, जहाँ प्रत्यक्ष विदेशी लगानीले मुलुक बाहिर लिएर जाने रकम अनिवार्य रूपमा खुद मुनाफाको अंशको रूपमा मात्र रहेको हुन्छ, त्यहीं बाह्य ऋणको भुक्तानी भने खुद मुनाफा भए पनि नभए पनि गर्नै पर्ने हुन्छ। क्रुग्मन्को विदेशी लगानीसम्बन्धी सिद्धान्त अनुसार पनि

प्रविधि हस्तान्तरणको सम्भावना न्यून रहेकाले गर्दा बाह्य ऋण प्रत्यक्ष विदेशी लगानीभन्दा कम लाभदायक हुन्छ।

वर्तमान युगका उत्कृष्ट आर्थिक इतिहासकार नाएल फर्गसन्ले समेत द असेन्ट् अफ् मनी नामक आफ्नो कृतिमा चीनमा सन् १९७८ ताका उदारीकरणसँगै प्रारम्भ भएको लगभग वित्तीय सङ्कट रहित आर्थिक उन्नतिको श्रेय प्रत्यक्ष विदेशी लगानीको मोडललाई नै दिएका छन्। फर्गसन्ले ठहर गरेका छन् कि बाह्य ऋण, फोरन पोर्टफोलियो इन्भेस्टमेन्ट र अन्य अस्थिर प्रकृतिका विदेशी पुँजीमा निर्भर नरहेकाले नै चीनले अन्य धेरै मुलुकहरूले जस्तो चरम प्रकृतिको वित्तीय सङ्कटको सामना गर्नु परेन।

यस लेखमा माथि प्रस्तुत गरिए अनुसार इतिहासका लगभग सबै बाह्य क्षेत्र असन्तुलनका घटनाहरू अत्यधिक जोखिमपूर्ण प्रकृतिका बाह्य ऋणकै कारणले भएको देखिन्छन्। दिग्गज अमेरिकी अर्थशास्त्री जन् केनेथ ग्यालब्रेथले त इतिहासको प्रत्येक गम्भीर वित्तीय सङ्कटको कारक तत्त्व अनिवार्य रूपमा अत्यधिक ऋण प्रवाह नै रहेको ठहर गरेका छन्।

यस पृष्ठभूमिमा नेपाली समाज र अझ विशेष गरी मुलुकको आर्थिक क्षेत्रका सरोकारवालाहरूले विदेशी ऋणमार्फत् मुलुकमा आर्थिक समुन्नति ल्याउने दृष्टिकोणलाई पुनर्विचार गर्नुपर्ने देखिन्छ। निजी क्षेत्रले समेत विदेशबाट ऋण लिई उद्योग व्यवसाय सञ्चालन वा विस्तार गर्ने निर्णय गर्दा विदेशी ऋणको वर्तमान ब्याजदरलाई मात्र नहेरी उक्त ऋणसँगै आउने विदेशी विनिमय र (भविष्यको) ब्याजदर जोखिमलाई समेत मध्यनजर गर्नुपर्ने देखिन्छ।

## ५. आयात प्रतिको दृष्टिकोण

अधिकांश अविकसित मुलुकहरूमा आयातप्रति समग्र समाज र अझ आर्थिक क्षेत्रका सरोकारवालहरूको निकै नकारात्मक धारणा रहेको पाउन सकिन्छ। आयातित वस्तुहरूलाई अक्सर विलासी र राज्यको विदेशी विनिमयको ढुकुटी क्षय गर्ने हानिकारक तत्त्वको रूपमा हेरिने गरिएको देख्न सकिन्छ। साथै, बाह्य क्षेत्रमा कुनै पनि नियमित प्रकृतिको चक्रीय चाप गर्न गएमा आयात नियन्त्रण नै सरोकारवालाहरूको प्रथम प्राथमिकतामा पर्ने तथ्य समेत सजिलै पाउन सकिन्छ।

यस लेखमा माथि प्रस्तुत गरिएका तथ्य, ऐतिहासिक घटना एवम् विभिन्न दिग्गज अर्थशास्त्रीहरूले प्रतिपादन गरेको सिद्धान्तहरूबाट के स्पष्ट देखिन्छ भने बाह्य क्षेत्रको असन्तुलनको कारक सधैं अत्यधिक एवम् अस्थिर बाह्य ऋण नै रहँदै आएको छ। अत्यधिक आयात रहेकै कारण कुनै मुलुकमा ठुलो बाह्य क्षेत्र सङ्कट आइपरेको दृष्टान्त रहेको देखिँदैन।

यसको साथै कुनै पनि अर्थतन्त्रका विभिन्न क्षेत्रहरू एकआपसमा गाँसिएका हुन्छन्। स्थानीय उद्योगले विभिन्न कच्चा पदार्थहरू आयात गर्नुपर्ने हुन्छ, आयातित वस्तुमै मात्र निर्भर रहेका थोक एवम् खुद्रा व्यवसायले समेत धेरैलाई रोजगारी मात्र दिइरहेका हुँदैनन्, तिनले घरधनीलाई भाडा बुझाइरहेका हुन्छन्, बैङ्कबाट ऋण

लिइरहेका हुन्छन् र स्थानीय उद्योगहरूले उत्पादन गर्ने वस्तु तथा स्थानीय व्यवसायहरूले आपूर्ति गर्ने विभिन्न प्रकारका सेवाहरू (जस्तै रेष्टुरेन्ट, होटल, विज्ञापन, आदि) को प्रयोग समेत गरिरहेका हुन्छन्।

तसर्थ, आयातलाई नियन्त्रण गर्दा विदेशी विनिमय सञ्चितिको क्षय मात्र कम हुँदैन। यसको साथै आयातमा अत्यधिक निर्भर रहेका स्थानीय थोक एवम् खुद्रा व्यवसाय अनि यीसँग गाँसिएका अर्थतन्त्रका विभिन्न पात्रहरू (जस्तै कामदार, घरधनी, बैङ्क, अन्य स्थानीय व्यवसाय, आदि) को आयमा समेत उल्लेख्य ह्रास आउन जान्छ। महान बेलायती अर्थशास्त्री जन् मेनर्ड केन्स्ले प्रतिपादन गरेको मल्टीप्लायर इफेक्टको अवधारणा अनुरूप समग्र अर्थतन्त्रमा आउने यस्तो ह्रास ओरिजनल नेगेटिभ सक् (यहाँ आयातमा आएको ह्रास) भन्दा धेरै गुणाले अधिक हुन सक्छ। क्रुग्मनले यस्तो असरलाई नेगेटिभ मल्टीप्लायर इफेक्ट भन्ने संज्ञा दिएका छन्।

आयात आफैंमा खराब होइन भन्ने अवधारणा नवीन भने पक्कै पनि होइन। सन् १९६० को दशकमा अमेरिकी अर्थशास्त्री (एवम् नोबेल पुरस्कार विजेता) मिल्टन फ्रिड्मनले अन्तर्राष्ट्रिय व्यापार (मुख्यगरी आयात) एकतर्फी रूपले मात्र खुला गर्दा पनि यसो गर्ने मुलुकको स्पष्ट हित हुन्छ भन्ने विचार राखेको पाउन सकिन्छ (क्यापिटलिजम् एण्ड फ्रिडम)। फ्रिडमन् तर्क गर्छन् कि आफ्ना निर्यातहरूलाई बन्देज लगाउने मुलुकतर्फ पनि आयात पूर्ण रूपले खुला गर्दा आफ्ना नागरिकहरूले गर्ने उपभोगको दृष्टिकोणबाट मुलुकको हित नै हुन्छ।

फ्रिडमनभन्दा पनि अघि अर्थात् सन् १९४४ मा अन्तर्राष्ट्रिय मुद्रा कोषको स्थापनासँगै अन्तर्राष्ट्रिय व्यापार (र अझ मुख्यगरी आयात) निर्यातकर्ताको लागि मात्रै नभई आयातकर्ताका लागि समेत लाभदायक रहन्छ भन्ने अवधारणा स्पष्ट रूपमा स्थापित रहेको पाउन सकिन्छ। उदाहरणको लागि आर्टिकल्स् अफ् अर्गीमेन्ट अफ द इन्टरनेशनल मोनिटरी फण्ड को धारा १ र धारा ८ को दफा ३ (ख) ले आयात नियन्त्रण गर्नका लागि मुद्रा परिवर्त्यतामा बन्देज लगाउने अथवा अन्तर्राष्ट्रिय भुक्तानीमा रोक लगाउने कार्यलाई स्पष्ट रूपमा वर्जित गर्दछन्। रोचक कुरा के छ भने उक्त दस्ताबेजले पुँजीगत कारोबारहरू (जस्तै विदेशी ऋण वा विदेशी लगानी) मा यस्तो बन्देज लगाएको पाइँदैन।

यसको अर्थ के हो भने अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता मूलधारका संस्थाहरूले अन्तरदेशीय पुँजीको प्रवाहलाई अनिवार्य नमाने तापनि अन्तर्राष्ट्रिय व्यापार (आयात—निर्यात) लाई भने सन् १९४० को दशकदेखि नै अनिवार्य नै मान्दै आइरहेका छन्।

## ६. निष्कर्ष

निर्यात प्रवर्धन, अझ आयात प्रतिस्थापन नै पनि तर्कसङ्गत उद्देश्यहरू हुन् भन्ने कुरामा कुनै पनि सन्देह छैन। तर, यी उद्देश्यहरूको प्राप्ति अर्थतन्त्रको संरचनागत सुधार एवम् मुलुकको व्यावसायिक वातावरणसँग सम्बन्धित छ जसले गर्दा यी मुद्दाहरूमा प्रगति हासिल गर्न स्वाभाविक रूपमा केही समय एवम् सबै सरोकारवालाहरूको बृहत् प्रयास लाग्छ नै।

यद्यपि, अर्थतन्त्रको बाह्य क्षेत्रमा सामान्य चक्रीय उतारचढाव देखा पर्न साथ आयातलाई नियन्त्रण गर्न खोजियो भने अल्पकालमा विदेशी विनिमय सञ्चितिमा केही सकारात्मक प्रभाव पर्न त जाला तर यसले मध्यकालमा अर्थतन्त्रमा सङ्कुचन मात्र ल्याउँदैन, दीर्घकालमा व्यावसायिक वातावरणलाई समेत बिथोल्छ।

बाह्य क्षेत्रमा वास्तवमै चाप परेको छ कि छैन भन्ने कुरा मापन गर्नका लागि विज्ञ संस्थाहरूले सिफारिस गर्ने तथा संसारभरिका मुलुकहरूले प्रयोग गर्ने वस्तुपरक सूचक एवम् मापदण्डहरू रहेका छन्। साथै, इतिहासले स्पष्ट रूपमा देखाएको छ कि बाह्य क्षेत्र अस्थिरताको कारक तत्त्व सधैं अत्यधिक एवम् जोखिमपूर्ण बाह्य ऋण नै रहँदै आएको छ। त्यसैगरी प्रविधि हस्तान्तरण गर्ने प्रकारको प्रभावकारी प्रत्यक्ष विदेशी लगानीका फाइदाहरू समेत स्पष्ट रूपले प्रमाणित भइसकेका छन्। तसर्थ, बाह्य क्षेत्रका मुद्दाहरूमा कुनै पनि निर्णय गर्दा सरोकारवालाहरूले यी कुराहरूलाई ख्याल गर्नुपर्ने देखिन्छ।

## सन्दर्भ सामाग्री


नाएल फर्गसन (२००८), द असेन्ट अफ मनिः ए फाइनान्सियल हिसर्टी अफ द वर्ल्ड, पेङ्गिवन बुक्स्

पोल क्रुग्मन् (१९९९), द रिटर्न अफ डिप्रेसन इकोनोमिक्स्, पेङ्गिवन बुक्स्

ल्याण्डरेथ र कोलाण्डर (२००१), हिस्ट्री अफ इकोनोमिक थट् ह्युटन् मिफलिन् कम्पनी

अन्तर्राष्ट्रिय मुद्रा कोष (२०२३), स्टाफ रिपोर्ट फर द २०२३ आर्टिकल फोर कल्सल्टेशन, इन्टरनेशनल मनिटरी फण्ड पब्लिकेशन सर्भिसेस्

अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैङ्क (२०२३), डेट सस्टेनबिलिटी एनालिसिस्ः स्टाफ रिपोर्ट फर द २०२३ आर्टिकल फोर कल्सल्टेशन, इन्टरनेशनल मनिटरी फण्ड पब्लिकेशन सर्भिसेस्

मिल्टन फ्रिडमन (१९६२), क्यापिटलिजम एण्ड फ्रिडम, युनिभर्सिटी अफ सिकागो प्रेस

अन्तर्राष्ट्रिय मुद्रा कोष (२०११), एसेसिङ रिजर्भ एडिक्वेसी, इन्टरनेशनल मनिटरी फण्ड पब्लिकेशन सर्भिसेस्

अन्तर्राष्ट्रिय मुद्रा कोष (२०१५), एसेसिङ रिजर्भ एडिक्वेसीः स्पेसिफिक प्रपोजल्स्, इन्टरनेशनल मनिटरी फण्ड पब्लिकेशन सर्भिसेस्

मुकेश साह (२०२४), हाउ मच इन्टरनेशनल रिजर्भस् डज् ए कन्ट्री निड?, मिर्मिरः नेपाल राष्ट्र बैङ्क

पोल क्रुग्मन् (१९९६), अ कन्ट्री इज् नट ए कम्पनी, हार्वर्ड बिजनेस रिभ्यू

नेपाल राष्ट्र बैङ्क (२०२४), विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी वार्षिक प्रतिवेदन (आ.व. २०८०-८१), विदेशी विनिमय व्यवस्थापन विभाग

जन केनेथ ग्यालब्रेथ (१९९४), ए सर्ट हिस्ट्री अफ फाइनान्सियल युफोरिया, पेङ्गिवन बुक्स्

अन्तर्राष्ट्रिय मुद्रा कोष (१९४४), आर्टिकल्स् अफ् अर्गीमेन्ट अफ द इन्टरनेशनल मोनिटरी फण्ड, अन्तर्राष्ट्रिय मुद्रा कोष

# दक्षता, सुरक्षा र समृद्धिमा आफ्नो प्रतिबद्धता पूरा गर्ने भन्सार

✍ शिवप्रसाद भण्डारी ◆

## १. परिचय

विश्वका सबैजसो देश र संस्थाहरूले आफ्नो स्थापना भएको दिनलाई विशेष समारोहहरू आयोजना गरी भव्यरूपले मनाउने प्रचलन रहेको पाइन्छ। स्थापना भएको दिनलाई स्मरणीय बनाउन देश तथा संस्थाहरूले विभिन्न सन्देशमूलक कार्यक्रमहरू आयोजना गरिने हुनाले पनि यसदिनको ठुलो महत्त्व रहेको हुन्छ। यसै सन्दर्भमा विश्वभरिका देशहरूको भन्सार प्रशासनको छाता सङ्गठनको रूपमा रहेको विश्व भन्सार सङ्गठन (World Customs Organization — WCO) ले पनि आफ्नो स्थापना भएको दिन जनवरी २६ मा आफ्नो स्थापना दिवस मनाउँदै आएको छ। WCO को रूपमा यसको नामाकरण हुनु भन्दा अगाडि सन् १९५२ मा Customs Co-operation Council (CCC) को रूपमा यसको स्थापना भएको थियो। यसका सबै सदस्य देशहरूले जनवरी २६ का दिन विभिन्न कार्यक्रमहरू आयोजना गरी भव्यताकासाथ यो दिवस मनाउने गर्दछन्। यसले स्थापना वर्ष देखिनै प्रत्येक साल भन्सार प्रशासन तथा व्यापार व्यवसायसँग तादात्म्यता हुने गरी कुनै एक विषयलाई नारा (Theme) को रूपमा अगाडि सार्ने गरेको पाइन्छ। सन २०२५ को ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवस (International Customs Day) को लागि "Customs Delivering on its commitment to Efficiency, Security and Prosperity" (दक्षता, सुरक्षा र समृद्धि पूरा गर्दै भन्सार) भन्ने नारा (Theme) तय गरिएको छ। यस नारामा केन्द्रित रहेर सन् २०२५ को वर्षभरि WCO लगायत यसका सबै सदस्य मुलुकहरूले भन्सार प्रशासन तथा आयात निर्यात एवम् व्यापार व्यवसायलाई सरल, सहज र प्रविधिमैत्री बनाउने गरी विभिन्न कार्यहरू गर्ने गर्दछन्। यो दिन अन्तर्राष्ट्रिय व्यापारलाई मजबुत, सुरक्षित तथा प्रभावकारी बनाउन भन्सार प्रशासनको भूमिकालाई उजागर गर्न महत्त्वपूर्ण मानिन्छ। साथै यस नाराले भन्सार प्रणालीलाई दक्ष, सुरक्षित र आर्थिक समृद्धिको आधारस्तम्भ बनाउने भन्सारको महत्वलाई समेत उजागर गर्दछ। यसै नारामा केन्द्रित रहेर यो लेखमा केही विश्लेषण गर्ने प्रयास गरिएको छ।

## २. भन्सार प्रशासनसँग यो नाराको तादात्म्यता

अन्तर्राष्ट्रिय सीमानाकामा रहेर राजस्व सङ्कलन, आयात निर्यात, मानिसहरूको आवतजावत, सीमा सुरक्षा, व्यापार सुविधा र आर्थिक विकासको समग्र कार्यमा भन्सार प्रशासनको ठुलो भूमिका रहेको हुन्छ। यस नाराले भन्सार प्रशासन तथा त्यहाँ काम गर्ने पदाधिकारीहरूको जिम्मेवारी, कर्तव्य, आचरण एवम् योगदानलाई उजागर गर्दछ। यस वर्ष सन् २०२५ को उल्लेखित नाराले पनि भन्सार प्रशासन तथा त्यहाँ कार्यरत पदाधिकारीहरूले दक्षता, सुरक्षा र समृद्धिमा आफ्नो प्रतिवद्धतालाई कुन मात्रामा र कसरी पूरा गरेका छन्

---

◆ पूर्वनिर्देशक, भन्सार विभाग

भन्ने विषयमा गम्भीरतापूर्वक ध्यान केन्द्रित गरेको छ। उल्लेखित नारालाई निम्न रूपमा विश्लेषण गरिएको छ।

### २.१ दक्षता (Efficiency)

दक्षता भन्नाले कुनै संस्था वा व्यक्तिको सक्षमता वा कुशलता भन्ने बुझिन्छ। जहाँ संस्था वा व्यक्तिले आफ्नो क्षमता वा कौशलताको प्रयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न सक्छ। जसमा उपलब्ध सीमित स्रोत साधनहरूको अधिकतम उपयोग गर्दै बढिभन्दा बढी सकारात्मक परिणाम दिन सकिन्छ। भन्सार प्रशासनले पनि आधुनिक प्रविधिको प्रयोग, स्वचालन (automation) एवम् डिजिटल प्रविधिहरूको प्रयोगबाट आफ्नो कार्यक्षमता र कार्य कुशलतामा सुधार गर्न सक्छन्। जसको कारणले गर्दा भन्सार प्रशासनसँग सम्बन्धित व्यापार तथा आर्थिक क्रियाकलापहरूलाई चुस्त, छिटो, सरल, सुलभ, पारदर्शी एवम् विश्वसनीय बनाउँछ। जसले गर्दा आयात निर्यात र व्यापार व्यवसायमा श्रम, समय र लागत उल्लेखनीयरूपमा घट्दछ।

### २.२ सुरक्षा (Security)

सुरक्षा अर्थात् Security, यसको व्यापक अर्थ लाग्दछ। तर भन्सार प्रशासनमा यसको अर्थ र महत्त्व आफ्नै किसिमको रहेको छ। भन्सार प्रशासनमा सुरक्षा भन्नाले अवैध व्यापार, सीमा छेत्रमा हुने तस्करी र राजश्वसँग सम्बन्धित अन्य जुनसुकै आपराधिक क्रियाकलापसँग सम्बन्धित छ। यस प्रकारका क्रियाकलापहरूलाई नियन्त्रण गर्नु नै भन्सार प्रशासनको प्रमुख दायित्व र जिम्मेवारी हो। यसको लागि भन्सार प्रशासनले आधुनिक स्क्यानिङ प्रविधि, जोखिम व्यवस्थापन प्रणाली, सीपयुक्त र दक्ष कर्मचारी प्रशासन तथा अन्तर्राष्ट्रिय सहयोग र सम्बन्धबाट उल्लेखित अवैध आर्थिक गतिविधिहरू नियन्त्रण गरी सीमालाई सुरक्षित र व्यवस्थित गर्न सक्छन्। यसले समग्र समाजलाई हानिकारक बस्तुहरूको चलखेलबाट जोगाउँछ र सम्पूर्ण राष्ट्रिय सुरक्षालाई मजबुत बनाउँछ।

### २.३ समृद्धि (Prosperity)

समृद्धि भन्नाले वर्तमानमा भइरहेको अवस्थाभन्दा थप उन्नत वा सुधार हुनु हो। यसले देशको समग्र आर्थिक विकास र आम नागरिकहरूको जीवनस्तरमा सुधार हुने कुरामा ध्यान केन्द्रित गर्दछ। भन्सार प्रशासनले मुख्यत आयात निर्यातलाई र व्यापारलाई सरल तथा चुस्त बनाउँदै व्यापार सहजीकरण, राजस्व सङ्कलनमा बढोत्तरी एवम् वैध व्यापारलाई प्रोत्साहन गरी मुलुकको समग्र आर्थिक विकासमा योगदान पुऱ्याउँछन। यसले राष्ट्रभित्रै रोजगारी सिर्जना, उद्योगधन्दाको विकास, पुँजी निर्माण, विकास योजनाहरूमा लगानी प्रवर्द्धन तथा समग्र आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ।

### २.४ अन्तर्राष्ट्रिय भन्सार प्रशासनको भूमिका

२६ जनवरीका दिन संसारभरिका WCO का सदस्य मुलुकका भन्सार प्रशासनले अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउँदै गर्दा यो सङ्गठनले अपनाएका सुधारका अवधारणाहरूलाई पनि मनन गर्नुपर्ने हुन्छ जुन अवधारणाहरू

उल्लेखित Theme सँग घनिष्ठता राख्दछ। विभिन्न चरणमा भएका सुधारका कार्ययोजनाहरू र भन्सार सुधारका लागि भएका अध्ययनहरूले यस दिशामा व्यापक मात्रामा कार्य भएको देखिएको छ। यसले भन्सार प्रशासन क्रमशः आधुनिक हुँदै गइरहेको बुझ्न सकिन्छ। विश्व व्यापार सङ्गठन र विश्व भन्सार सङ्गठनको स्थापना पछि भन्सार प्रशासनका सुधारका निमित्त निम्न कुराहरू आधारभूत मार्गनिर्देशककारूपमा रहेको देखिन्छ।

(क) उदार व्यापार प्रणाली (Liberal Trade Regime)
(ख) बहुपक्षीय व्यापार प्रणाली (Multilateral Trade Regime)
(ग) व्यापार सहजीकरण (Trade Facilitation)
(घ) एक्काइसौं शताब्दीको भन्सार प्रशासन (customs in २१st Century)
(ङ) संशोधित क्योटो अभिसन्धि (Revised Kyoto Convention)
(च) समन्वयात्मक सीमा व्यवस्थापनको अवधारणा (Co-ordinated Border Management)
(छ) व्यापार सहजीकरणका लागि सम्झौता (WTO Agreement on Trade facilitation)
(ज) सदाचारिता (Integrity)

यिनै नवीनतम अवधारणाहरूको सेरोफेरोमा संसारभरिका भन्सार प्रशासनलाई योजनाबद्ध तरिकाले सुधार र आधुनिकीकरणका कार्ययोजनाहरू अवलम्बन गरी कार्यान्वयन हुँदै आएको देखिन्छ।

यसका साथसाथै विश्व भन्सार सङ्गठन (World Customs Organization — WCO) को पचासौं वार्षिकीको समय सन् २००२ मा आगामी दिनमा भन्सार प्रशासनलाई थप प्रभावकारी तथा दक्षतापूर्ण बनाउन सहमत भएअनुसार सन् २००८ मा CUSTOMS IN THE २१ST CENTURY, Enhancing Growth and Development Through Trade Facilitation and Border Security भन्ने दस्तावेज बनाइयो। सो दस्तावेजमा व्यापारका नवीनतम सर्तहरूलाई सामना गर्न निम्न अनुसारका कारणहरूबाट नयाँ रणनीतिक साझेदारी आवश्यक पर्ने विषय औंल्याइएको देखिन्छः-

- Increase volumes and complexities of international trade,
- New business models and requirements,
- Increase security threats and organized crime,
- A new approach to the border,
- Demands from society,
- New trading patterns,
- Increase in revenue fraud,
- Controlling borders,
- Providing security,
- Protecting citizens.

यस प्रकारका विषयहरूबाट विश्व भन्सार सङ्गठनले तल उल्लेखित उद्देश्यहरू पूरा हुने विश्वास लिएको छः-

- अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप स्पष्ट र निश्चित मापदण्डमा वस्तुहरू र नागरिकको आगमनलाई निश्चितता, भविष्यपरक र सुरक्षित बनाउने,
- अन्तर्राष्ट्रिय आपूर्ति श्रृंखलामा हुने ढिलाइ कम गर्ने, नक्कलहरू हटाउने र बहुपक्षीय अनुगमन प्रतिवेदन गर्ने,
- अन्तर्राष्ट्रिय व्यापार प्रणालीलाई समर्थन गर्दै अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रियस्तरमा हुने व्यवसायलाई सहयोग गर्ने,
- भन्सार प्रशासनबिचको सहकार्य (C to C) लाई सुदृढ गर्दै भन्सार र व्यापार (C to B) र भन्सार र अन्य सरकारी निकायहरू (C to OGA) बिच लाभदायक साझेदारी गर्ने,
- भन्सार प्रशासनले कानुनको अनुपालनबाट वैध व्यापारलाई प्रोत्साहन गर्ने।

माथि प्रस्तुत गरिएका उद्देश्यहरू पूरा गर्ने प्रयोजन हेतु वर्तमान २१ औं सदीको अन्तर्राष्ट्रिय भन्सार प्रशासनलाई Transformation (रूपान्तरण) गर्ने दिशातर्फ विश्व भन्सार सङ्गठन अग्रसर रहेको छ। यसको लागि WCO ले निम्नानुसारका रणनीतिक मार्गचित्र (Strategic Roadmap) अवलम्बन गरेको देखिन्छ।

- Globally networked Customs,
- Better coordinated border management,
- Intelligence-driven risk management,
- Customs — Trade Partnership,
- Implementation of modern working methods, procedures and techniques,
- Enabling technology and tools,
- Enabling powers,
- A professional, knowledge-based service culture,
- Capacity building,
- Integrity.

WCO ले यस वर्ष तय गरेको नारा (Theme) "Customs delivering on its Commitment to Efficiency, Security and Prosperity " को सम्बन्ध उल्लेखित WCO का नवीनतम अवधारणा र रणनीतिहरूलाई कार्यान्वयन गर्ने दिशामा निर्देशित रहेको देखिन्छ।

## ३. विश्व भन्सार सङ्गठनले अवलम्बन गरेका केही विषयहरु

### ३.१ Efficiency in Customs Operations

सीमा नाकाहरूबाट हुने वैध मालवस्तुहरूको आवतजावतमा सहज वातावरण निर्माण गर्नु नै भन्सार प्रशासनको दक्षता प्रमुख विषय हो। आपूर्ति श्रृङ्खलालाई दुरुस्त र सहज बनाइराख्न ठुलो परिमाणमा हुने आयात-निर्यातका

प्रक्रियाहरूलाई भन्सारले सरल, चुस्त, पारदर्शी र छिटोछरितो बनाउनु पर्ने हुन्छ। WCO ले यस दिशामा विभिन्न कार्यहरू गर्दै आएको छ। जसमा दक्षता अभिवृद्धिको लागि वस्तुहरूको वर्गीकरण प्रणाली (Harmonized System — HS) को विकास गरेको कारणले वस्तुहरूको पहिचान गर्न, राजस्व सङ्कलन गर्न तथा सही तथ्याङ्क प्राप्त गर्न सहज भएको छ। हालका केही वर्षदेखि डिजिटल प्रविधि (Digital Transformation) पनि दक्षता वृद्धि गर्ने दिशामा अग्रणी स्थानमा रहेको पाइन्छ। जसमा e-declaration प्रणाली र स्वचालित जोखिम व्यवस्थापन प्रणालीको कारणले भन्सारको कार्य प्रक्रियामा सरलीकरण तथा गल्ती कमजोरी हुनमा न्यूनता आएको छ। WCO को Data Model र अन्य Initiatives — जस्तोः Singal Window अवधारणाले व्यवसायीहरूलेसमेत Single Entry Point बाट आवश्यक सबै सूचनाहरू राख्न पाउन सक्छन् जसले दक्षता वृद्धिमा सघाउ पुऱ्याउँदछ।

## ३.२ सीमाको सुरक्षा

सीमा नाकामा रहेर भन्सार प्रशासनले अवैध वस्तुहरूको प्रवेश निषेध, तस्करी नियन्त्रण र आयात-निर्यातसम्बन्धी कानुनहरूको परिपालना गरी, गर्न लगाई देशको एक जिम्मेवार पहरेदारकोरूपमा समेत कार्य गर्दछ। यस वर्षको नाराले भन्सार प्रशासनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको बिचमा सुरक्षा, जोखिम व्यवस्थापन मजबुत बनाउने, सूचना आदानप्रदान र Intelligence sharing गर्ने विषयलाई प्रधानता दिएको छ। WCO ले पनि सीमा सुरक्षा र व्यवस्थापन गर्ने दिशामा विभिन्न instrument हरूको विकास गरेको छ। SAFE Framework of Standard को विकासबाट अन्तर्राष्ट्रिय व्यापारको सहजीकरण र सुरक्षामा ध्यान दिँदै यसको आपूर्ति श्रृङ्खलाको सुरक्षा तथा व्यवस्थापन निर्माण गर्नु एक प्रमुख लक्ष लिएको छ। यसको साथसाथै Customs Enforcement Network (CEN) ले सदस्य मुलुकहरूबिचमा सूचना आदानप्रदान गरी अवैध गतिविधिको पहिचान, क्षमता अभिवृद्धि र नियन्त्रणमा सहजीकरणको कामसमेत गर्दछ।

## ३.३ व्यापार सहजीकरणको माध्यमबाट समृद्धिको उन्नयन

भन्सार प्रशासनले व्यापार सहजीकरणको माध्यमबाट आर्थिक समृद्धिमा प्रमुख भूमिका खेल्दछ। दक्ष, सरल र सुरक्षित भन्सारका प्रक्रियाहरूले वैदेशिक लगानी आकर्षण, निर्यातमा प्रतिस्पर्धात्मकता र वैशिक व्यापारलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्दछन। सन् २०२५ को नाराले पनि व्यापार अभिवृद्धि, आर्थिक विकास र गरिबी निवारण गर्ने वातावरण निर्माण गर्ने दिशामा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ। WCO को Economic Competitiveness Package ले भन्सार प्रशासनलाई व्यापार सहजीकरण गर्नेतर्फ उपयुक्त र सही गति एवम् अभ्यास अवलम्बन गर्न मार्गनिर्देश गरेको छ। प्रक्रियागत सरलीकरण, व्यापार अवरोधमा न्यूनता र पारदर्शीताबाट भन्सार प्रशासनले Doing Business को लागत घटाउन र उल्लेख्य मात्रामा आर्थिक विकासमा योगदान गर्न सक्दछन।

## ४. यस वर्ष सन् २०२५ को नाराको कार्यान्वयन रणनीति र पहलहरू

वास्तवमा यस वर्षको नाराको बारेमा माथि धेरै विषयहरूमा उठान गरिसकिएको छ। तर पनि यो वर्षमा लिइने रणनीति र केही प्रयासहरूलाई यहाँ छोटकरीमा उल्लेख गरिनु उपयुक्त देखिन्छ। यस वर्षको नाराले भन्सार प्रशासनलाई विभिन्न रणनीतिहरू अपनाउन र लागू गर्न प्रोत्साहित गरेको छ।

**Digital Transformation**

Investing in technology to automate processes, implement electronic data interchange and utilize data analytics for better decision- making.

**Capacity Building**

Training customs officers to adapt to new technologies and evolving trade dynamics, ensuring they are equipped to handle modern challenges.

**International Cooperation**

Engaging in partnership with other customs administration, international organizations, and the private sector to share best practices and intelligence.

**Stakeholder Engagement**

Collaborating with traders, carriers, and other stakeholders to understand their needs and improve service delivery.

**Sustainable Practices**

Incorporating environmental considerations into customs procedures to support sustainable goals.

## ५. उल्लेखित नारा (Theme) सँग नेपालको भन्सार प्रशासनको तादात्म्यता र सान्दर्भिकता

विश्व भन्सार सङ्गठनले यस वर्ष सन् २०२५ को लागि तय गरेको नारा) Theme) को सम्बन्ध नेपालको भन्सार प्रशासनसँग पनि प्रत्यक्षरूपमा रहेको देखिन्छ। समग्र भन्सार प्रशासनको मुख्य उद्देश्य नै दक्षता, सुरक्षा र समृद्धिमा बढोत्तरी ल्याउनु हो। भन्सार सुधारका लागि नेपाल पक्ष राष्ट्र भएका हुनालेपनि नेपालको लागी ती प्रमुख रणनीतिहरू - WCO को Revised Kyoto Convention (RKC) तथा WTO को Trade Facilitation Agreement (TFA) र WCO को Revised Arusha Declaration (RAD) बढी महत्त्वपूर्ण रहेका छन। २०६० सालदेखि भन्सार सुधारका लागि लागू गरिएको भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना (Customs Reform and Modernization Action Plan) हालसम्म ५ वटा चरणमा कार्यान्वयन भइरहेको छ। नेपालको भन्सार प्रशासनले यस दिशामा गरेका विषयहरू निम्नानुसार रहेको देखिएको छ।

### ५.१ दक्षता (Security)

दक्षता भनेको भन्सार प्रक्रियाहरूलाई छिटो, सरल र पारदर्शी बनाउनु हो। नेपालजस्तो भूपरिवेष्ठित मुलुकको लागि भन्सार प्रणाली र प्रक्रियाहरू अझ बढी महत्त्वपूर्ण छन्। आयात-निर्यातमा निर्भर अर्थतन्त्र भएकोले पनि दक्षताले भन्सार प्रशासनमा ठुलो भूमिका खेल्दछ।

## ५.२ डिजिटल प्रणालीको प्रयोग

राजस्व सङ्कलनका हिसाबले महत्त्वपूर्ण मानिएका र प्राविधिकरूपले सम्भव रहेका सबै भन्सार कार्यालयहरूमा आशिकुडा प्रणाली लागू गरिएको छ। भन्सार जाँचपास र तथ्याङ्क विश्लेषणसम्बन्धी सम्पूर्ण कार्य यसै प्रणालीमार्फत हुने गरेको छ। यो प्रणाली पूर्णरूपमा उपयोग गर्न UNCTAD बाट प्राप्त software लाई नेपालको आवश्यकता अनुसार Customization गरिएको छ। आयात-निर्यात गर्न लागेको वस्तुको विवरण तथा भन्सारमा पेस गर्नुपर्ने कागजात विद्युतीय माध्यमबाट पेस गर्ने र जाँचपाससम्बन्धी जानकारी विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ। नेपालको कुल व्यापारको ९९.९ प्रतिशत व्यापार आसिकुडाको दायरामा आएको छ। त्यस्तै भन्सारमा बुझाउनुपर्ने सबै प्रकारका राजस्व विद्युतीय प्रणालीमार्फत भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइएको छ। यसबाट राजस्वको चुहावटको जोखिम घटाउन तथा राजस्व छली कम गरी वस्तु शीघ्र जाँचपास हुनसक्ने भएकोले व्यवसायको समय र लागत घटाउन यो प्रणाली उपयोगी भई भन्सार प्रशासनको समग्र कार्यसम्पादनस्तरमा सुधार आएको देखिएको छ।

## ५.३ सुरक्षा (Security)

सुरक्षा भनेको सीमा नाकामा हुने अवैध गतिविधि, तस्करी, लागू औषध ओसारपसार र आतङ्कवादी गतिविधिहरू रोक्ने सुनिश्चितता गर्नु हो। भन्सारले विगतमा निकासी-पैठारी हुने सबै वस्तुहरू शतप्रतिशत भौतिक परीक्षण गर्नुपर्दथ्यो। यसले व्यापारको लागत र समय बढी हुने, राजस्व चुहावटको जोखिम बढी हुने र भन्सारबाट हुने काममा पारदर्शिता नहुने अवस्था थियो। अहिले भन्सार कार्यालयहरूमा जोखिम व्यवस्थापन प्रणाली लागू गरिएको छ र Green Lane, Yellow Lane र Red Lane बाट जाँचपासको काम भइरहेको छ। यसले काममा सहजता आउनुका साथै लागत र समयपनि बचत भएको छ। भन्सारसम्बन्धी सम्पूर्ण कार्य स्वचालनमा हुने भएकोले सबै किसिमका जोखिमका चरण र अवस्थाहरू घटेकाछन। भन्सार विभागबाट नै Online Live Monitoring System मार्फत सबै भन्सार कार्यालयहरूको अनुगमन गरिने भएकोले चुहावट र जोखिमको मात्रा धेरै घटाएको छ। साथै विभागमा उपलब्ध Data हरूको विश्लेषण गरी आयात-निर्यातको अवस्थाको बारेमा चाँडै थाहा पाउन सकिन्छ। त्यसैगरी भारत र चीनसँगको खुला सीमाबाट हुने अवैध गतिविधि, तस्करी नियन्त्रण, लागू औषध ओसारपसार नियन्त्रण र अवैध आर्थिक गतिविधि नियन्त्रण गर्नको लागि सशस्त्र प्रहरीको सुरक्षा बल भन्सार परिसरमै रही चौबिसै घण्टा गस्तीमा खटिने र निगरानीमा रहने गरेका छन। सीमा नाकामा हुने विभिन्न प्रकारका अवैध गतिविधि नियन्त्रणको लागि स्थानीय सीमा नाकामा रहेका भारत र चीनका Counterpart भन्सार प्रशासनसँग समयसमयमा नेपालका सीमा भन्सार कार्यालयहरूले मिटिगंहरू गर्ने, सूचनाहरू आदानप्रदान गर्ने गर्दछन् भने केन्द्रीयस्तरमा वार्षिकरूपमा DG level बैठकहरू हुने गरेकाछन।

## ५.४ समृद्धि (Prosperity)

समृद्धि भनेको वर्तमान समयमा रहेको अवस्थामा थप सुधार आउनु वा उन्नत अवस्था हुनु हो। भन्सार प्रशासन र प्रणालीले देशको समग्र आर्थिक विकास र सामाजिक समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। नेपालको भन्सार प्रशासनले पनि यो दिशामा उल्लेख्य कार्यहरू गरेको छ। नेपालको कुल राजस्वको ५० प्रतिशत भन्दा बढी राजस्व भन्सारबाट सङ्कलन हुने गरेको छ। देशको समग्र आर्थिक प्रणालीमा यो स्रोतको महत्त्वपूर्ण स्थान छ। यसको लागि भन्सार प्रशासनले व्यापार सहजीकरणमा पुलको काम गरेको छ। भन्सारका प्रक्रियाहरूलाई क्रमशः सरलीकरण गर्दै लगिएको छ। एकद्वार प्रणाली लागू गरिएको छ। भन्सार प्रक्रियाहरूलाई अन्तर्राष्ट्रिय असल अभ्यासहरूसँग सामञ्जस्यता मिलाउने गरी कार्यहरू भएका छन। अधिकृत आर्थिक सञ्चालक (Authorized Economic Operator — AEO) सम्बन्धी कार्यक्रम लागू गर्ने र अन्य भन्सार प्रशासनसँगको सहकार्यलाई प्रवर्द्धन गर्ने कार्यहरू अघि बढेका छन। वस्तु जाँचपासमा सहजता ल्याउन, लागत र समय कम गराउन Green Lane को मात्रा बढाउने गरी कार्य भइरहेको छ। भन्सार विभागको केन्द्रीय प्रयोगशालालाई आधुनिक र औजारयुक्त बनाई सबलीकरण गरिएको छ। भन्सार जाँचपास प्रक्रियामा सुधार ल्याउन प्रक्रियामा संलग्न हुने विभिन्न निकायहरू जस्तो- भन्सार, क्वारेण्टाइन, अध्यागमन तथा बैङ्क एकै ठाउँमा बसेर एकीकृत कार्य सुरु भएको छ। यसले पनि व्यवसायीको लागत र समय बचत भएको छ। एकीकृत सीमा व्यवस्थापनको अवधारणा अनुरूप मुख्य भन्सार नाकाहरूमा आवश्यक व्यवस्था सुरु गरिएको छ। विराटनगर र वीरगञ्ज एकीकृत जाँच चौकीमा यो प्रणालीको अभ्यास आरम्भ गरिएको छ। नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Singal Window) को विकास गरी अन्तर्राष्ट्रिय व्यापारमा संलग्न हुने ४८ भन्दा बढी निकायहरूलाई आबद्ध गरी आयात-निर्यातलाई सरलीकृत बनाइएको छ। भन्सारमा हुने गलत घोषणा, गलत वर्गीकरण, न्यून मूल्याङ्कन तथा जोखिमका अन्य क्षेत्रमा हुनसक्ने कमीकमजोरीका कारण राजस्वमा हुनसक्ने चुहावटलाई रोक्न जाँचपास पछिको परीक्षण (Post Clearance Audit- PCA) गर्ने कार्यलाई तदारुकता दिइएको छ। भन्सार महसुल ऐन, २०८१ लागू भए पश्चात् त निकासी-पैठारी हुने सबै प्रकारका बस्तुहरूमा लाग्ने भन्सार महसुललाई एकीकृत गरी एउटै कानुनमा व्यवस्थित गरिएकोले भन्सारको कार्यमा चुस्तता र सरलता आउनुका साथै व्यापार सहजीकरणमा पनि उल्लेख्य मात्रामा सघाउ पुग्ने देखिन्छ।

उल्लेखित कार्यहरूका अतिरिक्त नेपालको भन्सार प्रशासनले आफ्नो प्रतिबद्धता पूरा गर्ने दिशामा यस वर्षको नारामा अन्तरनिहित Efficiency, Security र Prosperity लाई केन्द्रमा राखेर कार्यहरू अघि बढाउनु पर्ने देखिन्छ।

(क) भन्सारमा हुने प्रक्रियागत विषयहरूलाई अझ छिटो, सरल र पारदर्शी बनाउनु पर्दछ।

(ख) भन्सारमा प्रयोग हुने र भएका डिजिटल प्रविधिलाई थप उपयोग गर्दै आयात-निर्यातलाई सहज र प्रभावकारी बनाउन नयाँ प्रविधिहरूको प्रयोग र अभ्यासमा वृद्धि गर्ने।

(ग) भन्सारको व्यवस्थापनमा प्रभावकारिता वृद्धि गरी व्यापार प्रक्रियामा हुने समय र लागत घटाउने।

(घ) भन्सार प्रक्रियामा सहजता प्रदान गरी व्यवसाय र उद्योगलाई प्रतिस्पर्धी बनाउने।

(ङ) भन्सारका कर्मचारीहरूलाई आधुनिक प्रविधि, नवप्रवर्तनसँग अभ्यस्त हुन, नवीन अवधारणाहरूसँग परिचित हुन तथा नयाँ नयाँ चुनौतीहरूको सामना गर्ने गरी क्षमतावान् बनाउन विश्वस्तरीय तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउने।

(च) विश्वका अन्य भन्सार प्रशासन, अन्तर्राष्ट्रिय सङ्गठनहरू तथा निजी संस्थाहरूले अवलम्बन गरेका असल अभ्यास र Knowledge लाई आफ्नो भन्सार प्रशासनमा उपयोगमा ल्याउने।

(छ) भन्सारको सेवा प्रवाहमा सुधार ल्याउन व्यवसायी, उद्यमी तथा अन्य Stakeholder हरूसँग पनि निरन्तर छलफल, अन्तरक्रियामार्फत Collaborating गरिरहने।

(ज) जोखिमयुक्त सामाग्री र प्रक्रियालाई प्राथमिकतामा राखेर निगरानी(surveillance) गर्ने उच्चतम प्रविधिको प्रयोग बढाउने।

(झ) सुरक्षा उपकरणहरू- X-ray, Scanner, जैविक पहिचान (Biometric System) र Data Analysis उपकरणहरूको प्रयोग गरी भन्सारको सुरक्षालाई मजबुत बनाउने।

(ञ) Counterpart Customs Administration सँग निरन्तर बैठक, छलफल गरी सूचना आदानप्रदान गर्ने।

(ट) दिगो विकास र राष्ट्रको सर्वाङ्गीण विकासलाई सहजता हुने गरी भन्सारका कार्यप्रक्रियाहरूलाई एकीकृत र सरलीकृत बनाउने।

सुधारका कार्यहरू असीमित र अनन्त भएकोले नेपालको भन्सार प्रशासनले पनि यसलाई निरन्तररूपमा अन्तर्राष्ट्रिय भन्सार प्रशासनसँग समन्वय र तादात्म्यता हुने गरी अघि बढाउँदै लैजानु पर्ने देखिन्छ।

## ६. उपसंहार (Conclusion)

WCO ले यस वर्ष सन २०२५ मा अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउने सिलसिलामा तय गरेको नारा (Theme) "Customs Delivering on its Commitment to Efficiency, Security and Prosperity" अर्थात् क्षमता, सुरक्षा र समृद्धिको प्रतिबद्धता पूरा गर्ने भन्सार "भन्ने विषयवस्तुले वर्तमान विश्वको परिवेशमा भन्सार प्रशासनको बहुआयामिक भूमिकालाई उजागर गर्दछ। क्षमता वृद्धि, सुरक्षा सुनिश्चितता र आर्थिक समृद्धिमा केन्द्रित भन्सार प्रशासनले व्यापारलाई सहज बनाउनुका साथै समाजको सुरक्षा र आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ। विश्व भन्सार सङ्गठन (WCO) का पहल, प्रयास र Framework हरूले आधुनिक व्यापारको जटिलतालाई संरक्षण गर्न भन्सार प्रशासनलाई मार्गनिर्देशन प्रदान गर्दछ। जसले गर्दा तिनीहरू विश्वव्यापी अर्थतन्त्रका अपरिहार्य हिस्साको रूपमा रहिरहन सक्छन्। नेपालको भन्सार प्रशासनले पनि WCO ले अङ्गीकार गरेका पहल र प्रयासहरूलाई आगामी दिनमा नेपालको भन्सार प्रशासनमा अवलम्बन गर्दै जानु पर्दछ। यसवर्षको नारालाई सफल बनाउन नेपाल सरकार, नेपालको भन्सार प्रशासन, निजीक्षेत्र एवम् सम्बद्ध सबै क्षेत्रबाट सहयोग हुनुपर्ने देखिन्छ।

## सन्दर्भ सामग्री

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य, २०८१, अर्थ मन्त्रालय।

आर्थिक सर्वेक्षण २०८०/८१, अर्थ मन्त्रालय।

नेपालको भन्सार इतिहास, २०७५, भन्सार विभाग।

भन्सार विभागको वार्षिक प्रतिवेदन, २०८१/८२, भन्सार विभाग।

भन्सार सुधार तथा आधुनिकीकरण योजना (आर्थिक वर्ष २०७८/७९ — २०८२/८३) भन्सार विभाग।

भन्सार स्मारिका, २०८०, भन्सार विभाग।

नेपाल ऐन सङ्ग्रह, खण्ड ६(ग), २०८१, कानुन किताब व्यवस्था समिति।

WCO website, Brussels, Belgium.

# नेपालमा सार्वजनिक राजस्वको वर्तमान अवस्था र स्थिति -सुधारका उपायहरू

✍ गम्भीर बहादुर हाडा ◆

*सारांश*

*सरकारले राज्य सञ्चालनका लागि आवश्यक विभिन्न खर्चहरू व्यहोर्ने गर्दछ साथै जनकल्याण तथा विकासका लागि पनि खर्च गर्दछ। यसलाई नै सार्वजनिक व्यय भनिन्छ। यसअन्तर्गत सरकारले विभिन्न क्रियाकलापहरूमा विभिन्न प्रयोजनका लागि व्यहोर्ने सबै खर्च रकमहरू समावेश हुन्छ। सार्वजनिक व्ययको परिभाषा र परिधिमा परिवर्तन आएको छ। १९ औँ शताब्दीका राजस्व अर्थशास्त्रीहरूले सार्वजनिक व्ययमाथि ध्यान नदिएर केवल सार्वजनिक आयमाथि विश्लेषणलाई बढी ध्यान केन्द्रित गरेका थिए। वर्तमान शताब्दीमा सार्वजनिक व्ययको महत्वलाई स्वीकार गरी आजकाल प्रायः सबै राजस्व अर्थशास्त्रीहरूले यसलाई राजस्वको अभिन्न अङ्गको रूपमा विश्लेषण गरेको पाइन्छ।*

*नागरिकहरूको सुरक्षा र आर्थिक तथा सामाजिक हित अभिवृद्धिको लागि प्रचुर मात्रामा सार्वजनिक खर्चको आवश्यकता पर्दछ। नागरिकहरूका लागि नभई नहुने कतिपय आवश्यकताहरू परिपूर्तिका लागि सरकारी प्रयासकै आवश्यकता पर्दछ। देशमा शान्ति, सुव्यवस्था, प्रतिरक्षा, न्याय र प्रशासनिक व्यवस्था कायम राख्न र सार्वजनिक वस्तुको निर्माण लगायत आर्थिक र सामाजिक क्रियाकलापहरूको प्रवर्द्धन गर्न यथेष्ट मात्रामा सरकारी खर्चको आवश्यकता पर्दछ। देशका नागरिकहरूप्रति, सरकारको महत्त्वपूर्ण जिम्मेवारी हुन्छ, त्यो जिम्मेवारी हो समाजमा न्याय, शान्ति तथा सुरक्षा कायम राख्नु र जनताको जीवनस्तरमा सुधार ल्याउनु। एकातिर प्रहरी, अदालत र विभिन्न प्रशासनिक निकायहरूको व्यवस्था गरी सरकारले समाजमा शान्ति सुरक्षा तथा न्याय कायम राख्ने प्रयत्न गर्नुपर्दछ भने अर्कोतिर अस्पताल, विद्यालय, सञ्चार, सडक, पुल, नहर आदिको व्यवस्था गरी जनताको स्वास्थ्य, शिक्षा र जीवनस्तरमा सुधार ल्याउनसमेत प्रयत्न गर्नुपर्दछ। आधुनिक राज्यका आर्थिक र सामाजिक कार्यहरूमा सरकारको भूमिका बढ्दै गइरहेको हुँदा विकासशील क्रियाकलापहरू सञ्चालन गर्न सरकारले ठूलो रकम खर्च गर्नुपर्ने हुन्छ।*

*सार्वजनिक राजस्वले कुनै पनि अर्थतन्त्रमा अत्यन्त महत्त्वपूर्ण भूमिका राख्दछ। सरकारी आम्दानी वृद्धि गर्नुका साथसाथै यस सम्बन्धी नीति तथा कार्यक्रमहरूको माध्यमबाट सामाजिक न्यायको वातावरण तयार पार्नमा समेत राजस्वकै माध्यमबाट सहयोग पुग्दछ। आज सरकारको काम पहिले जस्तै शान्ति सुरक्षा कायम गर्नुमा मात्र सीमित छैन। देशको आर्थिक विकास गरी सर्वसाधारण जनताको जीवनस्तर उठाउनको लागि कृषि, उद्योग, यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको जिम्मेवारी पनि सरकारकै मानिन थालेको छ। हाल सरकारको कार्यक्षेत्रमा व्यापक वृद्धि हुन गएकोले सार्वजनिक वित्तको महत्त्व पनि बढ्दै गएको छ। नेपालमा विकास आयोजनाहरू बजेटद्वारा सञ्चालित हुन्छन्। निजी क्षेत्रमा पुँजीको अपर्याप्तता रहेको र स्वतन्त्र अर्थनीतिलाई अपनाएर राष्ट्रिय हित अनुरूप साधनहरूको समुचित परिचालन हुन नसक्ने हुँदा देशमा राष्ट्रिय हितलाई मध्यनजर गरेर सरकारले आवश्यक वित्तीय नीतिहरूको तर्जुमा गर्दछ र विकास बजेटद्वारा त्यस्ता नीतिहरूको कार्यान्वियन*

◆ अधिवक्ता तथा सह—प्राध्यापक, अर्थशास्त्र

*गर्दछ। प्रत्यक्ष, अप्रत्यक्ष कर आदिको माध्यमबाट मानिसको क्रयशक्तिमा समेत सरकारले प्रभाव पारी आर्थिक असमानता, सामाजिक न्याय तथा आर्थिक अनुशासनको वातावरण तयार गर्नमा सहयोग पुऱ्याउँदछ।*

*वर्तमान सोह्रौं योजना (२०८१/८२—२०८५/८६) मा राजस्व व्यवस्थापन कार्यक्रम अन्तर्गत सुदृढ र प्रगतिशील राजस्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण गर्ने सोच राखिएको छ। संवैधानिक अधिकार र जिम्मेवारीको स्पष्टता कायम गर्न कार्य विस्तृतीकरण प्रतिवेदनको पुनरावलोकन गरी कार्यान्वयन गर्ने, मौजुदा कानुनी व्यवस्थाको समीक्षा गरी तहगत सरकारको समन्वयमा प्रदेश र स्थानीय अर्थतन्त्रसम्बन्धी मार्गदर्शक नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, प्रदेश तथा स्थानीय तहको आवश्यकता र प्राथमिकताको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन, संरचनात्मक तथा कानुनी एवम् नीतिगत समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्तलाई मजबुत बनाउनेमा आधारित सहायता वित्तीय हस्तान्तरण लागु गर्ने प्रशासनिक सहायता सुदृढीकरणका लागि नीतिको उचित व्यवस्थापन र उपयोग गर्ने कार्य जिम्मेवारी निर्वाहमा जिम्मेवारी र उत्तरदायित्वको संयन्त्र सबल र सशक्त बनाउने, आन्तरिक स्रोत परिचालन, कुशल स्रोत विनियोजन तथा प्रभावकारी खर्च व्यवस्थापन गरी वित्तीय सबलीकरण गर्ने। प्रदेश स्थानीय तहको आर्थिक सम्भाव्यता तथा क्षमताको समीक्षा गरी सम्बन्धित तहको विशिष्टतामा आधारित आर्थिक कार्यक्रम सञ्चालन, प्रदेश र स्थानीय तहको आर्थिक विकासको सम्भावना (स्रोत नक्साङ्कन) पहिचान र उपयोग गरी प्रादेशिक तथा तहगत सन्तुलन कायम गर्ने बढ्दो कृषियोग्य जमिनको खण्डीकरण नियन्त्रण र जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलन गरी उपयुक्त तथा आधुनिक प्रविधिको प्रयोग मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।*

## १. परिचय

साधारणतया जनताबाट सरकारलाई प्राप्त हुने आयलाई नै हामी सार्वजनिक आय भन्दछौं। आर्थिक, सामाजिक तथा अन्य प्रकारका आफ्नो कार्यहरूलाई सुचारु रूपले सञ्चालनको लागि प्रत्येक देशको सरकारलाई ठुलो धनराशिको आवश्यकता हुन्छ, जुन सार्वजनिक आयका विभिन्न साधनहरूद्वारा प्राप्त गरिन्छ। सरकारले विभिन्न साधनहरूबाट जुन आय प्राप्त गर्दछ त्यसलाई सार्वजनिक आय भन्दछन्।

डाल्टन (Dalton) ले व्यापक र सङ्कुचित दुवै अर्थमा सार्वजनिक आयको परिभाषा गरेका छन्। व्यापक अर्थमा सार्वजनिक आय अन्तर्गत सबै प्रकारका प्राप्तिहरू सम्मिलित गरिन्छ। तर सङ्कुचित अर्थमा सार्वजनिक आय अन्तर्गत केवल आयका सामान्य कलमहरू अन्तर्गत सम्मिलित गरिने प्राप्तिहरूलाई सामेल गरिन्छ।

एडाम स्मिथ (Adam Smith) ले सार्वजनिक आयलाई तीनवटा भागमा बाँडेका छन् —

**(क) प्रत्यक्ष आय-** प्रत्यक्ष आयमा त्यो आय सम्मिलित गर्न सकिन्छ जुन सरकारलाई सार्वजनिक उद्योगहरू, उपहारहरू इत्यादिबाट प्राप्त हुन्छ।

**(ख) प्राप्त गरिएको आय वा व्युत्पन्न आय-** यसमा त्यो सबै आय सामेल गर्न सकिन्छ जुन सरकारलाई कर, शुल्क, जरिवाना वा दण्ड इत्यादिबाट प्राप्त हुन्छ।

**(ग) दूरदर्शी वा प्रत्याशित-** आय देशको सरकारी राजकोष विपत्रहरू तथा अन्य प्रकारका ऋणहरूबाट जुन आय प्राप्त हुन्छ त्यो यसै श्रेणीअन्तर्गत आउँछ।

प्रो. सेलिगमैन (Seligman) ले सार्वजनिक आयलाई (क) निःशुल्क आय वा स्वयं इच्छाले दिएको रकम (ख) ठेक्काको आय (ग) अनिवार्य आयको रूपमा वर्गीकरण गरेका छन्। त्यस्तै लुटज (Lautz), वेस्टेविल (Bastable), प्रो.जे.के. मेहता (J.K. Mehta) ले पनि सार्वजनिक आयका वर्गीकरण गरेका छन्।

आधुनिक कालमा सरकारी क्रियाकलापले देशको आर्थिक र सामाजिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ। सरकारी क्रियाकलाप आज शान्ति सुरक्षा कायम गर्नु र नियम कानुनका पालन गर्न लगाउनु मात्र रहेको छैन। वर्तमान युगमा सरकारी कर र खर्च नीतिले निजी वितरण प्रणालीमा समेत पूर्ण रूपमा प्रभाव पारेको छ। कुनै पनि देशमा सरकारले जे जति कार्यहरू गर्ने योजना बनाउँदछ, ती कार्यहरू सञ्चालन गर्न सरकारले आम्दानी गर्नु पर्दछ। सरकारले जबसम्म आम्दानी गर्न सक्दैन उसले खर्च पनि गर्न सक्दैन।

## २. नेपाल सरकारका आम्दानीका स्रोतहरू निम्न प्रकारका छन्

### २.१ कर राजस्व

कर राजस्व अन्तर्गत निम्न शीर्षकहरूबाट नेपाल सरकारलाई आम्दानी प्राप्त हुन्छ।

(क) भन्सार महसुलः भन्सार महसुल अन्तर्गत निकासी कर, पैठारी कर, आदिबाट हुने रकम तथा भन्सार कार्यालयबाट लिइने अन्य महसुलहरू पर्दछन्।

(ख) वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करः कर राजस्वको अर्को महत्त्वपूर्ण स्रोत वस्तु तथा सेवाहरूको उत्पादन र उपभोगमा लगाइने कर हो। उत्पादन तथा उपभोगमा लाग्ने करहरूमा अन्तःशुल्क कर, मूल्य अभिवृद्धि कर, हवाई उडान कर, सडक पुल सम्भार कर तथा अन्य प्रकारका करहरू समावेश भएका हुन्छन्।

(ग) मालपोत तथा रजिष्ट्रेशनः मालपोत तथा रजिष्ट्रेशनअन्तर्गत मालपोत तथा घर जग्गा रजिस्ट्रेसन गर्दा प्राप्त हुने कर तथा दस्तुर समावेश हुन्छन्।

(घ) आय कर तथा सम्पत्ति कर

### २.२ गैर कर राजस्व

नेपाल सरकारको गैह्र कर राजस्वलाई निम्न शीर्षकहरूमा विभाजन गर्न सकिन्छ।

**(क) दस्तुर, दण्ड, जरिवाना र जफतः** यस अन्तर्गत फर्म रजिस्ट्रेसन, दस्तुर, बन्दुक, पिस्तोल, रजिस्ट्रेसन दस्तुर, सवारी इजाजत दस्तुर, न्यायिक शुल्क, दण्ड, जरिवाना र जफत आदि पर्दछन्।

**(ख) सरकारी सेवा तथा वस्तुहरूको विक्रीबाट प्राप्त आयः** यस शीर्षक अन्तर्गत पानी महसुल, विद्युत महसुल, हुलाक सेवा, खाद्य कृषि क्षेत्रको आय, शिक्षा क्षेत्रको आय, वन क्षेत्रको आय, यातायात क्षेत्रको आय तथा अन्य सरकारी क्षेत्रको आय समावेश हुन्छन्। यी शीर्षकहरू अन्तर्गतका राजस्वका स्रोतहरूबाट प्राप्त हुने आयले गैह्र कर राजस्वको झन्डै एक तिहाइ हिस्सा ओगटेको छ।

(ग) **लाभांशः** सरकारी वित्तीय, व्यापारिक, औद्योगिक र सेवामूलक संस्थाबाट सरकारले लाभांश प्राप्त गर्दछ।

(घ) **रोयल्टी तथा सरकारी सम्पत्ति विक्रीः** यस अन्तर्गत खानी, रोयल्टी, टकमरी, बिक्री आदिबाट प्राप्त हुने आम्दानी समावेश हुन्छन्। यसबाट प्राप्त हुने आम्दानी बढिरहेको भए तापनि विभिन्न वर्षका तथ्याङ्कबाट विश्लेषण गर्दा गैह्र कर राजस्वको २—३ प्रतिशत हिस्सा मात्र यसले ओगटेको छ।

(ङ) **साँवा र ब्याज तथा लाभांशः** यस अन्तर्गत सार्वजनिक ऋण तथा शेयर लगानीबाट प्राप्त हुने रकमहरू पर्दछन्।

(च) **विविधः** यस अन्तर्गत (क) व्यावसायिक आम्दानी (ख) लाइसेन्स शुल्क (ग) प्राकृतिक साधनहरू (घ) पत्रमुद्रा आदि पर्दछन्।

## ३. सरकारी खर्चको वर्गीकरण यस प्रकारका छन्

१. लाभको आधारमा २. आयको आधारमा ३. कार्यको आधारमा ४. आवश्यकताको आधारमा

५. प्राथमिकताको आधारमा ६. आर्थिक वर्गीकरण

## ३.१ सार्वजनिक खर्चको वर्गीकरण

सार्वजनिक खर्चको वर्गीकरणको सम्बन्धमा विभिन्न अर्थशास्त्रीहरूको प्रस्तुति फरक रहेको पाइन्छ। अर्थशास्त्रीहरूले प्रस्तुत गरेका धारणाहरूको आधारमा सार्वजनिक वा सरकारी खर्चलाई (क) क्षेत्रीय खर्चको आधारमा (ख) कामको आधारमा (ग) खर्चको प्रकृतिको आधारमा वर्गीकरण गर्न सकिन्छ। यसलाई हितको आधार, कार्यमूलक आधार राजस्वको आधार, प्राविधिक आधारमा पनि वर्गीकरण गर्न सकिन्छ। सार्वजनिक खर्चको वर्गीकरणको तात्पर्य सार्वजनिक कार्यहरूको सूची तयार गर्नु हो। नेपालको सरकारी खर्चलाई मूलतः दुई भागमा विभाजन गर्न सकिन्छ। जस्तैः

(क) **चालु खर्चः** प्रतिरक्षा सम्बन्धी खर्च, राष्ट्रमा शान्ति सुरक्षा कायम गर्न गरिने खर्च प्रशासनिक खर्च। यी खर्चहरूबाट समाजमा विद्यमान पुँजीलाई सुरक्षित र व्यवस्थित गरिन्छ। तर यस्ता खर्चहरूबाट राष्ट्रिय उत्पादकत्वमा वृद्धि हुँदैन।

(ख) **पुँजीगत खर्चहरुः** विभिन्न क्षेत्रहरूको विकासको लागि गरिने खर्चलाई पुँजीगत खर्च भनिन्छ। यस्तो खर्चबाट पुँजीगत सम्पत्तिको सृजना हुन्छ। राष्ट्रिय उत्पादकत्वको वृद्धि हुन्छ। उदाहरणका लागि बाटोघाटोको निर्माण, बिजुली उत्पादन, उद्योगधन्दामा गरेको लगानी आदिलाई पुँजीगत खर्च भनिन्छ। चालु खर्च र पुँजीगत खर्चलाई क्रमशः साधारण र विकास खर्च पनि भनिन्छ। यसबाट यो स्पष्ट हुन्छ कि सार्वजनिक खर्चको कुनै पनि एउटा वर्गीकरण हुन सक्दैन। वर्गीकरणको प्रश्न व्यावहारिकतालाई हेरेर थाहा पाउन सकिँदैन। अतः सबै वर्गीकरणलाई हेरेर ध्यानमा राखेर काम गरिनु आवश्यक हुन्छ।

## ४. नेपालमा सरकारी राजस्वको वर्तमान अवस्था

नेपालको विगत एक दशकको आँकडा हेर्ने हो भने सार्वजनिक खर्चमा उल्लेख्य मात्रामा वृद्धि भएको छ। अझ चालु खर्चमा अस्वाभाविक ढङ्गबाट वृद्धि भएको देखिन्छ। सार्वजनिक खर्च व्यवस्थापनमा राजस्व सङ्कलन, विनियोजन, खर्च र सो को सदुपयोग एवम् लेखाङ्कन आदि जस्ता पक्षहरू पर्ने भए तापनि सार्वजनिक खर्चको प्रवृत्ति र बनावटले मुलुकको सुशासनको अवस्थालाई पनि इङ्गित गरेको हुन्छ। जसले गर्दा सार्वजनिक खर्चको चर्चा गर्दा मुलुकको समग्र अवस्थाको बारेमा चर्चा गर्ने प्रचलन छ। भएको खर्चबाट सृजना हुने रुजु/बेरुजुको अङ्कलाई आर्थिक सुशासनको आधार बनाउने गरिएको हुन्छ। मुलुकको सुशासन र आर्थिक अनुशासनको अवस्थाले चालु खर्च बढिरहेको छ कि लगानी बढिरहेको छ भन्ने सन्दर्भमा महत्त्वपूर्ण सूचना प्रदान गरेको हुन्छ। सार्वजनिक बजेट खर्च गर्नका लागि हो। सार्वजनिक बजेट जति छिटो खर्च गर्न सक्यो त्यति छिटो लाभ लिन सकिने हुन्छ। सार्वजनिक बजेट जथाभावी वा मन लागेको क्षेत्रमा खर्च गर्न मिल्दैन। अधिकारप्राप्त निकाय वा पदाधिकारीबाट जथाभावी खर्च हुन नपाओस् भनेर सार्वजनिक खर्चको सम्बन्धमा केही मानक तथा सूचकहरू तय गरिएका हुन्छन्। यस्ता सूचकहरूले अर्थतन्त्र सही बाटोमा भए नभएको सूचना प्रदान गरेर जिम्मेवार व्यक्ति वा निकायलाई समयमै सुधारको मौका दिने गर्दछन्। सार्वजनिक बजेट नागरिकको हित, भलाइ, निमुखा र विपन्नलाई थप सहयोग, मुलुकका नागरिकको मानवीय विकासका, मुलुकमा भौतिक विकास, मुलुकको स्थिरता र विकास तथा पुँजी निर्माणको लागि हो।

विगत वर्षहरू जस्तै चालु आर्थिक वर्ष २०८१/८२ मा पनि पुँजीगत खर्चको अवस्था दयनीय देखिएको छ। यस आ.व.को पहिलो ६ महिनामा ३६ प्रतिशत बजेट मात्रै खर्च भएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार सरकारले चालु आवमा पुँजीगत खर्चका लागि तीन खर्ब बाउन्न अर्ब पैंतिस करोड ४० लाख रकम विनियोजन गरेकोमा २०८१ माघ ३ सम्म ५६ अर्ब ९३ करोड ५० लाख रुपैयाँ मात्र खर्च गरेको छ जुन लक्ष्यको १६.२९% मात्र हो। सरकारले चालु खर्च र वित्तीय खर्चमा पनि लक्ष्यअनुसार खर्च गर्न सकेको छैन।

**तालिका नं.१**

**आव २०८१-८२ मा छुट्याएको बजेट र विकास खर्चको स्थिति (रु. लाखमा)**

| महिना | मासिक खर्च | महिना अन्तिमसम्म (रु. लाखमा) | लक्ष्यअनुसार पुँजीगत खर्च स्थिति (प्रतिशतमा) |
|---|---|---|---|
| साउन | ८५५४८ | ८५५४८ | २.४३ |
| भदौ | ६३३९२ | १४८९४० | ४.२३ |
| असोज | १४४८०६ | २९३७४६ | ८.३४ |
| कात्तिक १८ गतेसम्म | ३१९०७ | ३२५६५३ | ९.२४ |
| कुल वार्षिक लक्ष्य | ३,५२३,५४० | | |

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०८०-८१ मा उल्लेख गरिएअनुसार आर्थिक वर्ष २०७८-७९ मा संघीय सरकारको सञ्चित कोष रु.५७ अर्ब २१ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०७७-७८ मा संघीय सरकारको सञ्चित कोष रु. १ खर्ब ४ अर्ब ३४ करोडले बचतमा रहेको थियो। आर्थिक वर्ष २०७८-७९ मा संघीय सञ्चित कोषमा प्राप्त भएको आर्थिक वर्ष २०७७-७८ को तुलनामा ५.१ प्रतिशतले वृद्धि भई रु.१३ खर्ब ६७ अर्ब २१ करोड पुगेको छ। आर्थिक वर्ष २०७७-७८ मा यस्तो रकम २०.१ प्रतिशतले बढेर रु.१३ खर्ब १ अर्ब १ करोड पुगेको थियो।

पछिल्लो ४ वर्षमा सरकारको ऋण सेवा खर्च कुल गार्हस्थ्य उत्पादनको अनुपातमा क्रमशः बढ्दै गएको छ। आर्थिक वर्ष २०७७-७८ मा कुल ऋण सेवा खर्च (ऋणको साँवा तथा ब्याज भुक्तानी) कुल गार्हस्थ्य उत्पादनको २.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८-७९ मा यस्तो खर्च कुल गार्हस्थ्य उत्पादनको २.५ प्रतिशत पुगेको छ। यस अवधिमा साँवा र ब्याज खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमशः १.६ प्रतिशत र ०.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७-७८ मा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन कुल गार्हस्थ्य उत्पादनको ३.६२ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८-७९ मा यस्तो परिचालन ३.१९ प्रतिशत रहेको छ। अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचानलमा अनुदानको अंश न्यून रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा वैदेशिक ऋण र अनुदानको अनुपात क्रमशः २.७ प्रतिशत र ०.४९ प्रतिशत रहेको छ।

अन्तर्राष्ट्रिय विकास सहायता उपयोग वैदेशिक अनुदानको हिस्सा न्यून छ भने वैदेशिक ऋणको हिस्सा उच्च रहेको छ। आर्थिक वर्ष २०७७-७८ मा अन्तर्राष्ट्रिय विकास सहायता उपयोग कुल गार्हस्थ्य उत्पादनको ४.८१ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८-७९ मा यस्तो अनुपातमा केही आइ ३.२४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९-८० को फागुनसम्म चालु खर्च मध्ये सामान्य सार्वजनिक सेवा शीर्षकमा भएको खर्चको अनुपात सबैभन्दा उच्च ५३.७९ प्रतिशत र वातावरण संरक्षण शीर्षकमा भएको खर्चको अनुपात सबैभन्दा न्यून ०.०५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८-७९ को फागुनसम्म यस्तो अनुपात क्रमशः ५३.४२ प्रतिशत र ०.०७ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८१-८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा अर्थतन्त्रको सन्तुलित र दिगो विकासका लागि साधन परिचालन गर्ने गरी वित्तीय क्षेत्रलाई थप सबल र प्रतिस्पर्धी बनाइने नीति लिइएको छ। बैङ्क तथा वित्तीय संस्थाप्रति जनविश्वास बढाई दिगो विकास गर्न ग्राहक हित संरक्षण, बैङ्क तथा वित्तीय संस्थाप्रति सेवाग्राहीको दायित्व, कर्जा व्यवस्थापनलगायतका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने कार्यक्रम राखिएको छ। बैङ्किङ सेवा पुग्न बाँकी बझाङको साइपाल गाउँपालिकामा बैङ्कको शाखा स्थापना गरिने नीति लिइएको छ। दुर्गम एवम् ग्रामीण क्षेत्रमा बैङ्किङ सेवा प्रदान गर्न डिजिटल बैङ्किङ, घुम्ती बैङ्किङ र मोबाइल बैङ्किङ सेवालाई सघन रूपमा उपयोग गर्दै लगिने छ। विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सोभरेन वेल्थ फन्ड स्थापना गरिने नीति लिइएको छ। यो कोषलाई सार्वजनिक पूर्वाधार लगानीको परिपूरकका रूपमा स्पेसल पर्पस भेहिकलमार्फत उपयोग गरिने नीति लिइएको छ। विभिन्न क्षेत्रलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराई ब्याजमा दिइँदै आएको अनुदानलाई प्रभावकारी बनाउन

ब्याज अनुदानसम्बन्धी कार्यविधि पुनरावलोकन गरिने कार्यक्रम राखिएको छ। सहुलियतपूर्ण कर्जाका लागि रु. ११ अर्ब विनियोजन गरिएको छ। ब्याज अनुदानसम्बन्धी कार्यविधि पुनरावलोकन गरिने कार्यक्रम राखिएको छ।

## ५. नेपालको संविधानमा राजस्व बाँडफाँटसम्बन्धी संवैधानिक तथा अन्य कानुनी व्यवस्था

- संविधानको धारा ६० मा नेपाल सरकारले सङ्कलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउने कुरा उल्लेख भएको,
- धारा ६० (८) ले राजस्व बाँडफाँटसम्बन्धी कानुन बनाउँदा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गरी राजस्व बाँडफाँटसम्बन्धी संघीय कानुनलाई निर्देशित गरिएको,
- संविधानमा संघ, प्रदेश र स्थानीय तहको राजस्व अधिकार उल्लेख गरी कानुनबमोजिम कर लगाउन र राजस्व सङ्कलन गर्न स्वायत्तता प्रदान गरिएको,
- राजस्व बाँडफाँटका विस्तृत आधार र ढाँचा निर्धारण गर्ने जिम्मा स्वतन्त्र संवैधानिक निकायका रूपमा रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रदान गरी बाँडफाँटलाई वैज्ञानिक र पारदर्शी बनाउन खोजिएको,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐनबाट मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबापतको अन्तःशुल्कलाई संघ, प्रदेश र स्थानीय तह बिच क्रमशः ७०-१५-१५ प्रतिशतका दरले बाँडफाँट गर्ने व्यवस्था गरिएको,
- राजस्व बाँडफाँटका लागि निर्धारण भएको हिस्सा पाँच वर्षका लागि लागु हुने व्यवस्था गरी प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने राजस्व बाँडफाँटबापतको स्रोत सुनिश्चित गरिएको,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनबाट राजस्व बाँडफाँट गर्दा लिइने आधारहरू उल्लेख गरी आयोगको कार्यसम्पादनलाई निर्देशित गरिएको,
- प्रदेश र स्थानीय तहको अधिकार अन्तर्गत खटिएका राजस्व अधिकारलाई एकल कर प्रशासन अन्तर्गत कुनै एक तहको सरकारले सङ्कलन गरी सोको चालिस प्रतिशत रकम तोकिएको अर्को सरकारलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था गरिएको,
- प्रदेश सरकारले सङ्कलन गरेको सवारीसाधन करमध्येको चालिस प्रतिशत अंशलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेबमोजिम सम्बन्धित प्रदेशका स्थानीय तहहरूबिच बाँडफाँट गर्ने व्यवस्था गरिएको,
- राजस्व बाँडफाँटबापतको रकम मासिक रूपमा हस्तान्तरण गर्नुपर्ने व्यवस्था गरिएको,

- राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम प्रदेश र स्थानीय तहले प्रशासनिक खर्च विनियोजन गरी बाँकीलाई विकास निर्माणमा खर्च गर्नुपर्ने व्यवस्था गरिएको,

## ६. वर्तमान सोह्रौं योजना (२०८१-८२/२०८५-८६) मा सार्वजनिक राजस्व सम्बन्धी विकास कार्यक्रम तथा नीति

- प्रादेशिक सन्तुलन र समन्यायिक विकासमा जोड दिनेः आन्तरिक आम्दानी कमजोर रोका, उच्च गरिबी तथा मानव विकासमा पछाडि परेका र भौगोलिक रूपमा दुर्गम क्षेत्रका प्रदेश तथा स्थानीय तहहरूमा स्रोतको बाँडफाँट तथा हस्तान्तरणमा विशेष व्यवस्था गरी प्रादेशिक सन्तुलन र समन्यायिक विकास गर्न आर्थिक तथा सामाजिक सूचकको अवस्था र विशित्ताका आधारमा उपलब्ध प्राकृतिक स्रोत र साधनबाट प्राप्त लामको समन्यायिक वितरण र उपयोगको प्रवर्द्धन गर्नेः विशेष र समपूरक अनुदानबाट पूर्वाधार विकास तथा आधारभूत सेवाको विकास गर्ने।
- प्रदेश र स्थानीय तहको शासकीय सुधार तथा क्षमता अभिवृद्धि गर्नेः प्रशासनिक सङ्घीयता सुदृढीकरण, प्रशासनिक सङ्गठन तथा संस्थागत सबलीकरण, मानव पुँजी निर्माण तथा परिचालन एवम् स्थानीय नेतृत्वको विकास, आधुनिक प्रविधिको उपयोग गर्दै शासनका हरेक क्षेत्रमा स्थानीय सहभागिता तथा समावेशीकरण अभिवृद्धि गर्ने सरकारी र निजी क्षेत्रको प्रवर्द्धन तथा नियमन गरी स्थानीय र प्रदेश अर्थतन्त्रको सुदृढीकरण गर्ने, कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणाली अवलम्बन र वित्तीय जोखिम न्यूनीकरण गरी वित्तीय सुशासन प्रवर्द्धन गर्ने, प्रादेशिक एवम् स्थानीय तहका आर्थिक निकायहरूको सुदृढीकरण गरी वित्तीय कार्यकुशलता अभिवृद्धि गर्ने।
- स्रोत परिचालनलाई व्यवस्थित गर्नेः सार्वजनिक तथा वैकल्पिक वित्तीय स्रोतहरू (सार्वजनिक–निजी साझेदारी, सहलगानी, लागत साझेदारी, हरित जलवायु वित्त) को प्रभावकारी परिचालन, वस्तुगत विनियोजन, खर्च क्षमता अभिवृद्धि तथा वित्तीय सुशासन कायम गर्न नीतिगत, संरचनागत तथा कानुनी सुधार गर्ने, यातायात पूर्वाधारका क्षेत्रमा सम्भावनाका आधारमा सार्वजनिक निजी साझेदारी पद्धतिको कार्यान्वयन गर्ने।
- सडक मर्मत खर्च प्रणालीलाई तहगत सरकारहरूमा लागु गर्दै जाने र सडक बोर्डलाई स्रोत परिचालनका लागि स्वायत्त रूपमा स्रोत प्राप्त हुने व्यवस्था गर्ने, विद्युत र जलाशययुक्त आयोजनाको विकासलाई वैदेशिक लगानीमैत्री बनाउँदै सार्वजनिक निजी साझेदारीको अवधारणालाई कार्यान्वयन गर्ने; जलाशययुक्त आयोजनालाई विद्युत विकासको दीर्घकालीन रणनीतिको रूपमा अङ्गीकार गर्ने।
- वित्तीय स्रोत व्यवस्थापन कार्यक्रमः पूर्वाधार निर्माणमा सार्वजनिक–निजी साझेदारीका आयामहरू ख्याल गर्दै वित्तीय स्रोत जुटाउनका लागि आवश्यकतानुसार नवप्रवर्तनकारी बिल मोडल, हाइब्रिड एन्युटि मोडल निर्माण सञ्चालन र हस्तान्तरण मोडल, ईन्जिनियरिङ खरिद तथा निर्माण (ईपीसी) मोडल लगायतका विधिहरूको प्रयोग गर्नका लागि विद्यमान कानुनी व्यवस्थामा संशोधन तथा

अन्य क्षेत्रगत कानुनहरूसँग सामञ्जस्यता कायम गर्ने, जीर्ण पुलहरूको पुनर्निर्माण गर्न आवश्यक पर्ने दीर्घकालीन स्रोतको व्यवस्था गर्नका लागि सडक शुल्कको प्रभावकारी कार्यान्वयन गर्ने।

- राजस्वको दायरा बिस्तार गर्नेः कर प्रस्ताव विधेयक मार्फत कर निर्धारण प्रणालीलाई संसदको छलफलको विषय बनाउने, करको दररेट कायम गर्ने र कर छुट दिने अधिकारलाई राजश्वका स्रोत र दरहरूको पुनर्संरचना गर्ने।
- कर अन्तर भएका क्षेत्र र क्रियाकलाप केन्द्रित कर परीक्षण र अनुसन्धान गर्ने, कराधार संरक्षण एवम् अर्थतन्त्रको लागत कम गर्ने तथा दक्षता वृद्धि गराउने गरी कर कानुनहरूको पुनरावलोकन र अवलम्बन गर्ने, राजश्व चुहावट नियन्त्रण, कर परिपालना अभिवृद्धि र राजस्वका नयाँ आधारहरूको पहिचान तथा विस्तार गर्ने, विद्युतीय कारोबार मार्फत औपचारिक अर्थतन्त्रको विकास तथा कर सचेतना अभिवृद्धि गर्दै राजस्वको दायरा विस्तार गर्ने।
- राजश्व प्रशासनको सुदृढीकरण गर्नेः राजस्व प्रशासनको नीतिगत तथा संस्थागत सुधार गरी प्रक्रियागत सरलीकरण र अन्तर निकाय समन्वय कायम गर्ने र राजस्व प्रणालीलाई गतिशील र दिगो बनाउने गरी आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने, सबै प्रकारको आयलाई राजश्वमा आबद्ध गर्न एकीकृत प्रणाली विकास गर्ने।

## ७. सरकारी राजस्व बढाउनका लागि देखा परेका समस्या तथा चुनौतीहरू

संघीयताको कार्यान्वयन सरल र सहज मार्ग होइन। एकात्मक शासन प्रणालीका विभिन्न चरित्र र व्यवहारबाट एकैपटक आत्मसात् गरिएको संघीय प्रणालीको आधारभूत पक्ष वित्तीय संघीयताको पूर्वाधार निर्माण र कार्यान्वयन स्वाभाविक रूपमा जटिल कार्य हो। यो अत्यन्तै जटिल, प्राविधिक र सबैको सहयोग, समन्वय र सहकार्य र सहभागिताको निरन्तर आवश्यक पर्ने भएकोले केही समस्या, बाधा, चुनौतीहरू छन्। जुन निम्न प्रकारका छन्ः

- अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने, कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने, कर सङ्कलन लागत र करदाताको कर परिचालन लागत घटाउने। कर प्रशासनलाई पारदर्शी, करदाता मैत्री र सदाचारयुक्त बनाउने, राजस्व चुहावटको नियन्त्रण कारोबार मूल्यमा आधारित भन्सार जाँचपास प्रणालीको आधार बनाउने, बजारमा विल दिने, लिने पद्धतिको विकास गर्ने।
- सबै तहको कर प्रशासनहरू बिच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोतको उपयोग, कर सङ्कलन र बाँडफाँड बिच एकरूपता र समन्वय गर्ने, अन्तरसरकारी कर प्रणालीबिच सामञ्जस्यता र जनतामा करको अनावश्यक भार पर्न नदिने।
- नेपालको मुद्रा बजारमा केही संरचनागत र केही नीतिगत रूपमा चुनौतीहरू रहेका छन्। नेपालको मुद्रा बजारमा रहेका चुनौतीहरू देहायअनुसार छन्।

- मुद्रा बजारको नियामकको रूपमा नेपाल राष्ट्र बैङ्क रहे तापनि यसको नियामकीय दायराभित्र सबै प्रकारका मौद्रिक क्रियाकलापमा पर्न सकिरहेका छैनन्। वित्तीय स्वस्थतामा असर पार्ने तत्त्वहरूलाई निश्चित दायराभित्र ल्याउने र तिनीहरूलाई व्यवस्थित गर्ने कार्यमा संरचना नीतिगत र प्रक्रियागत जटिलताहरू रहेका छन्।
- गैर बैंकिंग वित्तीय संस्थाहरू, सहकारीहरू, बिमा कम्पनीहरू आदि मुद्रा बजारको काम गर्ने गरेका भए तापनि तिनीहरूको नियमन गर्ने कार्य केन्द्रीय बैङ्कको क्षेत्राधिकारभित्र रहेको छैन। मुद्रा बजार र पुँजी बजार अर्थतन्त्रको विकासका निमित्त आवश्यक दुईवटा महत्त्वपूर्ण वित्तीय बजारहरू हुन्। तर नेपालमा यी दुई बजारको विकासको अवस्था सन्तोषजनक देखिँदैन।
- पुँजी बजारमा स्रोतको सुनिश्चितता गर्ने माध्यम पनि बैंकिंग क्षेत्र तथा बैंकिंग क्षेत्रमाथिको स्रोतमा मुद्रा बजार व्यवस्थापन र पुँजी बजारको स्रोत दुवैको लागि काम गर्नुपर्ने दबाब पैदा भएको छ। निक्षेपका स्रोत सीमित तर कर्जा माग उच्च हुँदा माग र आपूर्तिका बिचमा असमञ्जसता कायम हुन गई असन्तुलन पैदा भएको स्थिति छ।
- वित्तीय बजारका पूर्वाधारहरू, सुरक्षाका प्रबन्धकहरू, वित्तीय पहुँच, वित्तीय साक्षरता, वित्तीय उपकरणहरूको सहजता, उपलब्धता आदिमा अपेक्षित विस्तार गर्न नसकिँदा वित्तीय बजार प्रभावकारी बनाउनमा चुनौती थपिएको स्थिति छ। बैङ्क तथा वित्तीय संस्थामा संस्थागत सुशासन, पारदर्शिता, मितव्ययिता, सामाजिक उत्तरदायित्वको विषय आशातीत रूपमा आशा गर्न नसकिँदा वित्तीय बजारमा केही अनियमितताहरू हुने गरेका छन्।
- नीतिगत स्पष्टता, विभिन्न संयन्त्रहरूका बिचमा समन्वय, बजार व्यवस्थापनका लागि आवश्यक विज्ञता, प्रक्षेपण क्षमता आदिमा पनि अपेक्षित सुधार र क्षमता विकास हुन सकेको छैन। नेपाल राष्ट्र बैङ्क, धितो पत्र बोर्ड, नेप्से, नेपाल सरकार अर्थ मन्त्रालय, संघीय सरकार, प्रादेशिक र स्थानीय सरकारहरू, बिमा कम्पनीहरू, बिमाको नियामक निकाय, गैर बैंकिंग वित्तीय संस्थाहरू, सहकारी लगायतका निकायहरूका बिचमा आवश्यक समन्वय संयन्त्र नहुँदा मुद्रा बजारको कार्य एकीकृत र व्यवस्थित हुन सकिरहेको छैन।
- चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजीगत खर्चको हिस्सा बढाउन नसकिएको, पुँजीगत खर्च कुल बजेटको करिब २५% जति मात्र विनियोजन गरिने, विनियोजनको पनि २/३ जति मात्र खर्च हुने। ठुलो हिस्सा आर्थिक वर्षको अन्त्यमा खर्च हुने।
- पर्याप्त पूर्व तयारी बिनै आयोजना कार्यान्वयनमा लैजानु, विस्तृत परियोजना प्रतिवेदन भन्दा पनि Pork Barrel शैलीमा आयोजना छनोट हुनु, अघिल्ला कमी कमजोरीको समीक्षा नगरी बजेट विनियोजन गरिनु, कार्यान्वयनमा जान नसकेका पुरानै आयोजनालाई निरन्तरता दिनु।

- उच्च सङ्ख्याका विकास आयोजना, प्रतिआयोजना न्यून लगानी। खर्च सम्भाव्य आयोजनामा स्रोतको न्यूनता र खर्च नहुने आयोजनामा बजेट विनियोजन।
- राजस्व बाँडफाँट गर्दा लिनुपर्ने आधारहरू ऐनबाट निर्धारित हुँदा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको क्षेत्राधिकार र अध्ययन अनुसन्धानको दायरालाई सङ्कुचित बनाएको, असार २० गतेपछि सङ्कलन हुने राजस्वको बाँडफाँट सोही आर्थिक वर्षभित्र गर्न नसकिएको।
- नेपाल सरकारको राजस्व प्रक्षेपण महत्त्वाकाङ्क्षी हुँदा प्रदेश तथा स्थानीय तहको वार्षिक बजेट तथा योजना प्रक्रिया नराम्रोसँग प्रभावित भएको, स्थानीय तहबाट सङ्कलन भई प्रदेशमा हस्तान्तरण हुने राजस्व बाँडफाँटसम्बन्धी व्यवस्था पूर्ण रूपमा कार्यान्वयनमा आउन नसकेको।

**८. नेपालमा सरकारी राजस्वको सम्बन्धमा देखिएका समस्या समाधान गर्न निम्न उपायहरू अपनाउनु आवश्यक देखिन्छः**

- संविधानको कार्यान्वयनका लागि आवश्यक केही कानुन बन्न बाँकी रहेकाले समन्वयात्मक रूपमा कानुन तर्जुमा गर्नुपर्दछ। मौजुदा कानुनमा समयानुकूल संशोधन तथा परिमार्जन गर्नुपर्दछ। साझा अधिकार सूचीका कानुन तर्जुमा गर्दा सरोकारवालाको सहभागिता सुनिश्चित गर्नुपर्दछ। तीन तहबिचको अधिकार क्षेत्रको कार्यविस्तृतीकरण सम्बन्धमा थप स्पष्टता गरी सोको कार्यान्वयन हुनुपर्दछ।
- तीन तहबिच स्रोत बाँडफाँटका लागि थप समन्वय, सहकार्य र साझेदारी हुनुपर्दछ। समन्वय परिषद्हरूको भूमिका थप प्रभावकारी बनाउनुपर्दछ। न्यायिक तथा अर्धन्यायिक निकायबाट भएका फैसला एवम् नीतिगत निर्णयहरूको कार्यान्वयनमा शीघ्रता ल्याउनुपर्दछ। संसदीय समितिहरूले दिएका निर्देशनको अभिलेख राखी पालना तथा कार्यान्वयनको अनुगमन गर्नुपर्दछ।
- निर्मित कानुनहरूको प्रारूप, ढाँचा र प्रत्यायोजित अधिकारमा एकरूपता कायम गर्नुपर्दछ। संवैधानिक निकायहरूलाई वित्तीय तथा प्रशासनिक स्वायत्तता दिई संवैधानिक भूमिकालाई थप प्रभावकारी बनाउनुपर्दछ। यी निकायहरूले दिएका निर्देशन तथा सुझावहरूको कार्यान्वयन हुनुपर्दछ। नेपाल पक्ष भएका सन्धि सम्झौताको पालना तथा कूटनीतिक सम्बन्धलाई मजबुत बनाउनुपर्दछ। राजनीति र प्रशासनबिच स्पष्ट जिम्मेवारीसहितको अन्तरसम्बन्ध कायम हुनुपर्दछ।
- सङ्घ, प्रदेश र स्थानीय तहबिच विषयगत कार्यक्रम सञ्चालनमा दोहोरोपना नहुने गरी सङ्गठन संरचना निर्माण गर्नुपर्दछ। प्राकृतिक स्रोतको दिगो उपयोगमार्फत लाभ प्राप्त गर्न अन्तर तह समन्वय र साझेदारी गर्नुका साथै प्राप्त हुने लाभको वितरणलाई समन्यायिक, सन्तुलित र पारदर्शी बनाउनुपर्दछ। सङ्घ र प्रदेशबाट हस्तान्तरण हुने सशर्त अनुदानलाई उपलब्धि तथा लक्ष्य किटान गरी एकमुष्ट रूपमा दिने व्यवस्था गर्नुपर्दछ। सशर्त अनुदानको हिस्सालाई कम गर्दै अन्य वित्तीय हस्तान्तरणलाई समसामयिक बनाउनुपर्दछ।

- तीन वटै तहको आन्तरिक स्रोत र खर्चबिचको वित्तीय अन्तर न्यून गर्न सम्बन्धित तहको राजस्वको दायरा विस्तार गर्नुपर्दछ। सङ्घीय सरकारको सञ्चित कोष ऋणात्मक भई वित्तीय हस्तान्तरणको लागि समेत ऋण लिनुपर्ने अवस्था रहेको तर प्रदेश तथा स्थानीय तहमा स्रोत उपयोग नभई मौज्दात रहेको देखिएकोले यसको व्यवस्थापनको लागि उपयुक्त विधि छनोट गरिनुपर्दछ।
- प्रदेश मन्त्रालयको सङ्ख्या र सङ्गठन संरचनामा पटक पटक थप घट हुँदा खर्चमा वृद्धि हुनुका साथै जिम्मेवारी र जबाफदेहितामा समेत असर परेकोले यसमा सुधार हुनुपर्दछ। प्रदेश लोकसेवा आयोगहरूको कार्यसम्पादनलाई प्रभावकारी बनाई प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति समयमा नै व्यवस्थापन गर्नुपर्दछ।
- आवधिक योजना तथा बजेटमार्फत निर्धारित लक्ष्यअनुरूप आर्थिक वृद्धिदर हुने गरी कार्यसम्पादन गर्नुपर्दछ। अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी सोमा लगानी वृद्धि गर्नुपर्दछ। आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्धन गर्न, स्थानीय सीप र स्रोतको उपयोग गरी रोजगारी सिर्जनामा सहयोग पुऱ्याउने पर्यटन, जलविद्युत, खानी, जडीबुटी, सूचना प्रविधिलगायतका तुलनात्मक लाभ हुने क्षेत्रमा लगानी गरी राष्ट्रिय स्रोत साधनको अधिकतम परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- सरकार, निजी क्षेत्र, सहकारी र विकास साझेदारसँगको सहकार्यमा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर र उन्नतिशील बनाउनुपर्दछ। वित्तीय स्रोत परिचालन, ब्याजदर, आर्थिक क्रियाकलापमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न निजी क्षेत्र तथा सरोकारवालाको सहभागितामा वित्तीय तथा मौद्रिक नीति तय गर्नुपर्दछ।
- सामाजिक सञ्जाल, भर्चुअल मिटिङ प्लेटफर्म, विद्युतीय व्यापार तथा भुक्तानी लगायतका नवीनतम तरिकाबाट हुने डिजिटल कारोबारलाई करको दायरामा ल्याउनुपर्दछ। विभिन्न वस्तु तथा सेवामा दिएको राजस्व छुटको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ। यस्तो छुटलाई विनियोजन बजेटबाट व्यवस्थापन गर्नुपर्दछ। भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन राष्ट्रिय हार्मोनाइजेसन कोड तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।
- एकीकृत कर प्रणालीलाई सबल र सुरक्षित बनाउँदै जोखिमका आधारमा कर परीक्षण गर्ने पद्धतिलाई सुदृढीकरण गरी परीक्षणको दायरा विस्तार गर्नुपर्दछ। राजस्व चुहावट नियन्त्रण गर्न बजार अनुगमन र मौज्दात परीक्षणको मात्रा बढाउनुपर्दछ। विद्युतीय विलिङको विस्तार गरी सोको नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ।
- तुलनात्मक लाभ प्राप्त हुने तथा लगानी आउन सक्ने सम्भाव्य देशहरूसँग दोहोरो करमुक्ति सम्झौता गरी वैदेशिक प्रत्यक्ष लगानी बढाउनुपर्दछ। आयातमा आधारित राजस्वको हिस्सा अधिक

रहेकोले सोलाई प्रतिस्थापन गर्न आन्तरिक उत्पादनमा जोड दिने गरी नीति तय गर्नुपर्दछ। गैरकर राजस्व असुलीलाई लागत प्रभावी बनाई सोको दरमा समयानुकूल पुनरावलोकन गर्नुपर्दछ।

## ९. निष्कर्ष

सार्वजनिक संस्थानहरूमध्ये राज्यको प्राथमिकताको आधारमा पूर्ण, अधिकांश र आंशिक स्वामित्व तथा नियन्त्रणमा रहनुपर्ने संस्थानहरू तय गरी सञ्चालन गर्नुपर्दछ। सार्वजनिक संस्थान आम नागरिकको हित वा व्यावसायिक प्रयोजनका लागि सञ्चालन गर्ने हो, यकिन गरी सञ्चालन गर्नुपर्दछ। संस्थान सञ्चालन गर्दा व्यावसायिक सञ्चालकको छनोटमा पारदर्शी मापदण्ड तयार गर्नुपर्दछ। सार्वजनिक संस्थानको प्रमुख कार्यकारी नियुक्ति गर्दा वस्तुपरक कार्यसम्पादन करार गरी सो मूल्याङ्कनको आधारमा स्थायित्व दिनुपर्दछ। संस्थानमा भएको शेयर तथा ऋण लगानीको वास्तविक हिसाब राख्नुपर्ने, सोको प्रतिफलको सुनिश्चित हुनुपर्ने, यसले रोजगारी, राष्ट्रिय उत्पादन र राजस्वमा पुऱ्याएको योगदान समेतको विश्लेषण गर्नुपर्ने देखिन्छ। निजीकरण गरिएका संस्थानहरूको सम्झौताबमोजिम भए नभएको यकिन गर्ने, हिसाब फरफारक भए नभएको विश्लेषण गर्ने र नभएकोमा सम्झौताको प्रावधानबमोजिम कारबाही गर्नुपर्दछ। आर्थिक कारोबारको लेखापरीक्षण नियमित रूपमा गराउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन नगर्दा केही सार्वजनिक संस्थानले समयमा लेखापरीक्षण गराएका छैनन् भने केही संस्थानहरूको लेखापरीक्षण वर्षौंदेखि बक्यौता रहेको छ। त्यस्ता संस्थानलाई कारबाहीका लागि कानुनी व्यवस्था गर्नुपर्दछ। राजस्व प्रक्षेपण तथा खर्च व्यवस्थाको आङ्कलन गर्दा वैज्ञानिक र वस्तुपरक बनाई बजेट र यथार्थ खर्चबिचको अन्तर न्यून गर्नुपर्दछ।

बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा ठुलो बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने एवम् खर्च गर्ने परिपाटी उपर नियन्त्रण गरी त्रैमासिक सन्तुलन कायम हुने गरी बजेट कार्यान्वयन गर्नुपर्दछ। रकमान्तरको सीमा लागु नहुने अनुदान सङ्ख्यामा ठुलो रकम विनियोजन गरी सोबाट अन्य अनुदान सङ्ख्यामा सार्ने प्रवृत्तिलाई वाञ्छित सीमाभित्र राख्नु आवश्यक देखिन्छ। सबै तहका सरकारले राष्ट्रिय बजेट प्रणाली बाहिर कानुनी व्यवस्था नगरी खडा गरेका विभिन्न प्रकारका कोष खारेज गर्नुपर्दछ। पूर्व तयारी नभएका आयोजनामा बजेट विनियोजन गरेर खरिद प्रक्रिया अगाडी बढाउने र सो को कार्यान्वयन नहुने अवस्थाको अन्त्य गर्नुपर्दछ। भुक्तानी बाँकी राखी अर्को वर्षमा दायित्व सार्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ। तीनै तहका सरकारले सञ्चालन गर्ने आयोजनाहरूको बिचमा स्पष्ट सीमा रेखा तय गर्नुपर्दछ। सामाजिक सुरक्षा भत्ता, निवृत्तभरण रकम, योगदानमा आधारित पेन्सन योजना कार्यान्वयनबाट पर्ने थप आर्थिक भार, सम्झौता तथा कानुनी निर्णयबाट सिर्जित दायित्वको पहिचान एवम् विश्लेषण गर्नुपर्दछ। दीर्घकालीन नीति, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबिच सामञ्जस्यता ल्याउनुपर्दछ। बढी प्रतिफल प्राप्त हुने वा तुलनात्मक लाभ बढी भएका योजना तथा कार्यक्रमको विश्लेषण गरी क्षेत्रगत समानताको आधारमा बजेट विनियोजन गर्नुपर्दछ।

कर भार र कर भुक्तानी लागत विश्लेषण गरी शुल्क तथा कर एकै बिन्दुबाट सङ्कलन गर्ने व्यवस्था गर्नुपर्दछ। कर सङ्कलन केन्द्रहरू पुनरावलोकन गरी राजस्व रकम विभाज्य कोषमार्फत बाँडफाँट हुने व्यवस्था गर्नुपर्दछ।

तीनै तहको कराधारलाई दिगो र फराकिलो बनाई प्रदेश र स्थानीय तहहरू सङ्घीय अनुदानमा निर्भर रहने विद्यमान अवस्थामा सुधार गर्नुपर्दछ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको क्षेत्राधिकार र अध्ययन अनुसन्धानको दायरालाई समयानुकूल विस्तार गर्ने, असार २० पछि सङ्कलन हुने राजस्वको बाँडफाँटका लागि वैज्ञानिक विधिको अवलम्बन गर्ने, राजस्वको प्रक्षेपणलाई बस्तुगत तथा व्यवहारिक एवम् तथ्यमा आधारित बनाउने। तीन तहका सरकारबाट सङ्कलित राजस्वको बाँडफाँडलाई ऐन अनुरूप हुने गरी तत्काल कार्यान्वयन गर्ने व्यवस्था मिलाउने, तथ्याङ्कको सङ्कलन, भण्डारण तथा विश्लेषणलाई प्रभावकारी बनाउन सूचना प्रविधिको प्रणालीको विकास गर्ने, राजस्व चुहावटको नियन्त्रणका उपायहरू अवलम्बन गरी दायरालाई विस्तार गर्न आवश्यक अध्ययन गर्ने। अनुदान तथा राजश्व बाँडफाँटको रकमलाई पुँजीगत प्रवृत्तिका परियोजनाहरूमा उपयोग हुने व्यवस्था गर्नु आवश्यक छ।

राष्ट्रिय विकासका लागि सार्वजनिक विकास खर्च र प्रशासनिक खर्चको समेत आवश्यकता पूरा गर्न, सङ्घीय वित्तीय प्रणालीलाई सबलीकरण गर्न, सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पूरा गर्न र वैदेशिक सहायतामाथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनलाई जोड दिनुपर्ने हुन्छ। आन्तरिक स्रोतको महत्त्वपूर्ण हिस्सा ओगटेको राजस्वको परिचालनलाई दिगो बनाई वित्त संरचनालाई सुदृढ बनाउनेतर्फ राजस्व नीति केन्द्रित हुनुपर्दछ। अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरा र वाञ्छित सीमामा ल्याउने, कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने, कर सङ्कलन लागत र व्यावसायिक लागत घटाउने, राजस्व चुहावटलाई कुशलतापूर्वक नियन्त्रण गर्ने, कारोबार मूल्यका आधारमा भन्सार जाँचपास प्रणाली लागू गर्ने, बजारमा बिल दिने—लिने पद्धतिको विकास गर्ने तथा राजस्व सङ्कलनसँग सार्वजनिक खर्च र सेवाको तादात्म्यता स्थापित गर्ने कार्य अझै चुनौतीपूर्ण छन्। अवसर सङ्घीयताको कार्यान्वयनको क्रममा सङ्घ, प्रदेश तथा स्थानीय सरकारहरू गठन भई आन्तरिक स्रोतको अधिकतम परिचालन हुने अवस्था छ। सङ्घीय संरचना निर्माणको लागि लगानी बढाउनुपर्ने अवस्था छ। अर्थतन्त्रमा असहज अवस्था सिर्जना हुँदासमेत वित्तीय संरचना अनुकूल रहेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व सङ्कलन सन्तोषजनक रहेको छ। राजस्वको वृद्धिदर स्थिर एवम् राम्रो छ। पुनर्निर्माण र नवनिर्माणको कामले गति लिन थालेको छ। व्यावसायिक वातावरण सहज हुँदै गएको कारण आर्थिक क्रियाकलापहरू बढ्ने अवस्थामा छन्। कर सहभागिता बढ्दो छ र करको दायरा विस्तार हुँदै गएको छ। कानुनको प्रभावकारी कार्यान्वयन एवम् करदाताको स्वैच्छिक परिपालनाबाट राष्ट्रिय कराधारको संरक्षण भएको छ। कर प्रणालीले लगानीमैत्री वातावरणलाई प्रवर्द्धन गरिरहेको छ।

नेपालमा बढी राजश्व चुहावट भएको देखिन्छ। राजश्व चुहावटलाई खास गरेर कर चुहावटमा नै बढी सम्मिलित गर्न सकिन्छ। यस बाहेक विभिन्न मन्त्रालय, संघ, संस्थाहरूबाट नेपाल सरकारलाई बुझाउनु पर्ने राजश्व नबुझाएमा अथवा थोर मात्र बुझाएमा पनि राजश्व चुहावट भएको मान्न सकिन्छ। राजश्व प्रशासनमा ज्यादै अनुभवी र दक्ष जनशक्तिको आवश्यकता पर्दछ तर नेपालमा बढी मात्रामा दक्ष जनशक्तिको आवश्यकता पर्दछ। तर नेपालमा बढी मात्रामा दक्ष जनशक्तिको अभावले गर्दा राजश्वमा चुहावट भएको छ। बेरुजु फछ्यौंट गरी आर्थिक अनुशासन पालना गराउनुमा मन्त्रालयहरू बढी सक्रिय भइरहनु पर्दछ। त्यसको लागि

मन्त्रालयहरूले आफ्नो मातहत कार्यालयका बेरुजु रकम हिनामिना वैदेशिक स्रोत र साधनको स्थिति आर्थिक नियमहरूको उल्लंघन उनीहरूले दिनु पर्ने विवरणहरू र स्पष्टीकरण आदि दिए नदिएको बारे जानकारी प्राप्त गरी कारबाही गर्न गराउनु पर्दछ। अर्को कुरा मन्त्रालयहरूलाई यस्तो जानकारी उपलब्ध गराउनु पर्दछ कि साधनको रूपमा जिल्लास्तरीय कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई सुदृढ र व्यवस्थित गर्नु पर्दछ र यसका लागि सम्बन्धित ऐन नियममा पनि आवश्यक व्यवस्था गरिनु पर्दछ।

बेरुजु दुई किसिमबाट हटाउन सकिन्छ। एक निरोधात्मक उपायबाट र अर्को उपचारात्मक उपायबाट। दुई उपायमध्ये बेरुजु आउनै नदिने उपायको अवलम्बन गर्नु जरुरी देखिन्छ। निरोधात्मक उपायहरूमा आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउने, आन्तरिक लेखा परीक्षण प्रतिवेदनउपर तत्काल अनुगमन र कारबाही गर्नु, लेखा र कारोबारको पुनरावलोकन छुट्टै निकायबाट गराउनु, आवश्यक कागजात, प्रमाण, निर्णय स्वीकृति अनुमोदन, समयमै गराई भौचर साथ स्रेस्तामा राखिनु पर्दछ। उपचारात्मक उपायहरूमा बेरुजु प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सो उपर कारबाही गरी प्रमाण कागजात उपलब्ध गराई दिने, असुल उपर हुनुपर्ने असुल दाखिला गराई सम्परीक्षण गराउने, निर्णय, अनुमोदन स्वीकृत गराउन पर्ने भए गराई लेखा परीक्षण गराउने गर्नु पर्दछ। सरुवा बढुवा गर्दा बेरुजु फछ्र्यौट गराई मात्र गर्ने र आर्थिक नियमितता पालन गरेको आधारमा कार्य सम्पादन गर्ने व्यवस्था हुनु पर्छ।

भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन राष्ट्रिय हार्मोनाइजेसन कोड तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ। एकीकृत कर प्रणालीलाई सबल र सुरक्षित बनाउँदै जोखिमका आधारमा कर परीक्षण गर्ने पद्धतिलाई सुदृढीकरण गरी परीक्षणको दायरा विस्तार गर्नुपर्दछ। राजस्व चुहावट नियन्त्रण गर्न बजार अनुगमन र मौज्दात परीक्षणको मात्रा बढाउनुपर्दछ। विद्युतीय विलिङको विस्तार गरी सोको नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ। तुलनात्मक लाभ प्राप्त हुने तथा लगानी आउन सक्ने सम्भाव्य देशहरूसँग दोहोरो करमुक्ति सम्झौता गरी वैदेशिक प्रत्यक्ष लगानी बढाउनुपर्दछ। आयातमा आधारित राजस्वको हिस्सा अधिक रहेकोले सोलाई प्रतिस्थापन गर्न आन्तरिक उत्पादनमा जोड दिने गरी नीति तय गर्नुपर्दछ। गैरकर राजस्व असुलीलाई लागत प्रभावी बनाई सोको दरमा समयानुकूल पुनरावलोकन गर्नुपर्दछ। नियामक निकायले सङ्कलन गर्ने स्रोतको पुनरावलोकन गरी निश्चित रकम सञ्चितकोषमा दाखिला गर्न आवश्यक प्रबन्ध मिलाउनुपर्दछ। राजस्व प्रशासनसँग सम्बन्धित सबै विद्युतीय सूचना प्रणालीहरूको अन्तर आबद्धता कायम गरी आर्थिक प्रशासन सबल बनाउनुपर्दछ। राजस्व प्रशासनको क्षमता अभिवृद्धि गर्नुपर्दछ।

## सन्दर्भ ग्रन्थसूची:


बिना ढकाल, नेपालमा राजस्व परिचालनको अवस्था र चुनौतीहरू, आर्थिक मीमांसा नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैङ्क, वर्ष ९, चैत्र, २०७०।

चुडामणि शर्मा, नेपालमा आन्तरिक राजस्व परिचालनः आवश्यकता, वर्तमान अवस्था र सुधारका क्षेत्र, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।

अर्जुन प्रसाद भट्टराई, राजस्व प्रशासनमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।

गजेन्द्र बुढाथोकी, राजस्व प्रणालीमा देखिएका केही समस्या, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।

लक्ष्मी पराजुली, नेपालको राजस्व नीति, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।

प्रकाश शर्मा ढकाल, स्वायत्त राजस्व बोर्डः अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा सम्भावना, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।

टंक प्रसाद पाण्डे, नेपालमा राजस्व चुहावटका प्रवृत्ति र नियन्त्रणका उपायहरू, सम्पादकः गोविन्द प्रसाद चौलागाई, संघीयतामा नेपालको सार्वजनिक प्रशासन, नवौं संस्करण २०७८ चैत्र, प्रकाशकः सम्पत्ति मासिक पत्रिका।

हेमराज सुवेदी, अन्तःशुल्क चुहावट नियन्त्रणका विविध आयामहरू, सम्पादकः गोविन्द प्रसाद चौलागाई, संघीयतामा नेपालको सार्वजनिक प्रशासन, नवौं संस्करण २०७८ चैत्र, प्रकाशकः सम्पत्ति मासिक पत्रिका।

शारदाप्रसाद त्रिताल, भ्रष्टाचारको नियन्त्रण गर्ने उपायहरू, स्मारिका २०८०, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं, नेपाल।

गम्भीर बहादुर हाडा, नेपालमा सार्वजनिक आयको स्रोत व्यवस्थापन, राष्ट्रिय कर दिवस-२०८१ (स्मारिका), नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।

यज्ञप्रसाद भट्टराई, राजस्व प्रशासनमा स्वविवेकीय अधिकारको प्रयोग र यसका विचारणीय पक्षहरू, राष्ट्रिय कर दिवस-२०८१ (स्मारिका), नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।

वार्षिक प्रतिवेदन २०८०/०८१, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।

वार्षिक प्रतिवेदन २०८०/०८१, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुलचोक, ललितपुर, नेपाल।

शिवलाल तिवारी, राजस्व चुहावटका केही प्रवृत्तिहरू तथा नियन्त्रणका व्यवस्था, पराग विशेषाङ्क, पाँचौं संस्करण, सम्पादकः गोविन्द प्रसाद चौलागाई, संघीयतामा नेपालको सार्वजनिक प्रशासन, नवौं संस्करण २०७८ चैत्र, प्रकाशकः सम्पत्ति मासिक पत्रिका।

सुरेन्द्र अर्याल, सरकारी आर्थिक कारोबार, लेखाङ्कन र प्रतिवेदन प्रणाली, सम्पादकः गोविन्द प्रसाद चौलागाई, संघीयतामा नेपालको सार्वजनिक प्रशासन, नवौं संस्करण २०७८ चैत्र, प्रकाशकः सम्पत्ति मासिक पत्रिका।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०८०/८१, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं, नेपाल।

सोह्रौं योजना (२०८१/८२‘२०८५/८६), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल, २०८१।

आर्थिक वर्ष २०८१/८२, को बजेट वक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय, असार, २०८१।

# वित्तीय पहुँच विस्तारमा इलेक्ट्रोनिक उपकरणको प्रयोग

✍ ईश्वर उप्रेती ◆

## १. विषय प्रवेश

नेपालको संविधान, २०७२ को प्रस्तावनामा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। संविधानले समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण हुन सक्ने अपेक्षा गरेको छ। राजनीतिक समावेशीकरण तब मात्र सफल हुन्छ, जब आर्थिक समावेशीकरण सम्भव हुन्छ। आर्थिक समावेशीकरणको एक महत्त्वपूर्ण पक्ष वित्तीय समावेशीकरण पनि हो। यसका लागि नागरिकमा वित्तीय पहुँचको उत्तिकै आवश्यकता रहन्छ। विज्ञान र प्रविधिमा भएको नवीनतम खोज, अनुसन्धानले बैंकिङ्ग क्षेत्रमा नयाँ नयाँ इलेक्ट्रोनिक उपकरणको विकास एवम् प्रयोगमा निरन्तर वृद्धि भइरहेको छ।

सन् १९९० पछि सूचना प्रविधिको विकाससँगै बैंकिङ्ग क्षेत्रमा प्रयोग हुने इलेक्ट्रोनिक उपकरणहरूको विकास तीव्र रूपमा भइरहेको छ। देशको फराकिलो आर्थिक विकासको लागि वित्तीय पहुँचको आवश्यकता पर्दछ। नेपालमा सरकारी निकायहरूले वित्तीय पहुँच विस्तार गर्न र भुक्तानी प्रणालीलाई सुरक्षित एवम् प्रभावकारी बनाउन इलेक्ट्रोनिक उपकरण (Financial Technology- FinTech) को प्रयोगलाई प्राथमिकताका साथ अघि बढाउने नीति लिएको छ। केही वर्ष अघि मात्र ढड्डा प्रणालीबाट बैंकिङ्ग कारोबार गर्ने गरिन्थ्यो आजको दिनमा इलेक्ट्रोनिक उपकरणहरूको प्रयोगले बैंकिङ्ग कारोबार कुनै राष्ट्र, भूगोल, सिमाना, माध्यम, समयमा सीमित नहुने अवस्थामा आइपुगेको छ। इलेक्ट्रोनिक उपकरणहरू मार्फत एक देशमा भएको बैङ्क खाता अर्को देशबाट सञ्चालन गर्ने, भुक्तानी गर्ने, स्टेटमेन्ट रुजु गर्ने, कर्जाको साँवा, ब्याज भुक्तानी गर्ने, मर्चेन्ट भुक्तानी गर्ने आदि बैंकिङ्ग सेवाहरू प्रयोग सजिलै गर्न सक्ने अवस्थामा पुगिसकिएको छ।

## २. वित्तीय समावेशीकरण

सामान्यतयाः वित्तीय समावेशीकरण भन्नाले वित्तीय सेवाको आवश्यकता रहेका समाजका सबै वर्ग, समुदायमा प्रतिस्पर्धात्मक वातावरणयुक्त बजारमा वित्तीय सेवाको पहुँच हुनु हो। अझ स्पष्टसँग भन्दा वित्तीय सेवाहरू विना भेदभाव राज्यका सबै नागरिकलाई सार्वजनिक वस्तुको सस्तो दरमा प्रयोग गर्ने अवसर प्रदान गर्नु वित्तीय समावेशीकरण हो। वित्तीय पहुँच र वित्तीय समावेशीकरण सुन्दा उस्तै लाग्न सक्छ तर वित्तीय समावेशीकरणले वित्तीय पहुँचलाई समेत समेटी अझ विस्तृत क्षेत्र ओगटेको हुन्छ। यसले समुदायमा वित्तीय सेवाको मागलाई सक्रिय बनाइदिन्छ। खास गरी आजकल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा गरिबी न्यूनीकरण र दिगो आर्थिक विकासका लक्ष्यहरू प्राप्तिका लागि वित्तीय समावेशीकरणलाई महत्त्वपूर्ण विषयका रूपमा

◆ सहायक प्रबन्धक, राष्ट्रिय वाणिज्य बैङ्क लि., रामशाहपथ, काठमाडौं।

लिने गरिन्छ। देशको सर्वाङ्गीण विकास त्यति वेला सम्भव हुन्छ, जति वेला देशको वित्तीय प्रणाली मजबुत हुन्छ र वित्तीय प्रणाली मजबुत त्यति वेला हुन्छ, जति वेला सबै नागरिक वित्तीय प्रणालीमा समावेश हुन्छन्। तसर्थ देशको सर्वाङ्गीण विकासका लागि समावेशी समाजको निर्माण गर्न सबै नागरिक वित्तीय प्रणालीभित्र आबद्ध हुनुपर्दछ र यसै व्यवस्थालाई वित्तीय समावेशीकरण भनिन्छ। वित्तीय समावेशीकरणका लागि वित्तीय पहुँच र वित्तीय साक्षरता अनिवार्य विषय हुन्।

## ३. वित्तीय पहुँचको अवस्था

नेपालको वित्तीय प्रणालीमा हाल क वर्गका वाणिज्य बैङ्कहरू २० वटा, ख वर्गका विकास बैङ्क १७ वटा, ग वर्गका वित्त कम्पनीहरू १७ वटा, घ वर्गका लघुवित्त कम्पनीहरू ५२ वटा र पूर्वाधार विकास बैङ्क एक गरी जम्मा १०७ वटा बैङ्क तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन्। क, ख, ग र घ वर्गका बैङ्क तथा वित्तीय संस्थाहरूको कूल शाखा सङ्ख्या ११५४२ रहेका छन्। बिमा कम्पनीहरूको सङ्ख्या ३७ रहेको छ। गैर बैंकिङ्ग कारोबार गर्ने चार वटा वित्तीय संस्थाहरू कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र निक्षेप तथा कर्जा सुरक्षण कोष रहेका छन्। त्यस्तै पूँजीबजारमा काम गर्ने विभिन्न संस्थाहरू रहेका छन्। करिब १३ हजार भन्दा बढी बचत तथा ऋण सहकारी संस्थाहरू पनि वित्तीय प्रणाली भित्र रहेका छन्। यिनै वित्तीय प्रणालीका सदस्यहरूले इलेक्ट्रोनिक उपकरणको सुरक्षित प्रयोगले नै वित्तीय पहुँचको विस्तारमा सघाउ पुऱ्याई अनौपचारिक आर्थिक कारोबारलाई निरुत्साहित गरेको छ। विश्व बैङ्कको दी ग्लोबल फिन्डेक्स २०२१ को रिपोर्ट अनुसार विश्वमा ७६ प्रतिशत वयस्कहरूको (१५ वर्ष माथि) बैङ्कमा खाता रहेको छ भने नेपालमा ५४ प्रतिशत वयस्कहरूको मात्र बैङ्कमा खाता रहेको छ। हाल १८ प्रतिशत नेपाली नागरिकहरू वित्तीय पहुँचभन्दा बाहिर रहेका छन्। त्यसबाहेक २० प्रतिशत नेपालीहरूले गैर बैंकिङ्ग कारोबार गरिरहेको र २१ प्रतिशत नेपाली नागरिकले अनौपचारिक रूपमा कारोबार गरिरहेको पाइन्छ।

दूर दराजका जनतालाई बैंकिङ्ग सेवा दिन विकट ग्रामीण क्षेत्रमा जान नखोज्ने र सहर केन्द्रित भई कारोबार गरिरहेका बैङ्कहरू सबै स्थानीय तहमा पुग्नुपर्ने बाध्यात्मक सरकारी नीतिले गर्दा देशको कुनाकाप्चामा पुगेर बैंकिङ्ग सेवा दिन बैङ्कहरू अग्रसर देखिएका छन्। ७५३ वटै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुऱ्याउने सरकारी योजना अनुसार हाल ७५२ स्थानीय तहमा शाखा सञ्चालन भइसकेका छन्। पछिल्लो समयमा शाखा विस्तारले मात्र बैंकिङ्ग सेवा सहज नहुने भएकोले सेवाग्राहीलाई पटक पटक बैङ्कमा उपस्थित नभई इलेक्ट्रोनिक उपकरणको प्रयोग मार्फत सेवा दिन सक्नु अहिलेको समयको माग हो। सफ्टवेयर तथा आधुनिक प्रविधिको साधनको प्रयोग गरी ग्राहकलाई वित्तीय सेवा प्रदान गर्नु नै आजको आवश्यकता हो। इलेक्ट्रोनिक उपकरणहरूको यथोचित प्रयोग भएमा वित्तीय पंहुचको विस्तार भई सन् २०२२ सम्ममा नेपालको वित्तीय समावेशीकरण ७५ प्रतिशत पुऱ्याई आर्थिक सशक्तीकरण गर्ने लक्ष्यमा सघाउ पुगेको देखिन्छ। नेपाल सरकार तथा नेपाल राष्ट्र बैङ्क दुवैले विभिन्न नीति तथा कार्यक्रमहरूका माध्यमबाट वित्तीय पहुँच तथा समावेशीकरण प्रवर्द्धन गरिरहेका छन्। यस अन्तर्गत ग्रामीण स्वावलम्बन कोष र युवा स्वरोजगार

कोषमार्फत लघुवित्त संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने, बैङ्क तथा वित्तीय संस्थाहरूले विपन्न वर्ग तथा उत्पादनशील क्षेत्रमा ऋण लगानी गर्नुपर्ने, क वर्गका संस्थाहरूले कर्जामा लिने र निक्षेपमा दिने ब्याजदरबिच तोकिएभन्दा बढी अन्तर कायम गर्न नहुने, बैङ्क तथा वित्तीय संस्थाहरूले लगाउने शुल्क तथा कमिसनको अनुगमन गर्ने, ई-बैंकिङ्ग प्रवर्द्धन गर्ने, मोबाइल बैंकिङ्ग, शाखा रहित बैंकिङ्ग, एटिएम सेवा र वित्तीय साक्षरता कार्यक्रम अघि बढाउने जस्ता व्यवस्था गरिएका छन्।

नेपालमा हाल बैङ्क तथा वित्तीय संस्थाहरूले विभिन्न इलेक्ट्रोनिक उपकरणहरू प्रयोगमा ल्याई कारोबार सञ्चालन गरिरहेका छन्। नेपालमा केही बैङ्क तथा वित्तीय संस्थाहरूले आफ्नो कूल कारोबार सङ्ख्याको ६० प्रतिशत भन्दा पनि बढी विद्युतीय कारोबार गर्न थालिसकेको अवस्थामा नगद रहित कारोबार तर्फ अघि बढी डिजिटल मुद्राको युगमा प्रवेश हुन खोज्नु सकारात्मक पक्ष हो। इलेक्ट्रोनिक उपकरणहरूको प्रयोगबाट सेवाग्राहीको समयको बचत हुने, कारोबारमा पारदर्शिता हुने, जोखिम कम हुने, ठुला ठुला कारोबार पनि थोरै समयमा गर्न सकिने, लागत कम लाग्ने, कर्मचारी कटौती, कारोबारको लेखा दुरुस्त हुने, सहज हुने, बैङ्कमा धाउन नपर्ने वित्तीय पहुँच बढाउन सकिने जस्ता फाइदाहरू रहेका छन्।

## ४. विभिन्न इलेक्ट्रोनिक उपकरणहरू

नेपालको वित्तीय प्रणालीमा बैङ्क तथा वित्तीय संस्थाहरूले हाल विभिन्न इलेक्ट्रोनिक उपकरणहरूको प्रयोग गरी वित्तीय सेवाहरू प्रदान गरिरहेका छन्, ती उपकरणहरूका बारेमा यहाँ संक्षिप्त रूपमा चर्चा गरिएको छ।

### ४.१ Automated Teller Machine-ATM

बैङ्कहरूले ग्राहकलाई सुरक्षित कार्ड र पासवर्डको रूपमा Personal Identification Number-PIN उपलब्ध गराएको हुन्छ र सोही कार्ड र PIN (पछि परिवर्तन गर्न सकिने) को सहायताले २४ सै घण्टा कुनै व्यक्तिको सहयोग बिना नगद झिक्न सकिने लोकप्रिय उपकरण हो। यसबाट कारोबार भएको समयमा नै ग्राहकको खाता डेबिट हुन्छ। हाल नेपालमा बैङ्क तथा वित्तीय संस्थाहरूको जम्मा ५२२४ एटिएम मेसिनहरू सञ्चालनमा रहेका छन् भने झन्डै एक करोड ३५ लाख कार्डको सङ्ख्या रहेको छ। यस सेवा अन्तर्गत कार्ड भएका तर एटिएम सेवा नभएका स्थानहरूमा नगद रकमको आवश्यक पर्न गएमा विशेष सवारीमा घुम्ती एटिएम सेवा (Mobole ATM)को पनि सुविधा दिने गरिन्छ।

### ४.१ Mobile Banking/SMS Banking

बैङ्कहरूले उपलब्ध गराएको मोबाइल एप्लिकेसन आफ्नो मोबाइलमा डाउनलोड गरी मोबाइल बैंकिङ्ग सञ्चालन गर्न सकिन्छ। मोबाइल बैकिङ्ग सञ्चालन गर्नको लागि ग्राहकले दुई पटक अलग अलग पासवर्ड प्रयोग गरेर एप्लिकेसनमा भित्र पस्नुपर्ने हुन्छ। यसबाट रकम ट्रान्सफर, ब्यालेन्स, स्टेटमेन्ट हेर्न, मर्चेन्ट, यूटिलिटि पेमेन्ट गर्न, टपअप, रिचार्ज आदि गर्न सकिन्छ। मोबाइल बैंकिङ्गमा दिनप्रतिदिन नयाँ फिचर्सहरू थपिँदै

जानुले भविष्यमा अधिकांश बैंकिङ्ग सेवा एउटा मोबाइलमै प्राप्त गर्न नसकिएला भन्न सकिन्न। मोबाइल बैंकिङ्ग सेवा आउनु अघि बैङ्कहरूको एसएमएस सेवा सञ्चालनमा थियो यस अन्तर्गत खाताको कारोबार अपडेट हुने, ब्यालेन्स हेर्न मिल्ने, कारोबारको संक्षिप्त विवरण हेर्न मिल्ने सम्मको सुविधा थियो हाल एसएमएस सेवा पनि मोबाइल बैंकिङ्ग मार्फत नै हुने गर्दछ। हाल नेपालमा बैङ्क तथा वित्तीय संस्थाहरूको करिब दुई करोड ५७ लाख मोबाइल बैंकिङ्गका ग्राहकहरू रहेका छन्।

### ४.३ Branch Less Banking- BLB

बैङ्कहरूले आफ्नो भौतिक शाखा बिना आधिकारिक एजेन्टहरू मार्फत दुर्गम तथा गाउँ गाउँमा दिने बैकिङ्ग सेवा नै शाखा रहित बैंकिङ्ग हो। यस्तो सेवाबाट बैङ्कले शाखामा गर्नुपर्ने ठुलो खर्च जोगिन्छ र ग्राहकले स्थानीय एजेन्ट मार्फत गाउँमै बैकिङ्ग सेवा पाउन सक्दछन्। यसबाट रकम जम्मा, खर्च, भुक्तानी, बिमा किस्ता भुक्तानी, रकम ट्रान्सफर, कर्जाको किस्ता भुक्तानी गर्न, मौज्दात हेर्न सक्दछन्। हाल नेपालमा १०८९ शाखा रहित केन्द्रबाट तीन लाख भन्दा बढी ग्राहकहरूले यो सुविधा लिई रहेका छन्।

### ४.४ Point of Sale-POS Service

बैङ्कहरूले उपलब्ध गराएको कार्डहरूको प्रयोगबाट डिपार्टमेण्टल स्टोर, अस्पताल, मल, सिनेमा हल, होटल, पसलहरू आदिमा रकम भुक्तानी गर्नको लागि कार्ड स्वाप गरी गरिने भुक्तानी नै POS सेवा हो। बैङ्क तथा वित्तीय संस्थाहरूले POS मेसिन मर्चेन्टहरूलाई उपलब्ध गराई नेटवर्क विस्तार गरिरहेका हुन्छन्। POS एकाइबाट कारोबार भएपछि तुरुन्तै ग्राहकको खाता डेबिट हुन्छ र मर्चेन्टको खातामा रकम क्रेडिट हुने भएकाले भौतिक रकम बैकमा जम्मा गर्न जाने झन्झट हुँदैन। आजकाल POS बाट हुने कारोबारमा व्यापारीहरूले छुट सुविधाहरू दिने गर्दछन्।

### ४.५ Internet Banking

बैङ्कबाट युजरनेम दर्ता गराई पासवर्ड लिएर विश्वको जुनसुकै कुनाबाट कम्प्युटर र इन्टरनेटको माध्यम मार्फत बैंकिङ्ग कारोबार गर्न सकिने सेवा नै इन्टरनेट बैंकिङ्ग हो। यो सेवा दोहोरो पासवर्ड प्रयोग गरी बैङ्कको पोर्टलमा गई सिधै प्रयोग गर्न सकिन्छ। यसमा रकम ट्रान्सफर, ब्यालेन्स, स्टेटमेन्ट हेर्न, ब्याज किस्ता भुक्तानी आदि गर्न सकिन्छ। इन्टरनेट बैंकिङ्गमा नयाँ फिचर्सहरू थपिँदै गएको छ। हाल नेपालमा करिब २० लाख ५७ हजार इन्टरनेट बैंकिङ्गका ग्राहकहरू रहेका छन्।

### ४.६ Mobile Money Wallet

खास गरी सानो कारोबार गर्नको लागि गैर बैंकिङ्ग क्षेत्रबाट सीमित रकम ट्रान्सफर, यूटिलिटि, मर्चेन्ट भुक्तानी, टिकट किन्न सकिने, टपअप, रिचार्ज, निश्चित सीमा सम्मको रकम मोबाइल मनी वालेट मार्फत भुक्तानी गर्न सकिन्छ। ग्राहकले युजर र पासवर्ड लिई मोबाइल एप्लिकेसन मोबाइलमा डाउनलोड गरी यो

सेवा सञ्चालन गर्न सक्दछन्। यो सेवा मार्फत कारोबार गर्न बैङ्कमा खाता नभए पनि हुन्छ। अहिले नेपालमा यस प्रकारको उपकरणको प्रयोग दिनप्रतिदिन बढ्दो अवस्थामा छ।

### ४.७ Viber Banking

सामाजिक सञ्जाल भाइबर मार्फत बैङ्कहरूले ग्राहकहरूलाई सेवा दिइरहेका छन्। यसबाट ग्राहकले बैङ्कबाट सूचना, अलर्ट, इन्क्वायरी, नयाँ प्रोडक्टको बारेमा जानकारी पाउन सक्दछन्। यसको लागि ग्राहकको मोबाइल नम्बर बैङ्कको भाइबर ग्रुपमा जोडिनु आवश्यक हुन्छ। अहिले यो सेवा केही निजी बैङ्कहरूले आफ्ना ग्राहकहरूलाई दिइरहेका छन्।

### ४.८ Online Payment Service

भुक्तानी प्रणालीका विभिन्न उपकरणहरू मध्ये अनलाइन मार्फत बस्तु तथा सेवा खरिदमा भुक्तानी गर्नको लागि यो सेवा प्रयोग गरिन्छ। अनलाइन मार्फत बस्तु तथा सेवा खरिदमा ग्राहकसँग भएको कार्ड नम्बर इन्ट्री गरी गेटवेको सहायताले सप्लायर्सकोमा रकम भुक्तानी हुन्छ र सामान डेलिभर हुन्छ। यसमा एटिएममा जस्तो कार्ड मेसिनमा इन्सर्ट गर्नु पर्दैन। यो सेवा विश्वको कुनै पनि कुनाबाट प्रयोग गर्न सकिन्छ। हाल नेपालमा यो सेवा लागू गर्नको लागि अध्ययन भइरहेको छ।

## ५. जोखिमका क्षेत्रहरू

विज्ञान र प्रविधिको जतिसुकै विकास भएको भएता पनि नयाँ नयाँ किसिमको जोखिम पनि सँगै आइरहेकै छ र इलेक्ट्रोनिक उपकरणहरूको प्रयोगबाट हुने वित्तीय कारोबार पूर्ण रूपमा जोखिम रहित भने अवश्य छैन। बैङ्क तथा वित्तीय संस्थाहरूले सूचना प्रविधि सम्बन्धी भरपर्दो र चुस्त सुरक्षा रणनीति तय गर्नुपर्ने हुन्छ अन्यथा विभिन्न ह्याकर्सहरूले सिस्टम भित्र छिरेर ह्याक गर्ने, फ्रड, पिन नम्बर, कार्ड नम्बर चोर्ने, भाइरस, मालवेयर पठाउने, नक्कली सफ्टवेयरको प्रयोग गरी साइबर क्राइम जस्ता जोखिमहरू वित्तीय इलेक्ट्रोनिक उपकरणहरूको प्रयोगमा आइरहन्छन्। जसको चुनौती सामना गर्ने सुरक्षा क्षमताको विकास बैङ्क तथा वित्तीय संस्थाहरूले आफैले गर्नुपर्ने हुन्छ। बैङ्कहरूले उपलब्ध गराएको युजरनेम, पासवर्ड ह्याकर्सले पत्ता लगाई व्यक्तिगत रकम ट्रान्सफर भई चोरी भइरहेका छन्। त्यस्तै एटिएमले जाली नोटहरू पत्ता नलगाउने हुँदा शङ्कास्पद नोटहरूको कारोबार हुन सक्दछ। एटिएम मेसिन भएको ठाउँमा सानो सानो क्यामरा राखी पासवर्ड पत्ता लगाउन र अलगै डिभाइस राखेर कार्ड इन्सर्ट गर्नासाथ ग्राहकको विवरण तान्ने किसिमको जोखिम समय समयमा देखिँदै आइरहेको छ। यसबाट बच्नको लागि एटिएम भएको ठाउँमा सिसी क्यामेरा राख्ने, EMV Chip based card को प्रयोग गर्न सकिन्छ। एटिएमबाट रकम झिक्दा पैसा काटिने तर पैसा नआउने र लामो समयसम्म पनि रिभर्स नहुने समस्या पनि उत्तिकै रहेको छ। विद्युतीय माध्यमबाट बैंकिङ्ग क्षेत्रमा हुनसक्ने साइबर अपराध न्यूनीकरण गर्दै साइबर सुरक्षालाई प्रवर्द्धन गर्न वाणिज्य बैङ्कहरूले अनिवार्य रूपमा सूचना प्रविधि प्रणालीको लेखापरीक्षण गर्नु पर्ने व्यवस्था गरिएको छ। नेपाल राष्ट्र बैङ्कले भुक्तानी तथा फछ्र्यौट प्रणालीको ओभर साइट सम्बन्धी कार्यलाई प्रभावकारी र पारदर्शी बनाई अनुगमन, नियमन तथा

सुपरिवेक्षण गर्नको लागि राष्ट्रिय भुक्तानी (वित्तीय) स्विच र भुक्तानी द्वारको स्थापना गरी सो मार्फत समेत भुक्तानी प्रणालीको निगरानी एवम् गैर स्थलगत सुपरिवेक्षण गरी दूरसञ्चार सञ्जालमार्फत् हुने कारोबारलाई समेत यसमा समावेश गर्नुपर्ने हुन्छ।

## ६. निष्कर्ष

बैङ्क तथा वित्तीय संस्थाहरू धेरैजसो सहरी क्षेत्रमा केन्द्रित रहेका छन्। कृत्रिम बौद्धिकताको समेत प्रयोग गरी इलेक्ट्रोनिक उपकरणको कारोबारको अनुगमन गर्न उपयुक्त किसिमको Regulatory Technology (RegTech) संयन्त्र निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाई विद्युतीय भुक्तानी कारोबारलाई थप सुदृढ एवम् जोखिमरहित बनाउन यस्ता कारोबारहरूको निगरानी (Oversight) लाई प्रभावकारी बनाउनु पर्ने आवश्यकता देखिएको छ। अपर्याप्त पूर्वाधार, कठिन भौगोलिक बनौट, छरिएर रहेका बस्ती र अविकसित बजार, आधुनिक इलेक्ट्रोनिक उपकरणको प्रयोग नहुनु जस्ता कारण सबै स्थानमा वित्तीय पहुँच पुग्न नसक्नु नै वित्तीय पहुँच र समावेशीकरणको लागि चुनौती रहेको छ।

खास गरी ग्रामीण भेगमा बस्ने जनतामा विकसित इलेक्ट्रोनिक उपकरणको सुरक्षित र चुस्त तवरबाट प्रयोग गर्न सकिएमा वित्तीय पहुँच विस्तार गर्ने कार्यमा थप सघाउ पुग्ने विश्वास गर्न सकिन्छ। यस प्रकारको अवस्थाबाट माथि उठेर देशका सबै क्षेत्रका सबै वर्ग र समुदायलाई सार्वजनिक सेवाका रूपमा रहेको वित्तीय सेवा सर्वसुलभ ढङ्गबाट प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउने वातावरण बनाउन सबै पक्षहरूको एकीकृत प्रयासको आवश्यकता रहेको देखिन्छ।

## सन्दर्भ सामाग्रीहरु


नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, सिंहदरबार।

सोह्रौं योजना, राष्ट्रिय योजना आयोग, सिंहदरबार।

आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य र आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, सिंहदरबार।

आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति, नेपाल राष्ट्र बैङ्क, बालुवाटार।

उपहार पत्रिका, राष्ट्रिय वाणिज्य बैङ्क लि., रामशाहपथ।

# आर्थिक विकासका लागि चुस्त भन्सार प्रशासन

✍ कमलेश कुमार अग्रवाल ◆

कुनै पनि मुलुकको आर्थिक तथा सामाजिक विकासका लागि भन्सार प्रशासन चुस्त र प्रभावकारी हुनुपर्दछ। नेपालको अर्थतन्त्र आयातमुखी भएकाले भन्सार प्रशासनको झन् ठुलो महत्त्व रही आएको छ। नेपालको कूल राजश्व सङ्कलनमा भन्सार तर्फको योगदान औसतमा करिब ४५ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ। भन्सार प्रशासन मुख्य गरी व्यापार सहजीकरण, यथार्थपरक राजश्व सङ्कलन, स्वचालित भन्सार प्रणाली तथा सङ्गठनात्मक विकास र क्षमता अभिवृद्धिमा केन्द्रित हुनुपर्दछ। समाजको संरक्षण एवम् सुरक्षा पनि यसै भित्र पर्दछ। समग्रमा भन्सारले अन्तर्राष्ट्रिय सिमानामा रहेको राजस्व सङ्कलन गर्ने सरकारी निकायलाई बुझाउँछ । निजी क्षेत्र, उद्योगी व्यवसायीहरू भन्सार प्रक्रियामा संलग्न रहेका हुन्छन। आजको युग अनुसारको भन्सार प्रशासनलाई चुस्त र पारदर्शी बनाउनका लागि प्रविधिमैत्री बनाउन आवश्यक छ।

नेपालमा लिच्छवीकाल देखि नै भन्सार प्रशासनको अवधारणा अवलम्बन गरेको पाईन्छ। मल्लकालमा भन्सार उठाउन र अन्य सुरक्षाका लागि तिब्बतदेखि तराई सम्मका महत्त्वपूर्ण क्षेत्रहरूमा भन्सार चौकी तथा सुरक्षा चौकीहरू स्थापना गरेको इतिहासमा उल्लेख छ। शाहकालमा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा विजय प्राप्त गरेपछि पनि दुई प्रकारको भन्सार महसुल असुल गर्ने पद्धति अमानत र ठेक्का दिने प्रक्रिया इजारा सुरु गरेको भन्सार स्मारिकामा उल्लेख भएको पाईन्छ। नेपालमा भन्सार प्रशासनलाई संस्थागत गर्न तराईमा बजार अड्डाहरू र पहाडमा भन्सार स्थापना गरी मुलुकभर एकै भन्सार दर कायम रहने व्यवस्था गरिएको थियो। राणाकालमा पनि ठेक्का प्रथाबाट भन्सार असुली गर्ने गरिन्थ्यो। प्रजातन्त्र स्थापना भएपछि २०१९ साल सम्मको अवधिमा नेपाल र भारत तथा नेपाल र चीनबिच केही व्यापार सन्धिहरू भए। भारत र चीनसँगको व्यापार सम्झौतापछि नेपालमा भन्सारको व्यवस्थित विकास भएको मानिन्छ। सो अवधिमा दक्षिण र उत्तरी सीमामा भन्सार चौकीहरू स्थापना भए। वि.सं. २०१९ साललाई भन्सार प्रशासनमा सुधारको दृष्टिकोणले कोशेढुङ्गा समेत मान्ने गरिएको छ। त्यही वर्ष भन्सार सम्बन्धी एकै प्रकारको कानुनी व्यवस्था गर्न भन्सार ऐन २०१९ समेत जारी भएको थियो। नेपालको भन्सार प्रशासन सुदृढीकरण एवम् समय सान्दर्भिक परिमार्जन गर्न ऐन कानुनका साथै नीति निर्देशिकाहरू जारी भई रहेका छन। अझै यसको दायरा फराकिलो पार्दै जनउत्तरदायी बनाउन आवश्यक देखिएको छ।

भन्सार विभागले पछिल्लो २ दशकदेखि योजनाबद्ध रूपमा भन्सार सुधार तथा आधुनिकीकरण योजनालाई कार्यान्वयन ल्याएको छ। विगतका योजनाबाट प्राप्त उपलब्धि र सामना गर्नुपरेका चुनौतीलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ। भन्सार विभागमा छैटौं चरणको पाँच वर्षीय भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयनको चरणमा छ। आर्थिक वर्ष २०८२-८३ सम्मका लागि कार्यान्वयन चरणमा रहेको यो योजनाबाट भन्सार क्षेत्रमा नीतिगत सुधारका साथै अन्य उल्लेख्य उपलब्ध हासिल हुनेछ

◆ अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स

भन्ने निजी क्षेत्रले अपेक्षा गरेको छ। भन्सार विभाग अन्तर्गत अहिले ३९ वटा मूल भन्सार कार्यालय रहेका छन् यसका सबै शाखाहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक छ।

विश्व व्यापार सङ्गठनको मूल्याङ्कन पद्धति अन्तरगत रही भन्सारमा सन्दर्भ मूल्यलाई खारेज गरी कारोबार मूल्यलाई मान्यता दिनुपर्दछ। विश्व व्यापार सङ्गठनबाट निर्धारित मुल्याङ्कन पद्धतिमा रहेर भन्सार प्रयोजनका लागि सन्दर्भ मूल्य खारेज गरी कारोबार मूल्यलाई मान्यता दिनुपर्दछ भनेर नेपाल चेम्बर अफ कमर्सले लामो समय देखि भन्दै आएको छ। राजश्व घटिरहेको सन्दर्भमा कर प्रशासनलाई चुस्त बनाउने हो भने भन्सार प्रशासन सुधार गर्नुको विकल्प छैन।

नेपाली उत्पादनको गुणस्तर परीक्षणका लागि भन्सार नाकामा अन्तर्राष्ट्रियस्तरको क्वारेन्टाइन ल्याबको उचित व्यवस्थापन गरेर आयात निर्यातलाई प्रभावकारी बनाउनु आवश्यक छ। भन्सार कार्यालयको कारणले हुने ढिलाइमध्ये डेमरेज, डिटेन्सन तिर्नुपर्ने अवस्था पनि रहेकाले ती विषय निराकरण हुनुपर्ने हामीले भन्दै आएका छौं। भन्सार नाकाहरूमा अन्तर्राष्ट्रियस्तरको क्वारेन्टीन ल्याब स्थापना गर्न सकियो भने यसले धेरै समस्याको निराकरण गर्नेछ। अन्तर्राष्ट्रियस्तरको क्वारेन्टीनल्यावको अभावले व्यवसायीहरूले अनावश्यक व्ययभार तथा कठिनाइ भोग्नु परेको छ। सबै सेवाग्राहीलाई सहजीकरण गर्न EXIM Code जारी वा नवीकरण गरिदा एक पटकमा कम्तीमा ५ वर्ष सम्मको अवधि कायम गरिनु पर्दछ भनेर चेम्बर अफ कमर्सले पटक पटक भन्दै आएको छ। भन्सार प्रशासनलाई चुस्त र प्रभावकारी बनाएर प्रज्ञापन पत्र दर्ता देखि लिएर सामान जाँचपास हुने अवस्थासम्म सबै प्रक्रियाहरू छिटो र झन्झट रहित सम्पन्न गर्न एकद्वार नीति अङ्गीकार गरिनुपर्दछ। सीमामा हुने अवैध व्यापारलाई पनि निरुत्साहित गर्न आवश्यक छ।

भन्सार प्रशासनमा रहेको न्यूनविजीकरण सम्बन्धी समस्याको अन्त्य गर्दै स्वच्छ र पारदर्शी कारोबार प्रवर्द्धन गर्ने, अनधिकृत व्यापार नियन्त्रण गरी समग्र अर्थतन्त्रमा सुधार ल्याउने खालको भन्सार प्रशासनको अवधारणा विकास गरिनुपर्दछ। लगानीका लागि अनुकूल वातावरण सृजना हुन स्थिर भन्सार नीति हुनु आवश्यक छ। राजश्व सङ्कलनको महत्त्वपूर्ण हिस्सा ओगटेको भन्सार विभागले समग्रमा कुल राजश्वको ४५ प्रतिशत ओगटेको छ। यसलाई अझै व्यवस्थित गरी आयात निर्यातलाई सहजीकरण गरिनुपर्दछ।

नेपालको भन्सार प्रशासनलाई बहुआयामिक, स्वचालित र व्यापार सहजीकरण गर्ने गरी नीतिगत व्यवस्था गर्न सकियो भने भन्सार राजश्वलाई प्रभावकारी बनाउन सकिन्छ। लक्ष्य अनुसारको राजश्व पनि सङ्कलन गर्न सकिन्छ। भन्सार प्रशासनमा व्यवसायीले बेलाबखत अनावश्यक दुःख झेल्नुपरेको गुनासाहरू पनि आउने गरेका छन। कानुनले निर्दिष्ट गरे अनुरूपको राजश्व सङ्कलन गर्ने मात्र नभई नियम कानुनको कार्यान्वयन गर्दा असल व्यवसायीहरूलाई अनावश्यक दुःख कष्ट अर्थात झण्झटीलो प्रक्रियाबाट मुक्त गरिनुपर्दछ। सीमा क्षेत्रमा हुने सम्भावित अवैध व्यापार, जनस्वास्थ्य एवम् वातावरणलाई हानी पुऱ्याउने मालबस्तुको ओसारपसार नियन्त्रण गर्दै समाजको संरक्षण गर्नुपर्ने दायित्व पनि छ।

मुलुकभित्रको कानुन कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय व्यापारका सर्वमान्य सिद्धान्तको अवलम्बन गर्नुपर्ने मुख्य चुनौती पनि कायमै छ। नेपाल विश्व व्यापार सङ्गठन डव्लुटिओको सदस्य राष्ट्र भएकाले पनि आन्तरिक

कानुनी पाटो र बाह्य सन्तुलन मिलाउनुपर्ने जिम्मेवारी उत्तिकै छ। अर्कोतर्फ मुलुकमा आन्तरिक लगानी प्रवर्द्धन, स्वदेशी उद्योगको संरक्षण, आयत व्यवस्थापन गर्दै निर्यात प्रवर्द्धन हुनु जरुरी छ। व्यापार सहजीकरण, राजश्व चुहावट नियन्त्रण, राजश्व प्रशासन सुधार एवम् भन्सारमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने गरी नीतिगत व्यवस्था गर्न सकियो भने उल्लेख्य उपलब्धि हासिल गर्न सकिन्छ।

भन्सार प्रशासनमा कागजातहरू पटक पटक पेस गर्नुपर्ने, भौतिक परीक्षण गर्नुपर्ने जस्ता कारणले अन्तर्राष्ट्रिय आपूर्ति श्रृंखलामा हुने ढिलाइ तथा दोहोरोपना घटाउने विषयमा नीतिगत व्यवस्था भए पनि व्यवहारिक कार्यान्वयन हुन सकेको छैन। केन्द्र र स्थानीय तहमा प्रभावकारी समन्वय मार्फत निरन्तर बैठकको आयोजना, अन्तरक्रियाको माध्यमबाट व्यापार सहजीकरण गर्दै लैजान आवश्यक देखिन्छ। यस्तै भन्सार प्रशासनबाट समन्वयात्मक सीमा व्यवस्थापनका लागि संयुक्त कार्यनीतिहरू कार्यक्रमको विकास गर्ने र सीमावर्ती अन्य निकायहरूसँग सीमाका प्रक्रियाहरूमा सामाञ्जस्यता एवम् सरलता ल्याउन र सीमा व्यवस्थापनको स्पष्ट खाका ल्याउन समेत आवश्यक देखिन्छ।

व्यापार सहजीकरणको उपलब्धि हासिल गर्न संशोधित क्योटो महासन्धिको सामान्य अनुसूचीको मापदण्डहरू र विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौतामा उल्लेखित भन्सारसँग सम्बन्धित प्रावधान अनुकूल हुने गरी तयार भएको भन्सार विधेयक पारित भएपछि नयाँ भन्सार नियमावलीको मस्यौदा तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ भन्सारको प्राथमिकता निर्धारण गरिएको छ। भन्सारमा मालबस्तुको जाँचपास गर्दा जोखिम व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गर्न नेपाल भन्सार स्वचालन प्रणालीलाई थप क्रियाशील बनाउन आवश्यक देखिन्छ।

भन्सार कानुनको परिमार्जन र परिपालना गर्दै यथार्थपरक राजश्व सङ्कलन अभिवृद्धिको लक्ष्य पुरा गर्नका लागि व्यवस्था गरिएका अधिकांश नीति तथा कार्यक्रमको पालना गरिनुपर्दछ। विश्वव्यापीकरणको बढ्दो प्रवृत्ति, क्षेत्रीय व्यापार सम्झौतासँगै व्यापारको गुणात्मक तथा बिस्तारको परिवेशमा भन्सार प्रशासनले यथार्थपरक, दक्ष र प्रभावकारी ढङ्गबाट राजश्व सङ्कलन गर्ने लक्ष्य लिनुपर्दछ।

अन्तर्राष्ट्रिय व्यापारको सुव्यवस्थापन गरी राजस्व सङ्कलन गर्न, जाँचपासका क्रममा निकासी—पैठारी व्यापारको सहजीकरण गर्न, समाजलाई अहित गर्ने पैठारी निषेध गरिएका मालवस्तुहरूलाई नियन्त्रण गर्ने कार्य अझै पनि चुनौतीपुर्ण नै देखिन्छन। मुलुकका ३ तहको सरकार रहेकाले सङ्घीय व्यवस्था अनुसारको भन्सार प्रशासनलाई सञ्चालन गरिनुपर्दछ।

मुलुकमा आन्तरिक उत्पादनमा कमी आएसँगै स्वदेशी बजार आयातमा निर्भर छ। मुलुकले १० प्रतिशतको निर्यात गर्दा ९० प्रतिशतको आयात गर्नुपरेको अवस्था छ। विश्व भन्सार सङ्गठनले परिभाषा गरेका ९७ भागका हजारौं हार्मोनिक कोडअनुसार बस्तुहरूको वर्गीकरण गरिएको हुन्छ। भन्सार नाकाहरूमा एउटै खालका मालवस्तुको पनि निकासीकर्ता वा पैठारीकर्ता फरक पर्दा, उत्पत्तिको स्थान फरक पर्दा, परिमाण फरक पर्दा मूल्यमा फरक पर्ने गरेको छ। यस्ता समस्यालाई समयमै निराकरण गरिनुपर्दछ।

नेपाल विश्व व्यापार सङ्गठनको सदस्य बनेयता निरन्तर व्यापार घाटा बेहोरिरहेको छ। आयतको हिस्सा बढ्दो क्रममा रहेको र निर्यातको हिस्सा बढ्न नसकेको अवस्थामा व्यापार असन्तुलन बढ्दै गएको छ। व्यापार सन्तुलन कायम गर्नु पनि मुलुकका लागि ठुलो चुनौती बन्दै गएको छ। हामीले आयातलाई सक्दो घटाएर निर्यातलाई वृद्धि गर्नुपर्ने छ। यसका लागि सम्भावनाका क्षेत्रहरू पनि पहिल्याउन आवश्यक छ।

नेपाल चेम्बर अफ कमर्सले वार्षिक १० खर्व रुपैयाँको निर्यात क्षमता पुर्‍याउनेगरी निर्यात प्रवर्द्धन रणनीतिक योजना तर्जुमाका लागि पहल गर्ने योजना अघि सारेको छ। यसका लागि सातै प्रदेशमा निर्यात घर स्थापनाका सँगै चुस्त भन्सार प्रशासनको अवधारणा अघि सारेको छ।

निर्यात सहजीकरणका लागि अन्तराष्ट्रियस्तरको क्वारेन्टिन ल्याब स्थापना गर्न पनि चेम्बरले पटक पटक सरोकारवाला सरकारी निकायको ध्यानाकर्षण गराउँदै आएको छ। भन्सार नाकाहरूमा अन्तराष्ट्रियस्तरको क्वारेन्टिन ल्याब नहुँदा नेपाली उत्पादनहरूले विभिन्न खाले व्यापारिक कठिनाइ भोगिरहेका छन। भन्सार नाकाहरूमा अन्तराष्ट्रियस्तरको क्वारेन्टिन ल्याब स्थापना गर्न सकिए नेपाल भित्रिने बस्तुहरूको अन्तर्राष्ट्रिय शुद्धता पनि परीक्षण हुनेछ। यसले बस्तुहरूको गुणस्तर कायम गर्न पनि सहयोग पुग्ने देखिन्छ।

आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि निर्यात प्रोत्साहन र आयात व्यवस्थापन मुख्य सर्त हो। यसका लागि सरकारले ठोस नीतिगत व्यवस्था गर्नुपर्दछ। भन्सार नाकाहरूमा हुने अवैध व्यापार नियन्त्रणका लागि हामीले सरोकारवाला निकायमा पटक पटक ध्यानाकर्षण गराउँदै आएका छौं।

खास गरी निर्यात जन्य बस्तुहरूको पहिचान र प्रवर्द्धन गर्नका लागि भन्सार सहजीकरण अनिवार्य सर्त मानिएको छ। हस्तकलाका सामाग्री, खानीजन्य बस्तु, बहुमूल्य रत्नपत्थर जडीबुटी आदि बस्तुहरूको उत्पादन र प्रशोधन एवम् ब्राण्डिङ गरी निर्यात प्रवर्द्धन गर्दै लैजाने आजको आवश्यकता हो।

निर्यातजन्य बस्तुहरूको प्रर्वद्धनका लागि मूल्य अभिवृद्धिका आधारमा १५ प्रतिशतसम्म प्रोत्साहन रकम दिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउन जरुरी छ। वर्तमान अवस्थामा सरकारले ५ प्रतिशत सम्मको अनुदानको रकम समेत भुक्तानी गर्न सकिरहेको अवस्था छैन। यसले निर्यात प्रोत्साहन नहुँदा व्यावसायिक वातावरण सिर्जना हुन सकेको छैन।

नेपालले पछिल्लो समय नवप्रर्वद्धन एवम् स्टार्टअप उद्यम नीतिलाई अघि सारेको छ। यसलाई बिस्तारै अगाडी लैजानुपर्ने छ। स्टार्टअप उद्यमबाट पनि वार्षिक १ खर्व रुपैयाँ बराबरको रकम भित्रिनुलाई उल्लेख्य उपलब्धि मान्न सकिन्छ।

कृषि जन्य निर्माण सामाग्री आयात गर्दा भन्सार अन्तःशुल्क छुट सबैभन्दा महत्त्वपूर्ण र सान्दर्भिक पनि छ। यसमा हामीले छुटलाई निरन्तरता दिन सक्यौ भने सबैभन्दा बढी सम्भावना रहेको कृषि क्षेत्रको उत्पादन बढाउन ठुलो भूमिका खेल्न सक्दछ।

यसका लागि पनि भन्सारमा कारोबार मूल्यलाई मान्यता दिई सन्दर्भ मूल्यलाई खारेज गर्न आवश्यक छ। अहिले बिलासिताका बस्तु र आवश्यकताका वस्तुबिच एकै प्रकारको दर सामाजिक न्यायको दृष्टिकोणले पनि

उचित देखिँदैन। यसमा फरक दर कायम गर्न आवश्यक रहेको छ। यसका लागि नेपाल चेम्बर अफ कमर्सले लामो समय देखि अभियानकै रूपमा सरोकारवाला निकायको ध्यानाकर्षण गराउँदै आएको छ। मूल्य अभिवृद्धि करमा बहु दर प्रणाली लागु गरी उपभोक्तालाई सुलभ मूल्यमा सामान उपलब्ध हुने वातावरण तय गरिनुपर्दछ।

**अन्त्यमा,**

- विश्व व्यापार सङ्गठनको मूल्याङ्कन पद्धति Valuation Norms अन्तरगत रही भन्सारमा सन्दर्भ मूल्यलाई खारेज गरी कारोबार मूल्यलाई मान्यता दिनु पर्दछ।
- भन्सार नाकाहरूमा अन्तराष्ट्रियस्तरको क्वारेन्टीन ल्याब स्थापना गरिनुपर्दछ। अन्तराष्ट्रियस्तरको क्वारेन्टीनल्यावको अभावले व्यवसायीहरूले अनावश्यक व्ययभार तथा कठिनाइ भोग्नु परेको छ।
- सबै सेवाग्राहीलाई सहजीकरण गर्न Exim Code जारी वा नवीकरण गरिदा एक पटकमा कम्तीमा ५ वर्ष सम्मको अवधि कायम गरिनु पर्दछ।
- कृषिमा आधुनिकीकरण गरी उत्पादन बढाउन कृषि कार्यमा प्रयोग हुने यन्त्र उपकरण र आधारभूत प्रयोगका बस्तुमा भन्सार तथा कृषि सुधार शुल्क १ प्रतिशत गरिएको स्वागतयोग्य छ।
- औद्योगिक कच्चा पदार्थको आयातमा भन्सार महसुल ५ प्रतिशत सम्म कायम हुनु पर्दछ।
